- पुरानो कोट लगाऊ र नयाँ पुस्तक किन — थोरो
- संघर्ष सुख नै सर्वोत्तम सुख हो । — म्याक्सिम गोर्की
- सबैका लागि अनिवार्य शिक्षा ! सबैका लागि पुस्तक !!

पैरवी

पैरवी प्रकाशन
Pairavi Prakashan

(प्रकाशक तथा वितरक)

'M' हाउस, रामशाहपथ, सिंहदरवार नजिक
पो.ब.नं. ९५७०, काठमाडौं, फोनः २२९२३३

नाम : ....

स्कुल/क्याम्पस : ....

विषय : ....

- यहाँ सबै किसिमका पुस्तकहरू पाइन्छ ।
- पुस्तकहरूको संग्रह नै सर्वोत्तम सम्पत्ति हो ।
- जति खर्च गर्नु छ, पुस्तक किन्नमा नै गर्नुहोस् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आदि शङ्कराचार्यद्वारा विरचित

विवेक-चूडामणि

को

नेपाली अनुवाद (छन्दोबद्ध)

मुक्तिनाथ आचार्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आदि शङ्कराचार्यद्वारा विरचित

विवेक चूडामणि

को

नेपाली अनुवाद

(छन्दोबद्ध रूपमा)



मुक्तिनाथ आचार्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशक
चूडामणि गौतम
गौतम प्रकाशन
विराटनगर

सर्वाधिकार
लेखक तथा अनुवादकमा

प्रकाशन : २०५८

मूल्य रू १००/-

यूनाइटेड ग्राफिक प्रिन्टर्स (प्रा) लि
न्यूप्लाजा, रामशाहपथ, काठमाडौं
दूरभाष ४२१४१०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नम्रनिवेदन

साक्षात् देवाधिदेव महादेव भगवान् शिवकै अवतार मानिनुहुने हिन्दू सनातन धर्मका संरक्षक आद्यजगद्गुरू भगवान् श्रीशङ्कराचार्यद्वारा विरचित ग्रन्थहरूमध्ये वेदान्तको सर्वश्रेष्ठ मुकुटमणि सिद्ध भएको विवेक-चूडामणि नामक ग्रन्थरत्न स्वयं परिपूर्ण हुनाले ग्रन्थको यहाँ विशेष प्रशंसा गर्न खोज्नु जगत् प्रकाशक सूर्यदेवलाई उज्यालो पार्छु भन्दै हातमा टुकी लिएर आकाशतर्फ देखाउनुजस्तो मात्रै हुन जाने हुँदा यहाँ ग्रन्थको विशेष प्रशंसा गरिएको छैन ।

अनुवादकको हैसियतले यति मात्र भन्ने धृष्टता गर्दछु कि अध्यात्म विद्यारूप अद्वैत वेदान्तको मुकुटमणि सिद्ध भई मानिसको अमूल्य जीवनलाई यथार्थ रूपमा सफलीभूत तुल्याई सदाका लागि परमानन्दयुक्त एवं चिरसुखी तुल्याइदिन सक्ने केवल अमृततत्वले भरिपूर्ण भएको यो 'विवेक चूडामणि' नामक ग्रन्थरत्नको अध्ययनबाट संस्कृतज्ञ विद्वानहरूका लागि त भन्नु नै परेन अन्ततः संस्कृत भाषाका अनभिज्ञ सर्वसाधारण मुमुक्षुजनहरूले पनि श्रद्धा भक्तिसहितको विवेकद्वारा सरल नेपाली भाषामा भावानुवाद भएको यस ग्रन्थरत्नको अध्ययन मननका साथै अनुशरण गरेमा अपौरुषेय वेदभगवान्को "तत्वमसि, अहं ब्रह्मास्मि, अयमात्मा ब्रह्म, प्रज्ञानंब्रह्म" आदि महावाक्यहरूद्वारा लक्षित आफ्नो वास्तविक पारमार्थिकस्वरूप ब्रह्मात्मतत्वको साक्षात्कार रूप अपरोक्ष अनुभवद्वारा मोक्ष सुखलाई सहजरूपमा उपभोग गर्न समर्थ भई मृत्योर्मा अमृतं गमयको स्थितिमा पुग्न अवश्य पनि सक्नु हुनेछ ।

अतः पाठकवर्गहरू समक्ष यो नम्र. निवेदन छ कि अमृततत्वले भरिपूर्ण यस ग्रन्थरत्नको गम्भीर अध्ययन-मननद्वारा धेरै धेरै पुण्यकर्महरूको फलस्वरूप प्राप्त अमूल्य मानव जन्मलाई सफलीभूत तुल्याई परमानन्दयुक्त आफ्नो अविनाशि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तत्वरूप नैसर्गिक स्वभावलाई प्राप्त गरी जीवितावस्थामा नै जीवनमुक्ति सुखको उपभोग गर्दै सदाका लागि चिरसुखी भएर बसौं । यही नै हो लेखकको हार्दिक निवेदन ।

प्रस्तुत ग्रन्थ प्रकाशनको लागि सर्वशक्तिमान एवं सर्वान्तर्यामी भगवानको अनुग्रहबाट जुन संयोग जुट्न गयो त्यो मेरो लागि ज्यादै खुसीको कुरा हुन गएको छ । त्यो हो- रेडियो नेपालको धार्मिक कार्यक्रमका सञ्चालक नवराजजीलाई मैले रेडियो नेपालको स्टुडियोमा दिएको अन्तरवार्ता ।

त्यस अन्तर्वार्तामा ग्रन्थको महान् विशेषताको प्रसङ्ग चल्नुका साथै ग्रन्थ प्रकाशोन्मुख छ भन्ने समेतको हाम्रो अन्तर्वार्ता सुनेकै भरमा मनमा ग्रन्थ प्रकाशनको सदिच्छा उत्पन्न भएअनुसार निजी स्रोतबाटै यो उत्तम ग्रन्थ प्रकाशनमा ल्याउनु हुने श्रद्धेय प्रकाशक श्री चूडामणि गौतमज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै जोसँगको साह्रै मीठो अन्तर्वार्ताको माध्यमद्वारा ग्रन्थ प्रकाशमा आउन सक्यो वहाँ नवराज लंसालजीप्रति पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्तमा प्रात:स्मरणीय परमपूजनीय प्रपितामह- आदिकवि भानुभक्त आचार्यदेखि परंपरागत रुपमा सर्दै आएको लेखकमा अन्तर्निहित जो आध्यात्मिक संस्कार हो त्यसलाई उज्जिवित तुल्याउन अन्त: प्रेरणा प्रदान गर्नुहुने आत्माभिन्न परमराध्य श्रद्धेय गुरुदेव पुरुषोत्तमानन्द श्रोत्रिय ब्रह्मज्ञानी डा. क्षितीशचन्द्र चक्रवर्तीज्यूमा कोटीश: वन्दना चढाउँछु ।

लेखक एवं अनुवादक
मुक्तिनाथ आचार्य
भानुभक्ताऽचार्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकाशकीय

अङ्ग्रेजी तथा नेपाली व्याकरणमा रुमल्लिँदारुमल्लिँदै मेरो जीवनका बाईस वर्ष बितिसकेछन्। बाह्र वर्ष लगाएर नेपाली-अंग्रेजी शब्दकोशको सम्पादन पनि भर्खरै गरिसकेको छु– तर अझै मैले लेखन, सम्पादन तथा प्रकाशनमा विश्रान्ति लिएको छैन।

एकदिन बिहान रेडियो नेपालबाट प्रसारित धार्मिक कार्यक्रममा **विवेक चूडामणि** नामक संस्कृत ग्रन्थको नेपाली अनुवाद छन्दोबद्ध रूपमा तयार भइसकेको कुरा यसका लेखक-अनुवादक तथा नवराज लम्सालजीबीचको अन्तर्वार्तामा सुनें।

हिन्दू सनातन धर्मका संरक्षक आद्यजगत्‌गुरु भगवान् श्री शङ्कराचार्यद्वारा विरचित ग्रन्थहरूमा वेदान्तको सर्वश्रेष्ठ ग्रन्थ **विवेक चूडामणि** संस्कृतमा रचिएकाले संस्कृत भाषामा ज्ञान नहुने व्यक्तिले यसको रसास्वादनबाट वञ्चित हुनुपर्दछ भन्ने कुरालाई ख्याल गरी संस्कृत भाषामा ज्ञान नहुने व्यक्तिलाई पनि यसको रसास्वादन गर्न सजिलो हुन सकोस् भन्ने ठानी यस किसिमको उच्चकोटिको ग्रन्थ प्रकाशित गर्न ममा एक किसिमको उत्कट भाव जागृत भएर आयो। सो अन्तर्वार्तापश्चात् लम्सालजी मार्फत लेखकसँग सम्पर्क भयो।

परिणामस्वरूप अहिले यो ग्रन्थ यस रूपमा आएको छ।

चूडामणि गौतम

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयसूची

क्र.सं.	विषय	पृष्ठ	क्र.सं.	विषय	पृष्ठ
१.	मंगलाचरण	१	२८.	तमोगुण	३५
२.	ब्रह्मनिष्ठाको महत्त्व	१	२९.	सत्वगुण	३६
३.	ज्ञानोपलव्धिको उपाय	३	३०.	कारण शरीर	३७
४.	अधिकारि निरूपण	५	३१.	अनात्म निरूपण	३८
५.	साधन चतुष्टय	६	३२.	आत्म निरूपण	३९
६.	गुरूसपत्ति तथा प्रश्नविधि	९	३३.	अध्यास	४२
७.	उपदेश विधि	१२	३४.	आवरण शक्ति र विक्षेप शक्ति	४४
८.	श्रीगुरूवाच	१३			
९.	प्रश्न निरूपण	१५	३५.	बन्ध-निरूपण	४५
१०.	शिष्य प्रशंसा	१५	३६.	आत्मानात्मविवेक	४६
११.	स्वप्रयत्नको प्रधानता		३७.	अन्नमय-कोश	४८
१२.	आत्म ज्ञानको महत्व	१६			
१३.	अपरोक्षानुभवको आवश्यकता	१७	३८.	प्राणमय-कोश	५२
१४.	प्रश्न-बिचार	१८	३९.	मनोमय-कोश	५३
१५.	स्थूल शरीरको वर्णन	२०	४०.	विज्ञानमय-कोश	५८
१६.	बिषय निन्दा	२१	४१.	आत्माको उपाधिदेखि असंगता	६०
१७.	देहा शक्तिको निन्दा	२३	४२.	मुक्ति कसरी होइन्छ	६१
१८.	स्थूल शरीर	२५	४३.	आत्मज्ञान नै मुक्तिको उपाय हो	६२
१९.	दश इन्द्रियंहरू	२६	४४.	आनन्दमय-कोश	६५
२०.	अन्त:करण चतुष्टय	२७	४५.	आत्मस्वरूप विषक प्रश्न	६८
२१.	पञ्चप्राण	२८	४६.	आत्मस्वरूप निरूपण	६८
२२.	सूक्ष्म शरीर	२९	४७.	ब्रह्म र जगतको एकता	७२
२३.	प्राणको धर्म	३१	४८.	ब्रह्म-निरूपण	७६
२४.	अहंकार	३१	४९.	महावाक्य-बिचार	७७
२५.	प्रेमको आत्मार्थता	३२	५०.	ब्रह्म-भावना	८०
२६.	माया निरूपण	३३	५१.	वासना-त्याग	८६
२७.	रजोगुण	३४			

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्र.सं.	विषय	पृष्ठ	क्र.सं.	विषय	पृष्ठ
५२.	अध्यास निरसन	८९	६५.	आत्मचिन्तनको विधान	१३६
५३.	अहंपदार्थ-निरूपण	९४	६६.	दृश्यको उपेक्षा	१३९
५४.	अहंकार-निन्दा	९६	६७.	आत्मज्ञानको फल	१४०
५५.	चिन्ता क्रिया र वासनाको त्याग	९९	६८.	जीवनमुक्तिको लक्षण	१४३
५६.	प्रमाद-निन्दा	१०३	६९.	प्रारव्ध-विचार	१४९
५७.	असत परिहार	१०६	७०.	नानात्व-निषेध	१५५
५८.	आत्मनिष्ठाको-विधान	१०९	७१.	आत्मानुभवको उपदेश	१५७
५९.	अधिष्ठान-निरूपण	११३	७२.	बोधोपलब्धि	१६०
६०.	समाधि-निरूपण	११५	७३.	उपदेशको उपसंहार	१७४
६१.	वैराग्य-निरूपण	१२३	७४.	शिष्यको बिदा	१९४
६२.	ध्यान-विधि	१२५	७५.	अनुवन्ध चतुष्टय	१९५
६३.	आत्म-दृष्टि	१२७	७६.	ग्रन्थ प्रशंसा	१९६
६४.	प्रपञ्चको वांध	१३३			

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विवेक-चूडामणि

नन्दितानि दिगन्तानि यस्यानन्दाम्वुविन्दुना ।
पूर्णानन्दं प्रभुं वन्देस्वानन्दैकस्वरुपिणम् ॥

जस्को आनन्दरूपी सुखमय अति नै एक थोपा जलैले
ब्रह्माण्डै नै सुखमय सदा पार्छ जस्को प्रभाले ॥
जस्को आनन्दनै हो स्वरूप पनि सदा पूर्ण आनन्द रूप ।
गर्छू धेरै नमस्कार् प्रभु हुँरमा हे परब्रह्म रूप ॥

मंगलाचरण

सर्ववेदान्तसिध्दान्तगोचरं तमगोचरम् ।
गोविन्द परमानन्द सद्गुरूं प्रणतो स्म्यहम् ॥१॥

अज्ञेय तत्वका ज्ञाता सर्ववेदान्त सारका ।
गोविन्द परमानन्द सद्गुरूमा प्रणाम छ ॥१॥

ब्रह्मनिष्ठाको महत्त्व

जन्तूनां नरजन्म दुर्लभमतः पुस्त्वं ततो विप्रता ।
तस्माद्वैदिकधर्ममार्गपरता विद्वत्वमस्मात्परं ॥
आत्मानात्मविवेचनं स्वनुभवो ब्रह्मात्मना संस्थिति ।
र्मुक्तिर्नो शतकोटिजन्मसु कृतैः पुण्यैर्विना लभ्यते ॥२॥

दूर्लभ् हो नरजन्म मिल्नु त्यसमा हुनू पुरुष् दूर्लभ ।
ब्राह्मण् बैदिक धर्ममार्गि हुनगै बिद्वान् हुनू दूर्लभ ॥
आत्मानात्म विवेक पूर्वकसदा ब्रह्मात्ममा स्थित हुनू ।
कोटीयौं जुनिसम्मको सुकृतिको फल् हो भनी बूझ्नू ॥२॥

दुर्लभंत्रयमेवैतद्देवानुग्रहहेतुकम् ।
मनुष्यत्वं मुमुक्षुत्वं महापुरुषसंश्रय : ॥३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मिल्नू मानिस जन्म दूर्लभ अति त्यस्तै मुमुक्षा• भयो ।
सज्जन्को सगमिल्नु भो यति कुरा अत्यन्त दूर्लभ् छ त्यो ।
दूर्लभ् हुन् ति तथापि मिल्छ सहजै सद्भक्ति राम्रो भए ।
दूर्लभ् छैन यहाँ कुनै पनि कुरा ईश्वर् सुखी भैदिए ॥३॥

लब्धा कथचिन्नरजन्म दुर्लभं ।
तत्रापि पुस्त्वं श्रुतिपारदर्शनम् ।
य:स्वात्ममुक्तौन यतेत मूढधी: ।
सह्यात्महा स्वं विनिहन्त्यसद्ग्रहात् ॥४॥

दूर्लभ् मानव जन्म त्यो पनि मिल्योमील्यो पुरुष् जीवन ।
बेदादी श्रुतिशास्त्रको जति छ सो सिद्धान्त जानीकन ॥
आत्मोद्धार गरेन क्यै यदि भने त्यो मूर्ख हो मूढ हो ।
आफ्नै नाश गराउने कुमति हो त्यो आत्मधाती○ न हो ॥४॥

इत:कोन्वस्ति मूढात्मा यस्तु स्वार्थे प्रमाद्यति
दुर्लभं मानुषं देहं प्राप्त तत्रापि पौरुषम् ॥५॥

दूर्लभ् मानव जन्म पाइकन फेर् त्यस्मा पुरुष् नै भई ।
आफ्नो स्वार्थ र श्रेयमार्ग■ भुलिदी ज्यादै प्रभादी भई ॥
बस्ने त्यो हत भागि मानिस भनी मानिन्छ त्यो मूढ हो ।
त्यो भन्दा मुढ कोहि हुन्न नरमा त्यो उग्रनै मूढ हो ॥५॥

बदन्तु शास्त्रणि यजन्तु देवान् ।
कुर्वन्तु कर्माणि भजन्तु देवता: ॥

• *मोक्षको इच्छा हुनु ।*

○ *सच्चिदानन्द लक्षणले युक्त जन्मादि विकारले रहित आफ्नो वास्तविक स्वरूप ब्रह्मात्म तत्वको ज्ञान पट्टि नलागि जन्म जरामरणादि विकारले युक्त जड शरीमा दृढ अहं बुद्धि गर्नु हो आत्मघात ।*

■ *श्रेयमार्ग [illegible] सांसारिकमार्ग*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आत्मैक्यबोधेन विना बुमुक्ति ।
र्नसिध्यति ब्रह्मशतान्तरेऽपि ॥६॥

यद्वाक्वैजन देवताहरू पुजोस् शास्त्रादि व्याख्या गरोस् ।
आजीवन् शुभकर्म कीर्तन भजन् जस्ले जती जे गरोस् ।
जीवात्मा परमात्म एक बुझि जो हूँदैन ज्ञानी जब ।
शयौं कल्प बिते पनी त त्यसको हूँदैन मुक्ती तब ॥६॥

अमृतत्वस्य नाशास्ति वित्तेनेत्येव हि श्रुतिः ।
ब्रवीति कर्मणो मुक्तेरहेतुत्त्वं स्फुटं यतः ॥७॥

धनद्वारा अमृतत्व आशा राखनु व्यर्थ छ ।
कर्मद्वारा पनी मुक्ती मिल्दैन शास्त्र भन्दछ ॥७॥

ज्ञानोपलब्धिको उपाय

अतो विमुक्त्यै प्रयतेत विद्वान् ।
संन्यस्तबाह्यार्थसुखस्पृहः सन् ॥
सन्तं महान्तं समुपेत्य देशिकं ।
तेनोपदिष्ठार्थ समाहितात्मा ॥८॥

छाडेर इच्छा विषयादिको सव ।
ज्ञानी गुरूको परिपाउमा तव ॥
पीएर ज्ञानामृत शान्त भैकन ।
मुक्ती हुने कोशिष गर्नु दिन्दिन ॥८॥

उद्धरेदात्मनात्मानं मग्नं संसारवारिधौ ।
योगारुढत्वमासाद्य सम्यग्दर्शननिष्ठया ॥९॥

योगारुढ भई नित्य आत्मोद्धार गरीकन ।
ज्ञाननिष्ठा तिरै लाग्नू आत्मामा मग्न भैकन ॥९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संन्यस्य सर्वकर्माणि भगवन्धविमुक्तये ।
यत्यतां पण्डितैधीरैरात्माभ्यास उपस्थितै : ॥१०॥

सम्पूर्ण कर्म त्यागेर भववन्धन○ तोड्न ।
ज्ञानाभ्यास सदा गर्नू बिद्वान्ले धीर भैकन ॥१०॥

चित्तस्य शुद्धये कर्म न तु वस्तू पलब्धये ।
वस्तु सिद्धि विचारेण न किंचित् कर्म कोटिभि: ॥११॥

कर्मको लक्ष हो खास चित्त शुद्धी गराउने ।
विवेक ज्ञानले नै हो वस्तु सिद्ध गराउने ॥११॥

सम्यग्विचारत:सिद्धा रज्जुतत्वावधारणा ।
भ्रान्त्योदितमहासर्पभयदु:खविनाशिनी ॥१२॥

जस्तो विवेकले हेर्दा रज्जुसर्प हराउँछ ।
सर्पबाट हुने सारा भय नष्ट गराउँछ ॥१२॥

अर्थस्य निक्ष्वयो दृष्टो बिचारेणा हितोक्तित:।
न स्नानेन न दानेन प्राणायामशतेन वा ॥१३॥

त्यस्तै विचारद्वारा नै तत्त्व ज्ञान उदाउँछ ।
स्वरूप ज्ञानले नै त्यो दु:ख सारा छुटाउँछ ॥१३॥

युक्तियुक्त बिचार्ले नै वस्तुको ज्ञान मिल्दछ ।
स्नान दानादिले कैल्यै मिल्दैन ध्रुबसत्य छ ॥१४।

○ *भववन्धन हो चौराशि लाख योनिमा जन्म जरा मरण तथा सुखदुखादि विकारले ग्रस्त भै घुमिरहनु ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अधिकारि निरूपण

अधिकारिणमाशास्ते फलसिद्धिर्विशेषतः ।
उपाया देशकालाद्याः सन्त्यस्मिन्सहकारिणः ॥१४॥

अधिकारि भएमा नै फलसिद्धि• हुने त हो ।
देशकाल पनि यौटा सहकारि उपाय हो ॥१५॥

अतो बिचारः कर्तव्यो जिज्ञासोरात्मवस्तुनः ।
समासाद्य दयासिन्धुं गुरूं ब्रह्मविदुत्तमम् ॥१५॥

ब्रह्मज्ञानी दयासागर् गुरूकै पासमा गई ।
आत्मतत्त्व बिचार् गर्नू तीब्र जिज्ञासु नै भई ॥१६॥

मेधावी पुरुषो विद्वानूहापोहबिचक्षणः ।
अधिकार्यात्म विद्यायामुक्तलक्षणलक्षितः ॥१६॥

बुद्धिमान र विद्वान तर्क गर्न कुशल् छ जो ।
अध्यात्मज्ञानकोखास अधिकारी गनिन्छ त्यो ॥१७॥

विवेकिनो विरक्तस्य शमादिगुणशालिनः ।
मुमुक्षोरेव हि ब्रह्मजिज्ञासायोग्यता मता ॥१७॥

बिबेकि र विरक्ति■ भै शमादियुक्ति हुन्छ जो ।
मुमुक्षुभै अती राम्रो ब्रह्म जिज्ञासु बन्छ त्यो ॥१८॥

• *तत्त्वज्ञान पूर्वक मोक्ष सुख प्राप्ति हुनु हो फल सिद्धि ।*

■ *जनधनादि विषयमा राग नहुनु नै हो बिरक्ति ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

साधनचतुष्टय

साधनान्यत्रचत्वारि कथितानि मनीषिभिः।
युषुसत्स्वेव सन्निष्ठा यदभावे न सिध्यति ॥१८॥

जिज्ञासुमा चार साधन मजबूत भए भने ।
ब्रह्मात्ममा स्थिति बन्छ मनीषी•ले त्यसै भने ॥१९॥

आदौ नित्यानित्ववस्तुविवेकः परिगण्यते ।
इहामुत्रफलभोग बिरागस्तदनन्तरम् ॥१९॥
शमादि षटक सम्पत्ति मुमुक्षुत्वमिति स्फुटम् ।

साधन् चार विषे विवेक पहिलो बैराग्य दोस्रो भयो ।
षड्ᴐसम्पत्ति शमादि आदि सब त्यो तेस्रो तसाधन् भयो ॥
चौथो चाहिं मुमुक्षुता हुन गयो साधन् यति चार हुन् ॥
जिज्ञासुहरूका अमूल्य गहना ती चार नै बन्दछन् ॥२०॥

ब्रह्मसत्यं जगन्मिथ्येत्येवंरूपो विनिश्चयः ॥२०॥
सोऽयं नित्यानित्ववस्तुविवेकः समुदाहृतः ।

ब्रह्म सत्य जगत् मिथ्या○ यैनै निश्चय गर्नु हो ।
नित्यानित्य पृथक् जोहो त्यही नै त विवेक हो ॥२१॥

तद्वैराग्यं जुगुप्साया दर्शनश्रवणादिभि ः।
देहादिब्रह्म पर्यन्ते ह्यनित्ये भोगवस्तुनि ॥२१॥

देह देखी सवै दृश्य ब्रह्मलोक समेतमा ।
भोगेच्छा नहुनु कत्ती "बैराग्य" त्यहि हो सिमा ॥२२॥

• *शम दम, उपरति, तितिक्षा, श्रद्धा समाधान यति हुन षड्सम्पति ।*
ᴐ *अध्यात्म तत्त्वका ज्ञाता ।*
○ *मिथ्या शब्दको अर्थ त्यो जो देखिन्छ तर साँचो हुँन जस्तो स्वप्न ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बिरज्य विषयव्रातादोषदृष्टया मुहुर्मुहुः ।
स्वलक्ष्ये नियतावस्था मनसः शमउच्चते ॥२२॥

षड् सम्पति भनी माथी शंकेत गरि यो जुन ।
एक एक गरि ऐले बनाइन्छ सबै सुन ॥२३॥

दोष दृष्टि गरि नित्य बिषयादि समूहमा
आफ्नो जो लक्ष्यमा चित्त स्थिरता हुनु हो "शम" ॥२४॥

विषयेभ्यः परावर्त्य स्थापनं स्वस्वगोलके ॥२३॥
उभयेषामिन्द्रियाणां स दमः परिकीर्तितः ।
वाह्यानालम्वनं वृत्तेरेषोपरतिरुत्तमा ॥२४॥

विषयादि तिरै लिप्त दशेन्द्रियहरू सव ।
फर्काएर अटल् राख्नू "दम" मानिन्छ यो तव ॥२५॥

मनका वृत्ति जोजो छन् अन्तर्मुख भई अनी ।
सारा शान्त हुनूनै हो साधन् "उपरती" पनि ॥२६॥

सहनं सर्वदुःखानामप्रतीकारपूर्वकम् ।
चिन्ताविलापरहितं सा तितिक्षा निगद्यते ॥२५॥

देहसम्वन्धिको कष्ट मनसम्बन्धि दूःख जो ।
खुशीसाथ सहन् गर्नू "तितीक्षा" भन्नु तेहि हो ॥२७॥

शास्त्रस्य गुरूवाक्यस्य सत्यबुद्धयवधारणम् ।
साश्रद्धा कथिता सिद्धिर्यया वस्तू पलम्यते ॥२६॥

गुरूवाक्य र सत्शास्त्र सत्य संझन्छ जोजन ।
"श्रद्धा" भन्नु त्यही नै हो छ मध्ये एक साधन ॥२८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सर्वदा स्थापनं बुद्धेः शुद्धे ब्रह्मणिसर्वथा ।
तत्समाधानमित्युक्तं न तु चित्तस्य लालनम् ॥२७॥

ब्रह्मात्ममा स्थिर बुद्धि बनिरहनु सर्वदा ।
"समाधान" त्यही नै हो षडसम्पत्ति भयो पुरा ॥२९॥

अहंकारादिदेहान्तान्वन्धानज्ञानकल्पितान् ।
स्वस्वरूपा वबोधेन मोक्नुमिच्छा मुमुक्षुता ॥२८॥

देह देखी अहंकार ती अज्ञान् कल्पित बन्धन ।
जानी त्यागन हुनू इच्छा "मुमुक्षा" जान्नु साधन ॥३०॥

मन्दमध्यमरूपापि वैराग्येण शभादिना ।
प्रसादेन गुरोः सेववे प्रवृद्धा सूयते फलम् ॥२९॥

साधन् मुख्य मुमुक्षुता जव त त्यो क्यै मन्द मध्यम् भए ।
षड्सम्पत्ति बढाउनु गुरू कृपा बैराग्य आदी भए ॥
त्यसैबाट स्वरूप ज्ञान हुन गै मिल्नेछ राम्रो फल ।
आफ्नो लक्ष्यमहाँ अडीग रहने मिल्नेछ ठूलो वल ॥३१॥

वैराग्यं च मुमुक्षुत्वं तीव्रं यस्य तु विद्यते ।
तस्मिन्नेवार्थवन्तः स्युः फलवन्तः शमादयः ॥३०॥

जो जिज्ञासु पुरुषमा दिनदिनै बैराग्य बढ्दै गए ।
त्यस्तै फेरि मुमुक्षुता पनि बढी त्यो तीव्र हूँदै गए ॥
षड्सम्पत्ति शमादि आदि पनि जो हुन्छन् सफल् ती पनी ।
साधन् मज्बुत पार्नलाई त्यहि हो राम्रो तरीका पनी ॥३२॥

एतयोर्मन्दता यत्र बिरक्तत्त्स्यमुमुक्षयोः ।
मरौ सलिलवत्तत्र शमदेर्भासमात्रता ॥३१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जस्मा ती दुइ मुख्य साधन भए बैराग्य मुमूक्षुता ।
क्यै भन्दै हुन गैगए यदि भने षड्सम्पति जो तिता ॥

हुनेछन् मरुभूमिको जल• सरी आभाष जस्तै झलक् ।
यो जानीकन तीव्र पार्नु अति नै ती दूइ साधन् फगत् ॥३३॥

मोक्षकारणसामग्र्यां भक्तिरेव गरीयसी ।
स्वस्वरूपानुसन्धानं भक्तिरित्यभिधीयते ॥३२॥
स्वात्मतत्वानुसन्धानं भक्तिरित्यपरे जगु: ।

मोक्षको लागि सामग्री भक्ति हो मुख्य साधन ।
आफ्नो स्वरूप■को खोजी गर्नु हो भक्ति साधन ॥३४॥

स्वात्मस्वरूप○को खोजी गर्नु नै मुख्य भक्ति हो ।
भन्दछन् कोहि कोहिले यो दुवै क्रम भक्ति हो ॥३५॥

गुरूसपत्ति तथा प्रश्नविधि

उक्तसाधनसम्पन्नस्तत्त्वजिज्ञासुरात्मन: ॥३३॥
उपसीदेद्गुरूं प्राज्ञं यस्माद्बन्धविमोक्षणम् ।

बैराग्यादि तिचार साधनहरू माथी भनी यो जती ।
ती साधन्हरूले सुशोभित भई श्रद्धालु बन्नू अती ॥
जानू सद्गुरूका समीप र अनी पर्नू शरणमा खुव ।
जस्बाटै भवबन्धनादिहरू ती छूटेर जान्छन् सब ॥३६॥

• *जल नभएको सुख्खा जमीनमा जलको भान हुनु हो मरुभूमिको जल ।*
■ *आफ्नो स्वरूप भन्नाले साक्षी आत्मालाई बुझ्नु पर्दछ ।*
○ *स्वात्मस्वरूप भन्नाले समष्टि आत्मा एवं ईश्वर स्वरूपलाई बुझ्नु पर्दछ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रोत्रियोऽवृजिनोऽकामहतो यो ब्रह्मवित्तमः ॥३४॥
ब्रह्मण्युपरतःशान्तो निरिन्धन इवानलः ।
अहैतुकदयासिन्धुर्बन्धुरात्नमतां सताम् ॥३५॥

तमाराध्य गुरूं भक्त्या प्रह्वप्रश्रयसेवनैः ।
प्रशन्नं तमनुप्राप्य पृच्छेज्ज्ञातव्यमात्मनः ॥३६॥

जो श्रोत्रीय भएर पाप् रहित भै सब् काममा शून्य छ ।
निष्ठा ब्रह्मस्वरूपकै हुन गई जो ज्ञानिमा श्रेष्ठ छ ।
इन्धन् वेगरको त अग्नि सरि भै जोशान्तभै वस्तछ ।
जो प्राणीहरूमा अकारण दया गर्ने दया सिन्धु छ ॥३७॥

तीनै श्री गुरूदेवका चरणमा सद्भक्ति ठूलो गरी ।
खूशी पारि समीपगै बिनयले श्रद्धा र सेवा गरी ॥
जिज्ञासू भइ खुव् प्रशन्न मनले बिश्वास राखीकन ।
गर्नू प्रश्न गुरूजिका चरणमा अत्यन्त झूकीकन ॥३८॥

स्वामिन्नमस्ते नतलोकबन्धो ।
कारुण्यसिन्धो पतितं भवाब्धौ ॥
मामुद्धरात्मीयकटाक्षदृष्टचा ।
कृज्वा तिकारुण्य सुधाभिवृष्टचा ॥३७॥

हे दीननाथ गुरू हे करुणावतार ।
संसार सागर त्यहीं म डुबें अयार ॥
गर्छू प्रणाम करुणामृत दृष्टि राखी ।
उद्धार होस् हजुरबाट बिचार राखी ॥३९॥

दुर्वारसंसारदवाग्नितप्तं ।
दोधूयमानं दुरदृष्टवातैः ॥
भीतं प्रयन्नं परिपाहि मृत्यो : ।
शरण्यमन्यं यदहं न जाने ॥३८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छुट्कारा लिनलाई खुव् कठिन भो संसार दावाग्नि•ले ।
पाऱ्यो दग्ध अतीवनै डर भयो काम्दैछु दूर्भाग्यले ॥
आएको छु हजूरका शरणमा त्यो मृत्यु देखी अव ।
रक्षा गर्नु भई वचाइ दिनुहोस् यैनै छ बिन्ती खुव ॥४०॥

शान्ता महान्तो निवसन्ति सन्तो ।
बसन्तवल्लोकहितं चरन्तः ॥
तीर्णाःस्वयंभीमभवार्णवं जना
नहेतुनान्यानपि तारयन्तः॥३९॥

ठूलो त्यो भवसिन्धु देखि त स्वयं उत्तीर्ण भै सक्नुभै ।
निःस्वार्थी भइ लोकको हित गरी तार्ने दयासिन्धु भै ॥
शान्तात्मा अतिशान्त मूर्ति गुरूवर् स्वच्छन्दचारी भई ।
शोभायुक्त भई वसन्त ऋतुराज्ᴗ झैं नै बिराज्मान् भई ॥४१॥

अयं स्वभावः स्वत एव यत्पर-
श्रमापनोदप्रवर्ण महात्मनाम् ॥
सुधांशुरेष स्वयमर्ककर्कश-
प्रभाभितप्ताभवति क्षितिं किल ॥४०॥

पृथ्वीतप्त हुँदा अती जुनवखत् श्री सूर्यका तेजले ।
शीतल् शान्त बनाइदिन्छ सहजै श्रीचन्द्रका ज्योतिले ॥
त्यस्तै शोक र मोहमा परिसदा संसारका तापले ।
तापित् जन्हरूका सवै दुःखहरू हर्छन् महात्माजिले ॥४२॥

ब्रह्मानन्दरसानुभूतिकलितैःपुतैःसुशीतैः सितैः ।
र्युस्मद्वाक्कलशोज्झितैः श्रुति सुखैर्वाक्यामृतैः सेचय ॥
सन्तप्तं भवतापदावदहनज्वालाभिरेनं प्रभो ।
धन्यास्ते भवदीक्षणक्षणगतेः पात्रीकृताः स्वीकृताः ॥४१॥

• *पदपदमा मरणको डरका साथै धनजनादि विषय पदार्थको लागि मनमा जो चिन्ता भैरहन्छ त्यसलाई दावाग्नि मानिन्छ ।*

ᴗ *बसन्त ऋतुलाई ऋतुको राजा भनिएको छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हे ज्ञानी गुरूदेव् ! प्रचण्ड त्यहि नै दावाग्नि•का तापले ।
सारै दग्ध भइरहेछु अहिले संसारका दू:खले ॥
ब्रह्मानन्द रूपी रसामृत मधुर् बाणी गरी सेचन ।
मेरा ताप हटुन् म बस्न खुशिले पाऊँ अमर् भैकन ॥४३॥

कथं तरेयं भवसिन्धुमेतं ।
का वा गतिर्मे कतमोऽस्तुपाय: ॥
जानेन किञ्चित्कृपयाव मांभो ।
संसार दु:ख क्षतिमातनुष्व ॥४२॥

यो संसार् समुद्र के गरि तरुँ के हुन्छ मेरो गती ।
यस्को केहि उपाय जान्दिन म ता आत्तिरहेछू अती ॥
राखी खूव कृपा गुरू हजुरले रक्षा गरेरै अब ।
मेरा दू:ख सबै हटाइदिनुहोस् राखी दया नै खुव ॥४४

उपदेश बिधि

तथा वदन्तं शरणागतं स्वं ।
संसारदावानलतापतप्तंम् ॥
निरीक्ष्य कारूण्य रसार्द्रदृष्टचा ।
दद्यादभीतिं सहसा महात्मा ॥४३॥

संसार्का दु:ख देखि त्रस्त○ हुन गै दावाग्निले तप्त भै ।
आई आर्तपुकार■ गरी शरणमा पर्ने अती दू:खि भै ॥
त्यस्ता शिष्य उपर् कृपा गरि खुवै हेरी दया दृष्टिले ।
ज्ञानी सद्गुरूले दिनू अभयदान् बात्सल्य♦कै प्रेमले ॥४५॥

• *धन जनादि विषयको चिन्ता हो दवाग्नि ।*
○ *भयभीत भएर डराउनु हो त्रस्त हुनु ।*
■ *दु:ख परेका वखतको पुकारलाई आर्तपुकार मानिन्छ ।*
♦ *गाइले आफ्नो बाच्छालाई प्रेम गरे झैं प्रेम गर्नुलाई वात्सल्य प्रेम भनिन्छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विद्वान्स तस्मा उपसत्तिमीयुषे ।
मुमुक्षवे साधु यथोक्त कारिणे ।
प्रशान्तचित्ताय शमान्विताय ।
तत्त्वोपदेशं कृपयैव कुर्यात् ॥४४॥

राखी खूब मुमुक्षुता शरणमा पर्ने सदा हर्घडी ।
षड्सम्पत्ति शभादियुक्त हुनगै बिश्वास ठूलो गरी ॥
आज्ञाकारि वनेर शान्त रहने श्रद्धालु ती शिष्यमा ।
तत्त्वज्ञान वताइ दीनु गुरूलेराखीदया दीलमा ॥४६॥

श्रीगुरूरूवाच

मा भैष्ट विद्वंस्तव नास्त्यपायः ।
संसारसिन्धोस्तरणेऽस्त्युपायः ॥
येनैव याता यतयोऽस्य पारं ।
तमेव मार्गं तव निर्दिशामि ॥ ४५॥

हेवत्स ! कत्ती नडराउ है तिमी ।
हूँदैन मृत्यू यहि जान है तिमी ॥
संसार तर्ने म उपाय भन्दछू ।
जुन् ज्ञानले धेर तरे म जान्दछू ॥४७॥

अस्तुपायो महान्कञ्चित्संसारभयनाशनः ।
येन तीर्त्वा भवाम्भोधिं परमानन्दमाप्स्यसि ॥४६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संसारि बन्धनहरू सव नास गर्ने ।
यौटै उपाय छ महान् खुवहीत गर्ने ॥
त्यै युक्ति जान भवसागर पार तर्छौं ।
आनन्द नित्य सजिलै सित भोग गर्छौं ॥४८॥

बेदान्तार्थबिचारेण जायते ज्ञानमुत्तमम् ।
तेनात्यन्तिकसंसार दु:खनाशोभवत्यनु ॥४७॥

बेदान्तको अर्थ बिचार गर्नू ।
जो ब्रह्मज्ञान् हो त्यहि प्राप्त गर्नू ।
जुन्तत्त्व जानेपछि दूःख सारा ।
निर्मूल भै हट्तछ हेर प्यारा ॥४९॥

श्रद्धाभक्तिध्यानयोगान्मुमुक्षो ।
र्मुक्तेर्हेतून्वक्ति साक्षाच्छ्रुतेर्गीः ॥
यो वा एतेष्वेव तिष्ठत्यमुष्य ।
मोक्षोऽविद्याकल्पिता देहवन्धात् ॥४८॥

श्रद्धाभक्ती ध्यान मुमूक्षुतायो ।
साक्षात् मुक्ती दीन सक्ने कुरा हो ॥
जो यी साधन् युक्त भै वस्न सक्छन् ।
बन्धन् तोडी मुक्त नै हून सक्छन् ॥५०॥

अज्ञानयोगात्परमात्मनस्तव ।
ह्यनात्मवन्धस्तत एव संसृतिः ।
तयोर्विवेकोदितवोधबन्हि ।
रज्ञानकार्यं प्रदहेत्समूलम् ॥४९॥

अज्ञान्कल्पित देह नै म हुँ भनी मानेर बस्दा सव ।
जन्मादी सुख दुःख बन्धनहरू बाँधीरहन्छन् खुव ॥
आत्माको र अनात्मको गरि बिचारो ज्ञानग्निको बोध् गरे ।
अज्ञान् कल्पित बन्धनादि भवका भस्मैहुने छन् भरे ॥५१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रश्न-निरूपण

<u>शिष्यउवाच</u>

कृपयाश्रूयतां स्वामिन्प्रश्नोऽयं क्रियते मया ।
तदुत्तरमहं श्रुत्वा कृतार्थःस्यां भवन्मुखात् ॥५०॥

हे स्वामी करुणावतार गुरूवर् ! बिन्ती छ मेरो अव ।
गर्छू प्रश्न हजूरका चरणमा राखेर श्रद्धा खुव ॥
श्री मुख्बाट यथार्थ उत्तर सवै पाऊँ यही बिन्ति छ ।
जो पाएर कृतार्थ• भैकन सदा वस्नेछु यो सत्य छ ॥५२॥

कोनामवन्धःकथमेष आगतः।
कथं प्रतिष्ठास्य कथं बिमोक्षः ।
कोऽसावनात्मा परमःक आत्मा ।
तयोर्बिवेकःकथमेतदुच्यताम् ॥५१॥

के हो बन्धन आइदिन्छ कसरी त्यो वस्छ कैले कहाँ ।
बन्धन्लाई हटाइ मोक्ष कसरी होइन्छ फेरि यहाँ ॥
आत्माईश्वरमा पनी कति छ भेद् त्यो भेद के हो सब ।
पाऊँ सुन्न विवेक हुन्छ कसरी राखी कृपा नै अव ॥५३॥

शिष्य-प्रंशंसा

<u>श्री गुरूरुवाच</u>

धन्योऽसि कृतकृत्योऽसि पावितंते कुलं त्वया ।
यदबिद्यावन्धमुक्त्या ब्रह्मीभवितुमिच्छसि ॥५२॥

धन्यै हौ कृतकृत्य हौ कुलपनी तिम्रो पवित्रै भयो ।
अज्ञान्रुपि ति बन्धनादिहरू सव् छुटाउने मन् भयो ॥
साराबन्धन तोडि ब्रह्मपदमा आरुढ हूने खुव ।
तिम्रो आग्रह देखि खूशि म भएँ शिक्षा म दिन्छू अब ॥५४॥

• *अत्यन्त सन्तोष हुनु ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्व प्रयत्नको प्रधानता

ऋण मोचनकर्ता र पितुसन्ति सुतादयः ।
बन्धमोचनकर्ता तु स्वस्मादन्यो न कश्चन ॥५३॥

पिताले लायको ऋण पुत्रले तिर्न सक्दछ ।
संसार वन्धन् आफैले मात्रै तोडनु पर्दछ ॥५५॥

मस्तकन्यस्तमारादेर्दुः खमन्यैर्निवार्यते ।
क्षुदादिकृतदुःखं तु विना स्वेन न केन चित् ॥५४॥

शीरको भार अरुले हटाइदिन सक्तछ ।
भोक प्यासादिको कष्ट आफैले भोग्नुपर्दछ ॥५६॥

पथ्यमौषधसेवां च क्रियते येन रोगिणा ।
आरोग्यसिद्धिर्दृष्टास्य नान्यानुष्ठितकर्मणा ॥५५॥

अथवा रोगि जो जो छन् औषधी पथ्य सेवन ।
आफुले नै गरे आफैं निरोगी वन्छ है जन ॥५७॥

वस्तुस्वरूपं स्फुटबोधचक्षुषा ।
स्वेनैव बेद्यं ननु पण्डितेन ॥
चन्द्रस्यरूपं निजचक्षुषैव ।
ज्ञानव्यमान्यै रवगम्यते किम् ॥५६॥

आफैं देख्नू वस्तु स्वरूपलाई ।
विवेकी भै ज्ञान चक्षु खुलाई ॥
होला आफ्नै चक्षुले चन्द्र दर्शन् ।
अर्कोद्वारा क्यै गरी हुन्न दर्शन ॥५८॥

अविद्याकामकर्मादिपासवन्धं विमोचितुम् ।
कःशक्नुयाद्विनात्मानं कल्पकोटिशतैरपि ॥५७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यस्तै अज्ञान कर्मादि जालबन्धन छन् जती ।
आँफू शिवाय अर्काले क्यै गरे तोडिदैन ती ॥५९॥

आत्मज्ञानको महत्त्व

न योगेन न साख्येन कर्मणा नो न विद्यया ।
ब्रह्मात्मैकत्त्वबोधेन मोक्ष:सिद्धति नान्यथा ॥५८॥

योग बिद्या कर्मबाट मोक्ष मिल्दैन खास हो ।
ब्रह्मात्मैक्य भएं ज्ञान मोक्ष प्राप्ती हुने त हो ॥६०॥

बीणाया रूपसौर्न्दयं तन्त्रीवादनसौष्ठवम् ।
प्रजारञ्जनमात्रं तन्न साम्राज्याय कल्पते ॥५९॥

जस्तो सुन्दर ढाँचाले बीणा आदि बजाउँदा ।
मनोरञ्जन पार्ने हो मिल्दैन राज्य सम्पती ॥६१॥

वाग्वैखरी शब्द झरी शास्त्रव्याखानकौशलम् ।
वैदुष्यं बिदुषांतद्वभ्दुक्तये न तु मुक्तये ॥६०॥

धारावाहिक शास्त्रार्थ मीठा वचनले पनी ।
भोगमात्रै दिने हो त्यो मिल्दैन मोक्ष तैपनी ॥६२॥

अविज्ञाते परे तत्त्वे शास्त्राधीतिस्तु निष्फला ।
बिज्ञातेऽपि परे तत्त्वे शास्त्राधीतिष्तु निष्फल ॥६१॥

जो मानिस परंतत्त्व जान्दैन अनभिज्ञ छ ।
शास्त्राध्ययन त्यस्ताले गर्नु नै हुन्छ निष्फला ॥६३॥

जो मानिस परंतत्त्व यथार्थ गरि जान्दछ ।
शास्त्राध्ययन जो त्यसको त्यो पनि हुन्छ निष्फल ॥६४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शब्द जालं महारण्यं चित्त भ्रमणकारणम् ।
अतः प्रयत्नाज्ज्ञातव्यं तत्त्वज्ञातत्वमात्मनः ॥६२॥

शब्दजाल अपार जङ्गल ।
त्यसले पार्दछ चित्त चञ्चल ॥
त्यसकारण तत्त्वज्ञान् गर ।
गइ ज्ञानी गुरूका शरण् पर ॥६५॥

अज्ञान सर्पदष्टस्य ब्रह्मज्ञानौषधं बिना ।
किमु वेदैश्व शास्त्रैश्च किमुमन्त्रैः किमौषधैः ॥६३॥

अज्ञान्‌रूपी सर्पको बीष जोछ ।
ब्रह्मज्ञान् त्यै औषधिले उतार्छ ॥
शास्त्रादिले मन्त्रले केहिं हुन्न ।
ब्रह्मज्ञान् त्यो औषधी छाड्नु हुन्न ॥६६॥

अपरोक्षानुभको आवश्यकता

नगच्छति विना पानं व्याधिरौषधशब्दतः ।
बिनापरोक्षानुभवं ब्रह्मशब्दैर्न मुच्यते ॥६४॥

सेवन् गर्नु विना त औषधिहरूको नामले हुन्न क्यै ।
गर्नू ज्ञान विना त ब्रह्म मुखले जप्ता पनी हुन्न क्यै ॥
साक्षात्कार् अपरोक्ष ज्ञान नभई मिल्दैन मुक्ती पनी ।
यै जानी अपरोक्ष ज्ञान गरनू यैनै छ युक्ती पनी ॥६७॥

अकृत्वा दृश्यविलयमज्ञात्त्वा तत्त्वमात्मनः ।
बाह्य शब्दैः कुतो मुक्तिरुक्तिःमात्र फलैर्नृणाम् ॥६५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सारादृश्य□ प्रपंचको बिलयनै गर्नु खुवै युक्तिले ।
आत्माकोअपरोक्ष ज्ञान अनुभव् गर्नु अचल् बुद्धिले ॥
केवल् शब्द रटेर बाह्य कहिल्यै मिल्दै मुक्ती पनी ।
यै जानी अपरोक्ष● ज्ञान गरनू यैनै छ युक्ती पनी ॥६८॥

अकृत्वा शत्रुसंहार मगत्वाखिलभूश्रियम् ।
राजाहमिति शव्दान्नो राजा भवितुमर्हति ॥६६॥

शत्रूलाई परास्त पार्नु र अनी ऐश्वर्य प्राप्ती बिना ।
भूमण्डल् भरिका प्रजाजनहरू पालन् र पोषण बिना ॥
राजा हूँ म भनेर भन्नु मुखले हो त्यो निरर्थक् जती ।
त्यस्तै नै त परोक्ष ज्ञान पनि हो फोस्रो निरर्थक त्यति ॥६९॥

आप्तोक्तिं खननं तथोपरि शिलाद्युत्कर्षणं स्वीकृतिं ।
निक्षेप:समपेक्षते नहि वहि: शव्दैस्तु निर्गच्छति ।
तद्वद् ब्रह्मबिदोपदेशमननध्यानादिभिर्लभ्यते ।
मायाकार्यतिरोहितं स्वममलं तत्त्वंन दुर्युक्तिभि: ॥६७॥

विश्वास् प्राप्त पुरुषको वचनमा विश्वास् गरेरै खुव ।
गाडेको धन प्राप्त हुन्छ जसरी पन्छाइ कंकड् सव ॥
त्यस्तै मायिक दृश्य निर्मूल गरी ज्ञानी गुरूबाट जो ।
सूनीतत्व मनन् गरेर अनुभव गर्नू परंतत्वको ॥७०॥

तस्मात् सर्वप्रयत्नेन भववन्ध बिमुक्तये ।
स्वैरेव यत्न:कर्तव्यो रोगादाविव पण्डितै: ॥६८॥

□ *बाहिरी आँखाले देखिने सम्पूर्ण दृश्यहरू र मन, बुद्धि, चित्त, रागद्वेष आदि भित्री दृश्यहरू ।*

● *ज्ञान हो दुई प्रकार (१) हो परोक्षं ज्ञान र (२) हो अपरोक्ष ज्ञान । गुरू शास्त्रको वचनद्वारा प्राप्त ज्ञान हो परोक्ष ज्ञान र स्वयं आफूले अनुभवद्वारा प्रत्यक्ष गरिएको ज्ञान हो अपरोक्ष ज्ञान ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जस्तै रोगहरू हटाउन भनी ऊपाय धेरै गरी।
सारा शक्ति लगाइ रोगहरू ती फालिन्छ निर्मूल् गरी।
त्यस्तै शक्ति सबै लगाइ जनले संसारि बन्धन् सब।
निर्मूल् पारि हटाइहाल्नु पहिले होइन्छ मुक्तीतव ॥७१॥

प्रश्न-बिचार

यस्त्वयाद्य कृत: प्रश्नोवरीयांञ्छास्त्रविन्मत: ।
सूत्रप्रायो निगूढार्थो ज्ञातव्यश्च मुमुक्षुभि: ॥६९॥

जो माथी तिमिले गर्‍यौ अति असल् ती प्रश्नहेरू सव।
धेरै उत्तम सूत्ररूप हुन गै गम्भीर छन् ती खुव ॥
ज्यादै हित्कर छन् मुमुक्षु जनले बुझ्नु अती योग्य छ।
भन्छन् ज्ञानिहरू र पण्डितहरू सब् अर्थले पूर्ण छ ॥७२॥

श्रृणुष्वावहितो विद्वन्यन्मया समुदीर्यते ।
तदेतच्छ्रवणात्सद्यो भवबन्धादिमोक्ष्यसे ॥७०॥

हे विद्वान् ! तिमिलाई दिन्छु उपदेश् अमृत् सरीका अव।
राम्रो चित्त लगाइ सुन्नु तिमिले भै सावधानी खुव ॥
जुन् अमृत् सरिका वचन् सुनि तिमी सुखी हुनेछौ तव।
संसारी भववन्धनादिहरू ती छुटेर जानन् सव ॥७३॥

मोक्षस्य हेतु: प्रथमो निगद्यते
वैराग्यमत्यन्तमनित्यवस्तुषु ॥
तत: शमश्चापि दमस्तितिक्षा
न्यास: प्रसक्ताखिलकर्मणांभृशम् ॥७१॥

तत: श्रुतिस्तन्मननं सतत्व ।
ध्यानं चिरं नित्यनिरन्तरं मुने: ।
ततोऽविकल्पं परमेत्य विद्वा-
निहैव निर्वाणसुखं समृच्छति ॥७२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हो मोक्षको त्यो पहिलो त कारण
वैराग्य* नै मुख्य गनिन्छ साधन ।
दोस्रोत षड्सम्पतिहो शमादी ।
आशक्ति छाडी गरि कर्म आदी ॥७४॥

बेदान्त सुन्नू र मनन् अनन्तर् ।
ब्रह्मात्मको ध्यान् गरनू निरन्तर् ॥
त्यस्बाटनै चीर• सुखी भइन्छ ।
संसार सागर् सजिलै तरिन्छ ॥७५॥

यद्बोद्धव्यं तवेदानीमात्मानात्मविवेचनं ।
तदुच्यते मया सम्यक् श्रुत्वात्मन्यवधारय ॥७३॥

जो जो श्रवण् हुन्छ सबै कुरा त्यो ।
खुब् संझना राखनु दीलमा सो ।
आत्माअनात्मा खुब ख्याल राख्नू ।
आत्मावनी स्थीर भएर बस्नू ॥७६॥

स्थूल शरीरको वर्णन

मज्जास्थिमेदः पलरक्तचर्म ।
त्वगाह्वयैर्धातुभिरेभिरन्वितम् ॥
पादोरुवक्षोभुजष्टष्ठमस्तकै ।
रङ्गैरूपाङ्गै रूपयुक्त मेतत् ॥७४॥

अहंममेति प्रथितं शरीरं ।
मोहास्पदं स्थुलमितीर्यते बुधैः ॥

---

* *धनजनादि विषयहरूमा राग नहुनुनै वैराग्य हुन जान्छ ।*
• *ज्ञानी जनहरूले प्राप्त गर्ने अविनाशी सुखलाई चीर सुख मानिन्छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हाड्मासुवोसो अनिफेरिरक्त ।
छाला नशा मासि इधानु सात ।
हात्पाउ छाती शिर पीठ जंघा ।
एनीमिली वन्छ शरीर नङ्गा ॥७७॥

जड□ देह हो त्यो त्यहि देहलाई ।
मै हूँ र मेरो भनि छट्पटाई ॥
विद्वान् पनी मोह भएर बस्छन् ।
जड देहकै आश्रयमा रहन्छन् ॥७८॥

नमोनभस्वदहनाम्वुभूमय:
सूक्ष्माणि भूतानि भवन्ति तानि ॥७५॥

परस्परांशैर्मिलितानि भूत्वा:
स्थूलानिच स्थूल शरीरहेतव: ॥
मात्रास्तदीया विषया भवन्ति
शव्दादय :पञ्चसुखाय भोक्तु :॥७६॥

आकाश् वायु र तेज पृथ्वी जल भो यो स्थूल भुत् पाँचको ।
पञ्चीकृत् भइ सूक्ष्म भूत हुनगै कारण वन्यो देहको ॥
तन्मात्रा अभ्रूसूक्ष्म भूत हुनगै शव्दादिनै वन्नगो
भोक्ता त्यो जिवलाइ साधनहरू त्यै पाँचनै मिल्नगो ॥७९॥

यएषु मूढा बिषयेषु बध्दा ।
रागोरूपाशेन सुदुर्दमेन ।
आयान्ति निर्यान्त्यध उर्ध्वमुच्चै: ।
स्वकर्मदूतेन जवेन नीता: ॥७७॥

□ जसले आफूलाई र अरूलाई पनि जान्दैन त्यो हो जड वस्तु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

खूवें राग् बिषयादिमा गरि अनी बन्धन् परी मूढ् भई ।
आफ्नै कर्म कमाइको बश परी सुखी र दुःखी भई ॥
कैले उत्तम योनिको शरीरमा कैले अधं योनिमा ।
जन्मान्तर् चलिरन्छ जीव यसरी घूमेर संसारमा ॥८०॥

बिषय-निन्दा

शव्दादिमिः पञ्चभिरेव पञ्च ।
पञ्चत्वमापुः स्वगुणेनवद्धाः।
कुरङ्गमातङ्गपतङ्गमीन ।
भृङ्गानरः पञ्चभिरञ्चितः किम् ॥७८॥

शब्दादी बिषयै छ खूव रसिलो राम्रो र मीठो भनी ।
माछो हात्ति हरिण् भ्रमर् र पुतलीको जान्छ ज्यानै पनी ॥
ती पाँचै थरिमा रमाइ रहने मानिसको के कुरा ।
सत्यानास हुनेछ जान्नु सवले के गर्नु धेरै कुरा ॥८१॥

दोषेण तीव्रो विषयः कृष्णसर्प बिषादपि ।
विषं निहन्ति भोक्तारं द्रष्टारं चक्षुषाप्ययम् ॥७९॥

कालो सर्पसँगै रहन्छ जुनविष त्यो बीष भन्दा पनी ।
ज्यादै तीव्र खराव वीष् बिषय हो यो मान्नु पर्ला अनी ॥
खाए मात्र बिगार पार्छ बिषले देखेर क्यै हुन्न त्यो ।
देख्नासाथ बिगार्छ है बिषयले साँचो कुरा मान्नु यो ॥८२॥

विषयाशामहापाशाव्यो विमुक्तः सुदुस्त्यजात् ।
स एव कल्पते मुक्त्यै नान्यः षट्शास्त्र वेद्यपि ॥८०॥

जो मानिस् बिषयादिको कठिन त्यो आशारूपी बन्धन ।
तोडीदिन्छ त मोक्ष हुन्छ सजिलै पर्दैन फेर् बन्धन ॥
आशा धन् जनको भए त दिलमा षड्शास्त्र जाने पनि ।
बन्धन् मुक्त हुँदैन कोहि कहिल्यै कस्तै गरेता पनी ॥८३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आपात वैराग्यवतो मुमुक्षुन् ।
भवाब्धिपारं प्रतियातुमुद्यतान् ॥
आशाग्रहो मज्जयतेऽन्तराले ।
बिगृह्य कण्ठे बिनिवर्त्य वेगात् ॥८१॥

संसार् सागर तर्दछूभनि क्षणिक् वैराग्य लीईकन ।
गर्ने कोशिष त्यो मुमुक्षु जनको घाँटी समाती कन ॥
आशारुपि उग्राहले त बिचमैं पक्रेर खुव् जोडले ।
गाडीदिन्छ अगाध सागर तिरै हुत्याइ खुव् तोडले ॥८४॥

विषययख्यग्रहो येन सुविरक्त्यसिना हतः ।
स गच्छति भवाम्भोधेः पारं प्रत्युहवर्जितः ॥८२॥

जो बैराग्य रूपी वनाइ हतियार आशारूपी ग्राहको ।
घाँटी छेदन गर्न सक्दछ भने मुक्ती भयो तेसको ॥
केही बिघ्न नभोगि त्यो त सजिलै संसार पार् तर्दछ ।
ब्रह्मानन्दरूपी अपूर्व धन त्यो आनन्दले भोग्दछ ॥८५॥

विषमविषयमार्गैर्गच्छतोऽनच्छबुद्धेः ।
प्रतिपदमभियातो मृत्युरप्येष बिद्धि ॥
हित सुनज गुरूक्त्या गच्छतः स्वस्ययुक्त्या ।
भगवति फलसिद्धिः सत्यमित्येव बिद्धि ॥८३॥

विषयरुपि नराम्रो मार्ग जोजो त हिंड्छन् ।
मलिन मन हुनाले पद्पदै मृत्यु देख्छन् ॥
हितकर गुरूजीको वाक्य पालन् गरेमा ॥
अभय र फल सिद्धी मिल्छ साधक्हरूमा ॥८६॥

मोक्षस्य काङ्क्षा यदि वै तवास्ति ।
त्यजातिदूराद्विषयान् विषं यथा ॥
पीयुषवत्तोषदयाक्षमार्जव ।
प्रशान्तिदान्तीर्भज नित्यमादरात् ॥८४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

इच्छामोक्ष हुने भएतदिलमा बीषै बरावर् गरी ।
टाढै राख्नु र त्यागनु ती विषय सव् मन् खूव साह्रो गरी ॥
सन्तोष् दान, दया, क्षमा, सरलता ती शम् दमादी सव ।
अमृततुल्य बुझ्रेर आदर गरी सेवन त गर्नू खुव ॥८७॥

— ◎ —

देहासक्तिको-निन्दा

अनुक्षणं यत्परिहृत्य कृत्य-
मनाद्यविद्याकृतबन्धमोक्षणम् ।
देह:परार्थोऽयममुष्य पोषणे
य:सज्जते स स्वमनेन हन्ति ॥८५॥

अनादि अज्ञान्कृत बन्धनादी ।
छुटाउने कर्म तिरै नलागी ॥
जड् देहको पोषण मात्र गर्दा ।
होला ठूलो घात बिचार् नपुग्दा ॥८८॥

शरीरपोषणार्थी सन् य आत्मानं दिदृक्षति ।
ग्राहं दारुधिया धृत्वानदीं तुर्तुं स इच्छति ॥८६॥

केवल् स्थूल शरीर पोषणतिरै लागेर भन्दै अव ।
आत्मज्ञान म गर्छु भन्नु अति नै त्यो मूर्खता हो खुव ॥
ग्राहाको पिठमा चढेर यहि हो काठ्को त नाऊ भनी ।
गैंह्रो खूव नदी म तर्दछु भनी आँट् गर्नु जस्तो पनी ॥८९॥

मोह एव महामृत्युर्मुमुक्षोर्वपुरादिषु ।
मोहो विनिर्जितो येन स मुक्ति पदमर्हति ॥८७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देहादिमा मोह राख्दा मृत्युको हेतु वन्दछ ।
मोह जित्नसके खास मोक्षकोभागि वन्दछ ॥९०॥

मोहं जहि महामृत्युं देहदारसुतादिषु ।
यं जित्त्वा मुनयो यान्तितद्विष्णोः परमं पदम् ॥८८॥

म मेरोमा मोह राख्नू महामृत्यू त्यही त हो ।
मोह छाडे प्रभुकै नै परंपद् प्राप्त हुन्छ सो ॥९१॥

स्थूल शरीर

त्वङ्मांसरुधिरस्नायुमेदोमज्जास्थिसंकुलम् ।
पूर्ण मूत्र पुरीषाभ्यां स्थूलं निन्द्यमिदंवपु ॥८९॥

छाला मासु रगत् बोसो नशा मासी र हाडले ।
बनेको मलमूत्रादी पूर्ण निन्दीत देह हो ॥ ९२॥

पञ्चीकृतेभ्यो भूतेभ्यः स्थूलेभ्यः पूर्वकर्मणा ।
समुत्पन्नमिदं स्थूलं भोगायतनमात्मन ॥
अवस्था जागरस्तस्य स्थूलार्थानुभवो यतः ॥९०॥

पञ्चीकृत् भइ स्थूल भूतहरूको संयोग हो देह यो ।
कर्मैको फलभोग् पनी बखतमा बाध्यै भई गर्छ यो ॥
राम्रो हुन्छ बिकाश जाग्रत यहाँ यो स्थूल शरीरको जव ।
जोजो छन् बिषयादि स्थूलहरू ती भोग् गर्छ यस्ले सव ॥९३॥

बाह्येन्द्रियैः स्थूल पदार्थ सेवां ।
स्रक्चन्दनस्त्र्यादिविचित्ररूपाम् ॥
करोति जीवः स्वयमेतदात्मना ।
तस्मात्प्रशस्तिर्वपुषोऽस्यजागरे ॥९१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यैदेहमा लिप्त भएर जीव ।
तादात्म्यता प्राप्त गरेर नित्यं
बाह्येन्द्रियादी लिइ साथ जस्ले ।
पदार्थको सेवन गर्छ त्यस्ले ॥९४॥

सर्वोऽपि बाह्यसंसार: पुरुषस्य यदाश्रय: ।
बिद्धि देहमिदं स्थूलं गृहवद्गृहमेधिन: ॥९२॥

गृहस्थी घरमा बसेर जसरी भोग् गर्छ संसारको ।
त्यस्तै जीव शरीरमा बसिकनै ज्ञान् गर्छ सव् दृश्यको ॥
जीव्को आश्रय स्थूल देह त हुँदा त्यै देहमा नै बसी ।
सारा बाह्य जगत् पदार्थहरूको ज्ञान् गर्छ भै त्यो खुशी ॥९५॥

स्थूलस्य सम्भवजरामरणानि धर्मा:
स्थौल्यादयो बहुविधा: शिशुताद्यवस्था: ।
वर्णाश्रमादिनियमा वहुधायमा:स्यु: ।
पूजावमानबहुमानमुखा विशेषा: ॥९३॥

जो जन्म लिन्छ र बुढो भइ मर्छ जान्छ ।
बालक् कुमार युवक भैकन रूप फेर्छ ॥
वर्णाश्रमादिहरू जो नियमादि धारा ।
स्थूल् देहकै विषय हुन् भनि जान्नु सारा ॥९६॥

— ❁ —

दश इन्द्रियहरू

बुद्धीन्द्रियाणि श्रवणं त्वगक्षि
घ्राणंच जिह्वा बिषयावबोधात् ।
वाक्पाणिपादं गुदमप्युपस्थ:
कर्मेन्द्रियाणि प्रवणेन कर्मसु ॥९४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आँखा र जिभ्रो अनि नाक कान।
छाला इ ज्ञानेन्द्रिय पाँच जान।
हात्पाउ बाणी र गुदा उपस्थ
यी पाँच कर्मेन्द्रि हुन् समस्त ॥९७॥

— ❀ —

अन्तःकरणचतुष्टय

निगद्यतेऽन्त:करणं मनोधी
रहंकृतिश्चित्तमिति स्ववृत्तिभि: ।
मनस्तु संकल्पविकल्पनादिभि ।
बुद्धि: पदार्थाध्यवसायधर्मत: ॥९५॥

अत्राभिमानादहमित्यहङ्कृति:
स्वार्थानुसन्धानगुणेन चित्तम् ॥९६॥

मन्ले त संकल्प विकल्प गर्छ।
बुद्धी सदा निश्चय मात्र गर्दछ ॥
संझी स्वजन इष्ट पदार्थ को जो।
चिन्तन् सदा गर्दछ चित्त हो त्यो ॥९८॥

ठूलो म हुँ मानि धनी भनेर।
गर्ने खुवै गर्व अहं बनेर।
त्यो हो अहंकार् अभिमान गर्छ।
अन्तस्करण्को यहि धर्म हुन्छ ॥९९॥

— ❀ —

पञ्चप्राण

प्राणापान व्यानोदानसमाना भवत्यसौ प्राण: ।
स्वयमेव वृत्तिभेदाद्विकृतिभेदात्सुवर्णसलिलादिवत् ॥९७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पानी सून नदी कुवा थरिथरी त्यस्तै अलंकार वनी ।
धेरै नाम लिएर वस्छ जसरी त्यो प्राणवायू पनी ।
प्राणापान समान व्यान र उदान् यी पाँच नाम्को भई ।
गर्छन् नित्य रमण् ति प्राणिहरूको स्थुल् देहमा नै रही ॥१००॥

सूक्ष्म शरीर

बागादिपञ्च श्रवणादिपञ्च
प्राणादिपञ्चाभ्रमुखानि पञ्च ।
बुद्धयाद्यविद्यापि च कामकर्मणी
पुर्यष्टकं सूक्ष्मशरीरमाहुः ॥९८॥

दश् इन्द्रीय भयो अपञ्चि कृतभुन् त्यो पाँच प्राणै भयो ।
मन् बुद्धीहरूको समूह पनि जो अन्तस्करण नै भयो ।
अज्ञान् काम र कर्मको समुहले जो सूक्ष्म देहै भयो ।
पूर्यष्टक् पनि नाम हुन्छ त्यसको लौ जान्तुपर्ने छ यो ॥१०१॥

इदं शरीरं श्रणु सूक्ष्म संज्ञितं ।
लिङ्गत्वपञ्चीकृतभूतसम्भवम् ।
सवासनं कर्मफलानुभावकं ।
स्वाज्ञानतोऽनादिरूपाधिरात्मनः ॥९९॥

जो सूक्ष्मदेह भनियो त्यहि लिंग देह ।
कारण् अपञ्चिकृतभुत् त्यसको छ गेह ॥
त्यो वासनामय अनादि उपाधि हो त्यो ।
दुःखादि कर्मफलको अनुभव् स्वरूप् हो ॥१०२॥

स्वप्नो भवत्यस्य बिभक्त्यवस्था ।
स्वमात्रशेषेण बिभाति यत्र ॥
स्वप्नेतु बुद्धिः स्वयमेव जाग्रत् ।
कालीननानाविधवासनाभिः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कर्त्रादिभावं प्रतिपद्य राजते ।
यत्र स्वयंज्योतिरयं परात्मा ॥१००॥

वास्तव्मात स्वयंप्रकाश* स्वरूप हो जो शुद्ध चेतन् उही ।
नानारूप वनेर देखिन गयो कर्ता र भोक्ता भई ॥
जाग्रत् कालिन वासना सवल भै स्वप्ना वन्यो त्यो झलक् ।
केही वस्तु अरु नभैकन त त्यो आत्मै स्वरूप् हो फगत् ॥१०३॥

धीमात्रकोषादिरशेषसाक्षी
न लिप्यते तत्कृतकर्मलेशैः।
यस्मादसङ्गस्तत एव कर्मभि
र्नलिप्यते किञ्चिदुपाधिनाकृतैः ॥१०१॥

बुद्धी उपाधी जसको समीप छ ।
त्यो साक्षी आत्मा त सदा असंग छ ।
कर्मादि कर्ता पन देखि लिप्त त्यो ।
हुँदैन साक्षी त सदा अलिप्त हो ॥१०४॥

सर्वव्यापृतिकरणं लिङ्गमिदं स्याच्चिदात्मनः पुंसः ।
वास्यादिकमिव तत्क्षणेनैवात्मा भवत्य सङ्गोऽयम् ॥१०२॥

सिकर्मीको काम गर्ने वसिला हतियार झैं ।
चिदानन्द स्वरूप्को त्यो लिङ्गदेह करण् छ है । १०५॥

अन्धत्वमन्धत्वपटुत्वधर्माः ।
सौगुण्यवैगुण्यवशादि चक्षुषः ।
वाधिर्यमूकत्वमुखास्तथैव ।
श्रोत्रादिधर्मा न तु वेत्तुरात्मनः ॥१०३॥

---

* जसलाई प्रकाश गर्न अरु कुनै प्रकाशको अपेक्षा रहँदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्धो धमिलो खुव स्पष्ट देखनू ।
हो नेत्रको धर्म भनेर बूझनू ॥
बैह्रो र ग्वाँगो पनि कानको हो ।
त्यो सर्ब साक्षी अविकारिनै हो ॥१०६॥

— ❁ —

प्राणको धर्म

उच्छ्वासनि: श्वासबिजृम्मणक्षुत्
प्रस्प्रन्दनाद्यत्क्रमणादिका:क्रिया: !
प्राणादिकर्माणि वदन्ति तज्ज्ञा:
प्राणस्य धर्मावशनापिपासे ॥१०४॥

स्वाँ फवाँ र हाई जति हुन्छ छिंक्का
शरीरको कम्पन फेरि हिक्का ।
हो प्राणकै धर्म त भोक प्यास
तत्वज्ञको यै छ भनाई खास ॥१०७॥

— ❁ —

अहंकार

अन्त:करणमेतेषु चक्षुरादिषु वर्ष्मणि ।
अहमित्यभिमानेन तिष्ठत्याभाषतेजसा ॥१०५ ।

अन्तस्करणमा लिप्त चिदाभाष* जो त्यही ।
इन्द्रीयमा अभीमान गर्छ मै हूँ भनी उही ॥१०८॥

अहंकार: स बिज्ञेय: कर्ताभोक्ताभिमान्ययम् ।
सत्वादिगुणयोगेन चावस्थात्रयमश्नुते ॥१०६॥

---

* *चित्तमा प्रति बिंवित सुखी दु:खी बिकारी जीव हो (अहंकार)*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यही नै हो अहंकार कर्ता भोक्ता वनीकन ।
गुणको चालमा चल्छ अभिमान गरीकन ॥१०९॥

विषयाणामानुकूल्ये सुखी दु:खी विपर्यये ।
सुखं दु:खं च दद्धर्म: सदानन्दस्य नात्मन ॥१०७॥

विषयाशक्त त्यो हुन्छ अहंकार सुखी दु:खी ।
आत्मस्वरूप हो सत्य चिदानन्द सदा सुखी ॥११०॥

प्रेमको आत्मार्थता

आत्मार्थत्वेन हि प्रेयान् विषयोन स्वत:प्रिय
स्वत ए वहि सर्वेषामात्मा प्रियतमो यत: ॥१०८॥

स्त्री पुत्रादि स्वजन्हरू ति घरमा आफ्ना जती छन् सवै ।
आफ्नै लागि गरिन्छ प्रेम तिनमा तिन्का त लागी कवै ॥
प्यारो मानिसले किमार्थ पनि त्यो गर्दैन यो खास हो ।
आत्मा नै सवको परंप्रिय स्वरूप् मानिन्छ यो सत्य हो ॥१११॥

तत आत्मा सदानन्दो नास्य दु:खं कदाचन ।
यत्सुषुप्तौ निर्विषय आत्मानन्दोऽनभूयते ॥
श्रुति: प्रत्यक्षमैतिह्यमनुमानं च जाग्रति ॥१०९॥

नित्यानन्दस्वरूप जानि सवले आत्मा सदासर्वदा ।
वास्तव् आफ्नु स्वरूप हो भनि बुझी आत्मै स्वरूप्मा सदा ॥
बस्नू युक्ति सुषुप्तिलाई वलियो मानी अनुभव् गरी ।
सारा ती श्रुतिशास्त्र एकस्वरले भन्छन् प्रमाणित् गरी ॥११२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

माया निरूपण

अव्यक्तनान्मी परमेशशक्ति
रनाद्यविद्या त्रिगुणात्मिका परा ।
कार्यानुमेया सुधियैव माया
यया जगत्सर्वमिदं प्रसूयते ॥११०॥

माया अविद्या प्रकृति र शक्ति जो
अव्यक्त• भन्ने परमेश शक्ति हो ॥
जस्वाट उत्पन्न जगत् भनिन्छ ।
जो कार्यबाटै अनुमान हुन्छ ॥११३॥

सन्नाप्यसन्नाप्युभयात्मिका नो
भिन्नाप्यभिन्नाप्युभयात्मिका नो ।
साङ्गाप्यनङ्गाप्युभयात्मिकानो
महाभ्दुतानिर्वचनीयरूपा ॥१११॥

जो सत् पनि हो र असत् पनी हो ।
जो भाव हो फेरि अभाव् पनी हो ॥
वस्तूस्वरूप्○ हो र अवस्तु रूप् हो ।
बताउनै मुस्किल खूव त्यो हो ॥११४॥

शुद्धाद्वयब्रह्मबिवोधनाश्या
सर्पभ्रमो रज्जुबिवेकतो यथा ॥
रजस्तमः सत्वमिति प्रसिद्धा
गुणास्तदीयाः प्रथितैः स्वकार्यैः ॥११२॥

• *प्रकट नभएको सृष्टिको कारण वासना संयुक्त चैतन्य*

○ *माया अविद्या अव्यक्त, प्रकृति आदि नामले लक्षित वस्तु अज्ञान दशामा सत्य जस्तो भान हुन जाने र ज्ञानोत्तर कालमा अभाव एवं असत्य हुन जाने हुँदा वस्तुरूप एवं अवस्तुरूप दुवै मानिएको हो ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यो शुद्ध अद्वीतिय ब्रह्मज्ञान ।
गरेपछि नाश् भइहाल्छ जान ॥
हो रज्जुको सर्प समान माया ।
सत्वादि गुण् हो त्यसको त काया ॥११५॥

रजोगुण

बिक्षेपशक्ती रजस: क्रियात्मिका
यत: प्रवृत्ति: प्रसृता पुराणी ।
रागादयोऽस्या: प्रभवन्ति नित्यं ।
दु:खादयो ये मनसो विकारा ॥११३॥

चञ्चल्गराइकन खूव चित्त ।
सम्पूर्ण कर्मादि तिरै प्रवृत्त ।
गराइ रज्ले त दु:खादि वृत्ती ।
उत्पन्न मन्मा गरिदिन्छ उत्ती ॥११६॥

काम:क्रोधो लोभदम्भाद्यसूया
हङ्कारेर्ष्यामत्सराद्यास्तु घोरा: ।
धर्मा एते राजसा: पुम्प्रवृत्ति
र्यस्मादेषा तद्रजो बन्धहेतु: ॥११४॥

त्यो काम क्रोध्,लोभ र दम्म इर्ष्या
त्यस्तै अभिमान् अनि भो असूया[२]
हुन् धर्म रज्का जिवलाइ वाध्ने ।
कर्मैतिरै नित्य लगाइ राख्ने ॥११७॥

---

२ अरुको गुणमा दोष देख्नु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तमोगुण

एषावृतिर्नाभ तमोगुणस्य ।
शक्तिर्यथा वस्त्ववभासतेऽन्यथा
सैषा निदानं पुरुसस्य संसृते ।
बिंक्षेपशक्ते: प्रसरस्य हेतु: ॥११५॥

आवर्णशक्ति तमबाट खडा भएर ।
बिक्षेपको पनि त कारण नै वनेर ॥
चञ्चल् गराइ जीवलाई दिएर दु:ख ।
जन्मान्तरै• तिर घुमाइरहन्छ खुव ॥११८॥

प्रज्ञावानपि पण्डितोऽपि चतुरोऽप्यत्यन्तसूक्ष्मार्थदृक् ।
व्यालीढस्तमसान वेत्ति बहुधा सम्बोधिनोऽपिस्फुटम् ।
भ्रान्त्यारोपितमेव साधु कलयत्यालम्वते तद्‌गुणान् ।
हन्तासौ प्रवला दुरन्ततमस:शक्तिर्महत्या वृति: ॥११६॥

जो ग्रस्त हुन्छ तमले अतिबुद्धिमान ।
बिद्वान् चतूर सव होस् भ्रमयुक्त जान ॥
नाना प्रकार गरि तत्व बुझाउँदा त्यो ।
बुझ्दैन तत्व ठिक ठीक गरी कसै त्यो ॥११९॥

संसारका बिषयसत्य भनेर ठान्छ ।
आश्रित् भई बिषयमा भुलि नै रहन्छ ।
कस्तो अहो जगवको तम हो अरिष्ट
आवर्णशक्ति• त्यसको छ खुवै वलिष्ट ॥१२०॥

• *जन्म जन्मान्तर (चौरासी लाख योनीमा) ।*
• *आत्मस्वरूपको ढकनि हो आवर्णशक्ति ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभावना वा बिपरीत भावना ।
सम्भावना विप्रतिपत्तिरस्या: ॥
संसर्गयुक्तं न विमुञ्चति ध्रुवं ।
विक्षेपशक्ति: क्षपयत्यजस्रम ॥११७॥

अभावनाभो विपरीत भावना ।
शन्देह भो संशय आदिभावना ॥
तमोगुणैबाट उठीरहन्छ ।
बिक्षेप शक्ती पनि त्यो महान् छ ॥१२१॥

अज्ञानआलस्यजडत्वनिद्रा
प्रमादमूढत्वमुखास्तमोगुणा: ।
एतै:प्रयुक्तो न हि वेत्तिकिञ्चि
न्निद्रालुवत्स्तम्भवदेव निष्ठति ।११८॥

अज्ञान० आलस्य प्रमाद निद्रा ।
जढत्व मूढत्त्व र फेरि तन्द्रा ।
स्मरण हराई जडवत् भएर
तमोगुणी वस्तछ हीन् भएर ॥१२२॥

सत्वगुण

सत्वं बिशुद्धं जलवत्तथापि ।
ताभ्यां मिलित्वा सरणायकल्पते ।
यत्रात्मबिम्व: प्रतिबिंवित: सन्
प्रकाशयत्यर्क इवाखिलं जडम् ॥११९॥

पानीझैं छ बिशुद्ध सत्वगुण जो मीले अरुमा त त्यो ।
प्राणीको भववन्धनादिहरूको कारण् वनीदिन्छ सो ।
आत्मा बिंबित तेसमा यदि भए जड्को प्रकाश गर्दछ ।
त्यैनै हो अनुभव• स्वरूप सबको यो मान्नुनै पर्दछ ॥१३३॥

---

० आफ्नो स्वरूपलाई नजान्नु नै अज्ञान ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मिश्रस्य सत्त्वस्य भवन्ति धर्मा ।
स्त्वमानिताद्या नियमा यमाद्याः ॥
श्रद्धा च भक्तिश्च मुमुक्षुता च
दैवी च सम्पत्तिरसन्निवृत्तिः ॥ १२०॥

त्यो मिश्रसत्व• गुणबाट मुमुक्षुता र ।
श्रद्धा र भक्ति नियमादिहरू अपार ।
ती दैवि सम्पत्ति उपार्जन नित्य गर्छ ।
त्यागने असत् चिज पनी त्यहि गूण गर्छ ॥१२४॥

बिशुद्धसत्वस्य गुणाः प्रसाद ।
स्वात्मानुभूतिः परमा प्रशान्तिः ।
तृप्तिः प्रहर्षः परमात्मनिष्ठा
यया सदानन्दरसं समृच्छति ॥१२१॥

आत्मानुभव् तृप्ति प्रशन्नता भयो ।
अत्त्यन्त आनन्द र शान्तिनै भयो ।
स्वात्मास्वरूप्मा स्थित राखनू भयो
यो धर्म हो खास बिशुद्ध सत्वको ॥१२५॥

कारण शरीर

अव्यक्तमेतत्त्रिगुणैनिरुक्तं-
तत्कारणं नाम शरीरमात्मनः ।
सुषुप्तिरेतस्य बिभक्तय वस्था
प्रलीनसर्वेन्द्रियबुद्धिवृत्तिः ॥१२२॥

• *शुद्ध बुद्ध निर्विकार स्वरूप आत्मा सत्वगुणमा प्रतिविंवित भएर अनुभव स्वरूप अर्थात चेतन स्वरूप बनेर जड्वर्गको प्रकाश गर्दछ ।*

• *थोरै रजोगुण भएको सत्वगुणलाई मिश्रसत्व भनिन्छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुषुप्तिमा जो अभिव्यक्त हुन्छ ।
कारण• शरीरनै त्यहिनै गनिन्छ ।
सव्बुद्धिबृत्ती त्यहिंलीन हुन्छ
केहि पनि जान्दिन तेही भन्छ ॥१२६॥

सर्वप्रकारप्रमितिप्रशान्ति
बीजात्मनावस्थितिरेव बुद्धेः ।
सुषुप्तिरेतस्य किल प्रतीतिः
किञ्चिन्न वेद्मीति जगत्प्रसिद्धेः ॥१२३॥

सारा* प्रमा त्यो पनि शान्त हुन्छ ।
बुद्धि पनी बीज् रूपमा रहन्छ ।
केही नजान्नु पनि ताहिं बन्छ ।
सुषुप्तिमानै त प्रतीत हुन्छ ॥१२७॥

अनात्म-निरूपण

देहेन्द्रिय प्राणमनोऽहमादयः
सर्वेविकारा विषयाः सुखादयः ।
व्योमादिभूतान्यखिलं च बिश्व
मव्यक्तपर्यन्तमिदं ह्यनात्मा ॥१२४॥

शरीर इन्द्रीय र प्राण मन् भयो ।
बिकारि सारा बिषयादिनै भयो ।
अव्यक्त आकाश र भूत यी सव ।
हो बिश्व नै खास अनात्म* वास्तव ॥१२८॥

माया मायाकार्यं सर्वं महदादि देहपर्यन्तम् ।
असदिदमनात्मकं त्वं बिद्धिमरुमरीचिकाकल्पम् ॥१२५॥

• *जहाँबाट जाग्रत र स्वप्नको बिस्तार हुन्छ*
* *कुनै पनि विषयवस्तुको अनुभव नहुनु अर्थात द्वैत वस्तुको ज्ञान नहुनु ।*
* *जो दृश्य हो र जड हो त्यो हो अनात्मा ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मायादेखि लिएर देहतक यो सम्पूर्ण जो दृश्य हो ।
मायाकै सव कार्य हो झलक हो यो खास आभाष हो ॥
साच्चै नै मरुभूमिको जलसरी संसार् असत् हो भनी ।
आत्मानात्म बिवेकबाट सव यो जान्नू अनात्मा भनी ॥१२९॥

आत्म निरूपण

अथ ते सम्प्रवक्ष्यामि स्वरूपं परमात्मनः ।
यद्विज्ञाय नरो वन्धान्मुक्त कैवल्य मश्तुते ॥१२६॥

सुन अव परमात्माको स्वरूप जो छ खास ।
त्यहि स्वरूप बताईदिन्छु है स्पष्ट साथ ॥
स्वरूप त्यहि बुझेमा छूटि बन्धन् सबै त्यो ।
परमपद भनेको मिल्छ कैवल्य पद् त्यो ॥१३०॥

अस्ति कश्चित् स्वयं नित्यमहंप्रत्ययलम्वनः ।
अवस्थात्रयसाक्षी सन्पञ्चकोशबिलक्षणः ॥१२७॥

अहंप्रत्ययको आधार् सत्य आत्म स्वरूप हो ।
साक्षी हो तीनवस्थाको पाँचै कोश्देखि भिन्न हो ॥१३१॥

यो बिजानाति सकलं जाग्रत्स्वप्रसुषुप्तिुषु ।
बुद्धितद्वृत्तिसद्भावमभावमहमित्ययम् ॥१२८॥

जाग्रदादि अवस्थाको बुद्धिका वृत्तिको पनी ।
प्रकाश गर्छ त्यो नित्य साक्षी स्वरूप नै बनी ॥१३२॥

यःपश्यति स्वयं सर्वं यंन पश्पति कञ्चन ।
यश्चेतयति बुद्धादिं न तु यं चेतयत्ययम् ॥१२९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सारा दृश्यहरू देख्ने आफू चाहीं नदेखिने
बुद्धिको साक्षी हो खासै बुद्धिले नै नभेटिने ॥१३३॥

येन बिश्वभिदं व्याप्तं यन्न व्याप्नोति किञ्चन ।
आभारूपभिदं सर्वं यं भान्तमनुभात्ययम् ॥१३०॥

बिश्वव्यापी भइ बस्छ आफु व्यापिन्नक्वैसित ।
जस्को प्रकाशले सारा यो जगत् हुन्छ भासित ॥१३४॥

यस्य सन्निधिमात्रेण देहेन्द्रियमनोधियः ।
विषयेषु स्वकीएषु वर्तन्ते प्रेरिता इव ॥१३१॥

जस्को शान्निद्य पाएर देह इन्द्रिय मन्हरू ।
सदा प्रेरित भै आफ्नो काम गर्छन् तिनीहरू ॥१३५॥

अहङ्कारादिदेहान्ता बिषयाश्व सुखादयः ।
बेद्यन्ते घटवद्येन नित्यवोद्यस्वरुपिणा ॥१३२॥

देहादि र अहंकार सुख दुःखादि सव् कुरा ।
ज्ञान स्वरूप भै आफैं जान्न सक्छ सबै पुरा ॥१३६॥

एषोऽन्तरात्मा पुरुषः पुराणो ।
निरन्तरानन्दसुखानुभूतिः ।
सदैकरूपः प्रतिबोधमात्रो ।
येनेषिता वागसवश्वरन्ति ॥१३३॥

हो अन्तरात्मा त पुराण् पुरुष नै
अखण्ड आनन्द र एक रूप नै ॥
चैतन्य रूप् हो जसबाट शक्ति नै ।
पाएर चल्छन् सव इन्द्रियादि नै ॥१३७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अत्रैव सत्वात्मनि धीगुहाया-
मव्याकृताकाश उरूप्रकाशः ।
आकाश उच्चै रविवत्प्रकाशते ।
स्वतेजसा विश्वभिदं प्रकाशयन् ॥१३४॥

बुद्धीरूप गुफा त्यहीं स्थित भई अव्यक्त भन्दा पनी ।
धेरै भित्र रहेर एक रूपमा साक्षी स्वरूपै बनी ।
कोटी सूर्य समानको चहकिलो ज्योती स्वरूप् तेजले ।
सारा बिश्व जगत् प्रकाशमय नै पारीदिने जोडले ॥१३८॥

ज्ञाता मनोऽहङ्कृतिविक्रीयाणां-
देहन्द्रियप्राणकृतक्रियाणांम् ।
अयोऽग्निवत्ताननुवर्तमानो-
नचेष्टते नो विकरोति किञ्चन ॥१३५॥

इन्द्रियादि शरीर बुद्धि मनमा आफैं अनुस्युत् भई ।
सव्को जो छ बिकार कार्य जति जो आफू अलगै रही ॥
जान्ने साक्षी स्वरूप भैकन सदाचेष्टा रहित भैकन ।
निर्मल्नित्य बिकारले रहित भै वस्ने सुखी भैकन ॥१३९॥

न जायते नो म्रियते न वर्धते
नक्षीयते नो बिकरोति नित्यः ।
बिलीयमानेऽपि वयुष्य मुष्मिन् ।
नलीयते कुम्भ इवाम्वरं स्वयम् ॥१३६॥

न जन्म त्यो लिन्छ न मर्छ कैल्यै ।
घट्ने र बढ्ने पनि हुन्न कैल्यै ॥
त्यो नित्य हो सत्य सदा रहन्छ ।
शरीर छुट्दा पनि त्यो रहन्छ ॥१४०॥

प्रकृति विकृतिभिन्नः शुद्धबोधस्वभावः ।
सदसदिदमशेषं भावयन्निर्विशेषः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बिलसति परमात्मा जाग्रदादिष्ववस्था
स्वहमहमिति साक्षात् साक्षिरूपेण बुद्धेः ॥१३७॥

प्रकृति र त्यसका छन् कार्य जेजो विकार ।
तिनिहरू सबदेखि भिन्न भै निर्विकार ।
सत असत सबैको साक्षी भै अन्तरात्मा ।
स्फूरित भइरहेको हुन्छ त्यो जाग्रतैमा ॥१४१॥

नियमितमनसा त्वं स्वमात्मानमात्म
न्ययमहमिति साक्षाद्विद्धि बुद्धिप्रसादात् ।
जनिमरणतरङ्गापारसंसारसिन्धुं
प्रतर भव कृतार्थो ब्रह्मरूपेण संस्थः ॥१३८॥

बुद्धी सूक्ष्म प्रशन्न पारि बहुतै खुव् चित्त शंयं गरी
आत्माको अपरोक्ष ज्ञान अनुभव् गर्नु र जीवन्भरी ।
त्यै ब्रह्मात्मस्वरूपमा स्थित भई बस्नू कृतार्थै बनी ।
संसार्सागरपार् तरिन्छ सहजै हूँदैन जन्मै पनी ॥१४२॥

अध्यास

अत्रानात्मन्यहमिति मतिर्बन्ध एषोऽस्य पुंसः
प्राप्तोऽज्ञानाज्जननमरणक्लेशसम्पातहेतुः ।
यैनैवायं वपुरिदमसत्सत्यमित्यात्मवुद्धया
पुष्पत्युक्षत्ववति बिषयैस्तन्तुभिः कोशकृद्वत् ॥१३९॥

जो जो हुन् ती अनात्मा चिजहरू सवमा आत्मबुद्धी गरेर ।
जो जो हुन् ती असत् चिज् तिनिहरू सवमा सत्य बुद्धी गरेर ।
रेशंकीरो सरीनै वनिकन सव दिन् आफु बन्धन् परेर ।
अज्ञानी गर्छ रक्षा असत चिजहरू सत्य नै संझिएर ॥१४३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अतस्मिंस्तद्बुद्धिः प्रभवति बिमूढस्य तमसा
विवेकाभावाद्वै स्फुरति भुजगे रज्जुधिषणा ।
ततोऽनर्थव्रातो निपतति समादातुरधिक
स्ततो योऽसद्ग्राहः सहि भवति बन्ध श्रृणु सखे ॥१४०॥

अवीवेक्ले सर्पै पनि हुन गयो डोरि जसरी ।
तमोगुणले गर्दा बिपरीत भयो ज्ञान त्यसरी ।
त्यसैले हे साथी ! असत चिज बन्धन् बुझिकन ।
सवै त्यागी वस्नू सुखस्वरूप आत्मा वनिकन ॥१४४॥

अखण्डनित्याद्वयवोधशक्त्या
स्फुरन्तमात्मानमनन्तवैभवम्
समावृणोत्यावृतिशक्तिरेषा
तमोमयी राहुरिवार्कविम्बम् ॥१४१॥

अखण्ड अद्वीतियवोधशक्ति जो ।
ऐश्वर्य सम्पन्न छ आत्मतत्व त्यो ॥
श्री सूर्यमा राहु सरी भएर ।
ढाक्ने तमो* गुण् ढकनी भएर ॥१४५॥

तिरोभूते स्वात्मन्यमलतरतेजोवतिपुमा
नमात्मानं मोहादहमिति शरीरं कलयति ।
ततः कामक्रोधप्रभृतिभिरमुं वन्धनगुणैः
परं विक्षेपाख्या रजस उरशक्तिर्व्यथयति ॥१४२॥

आत्मज्योतिस्वरूपलाई जव त्यो बिक्षेपले ढाक्दछ ।
जड् बुद्धी गरि जीव देहमत हूँ भन्ने सदा ठान्दछ ।
त्यसलाई अनि काम क्रोध बलिया नाना थरी डोरिले ।
बाधीदिन्छ र दुःख दिन्छ अति नै त्यै दुष्ट बिक्षेपले ॥१४६॥

---

* *निद्रा आलस्य र वुद्धिमान्ध हो आत्माको तमोगुणरूप आवर्ण (ढहनी)*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महामोहग्राहग्रसनगलितात्मावगमनो
धियो नानावस्था: स्वयमभिनयंस्तद्गुणतया ।
अपारेसंसारे बिषयविषपूरे जलनिधौ
निमज्ज्योन्मज्यायां भ्रमति कुमति: कुत्सितगति: ॥१४३॥

बिषयरुपि जहर्ले ग्रस्त भै खुव् जलेर ।
अरि सरि अविवेक्रूप् ग्राहले पक्रिएर ॥
बहुत नीच गतिमै भ्रष्ट बुद्धि भएर ।
भवरुपि अति गंभीर् सागरैमा परेर ॥१४७॥

सुखि दुःखि भइगोता पाइ बेहोसि नै भै ।
स्मरण सव हराई तत्वज्ञान्ले रहित्भै ।
गुण सित मिलिनाना रूप फेरीरहन्छ ।
अभिनय गरि नाटक् जीववर्ती रहन्छ ॥१४८॥

भानुप्रभासाज्जनिताभ्रपङक्ति
र्भानुं तिरोधाय बिजृम्भते यथा ।
आत्मोदिताहङ्कृतिरात्मतत्त्वं ।
तथा विरोधाय विजृम्भते स्वयम् ॥१४४॥

श्रीसूर्यबाटै उठि मेघ मण्डल
श्री सूर्य नै ढाक्दछ फैलिंदै खुव ।
त्यस्तै अहंकार् पनि आत्मबाट नै ।
उठेर आत्मा पनि ढाकि दिन्छ त्यै ॥१४९॥

आवरणशक्ति र विक्षेपशक्ति

कवलितदिननाथे दुर्दिने सान्द्रमेघै
र्व्यथयति हिमभञ्भावायुरुग्रोयथैतान् ।
अविरततमसात्मन्यावृते मूढबुद्धिं
क्षपयतिबहु दुःखै तीब्र विक्षेपशक्तिः ॥१४५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जुनरितसँग कैले मेघमण्डल् उठेर
बिपरीत वहि हावा आँधिबेरी चलेर
दुःख दिइ सवलाई खिन्नता पार्छ जस्तो
बहूत दुःखितुल्याई दिन्छ बिक्षेप* त्यस्तो ॥१५०॥

एताभ्यामेंव शक्तिभ्यांबन्धःपुंसः समागतः ।
याभ्यां विमोहितो देहं मत्वात्मानं भ्रमत्ययम् ॥१४६॥

आवर्ण बिक्षेप् यि दुई उपाधिले ।
बन्धन् परेको अविवेकि जीवले ॥
जड् देह आत्मा भनि ठानि बस्दछ ।
संसारमा चक्क र खूव मार्दछ ॥१५१॥

बन्ध -निरूपण

वीजं संसृतिभूमिजस्य तु तमो देहात्मधीरङ्कुरो ।
रागः पल्लवमम्वु कर्म तु वयुः स्कन्धोऽसवः शाखिकाः ।
अग्राणीन्द्रियसंहितश्च बिषयाः पुष्पाणि दुःखं फलं ।
नानाकर्म समुद्भवं वहुविधं भोक्तात्र जीवः खग ॥१४७॥

संसार् नामक वृक्षको बीज खुदै अज्ञाननै हो अनी ।
देहै हुँ म भनेर ठान्नु पनि जो अंकूर हो त्यो पनी ॥
फेद् हो देह र प्राण इन्द्रियहरू हाँगा भए तेसका ।
पत्ता राग र द्वेष कर्म जल हो संसाररूप् वृक्षका ॥१५२॥

त्यस्का फुल् बिषयादि धन् जनहरू जो छन् तिसारा भए ।
कर्मैको फल सुख दूःखहरू नै त्यो वृक्षका फल् भए ।
पक्षीरूप वनेर जीव पनि जो त्यै वृक्षमा बस्दछ ।
भोक्तानै बनि त्यो बिकारि भइ खुव् संसार भोग् गर्दछ ॥१५३॥

---

* बिक्षेप भन्नाले चित्तको चञ्चलतालाई बुझ्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अज्ञानमूलोऽयमनात्मवन्धो
नैसर्गिकोऽनादिरनन्त ईरितः ।
जन्माप्ययव्याधिजरादि दुःख
प्रवाह पातं जनयत्यमुष्य ॥१४८॥

त्यो अज्ञान जनित् अनात्मरूपको बन्धन् भनीने पनी ।
हो स्वाभाविक त्यो अनन्त पनि हो त्यो हो अनादी पनी ॥
जीव्को जन्म जरा मरण्हरू भयो दुःखादि व्याधी भयो ।
उत्पत्ती पनि त्यो गराउँछ सवै कारण् त्यही नै भयो ॥१५४॥

आत्मानात्मबिवेक

नास्त्रैर्न शास्त्रैरनिलेन वह्निना ।
छेत्तुं न शक्यो न च कर्मकोटिभिः ।
बिवेकविज्ञानमहासिना बिना
धातुःप्रसादेन सितेन मञ्जुना ॥१४९॥

काट्ने ती बिष्यादि बन्धनहरू᠀ ईश्वर कृपाबाट नै ।
मिल्ने तीब्र बिवेक# हो चहकिलो बिज्ञानरूप्• खड्ग नै
ती बेगर अरू शस्त्र अस्त्रहरू भो कर्मादि वायूहरू ।
अग्नी आदि कुनै पनि बिषयले काटिन्न बन्धन्हरू ॥१५५॥

श्रुति प्रमाणैकमतेः स्वधर्म ।
निष्ठा तयैवात्मबिशुद्धिरस्य ।
बिशुद्धबुद्धेः परमात्मवेदनं ।
तेनैव संसारसमूलनाशः ॥१५०॥

᠀ *देहमा अहं वृद्धि हुनाका साथै जन्म मरण सुख दुःख आदि विकारी भाव आफूमा आरोप गर्नु हो बन्धन ।*

\# *सत्यासत्य आत्मानात्मलाई छुट्ट्याउनु हो विवेक ।*

• *विज्ञान हो विवेकद्वारा पृथक् गरिएको आफ्नो वास्तविक स्वरूप प्रत्यात्मा ... रहनु, अर्थात् आफू आत्मानै वनेर वस्तु ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रुति प्रमाण्मा जसको छ निश्चय
स्वधर्ममा लाग्दछ तेहि मानिस।
स्वधर्मले चित्त गराइ निर्मल।
ज्ञान् गर्छ त्यसले परमात्म पल्पल ॥१५६॥

त्यै ज्ञानद्वारा भइ ज्ञानि खास।
संसार्‌रूपी वृक्ष समूलनाश ॥
गराइ आँफू अविनाशि वन्छ।
सुखी भइ बस्छ र मुक्त* हुन्छ ॥१५७॥
कोशैरन्मयाद्यैः पञ्चभिरात्मा नसं वृतो भाति।
निजशक्तिसमुप्यन्नैः शैवालपटलै रिवाम्बु बापीस्थम् ॥१५१॥

जहाँबाट उठेर झ्याउहरूले ढाकिन्छ पानी पनी।
त्यस्तै अन्नमयादि कोशहरूले ढाकिन्छ आत्मा पनी ॥
जो छन् कोशति पाँच नै ढकनि हुन् तिन्मा अहं भाव् गरी।
जड् बुद्धी गरि वस्छ मानिस पनि आफू वनी जड् सरी ॥१५८॥

तच्छैबालापनये सम्यक सलिलं प्रतीयते शुद्धम्।
तृष्णासन्तापहरं सद्यः सौख्यप्रदं परं पुंसः ॥१५२॥
पञ्चानामपि कोशानामपवादे बिभात्ययं शुद्धः।
नित्यानन्दैकरसः प्रत्यग्रूपः परः स्वयं ज्योतिः ॥१५३॥

कूवाको जल ढाकि वस्छ जसरी झ्याऊ उठी त्यो सव।
पन्छाएपछि शुद्ध निर्मल खुवै भेटिन्छ राम्रो जल ॥
त्यस्तै कोशहरू हटाउनसके त्यो शुद्ध आत्मा हरि
अन्तर्यामि स्वयंप्रकाशरूपमा पाइन्छ पष्टै गरि ॥१५९॥

आत्मानात्मविवेकः कर्तव्यो वन्धमुक्तये विदुषाः।
तेनैवानन्दी भवति स्वं बिज्ञाय सच्चिदानन्दम् ॥१५४॥

---

* शरीरको सट्टा सुखस्वरूप आत्मामा दृढ अहं बुद्धि हुनु हो मुक्ति।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जन्मादि जति बन्धनादिहरू छन् तिन्बाट मुक्तै भई ।
वस्नालाई विवेक गर्नु बहुतै आत्माअनात्मा दुई ॥
त्यसैबाट हुनेछ ज्ञान सहजै सच्चित र आनन्दको ।
साक्षात्कार हुनेछ फेरि अनुभव् अत्यन्त आनन्दको ॥१६०॥

मुञ्जादिषीकामिव दृश्यवर्गा-
त्प्रत्यञ्चमात्मानमसङ्गमक्रियम्
विचिच्य तत्र प्रविलाप्य सर्वं ।
तदात्मना तिष्ठति यः स मुक्तः ॥१५५॥

फालेर कुश्को षींक○ बाहिरी जती ।
पाइन्छ गूवो पनि त्यो नरम् अती ॥
त्यस्तै सवै दृश्य पृथक् गरी लय ।
गर्दा स्वरूप्मा स्थितिवन्छ केवल ॥१६१॥

अन्नमय कोश

देहोऽयमन्नभवनोऽन्नमयस्तु कोश
श्चान्नेन जीवति विनश्यति तद्विहीनः ।
त्वक्चर्ममांसरुधिरास्थिपुरीषराशि-
नायंस्वयंभवितु मर्हति नित्यशुद्धः ॥१५९॥

जो अन्न•बाटै उब्जन्छ फेरि त्यो ।
त्यै अन्न पाए पछि बाच्न सक्छ त्यो ।
पाएन क्यै अन्न भने त मर्दछ ।
त्यो अन्नको बिक्रीतिनै ठहर्दछ ॥१६२॥

○ *कुशको बाहिरी पातहरू*

• *स्त्रीपुरुषले खाएको अन्नबाट रगत, रगतबाट मासी, मासीबाट रजवीर्य वनीकन त्यही रजवीर्यको संयोगबाट मानिसको शरीर बन्न जान्छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छाला नशा मांस रगत् र हाड ।
मल् मूत्रको जो छ समूह खास ।
त्यो देह आत्मा कहिल्यै हुँदैन
आत्मा भनी मान्न हुँदै हुँदैन ॥१६३॥

पूर्वं जनेरपि मृतेरपि नायमस्ति
जातः क्षणं क्षणगुणोऽनियतस्वभावः ।
नैको जडश्च घटवत्परिदृश्यमानः
स्वात्माकथं भवति भाव विकारवेत्ता ॥१५७॥

पैल्हे थिएन जड देह पछी रहन्न ।
अस्थिर् अनित्य गुणयुक्त छ स्थिर् रहन्न ।
जड्वस्तुको समूह हो घट दृश्य जस्तै ।
आत्मा त हैन जडदेह अनात्म त्यस्तै ॥१६४॥

पाणि पाददिमान्देहो नात्माव्यङ्गेऽपिजीवनात् ।
तत्तच्छक्तेरनाशाच्च न नियम्यो नियामकः ॥१५८॥

हात् पाऊहरू युक्त यो शरीरको क्यै अङ्ग भङ्गै भए ।
मानिस जीबित नै रहन्छ सवदिन् घट्तैन केही भए ।
आत्माशासक हो शरीर त सदा शासीत हो यो तव ।
शासक् शासित हुन्न कत्ति कहिल्यै यै हो कुरा वास्तव ॥१६५॥

देहतद्धर्मतत्कर्मतदवस्थादिसाक्षिणः ।
स्वत एव स्वतः सिद्धं तद्वैलक्षण्यमात्मनः ॥१५९॥

देहको धर्म सारा त्यो जानी पृथक भैकन ।
साक्षी आत्मा सदा बस्छ असङ्ग रूप भैकन ॥१६६॥

कुल्यराशिर्मांशलिप्तो मल पूर्णोऽतिकस्मलः ।
कथं भवेदयं वेत्ता स्वयमेताद्विलक्षणः ॥१६०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हाड मासू र बिष्टाले पूर्ण कुत्सित* देह यो ।
जानिने वस्तु हो आत्मा जान्नेवाला र भिन्न हो ॥१६७॥

त्वङ्मांसमेदोऽस्थिपुरीषराशा-
वहंमतिं मूढजनः करोति ॥
विलक्षणं वेत्ति विचारशीलो ।
निजस्वरूपं परमार्थ भूतम् ॥१६१॥

हाड्मासुले पूर्ण अनात्म देह नै ।
मै हुँ भनि ठान्दछ मूढ मूर्ख नै ॥
बिचारशील् मानिस पारमार्थिक ।
स्वरूप बेगल्छ भनेर मान्दछ ॥१६८॥

देहोऽहमित्येव जडस्य बुद्धि-
देहे च जीवे बिदुषस्त्वहंधीः ॥
विवेकविज्ञानवतो महात्मनो
ब्रह्माहभित्वेव मतिः सदात्मनि ॥१६२॥

जड् बुद्धिवाला म हुँ देह भन्दछ ।
बिद्वान् म हूँ जीव भनेर ठान्दछ ।
विवेक बिज्ञानि र जो प्रबुद्ध छ ।
ब्रह्मात्म हूँ आफु भनेर जान्दछ ॥१६९॥

अत्रात्मबुद्धिं त्यजमूढबुद्धे ।
त्वङ्मांसभेदोऽस्थिपुरीषराशौ ।
सर्वात्मनि ब्रह्माणि निर्विकल्पे ।
कुरुष्व शान्तिं परमां भजस्व ॥१६३॥

हे मूर्ख हो ! त्यो जड बुद्धि फालिद्यौ ।
हाड् मासुको देह म भन्न छाडिद्यौ ।

---

* अपवित्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सर्वात्मभै ब्रह्म हुँ निर्विकल्प हूँ ।
यै जानि आनन्दि वनी बसीरहू ॥१७०॥

देहेन्द्रियादावसति भ्रमोदितां
विद्वानहन्तां न जहाति यावत् ।
तावन्न तस्यास्ति विमुक्तिवार्ता
प्यस्त्वेष वेदान्तनयान्तदर्शी ॥१६४॥

देहेन्द्रियादि म हुँ यो भ्रमज्ञानबाट ।
उत्पन्न विकृति* अहं पनलाई त्याग ।
गर्दैनतायदि भने जति बिज्ञ होस् त्यो ।
हूँदैन मोक्ष कहिल्यै खुव सत्य हो यो ॥१७१॥

छाया शरीरे प्रतिबिम्बगात्रे ।
यत्स्वप्नदेहे हृदिकल्पिताङ्गे ॥
यथात्मबुद्धिस्तव नास्ति काचि-
ज्जीवच्छरीरे च तथैव मास्तु ॥१६५॥

छाया शरीर् भो प्रतिबिंव नै भयो ।
स्वाप्निक् र मन् कल्पित देह नै भयो ।
तिन्मा अहं बुद्धि हुँदैन क्यै गरी ।
जीवित् शरीरमा हुनुहुन्न त्यैसरी ॥१७२॥

देहात्मधीरेव नृणामसिध्यां-
जन्मादिदुःखप्रभवस्य बीजम् ।
यतस्ततस्त्वं जहितां प्रयत्ना-
त्यक्ते तु चित्ते न पुनर्भवाशा ॥१६६॥

---

* विकार (उल्टा धारणा)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देहात्म त्यो बुद्धी असत् अवश्य हो ।
जन्मादिको कारण मूख्य तेहि हो ।
दुर्बुद्धि हो त्यो सव त्यागनु बल् गरी ।
हूँदैन है जन्म त फेरि क्यै गरी ॥१७३॥

— ❀ —

प्राणमय-कोश

कर्मेन्द्रियैः पञ्चभिरञ्चितोऽयं
प्राणो भवेत्प्राणमयस्तु कोशः ।
येनात्मवानन्नमयोऽन्नपूर्णः
प्रवर्ततेऽसौ सकलक्रियासु ॥१६७॥

ती पाँच कर्मेन्द्रिय युक्त प्राण ।
त्यैनै त हो प्राण्मय कोश जान ।
त्यै कोशलेयुक्त भई शरीर
कर्मादिमा हुन्छ सदा प्रवृत्त ॥१७४॥

नैवात्मापि प्राणमयो वायुविकारो
गन्तागन्ता वायुवदन्तर्बहिरेषः ।
यस्मात्किञ्चित्क्वापि नवेत्तीष्टमनिष्टं
स्वं वान्यंवा किञ्चन नित्यं परतन्त्रः ॥१६८॥

त्यो वायुको बिकृति आत्म हैन ।
हावा सरी चल्दछ स्थीर छैन ॥
अनित्त्य जड् भै परतन्त्र हो जो ।
जान्नू खुदै प्राण्मयकोश हो त्यो ॥१७५॥

— ❀ —

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मनोमय-कोश

ज्ञानेन्द्रियाणि च मनश्च मनोमयः स्या-
त्कोशो ममाहमिति वस्तुविकल्प हेतुः ।
संज्ञादि भेदकलनाकलितो वलीयां-
स्तत्पूर्वकोशमभिपूर्ण विजृम्भते यः ॥१६९॥

ज्ञानेन्द्रियादिहरू* पाँच र मन् मिलेर ।
संकल्प कारण मनोमय कोश् वनेर ।
लाखौं उठाइ कलनाहरू वृत्ति नाना
ज्ञान् गर्छ ढाक्छ अरुकोश् बलियो छ जान ॥१७६॥

पञ्चेन्द्रियैः पञ्चभिरेव होतृभिः
प्रचीयमानो विषयाज्यधारया ।
जाज्वल्यमानो वहुवासनेन्धनै-
मनोमयाग्निर्दहति प्रपञ्चम् ॥१७०॥

दाउरासरि भएर वासना ।
प्रज्वलित् त्यहि मनोमयाग्निमा ।
पाँच इन्द्रियहरू अघी सरी ।
बिषय रुपित घ्यू हवन् गरी ॥१७७॥

दृश्यवर्गहरू छन् जती सव,
दग्धपार्छ त्यहि अग्नि मनोमय ॥
सूत्रधार वनि खेल खेल्छ जो
वन्धमुक्त पनि पार्न सक्छ त्यो ॥१७८॥

न ह्यस्त्यविद्या मनसोऽतिरिक्ता
मनो ह्यबिद्या भववन्धहेतुः ।
तस्मिन्विनष्टे सकलं बिनष्टं ।
विजृम्भितेऽस्मिन्सकलं विष्टम्भते ॥१७१॥

---

* *नाक, मुख, आँखा, कान, जीभो यति हुन पाँच ज्ञानेन्द्रिय ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आर्को अविद्या मनदेखि छैन क्यै ।
मन् हो अविद्या भवबन्ध पार्छ त्यै ।
जाग्यो भने मन् सब दृश्य जाग्दछ ।
त्यो मन् हटे दृश्य पनी हराउँछ ॥१७९॥

स्वप्नेऽर्थशून्ये सृजति स्वशक्त्या
भोक्त्रादि विश्वं मन एव सर्वम् ।
तथैव जाग्रत्यपि नो विशेष
स्तत्सर्वमेतन्मनसो बिजृम्भणम् ॥१७२॥

त्यो स्वप्नको बिश्वजगत्हरू सब ।
मन्को बिलाश् मात्र ठहर्छ वास्तव ।
जाग्रत् पनि त्यो मनकै बिलाश हो ।
पदार्थ सारा मनकै स्वरूप हो ॥१८०॥

सुषुप्तिकाले मनसि प्रलीने
नैबास्ति किञ्चित्सकलप्रसिद्धेः ।
अतो मनकल्पित एव पुंसः
संसार एतस्य न बस्तुतोऽस्ति ॥१७३॥

सुपुप्तिमा मन् पनि लीन हुन्छ ।
यो बिश्व संसार् पनि नष्ट हुन्छ ।
संसार सारा मनकल्पितै हो
वस्तुस्वरूप क्यै नभई अरूप् हो ॥१८१॥

वायुनानीयते मेघः पुनस्तेनैवनीयते ।
मनसा कल्प्यते बन्धो मोक्षस्तेनैव कल्प्यते ॥१७४॥

बायूद्वारा मेघ आऊँछ ढेरी ।
बायूद्वारा नष्ट भै जान्छ फेरी ।
त्यस्तै जान्नू बन्धमुक्ती पनी त्यो ।
केवल् मन्को कल्पना मात्र मै हो ॥१८२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देहादि सर्वबिषये परिकल्प्प रागं
बध्नाति तेन पुरुषं पशुवद्गुणेन
वैरस्यमत्र विषवत्सु विधाय पञ्चा
देनं विमोचयति तन्मन एवबन्धात् ॥१७५॥

भोगेच्छा गरि कल्पना बिषयमा रागी तुल्याईकन ।
डोरी राग बनाइ बाध्छ मनले अज्ञानि छन् जोजन ॥
जेजोछन् बिषयादि सव्निरस हुन् भन्ने जनाईकन ।
बन्धन् मुक्त बनाइदिन्छ मनले जोछन् ति ज्ञानी जन ॥१८३॥

तस्मान्मन: कारणमस्य जन्तो-
र्बन्धस्य मोक्षस्य च वा बिधाने ।
बन्धस्य हेतुर्मलिनं रजोगुणै-
र्मोक्षस्य शुद्धं विरजस्तमस्कम् ॥१७६॥

कल्मस्युक्त* रजोगुणी मन भए बन्धन् सदा पार्दछ ।
सात्विक शुद्ध भयो त्यही मन भने मुक्ती तुल्याऊँदछ ॥
बन्धन्मोक्ष दुवै तुल्याउन ठुलो कारण् मनै बन्दछ ।
मन्लाई खुव शुद्ध पार्नु त्यसले कल्याण नै गर्दछ ॥१८४॥

विवेकवैराग्य गुणा तिरेका-
च्छुद्धत्वमासाद्य मनोविभुक्त्यै ।
भवत्यतो बुद्धिमतो मुमुक्षो-
स्ताभ्यां दृढाभ्यां भवितव्यमग्रे ॥१७७॥

जस्मा तीव्र बिवेक मौजुद भई बैराग्य तीव्रै भए ।
त्यस्माथी मन शुद्ध सात्विक वनी निर्मल् पनी भैदिए ।
कारण् वन्दछ मोक्षको मन त्यही जानी मुमूक्षू जन ।
ती वैराग्य विवेक तीव्र पहिले पार्नू नभूलीकन ॥१८५॥

---

* *जनधनादि विषय चिन्तमा तल्लिन ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मनो नाम महाव्यघ्रो विषयारण्यभूमिषु ।
चरत्यत्र न गच्छन्तु साधवो ये मुमुक्षव: ॥१७८॥

मनरुपि भयदायक् बाघ घूमीरहन्छ ।
बिषयरुपि घना त्यो जङ्गलैमा रहन्छ ।
बुधजन र मुमुक्षू साधु जानू हुँदैन ।
भुलिकन पनि जङ्गग् हेर्न कत्ती हुँदैन ॥१८६॥

मन:प्रसूते बिषयानशेषा-
न्स्थूलात्मना सूक्ष्मतया च मोक्तु: ।
शरीरवर्णाश्रमजातिभेदान् ।
गुणाक्रियाहेतुफलानि नित्यम् ॥१७९॥

सारा स्थूल र सूक्ष्म तीबिषयको देहादिको वर्णको ।
आश्रम् आदि अनेक भेद गुणको यज्ञादि कर्मादिको ।
जस्तो जो फल हुन्छ त्यो फलहरू उत्पन्न पारीकन ।
भोक्ताजीव भुलाइदिन्छ मनले बेहोस पारीकन ॥१८७॥

असङ्गचिद्रूपममुं बिमोह्य ।
देहन्द्रियप्राण गुणै र्निवध्य ॥
अहंममेति भ्रमयत्यजस्रं-
मन: स्वकृत्येषु फलोपभुक्तिषु ॥१८०॥

सच्चित्सुखअसंग निर्मल स्वरूप् आत्मा भए तापनी ।
मोहित पारि भुलाइदिन्छ मनले कर्ता र भोक्तावनी ।
आत्मा नक्कलि जीवनै वनि अहं बन्दै बिकारी भई ।
भट्की हिड्छ अनात्माको गुणसँगै मीलेर दू:खी भई ॥१६८॥

अध्यास दोषात्पुरुषस्य संसृति-
रध्यासबन्धस्त्वमुनैव कल्पित: ॥
रजस्तमोदोषवतोऽबिवेकिनो ।
जन्मादिदु:खस्य निदानमेतम् ॥१८१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अध्यास* दोष्ले कति जीवलाई ।
संसारमा चक्कर खूव ख्वाई ॥
तमोगुणिको र रजोगुणीको ।
जन्मादिको कारण मुख्य बन्छ त्यो ॥१८९॥

अत: प्राहुर्मनोऽबिद्यां पण्डितास्तत्वदर्शिन: ।
येनैव भ्राम्यते बिश्वं वायुनेवाभ्रमण्डलम् ॥१८२॥

त्यस्कारण् सव तत्त्वदशीर्हरूले बिद्वान्हरूले पनी ।
मायानै मन हो भनेर सवले भन्छन् ति स्पष्टै पनी ॥
जस्तो वायु चलेर मेघहरूको संघर्ष जो चल्दछ ।
त्यस्तै नै मनबाट बिश्वजगतै भ्रान्ति भई चल्दछ ॥१९०॥

तन्मन: शोधनं कार्यं प्रयत्नेन मुमुक्षुणा ।
बिशुद्धे सति चैतस्मिन्मुक्तिं करफलायते ॥१८३॥

मुमुक्षुले नित्य प्रयत्न साथ ।
मन्○ शुद्ध पार्नु खुब युक्तिसाथ ॥
त्यो शुद्ध मन्मोक्ष गराइदिन्छ ।
हस्तामलक्*झैं गरि मुक्ति मिल्छ ॥१९१॥

मोक्षैकसक्त्या बिषयेषु रागं ।
निर्मूल्य संन्यस्य च सर्वकर्म ॥
सच्छ्रद्धया य: श्रवणादिनिष्ठो ।
रज: स्वभावं सधुनोति बुद्धे: ॥१८४॥

• *जो वस्तु जहाँ छैन त्यसलाई त्यहाँ छ भनेर मान्नु हो अध्यास । अर्थात डोरीमा सर्पको अस्थिता मानेझैं आँफू खास जन्ममरणरहित चेतन तत्त्व आत्मा भएर पनि सो नजानी जड शरीरमा अहं बुद्धि हुनु हो अध्यास ।*

○ *बिषय चिन्तन रहित मन हो, शुद्धमन ।*

• *हातको अमला समान देखिए झैं मोक्ष सुखको अपरोक्ष अनुभव हुनु ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आशक्ती लिइ मोक्षको बिषय राग् निर्मूल पारीकन ।
सारा कर्म जती छ त्याग गरि त्यो मन् शुद्ध पारीकन ॥
श्रद्धायुक्त भई श्रवण्◆ मननमा जो हुन्छ तत्पर् खुव ।
चञ्चल् मूढ रजो तमो गुणहरू हट्छन् त्यसैका सव ॥१९२॥

मनोमयो नापि भवेत्परात्मा
ह्याद्यन्तवत्त्वात्परिणामिभावात् ।
दु:खात्मकत्वाद्विषयत्वहेतो-
र्द्रष्टाहि दृश्यात्मतया न दृष्ट: ॥१८५॥

त्यो दृश्यकै सरि मनोमयकोश जो छ ।
आदि• र अन्त्य त्यसको छ बिकारि त्यो छ ॥
त्यो दृश्य हो बिषय हो परमात्म हैन ।
द्रष्टाकदापि पनि दृश्य हुँदैहुँदैन ॥१९३॥

बिज्ञानमयकोश

बुद्धिबुद्धीन्द्रियै: सार्धं सवृत्ति: कर्तृलक्षण: ।
बिज्ञानमयकोश: स्यात्पुंस: संसारकारणम् ॥१८६॥

ज्ञानेन्द्रीय र वृत्तिले सहितको बुद्धी दुवै ती मिली ।
त्यो बिज्ञान्मय कोश नै हुन गयो क्यै शक्तिशाली भई ॥
कर्तापन त्यसको छ खूव बलियो कर्ता त्यही बन्दछ ।
जन्मान्तर् जीवलाई चक्कर○ तिरै त्यै कोशले पार्दछ ॥१९४॥

◆ *श्रवण मनन यो शब्दले बेदान्त दर्शनको श्रवण मननलाई लक्षीत गरेको हो भनेर जान्नु पर्छ ।*

• *उत्पत्ति र बिनाश ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

○ *संसारको जन्ममरण रूप चक्रमा ।*

अनुब्रजच्चित्प्रतिविम्वशक्ति-
बिज्ञानसंज्ञ: प्रकृतेर्विकार: ।
ज्ञानक्रियावाहनमित्यजस्रं ।
देहेन्द्रियादि ष्वभिमन्यते भृशम् ॥१८७॥

पाँचै कोश करण्[◌] र बुद्धि सवमा घूसेर सत्ता दिने ।
चेतन्को प्रतिबिंम्वभै प्रकृति[■]को पस्टै बिकार् मानिने ।
ज्ञाता हूँ म भनेर गर्व गरि त्यै कर्ता म हूँ भन्दछ ।
देहादिहरूमा गरेर अभिमान् चेष्टा अनेक् गर्दछ ॥१९५॥

अनादिकालोऽयमहंस्वभावो
जीव: समस्तव्यवहारबोढा ।
करोति कर्माण्यपि पूर्ववासन:
पुण्यान्न्य पुण्यानि च तत्फलानि ॥१८८॥

भुङ्क्ते विचित्रास्वपि योनिषुब्रज-
न्नायाति निर्यात्यध उर्ध्वमेष: ।
अस्यैव विज्ञानमयस्य जाग्रत्-
स्वप्नाद्यवस्था सुख दु:खभोग: ॥१८९॥

देहादिनिष्ठा श्रमधर्मकर्म-
गुणाभिमानं सततं ममेति
बिज्ञानकोशोऽयमति प्रकाश:
प्रकृष्ट शाल्निध्यवशात्परात्मन:
अतोभवत्येष उपाधिरस्य ।
यदात्मधी: संसरति भ्रमेण ॥१९०॥

त्यो बिज्ञान्मय कोश नै जीव बनी निर्वाह संसारको ।
गर्दै पूर्व कमाइको छ फल जो भोग् गर्छ पाप् पुण्यको ॥

◌ दश इन्द्रियहरू ।
■ मायाको कार्य ।

CC-0, Nepal Sanskrit Academy, Kathmandu Collection

जन्मातर् पनि घुम्छ त्यो बिवश भै योनी बिचित्रै लिई ।
कैले उत्तम योनिमा र कहिले क्वै चीन योनी भई ॥१९६॥

जाग्रत् स्वप्न सुषुप्ति आदिहरू हुन् त्यस्का अवस्थाहरू ।
देहादीहरूमा मिलेर दुःख नै भोगेर भै त्यो भिरु ॥
आश्रम्• आदि र धर्मकर्महरूमा खूवै अभीमान् गरी ।
फेर्दै रूप अनेक गर्छ ममता आफैं त भ्रंमा परी ॥१९७॥

आत्माको अतिनै नजीक रहने हो कोश बिज्ञान्मय ।
आत्माको प्रतिबिम्व पर्छ त्यसमा त्यो हो उज्यालोमय ॥
वास्तव्मा त उपाधि हो अरूप हो त्यस्मा अहं भाव् भए ।
जन्मादी भवचक्रमा परियला बेहोशिनै भैगए ॥१९८॥

आत्माको उपाधिदेखि असंगता

योऽयं विज्ञानमय: प्राणेषुहृदि स्फुरत्यवयंज्योति: ॥
कूटस्थ: सन्नात्मा कर्ता भोक्ता भवत्युपाधिस्थ: ॥१९१॥

स्वयं प्रकाश् ज्ञानस्वरूप आत्मा ।
असंग कूटस्थ पनी परात्मा ।
उपाधिको साथ रह्यो भनेकथं ।
कर्ता र भोक्ता पनि बन्छ त्यो स्वयं ॥१९९॥

स्वयं परिच्छेदमुपेत्य बुद्धे-
तादात्म्यदोषेण परं मृषात्मन: ।
सर्वात्मक: सन्नपिवीक्षतेस्वयं
स्वत: पृथक्त्वेन मृदोघटानिव ॥१९२॥

बुद्धी उपाधीहरूमा मिलीकन ।
तद्रूप भै आफू बिकारि भैकन ॥

• *आश्रम भन्नाले ब्रह्मचर्य संन्यास आदि वाहृय आश्रमहरू ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

माटो नभै हुँ म घडा भने सरी
आत्मा शरीर् मान्दछ भूलमा परी ॥२००॥

उपाधिसम्वन्धवशात्परात्मा
ह्युपाधिधर्माननु भाति तद्‌गुणः ।
अयोविकारानविकारि वन्हिव-
त्सदैकरूपोऽपि परः स्वभावात् ॥१९३॥

आत्मासदा एक्‌रूपमा रहे पनी ।
उपाधि नै हुँ भनि मान्छ भ्रं परी ॥
लोहादिमा अग्नि प्रकाश् भए सरी
देहादिमा हुन्छ प्रकाश् त्यसैगरी ॥२०१॥

मुक्ति कसरी होइन्छ

शिष्यउवाच
भ्रमेणाप्यन्यथा वास्तु जीवभावः परात्मनः ।
दतुपाधेरनादित्वान्नानादेर्नाश इष्यते ॥१९४॥

हे पूज्यपाद गुरूदेव ! उपाधिले नै ।
त्यो जीव भाव हुन गो परमात्मकोनै ।
जो जो उपाधिहरू छन् ति अनादि नै हुन् ॥
हुँदैन नाश तिनको अबिनाशि नै हुन् ॥२०२॥

अतोऽस्य जीवभवोऽपि नित्यो भवति संसृतिः ।
न निवर्तेत तन्मोक्षः कथंमे श्रीगुरो वद ॥१९५॥

त्यसो भए जीव पनी हुन जान्छ सत्य ।
जन्मादिचक्र नहुने भइगो निवृत्त ॥
के युक्तिबाट जीवमोक्ष भएर जान्छ ।
आज्ञा हवस् म सित शंसय योमहान्छ ॥२०३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आत्मज्ञान नै मुक्तिको उपाय हो

गुरूवाच

सम्यक्पृष्टं त्वया विद्वन्सावधानेन तच्छुणु ।
प्रामाणिकी न भवति भ्रान्त्या मोहित कल्पना ॥१९६॥

हे वत्स प्यारा ! खुव बुद्धिमानिछौ ।
अत्यन्त नै उत्तम प्रश्न गर्दछौ ॥
भै सावधानी सुन कल्पना छ जो ।
भ्रं मात्र हो सत्य र मान्य हुन्न त्यो ॥२०४॥

भ्रान्तिं विना त्वसङ्गस्य निष्कृयस्य निराकृते:
नघटेतार्थसम्वन्धो नभसोनीलतादिवत् ॥१९७॥

आकाश नीलो भनि मान्नु भ्रान्ति हो ।
आत्मा उपाधी सित मिल्छ भन्नु त्यो ॥
आत्मानिराकार सदा असङ्ग• हो ।
कल्पित् उपाधीहरू देखि भिन्न हो ॥२०५॥

स्वस्य द्रष्टुनिर्गुणस्याक्रियस्य
प्रत्यग्बोधानन्दरूपस्य वुद्धेः ।
भ्रान्त्या प्राप्तो जीवभावो न सत्यो ।
मोहापाये नास्त्यवस्तुस्वभावात् ॥१९८॥

आत्मा साक्षिस्वरूपभै अक्रिय हो निर्गुण् स्वरूप हो सदा ।
नित्यानन्द असङ्ग ज्ञान रूप भै चैतन्य रूप् हो सदा ।
आत्मामाजिवभाव प्राप्त हुनु नै त्यो भ्रान्तिकल्पीत हो ।
ज्ञानोत्तर पछि त्यो रहन्न रतिभर् वास्तव् अरूप् नै त हो ॥२०६॥

• *केही सँग पनि नमिलेको ।*
आत्मज्ञान (आत्म साक्षात्कार) भएपछि जीवभाव नष्ट भएर जान्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यावद् भ्रान्तिस्तावदेवास्य सत्ता
मिथ्याज्ञानोज्जृम्भितस्य प्रमादात् ।
रज्ज्वां सर्पो भ्रान्तिकालीन एव
भ्रान्तेर्नाशे नैव सर्पोऽपितद्वत् ॥१९९॥

जस्तो भ्रंले डोरि नै सर्प वन्छ ।
डोरी जाने सर्पको नाश हुन्छ ।
त्यस्तै नै जो जीवभाव् हो भनिन्छ ।
भ्रान्तीबाटै जीवभाव्भान हुन्छ ॥२०७॥

अनादित्यमविद्याया: कार्यस्यापि तथेष्पते ।
उत्पन्नायां तु विद्यायामाविद्यकमनाद्यपि ॥२००॥

प्रवोधे स्वप्नवत्सर्वं सहमूलं विनश्यति ।
अज्ञानीजन जीव भाव र अरु त्यस्का जती कार्य छन् ।
साँचो सत्य अनादि मानि ति सबै भ्रंमा परी बस्तछन् ॥
जाग्दा स्वप्नप्रपञ्च बाँकी नरही निर्मूल् भएझैं गरी ।
ज्ञानोत्तर् पछि जीवभाव पनि त्यो नाश् हुन्छ त्यस्तै गरी ॥२०८॥

अनाद्यपीदं नो नित्यं प्रागभाव इवस्फुटम् ॥२०१॥
अनादेरपि विध्वंस: प्रागभावस्य बीक्षित: ।

त्यो जिव्भाव अनादि भैकन अघी थिएन भाव् तेसको ।
ज्ञानोत्तर्पछि नाश हुन्छ सव त्यो अस्तित्त्व नै तेसको ॥
केही कत्ति पनी त शेष त्यसको पाइन्न है वास्तव ।
त्यसैले त असत्य जीव हुन गो साँचै कही यो तव ॥२०९॥

यद् बुद्ध्युपाधि सम्बन्धात्परिकल्पितमात्मनि ॥२०२॥
जीवत्वं न ततोऽन्यत्तु स्वरूपेण विलक्षणम् ।

सम्वन्ध: स्वात्मनो बुद्धया मिथ्याज्ञान पुर:सर: ॥२०३॥
विनिवृत्तिर्भवेत्तस्य सम्यग्ज्ञानेन नान्यथा ।
व्रह्मात्मैकत्त्वविज्ञानं सम्यकज्ञानंश्रुतेर्मतम् ॥२०४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बुद्धीरूप उपाधि जो छ त्यहि नै आत्मा नजीकै हुँदा ।
आत्माको प्रतिविम्व नै परि त्यहाँ त्यो जीव वन्ने हुँदा ।
आत्मामा जीवभावकल्पित भई त्यै जीव मै हूँ भनी ।
आत्माबन्छ बिकारि भूल परि त्यो सुखी र दुःखी पनी ॥२१०॥

बुद्धिका साथ सम्वन्ध आत्माको हुन्छ भन्नु त्यो ।
मिथ्याज्ञान भनि जान्नु वास्तवमा सत्य हैन त्यो ॥२११॥

ब्रह्मात्मैक्य• भए ज्ञान जीवभाव हराउँछ ।
ऐक्यात्म्य ज्ञान गर्नू नै बास्त्व ज्ञान ठहर्दछ ॥२१२॥

तदात्मानात्मनोः सम्यग्विवेकेनैव सिध्यति ।
ततो विवेकः कर्तव्यः प्रत्यगात्मा सदात्मनोः ॥२०५॥

आत्माको र अनात्माको बिवेक ज्ञानबाट नै ।
ब्रह्मात्मैक्य भइ ज्ञान सजिलै मोक्ष मिल्छ है ॥२१३॥

जलंपङ्कवदत्यन्तं पङ्कापाये जलंस्फुटम् ।
यथा भाति तथात्मापि दोषभावे स्फुट प्रभः ॥२०६॥

पानी त्यो धमिलो भए पनि यदी माटो वसे पींधमा ।
त्यो पानी खुव स्वच्छ हुन्छ क्षणमै लायक् वनी प्यूनमा ।
त्यस्तै दोष बिकार छन् जतितती मिथ्या अनात्मा सव ।
निर्मूल् पार्न सकेत हुन्छ झलमल् आत्माप्रकाशित् तव ॥२१४॥

असन्निवृतौ तु सदात्मना स्फुटं ।
प्रतीतिरेतस्य भवेत्प्रती चः ॥
ततो निरासः करणीय एवा-
सदात्मनः साध्वहमादिवस्तुनः ॥२०७॥

• *मन बुद्धिको साक्षी आत्मा र सर्बव्यापकस्वरूप ब्रह्मलाई अभिन्न रूपमा अनुभव गर्नु हो ब्रह्मात्मैक्य ज्ञान ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आत्मास्वरूप्‌को जव ज्ञान हुन्छ ।
असत्‌ अनात्मा सव नाश हुन्छ ।
जैले अनात्मा सव नष्ट हुन्छ ।
आत्मा प्रतीति तव स्पष्ट हुन्छ ॥२१५॥

अतो नायं परात्मा स्याद्विज्ञानमयशब्दभाक्‌ ।
विकारित्वाज्जडत्वाच्च परिच्छिन्नत्वहेतुत: ॥
दृश्यत्वाद्व्यभिचारित्वान्नानित्यो नित्यइष्यते ॥२०८॥

त्यो बिज्ञान्‌मय शब्दबाट बुझिने होकोश बिज्ञान्‌मय ।
हो जड्‌ दृश्य बिकारि भैकन पनी त्यो हो अनात्मामय ॥
खासै त्यो ब्यभिचारि हो असत हो आत्मा हुँदैहैन त्यो ।
त्यो हो खास अनित्यवस्तु कहिल्यै हूँदैन है नित्य त्यो ॥२१६॥

आनन्दमय कोश

आनन्दप्रतिविम्व चुम्बिततनुर्वृत्तिस्तमोजृम्भिता ।
स्यादानन्दमय: प्रियादिगुणक: स्वेष्टार्थलाभोदय: ।
पुण्यस्यानुभवे विभाति कृतिनामानन्दरूप: स्वयं ।
भूत्वानन्दति यत्र साधु तनुभृन्मात्र: प्रयत्नं विना ॥२०९॥

नित्यानन्द* स्वरूप आत्मजसको छाया अविद्याजहाँ ।
पर्दा त्यो प्रतिविम्ब कोश हुनगो बुझ्नूपर्‍योलौयहाँ ॥
कोश्‌ आनन्दमयै भनेर त्यहि नै मानिन्छ यो सत्य हो ।
त्यसैमा तमगुण° चुम्वित हुँदा कारण्‌ शरीर्‌ नै भयो ॥२१७॥

---

* *हर हातलमा आनन्द स्वरूप*

° *तमगुणको संसर्ग ।*

CC-0, Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसैमा प्रियमोद्* प्रमोद कहिने वृत्तीहरू वस्तछन् ।
प्यारो चीज मिल्यो भने प्रकट भै आनन्द भोगाउछन् ॥
त्यसैबाट समस्तविश्व जगतै बिस्तार हुने हुँदा ।
आविद्यक्* भनि भन्छ शास्त्र पनि त्यो मिथ्या भएको हुँदा ॥२१८॥

पुण्यात्माजनबाट हुन्छ जति नै पुण्यादि कर्मादिजो ।
त्यस्को फल् रूपमा तिकर्मिहरूमा आनन्द जो मिल्छ त्यो ॥
जुन आनन्द मिलेर नै क्षण क्षणै प्राणीहरू वाच्तछन् ।
पाचौंकोश् त्यहि हो भनेर बुझ्नू तत्त्वज्ञयै भन्दछन् ॥२१९॥

आनन्दमयकोशस्य सुषुप्तौ स्फूर्तिरुत्कटा ।
स्वप्नजागरयोरीषदिष्टसंदर्शनादिना ॥२१०॥

आनन्दको तीव्र प्रतिति चाहिँ ।
सुषुप्तिमा मिल्दछ हेर ताहीँ ।
क्यै इष्ट प्राप्तीहरूबाट थोर जो ।
जाग्रत् हुँदामा पनि मिल्छ केहि त्यो ॥२२०॥

नैवायमानन्दमय: परात्मा
सोपाधिकत्वात्प्रकृतेर्विकारात् ।
कार्यत्वहेतो: सुकृतिक्रियाया
विकारसङ्घातसमाहितत्वात् ॥२११॥

त्यो कोश आनन्दमय परात्मा
हूँदैन कैल्यै खुद हो अनात्मा ।

---

* *इष्ट वस्तुको दर्शन प्राप्ती र उपभोगमा प्रियादिवृत्ति उत्पन्न हुन्छ । जस्तो मीठो सुन्तला देख्दा प्रियवृत्ति हातमा लिंदा मोदवृत्ति र खाइसकेपछि प्रमोद वृत्ति उत्पन्न भई त्यही आनन्दमयको शमालीन हुन्छन् र विषय प्राप्ती जन्य आनन्द प्राप्त हुन्छ ।*
* *अबिद्या (अज्ञानको कार्य भएकोले जगत प्रपञ्चलाई आविद्यक भनेर मानिएको हो ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपाधि हो त्यो प्रकृती■ बिकार हो ।
स्थूल् देहमा आस्रित भै रहन्छ त्यो ॥२२१॥

पञ्चानामपि कोशानां निषेधेयुक्तित:श्रुते:
तन्निषेधावधि: साक्षी वोधरूपोऽवशिष्यते ॥२१२॥

बेदानुकुल् युक्ति लिएर मन्मा
ती पाँचकोश्लाई निषेध् गरेमा
निषेधको अबिध◆स्वरूप आत्मा ।
रहन्छ बाँकी त्यहि हो परात्मा ॥२२२॥

योऽयमात्मा स्वयंज्योति: पञ्च्कोशविलक्षण: ।
अवस्थात्रयसाक्षी सन्निर्विकारो निरञ्जन: ।
सदानन्द: स विज्ञेय: स्वात्मत्वेन विपश्चिता: ॥२१३॥

आत्मा अन्नमयादि कोशहरू पाँच् ती देखि छुट्टै रही ।
जाग्रत् स्वप्न सुषुप्ति आदि सवको साक्षी स्वरूप् नै भई ॥
नित्यानन्द अनन्तं•निर्मलभई जस्मा बिकार छैन क्यै ।
त्यै हो वास्तव आत्मतत्व र सदा आफ्नो स्वरूप् जान्नुत्यै ॥२२३॥

— ❁ —

■ मायाको विकार
◆ निशेध गर्दै जाँदा जो निशेध हुँदैन र जस्ले सम्पूर्ण दृश्यलाई निशेध गर्छ ।
• आदिअन्त्य नभएको ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आत्मस्वरूपविषयक प्रश्न

शिष्यउवाच

मिथ्यात्वेन निषिद्धेषु कोशेष्पेतेषु पञ्चसु ।
सर्वाभावं विना किञ्चिन्न पश्याम्पत्र हे गुरो ।
बिज्ञेयं किमु वस्त्वस्ति स्वात्मनात्र विपश्चिता ॥२१४॥

हे ज्ञानी गुरूदेव पाँच थरिका कोशलाई मिथ्या भनी ।
त्यागदा ती सबलाई शून्य हुन गै बाँकी त केही पनी ॥
हूँदै हुन्न प्रतीत हुन्छ सहजै केवल् त्यही शून्यको ।
बुद्धीमान् जनमान्छ आत्मरूपमा कुन् वस्तुको तत्वको ॥२२४॥

— ◎ —

आत्मस्वरूप निरूपण

गुरूरुवाच

सत्ययुक्तं त्वयाविद्वन्निपुणोऽसि विचारणे ।
अहमादिविकारास्ते नदभावोऽयमप्यनु ॥२१५॥

हे वत्स विद्वन् ! तिमी ठीक भन्छौ ।
विचार गर्दा अति नै कुशल् छौ ॥
जस्तो अहंकार विकार मान्छौ ।
अभावरूप् हो भनि जान्न सक्छौ ॥२२५॥

सर्वे येनानुभूयन्ते यः स्वयं नानुभूयते ।
तमात्मानं वेदितारं बिद्धि बुद्ध्यासुसूक्ष्मया ॥२१६॥

आत्मा नै अनुभव् स्वरूप हुन गै सारा कुरा जान्दछ ।
आत्माकोअनुभव् पृथक् किसिमले हूँदैन यो सत्य छ ॥
बुद्धी सूक्ष्म तुल्याइ साक्षी सबको आत्मास्वरूप हो भनी ।
जान्नू मान्नु पनी त पर्दछ सदा आफ्नै स्वरूप् हो भनी ॥२२६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तत्साक्षिकं भवेत्तत्तद्यद्यद्येनानुभूयते ।
कस्याप्यननुभूतार्थे साक्षित्वं नोपयुज्यते ॥२१७॥

सारा दृश्य अनात्मको गतिविधी जस्ले सबै जान्दछ ।
साक्षी हो अनुभव्स्वरूप भनि यो सब् शास्त्रले मान्दछ ॥
कत्तीक्यै अनुभव् नभैकन कुनै साक्षी हुँदैहुन्न त्यो ।
यै जानीकन साक्षिलाइ बुझ्नू पर्नेछ यो सत्य हो ॥२२७॥

असौ स्वसाक्षिको भावो यतः स्वेनानुभूयते ।
अतः परं स्वयं साक्षात्प्रत्यगात्मा न चेतरः ॥२१८॥

आत्मास्वयं साक्षी स्वरूप हो भनी ।
आफैं अनूभव् हुन जान्छ त्यो पनी ॥
आत्मा बिनाको अरु साक्षी छैन क्वै ।
हो अन्तरात्मा त स्वरूप आफूकै ॥२२८॥

जाग्रतस्वप्न सुषुप्तिषु स्फुटतरं योऽसौ समुज्जृम्मते ।
प्रत्यग्रूपतया सदाहमहमित्यन्तः स्फूरन्नैकधा ।
नानाकारविकारभागिन इमान्पश्यन्नहंधीमुखान् ।
नित्यानन्दचिदात्मना स्फुरति तं विद्धि स्वमेतं हृदि ॥२१९॥

जाग्रत् स्वप्न सुषप्ति तीन थरिको तीनै अवस्था जहाँ
भित्रैबाट अहं वनी स्फुरित भै हूने प्रकाशित् तहाँ ॥
नाना त्यो प्रकृति विकारहरूको साक्षी स्वरूप् नै म हूँ ।
नित्यानन्द चिदात्म तत्त्व जुन हो जान्नू मतेहीत हूँ ॥२२९॥

घटोदके विम्बितमर्कविम्ब-
मालोक्य मूढो रविमेव मन्यते ।
तथा चिदामासमुपाधिसंस्थं ।
भ्रान्त्याहमित्येव जडोऽभिमन्यते ॥२२०॥

पानीको प्रतिविम्ब सूर्य त्यहि नै हो सूर्य साँचो भनी ।
मानी वस्तछ मूढ मानिस सदा [illegible] बनी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यस्तै चित् प्रतिबिंब नामरूपको जो त्यो चिदाभास हो ।
त्यैनै हूँ म सदा भनी भुल परी बस्ने छ अज्ञानि त्यो ॥२३०॥

घटं जलं तद्गतमर्कविम्बं
विहाय सर्वं विनिरीक्ष्यतेऽर्कः ।
तटस्थ एतत्त्रितयात्मभासकः ।
स्वयंप्रकाशो विदुषा यथा तथा ॥२२१॥

देहं धियं चित्प्रतिविम्वमेतं ।
विसृज्य बुद्धौनिहित. गुहायाम् ।
द्रष्टारमात्मानमखण्डवोधं ।
सर्बप्रकाशं सदसद्विलक्षणम् ॥२२२॥

नित्यं विभुं सर्वगतं सुसूक्ष्म-
मन्तर्वहिः शून्यमनन्यमात्मनः ।
बिज्ञाय सम्यङ् निजरूपमेतत्-
त्पुमान्विपाप्मा बिरजो विमृत्युः ॥२२३॥

जो विद्वान् जन हुन् घडा जल सहित् त्यो जो प्रतिविम्ब हो ।
त्यागी सव् तिनको प्रकाशरूपको आकाशको सूर्य हो ॥
साँचो सूर्य भनेर निश्चय गरी ती ढुक्कभै वस्तछन् ।
पानीको प्रतिविम्बलाइ तिनले आभाष नै मान्दछन् ॥२३१॥

त्यस्तै देह र बुद्धि आदि अनिफेर् जो त्यो चिदाभास छ ।
सव् त्यागी उहि बुद्धिभित्ररहने आत्मास्वरूप् साक्षी छ ।
खासै नित्य अखण्डबोधरूप हो सव्को प्रकाशक्• पनी
त्यस्तै सत् र असत् दुवै चिजहरू भन्दा पृथक् नै पनी ॥२३२॥

हो त्यो सत्य बिभू र सूक्ष्म अति नै हो सर्वब्यापक् सदा ।
भित्री बाहिरि भेदले रहित त्यै आत्मा म हूँ सर्वदा ॥

• *सम्पूर्ण अनात्माको गति विधिलाई जान्ने ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस्तो निश्चयमा अडीग भइ ती बिज्ञान■ले युक्त भै ।
सारा पाप रहीत भै अमरमै वस्छन् सदा मुक्तभै ॥२३३॥

विशोक आनन्दधनो विपश्चि-
स्वयंकुतश्चिन्न बिभेति कश्चित् ।
नान्योऽस्ति पन्था भवबन्धमुक्ते-
र्बिना स्वतत्वावगमं मुमुक्षो: ॥२२४॥

बुद्धीमान जन शोकले रहित भै आनन्दधन् आत्मनै ।
मैनै हूँ भनि जानि निर्भय भई बस्छन् सदा मुक्त भै ।
बन्धन्मुक्त गराउने सहजमा ज्ञानै त हो साधन ।
त्यो बाहेक् अरु छैन साधन कुनै हो ज्ञान नै कारण ॥२३४॥

ब्रह्माभिन्नत्वविज्ञानं भवभोक्षस्य कारणम् ।
येनद्वितीयमानन्दं ब्रह्म सम्पद्यते बुधै: ॥२२५॥

ब्रह्मात्मैक्य• अभेदज्ञान त्यसले बन्धन् छुटाऊँदछ ।
तेही ज्ञान गरेर बिज्ञजनले ब्रह्मात्मपद् पाउँछ ॥
त्यसैले सवबुद्धिमानिजनले ऐक्यात्म ज्ञानै गरी ।
संसारी सवबन्धनादि जति छन् तोडीदिनू साफ् गरी ॥३३५॥

ब्रह्मभूतस्तु संसृत्यै विद्वान्नावर्तते पुन: ।
बिज्ञातव्यमत: सम्यग्ब्रह्माभिन्नत्वमात्मन: ॥२२६॥

ब्रह्मात्मैक्य अभेदज्ञान गरि ती जो ब्रह्मज्ञानी भई ।
बस्छन् जन्मनु मर्नु चक्र तिनको छुट्ने छ साफै भई ॥
यो जानीकन आत्म ब्रह्म त दुवै यौटै स्वरूप् हो भनी ।
जान्नू पर्दछ बुद्धिमानि जनको कर्तव्य नै हो पनी ॥२३६॥

■ *भावाभाव ज्ञानाज्ञान देखि रहित आखण्डानन्दस्वरूपमा स्थिति हो बिज्ञान् ।*
• *हृदयस्थित मन वुद्धिको साक्षी आत्मा र बाहिर स्थित सर्वव्यापक ब्रह्मवस्तु यौटै हो भनेर जान्नु नै ब्रह्मात्मैक्य ज्ञान ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सत्यं ज्ञानमनन्तं ब्रह्म बिशुद्धं परं स्वत:सिद्धम् ।
नित्यानन्दैकरसं प्रत्यगभिन्नं निरन्तरं जयति ॥२२७॥

ब्रह्मात्मतत्त्वछ अनन्त र सत्य• ज्ञान○
हो शुद्ध त्यो स्वतहसिद्ध■ र एक जान
आनन्दरूप भइ भित्र छ अन्तरात्मा ।
हो उन्नती शील निरन्तर हो चिदात्मा ॥२३७॥

ब्रह्म र जगतको एकता

सदिदं परमाद्वैतं स्वस्मादन्यस्य वस्तुनोऽभावात् ।
नह्यन्यदस्ति किञ्चित्सम्यक्परमार्थतत्वबोधे हि ॥२२८॥

अद्वैत♦ हो परमतत्व र सत्य ब्रह्म ।
जो देखि भिन्न अरु चीज त केहि छैन ।
जान्नू यथार्थ गरि त्यो परमात्म तत्व ।
जाने पछी त अरु क्यै रहँदैन सत्य ॥२३८॥

यदिदं सकलं विश्व नानारूपं प्रतीतमज्ञानात् ॥
तत्सर्वं ब्रह्मैव प्रत्यस्ताशेषभावनादोषम् ॥२२९॥

अज्ञानबाट सव विश्व जगत् वनेर ।
नानाथरी प्रतिति हुन्छ पृथक् वनेर ।
वास्तव् यही बुझ्नु पर्दछ केहि छैन ।
हो ब्रह्म• केवल जगत् अरू केहि हैन ॥२३९॥

• *सदा सर्वदा रहने अविनाशी एवं सनातन स्वरूप ।*

○ *ज्ञानस्वरूप*

■ *अरु कसैले सिद्ध गर्नुनपर्ने स्वयंसिद्ध ।*

♦ *"एक मेवा द्वितियम" यसबेद मंत्रअनुसार एक अद्वितीय स्वरूप ब्रह्मदेखि वाहेक अरु केहि पनि छैन जस्को स्पष्ट अनुभव निर्विकल्प समाधिमा हुन जान्छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मृत्कार्यभूतोऽपि मृदो न भिन्नः ।
कुम्भोऽस्ति सर्वत्रतु मृत्स्वरूपात्
न कुम्भरूपं पृथगस्ति कुम्भः ।
कुतो मृषा कल्पितनाम मात्रः ॥२३०॥

घैंटा र हाँडिहरू बन्दछ धेररूप
माटै त हो सब कुरा पछि नामरूप ।
देखिन्छ तापनि पृथक् चिज केहि छैन ।
माटै त हो सब कुरा अरु केहि हैन ॥२४०॥

केनापि मृभ्दिन्नतया स्वरूपं-
घटस्य संदर्शयितुं नशक्यते ।
अतो घटः कल्पित एवमोहा-
न्मृदेव सत्यं परमार्थभूतम् ॥२३१॥

माटो देखी भिन्न क्यै हैन घैंटो ।
अज्ञानैले नाम राखिन्छ घैंटो ।
वास्तव् हो त्यो मोहकल्पित् अरूप ।
माटो नै हो वास्तविक् वस्तुरूप ॥२४१॥

सब्रह्मकार्यं सकलं सदैव ।
तन्मात्रमेतन्न ततोऽन्यदस्ति ।
अस्तीति यो वक्ति नतस्य मोहो
विनिर्गतो निद्रितवत्प्रजल्पः ॥२३२॥

सद्ब्रह्ममा सकल दृश्य प्रपञ्चरूप ।
क्यै छैन भिन्न सब हो उहि ब्रह्मरूप ॥
क्वै मोहमा परि जगत् छ पृथक् छ भन्छ ।
निद्रा परी बरबराउनु ठीक हुन्छ ॥२४२॥

• *जस्तो निद्रा दोषले गर्दा स्वप्नामा नाना जगत देखिन्छ ता पनि वास्तवमा स्वप्न द्रष्टा पुरुषदेखि स्वप्न प्रपंच भिन्न हुन जाँदैन ठीक त्यस्तै जगत पनि ब्रह्मस्वरूप देखि अभिन्न नै हुन्छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ब्रह्मै बेदं बिश्यमित्येव बाणी ।
श्रौती ब्रूतेऽथर्वनिष्ठा वरिष्ठा ॥
तस्मादेतद् ब्रह्ममात्रंहि विश्वं ।
नाधिष्ठानाभ्दिन्नतारोपितस्य ॥२३३॥

सम्पूर्ण विश्व पनि हो उहि ब्रह्मरूप ।
यै भन्छ श्रेष्ट श्रुति बेद अथर्व रूप ।
अध्यस्त वस्तु जति हो सव ब्रह्मरूप ।
सत्ता पृथक् नभइ हुन्छ सदा अरूप ॥२४३॥

सत्यं यदि स्याज्जगदेतदात्मनो:-
ऽनन्तत्वहानिर्थिगमाप्रमाणता ।
असत्यवादित्वमपीशितु:स्या-
न्नैतत्रयं साघु हितं महात्मनाम् ॥२३४॥

यो जो बिश्वत सत्य नै यदि भए आत्मात व्यापक् नभै ।
जो जो छन् श्रुति बेद शास्त्रहरू ती हुन्नन् प्रमाणित् कवै ।
मिथ्याबादि हुनन् जगद्गुरू उनै श्रीकृष्ण ईश्वर् पनि ।
यती तीन कुरा त बिज्ञजनको हूँदैन हिंत्कर् पनि ॥२४४॥

ईश्वरो वस्तुतत्वज्ञो न चाहं तेष्ववस्थित:
न च मत्स्थानि भूतानीत्येवमेवव्यचीक्लृपत् ॥२३५॥

म भूतमा छैन सदा असंग छू ।
ममा पनी त्यो नभई म एक छू ।
सर्वज्ञ ईश्वर भगवान कृष्णको ।
आज्ञा त हो यो अति नै रहस्यको ॥२४५॥

यदि सत्यं भवेद्विश्वं सुषुप्तावुपलभ्यताम् ।
यन्नोपलभ्यते किञ्चिदतोऽसत्स्नवन्मृषा ॥२३६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यो बिश्व संसार् यदि सत्य हो तव ।
सुषुप्तिमादेखिनु पर्दथ्यो सव ॥
सुषुप्तिमा कत्ति प्रतीत हुन्न क्यै ।
मिथ्या असत् स्वप्न समान हो सबै ॥२४६॥

अतः पृथङ्नास्ति जगत्परात्मनः ।
पृथक्प्रतीतिस्तु मृषागुणादिवत् ।
आरोपितस्यास्ति किमर्थवत्ता-
घिष्ठानमाभाति तथा भ्रमेण ॥२३७॥

वास्तव् ब्रह्मस्वरूप जान्नु जति हो यो बिश्वसारा जगत् ।
कल्पित् वस्तु हुँदैन भिन्न कहिल्यै हो यो अधिष्ठान् फगत् ॥
आरोपित जति वस्तु हुन्छ तति सो जान्नू अधिष्ठाननै ।
कल्पित वस्तु प्रतीत हुन्छ जसरी त्योरज्जुमा• सर्पझैं ॥२४७॥

भ्रान्तस्य यद्यद्भ्रमतः प्रतीतं
ब्रह्मैव तत्तद्रजतं हि शक्तिः ।
यदंतया ब्रह्म सदैव रुप्यते
त्वारो पितं ब्रह्मणि नाममात्रम् ॥२३८॥

अज्ञानीजन देख्छ भिन्न छ जगत् आफैं त भ्रमा परी ।
भ्रम्ले नै जसरी प्रतीत हुन गो सीपी त चाँदी सरी ॥
भ्रम्कल्पित् सव बिश्व यो जगत् हो वास्तव् परब्रह्मनै ।
आरोपित् जति वस्तु हुन्छ सव त्यो जान्नू अधिष्ठान नै ॥२३८॥

— ❀ —

• *डोरीमा*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ब्रह्म-निरूपण

अतः परं ब्रह्म सदद्वितीयं ।
बिशुद्ध बिज्ञानधनं निरञ्जनम् ।
प्रशान्तमाद्यन्तबिहीनमक्रियं
निरन्तरानन्दरसस्वरूपम् ॥२३९॥

जो ब्रह्म हो सत्य र एक रूप हो ।
बिज्ञान○रूप् भैकन शान्त रूप हो ।
अनादि हो निर्मल रूप हो सदा ।
आनन्दरूप् भै परिपूर्ण■ सर्वदा ॥२४९॥

निरस्तमायाकृतसर्वभेदं
नित्यं सुखं निष्कलमप्रमेपम्
अरूपमव्यक्तमनाख्यमव्ययं
ज्योतिस्वयं किञ्चिदिदं चकास्ति ॥२४०॥

मायीक भेद्बाट अलग् र नित्य ।
कला रहित् सुखस्वरूप सत्य ॥
अनाम अव्यक्त अनन्त अक्षय ।
स्वयं प्रकाश् ब्रह्मस्वरूप अद्वय ॥२५०॥

ज्ञातृज्ञेयज्ञानशून्यमनन्तं निर्विकल्पकम्
केवलाखण्डचिन्मात्रं परंतत्त्वं विदुर्बुधाः ॥२४१॥

त्यो ब्रह्मलाई सव बुद्धिमान् जन ।
अखण्ड चैतन्य स्वरूप ज्ञान ।

○ *जान्नु नजान्नु देखी अलग*

■ *आकाश झैं सर्वगत एवं सर्वव्यापक ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ज्ञातादिसारा त्रिपुटी○ रहित् अनी ।
विकल्प वर्जित् भनि जान्दछन् पनी ॥२५१॥

अहेयमनुपादेयं मनोवाचामगोचरम् ।
अप्रमेयप्रमाद्यन्तं ब्रह्मपूर्णंमहन्महः ॥२४२॥

हो ब्रह्मको स्वरूप त्याग ग्रहण् अयोग्य
मन्• बाणिको बिषय हैन र अप्रमेय ।
क्यै आदि अन्त्य नभई परिपूर्ण हो त्यो ।
अत्यन्त तेजमय◆ ज्योतिस्वरूप हो त्यो ॥२५२॥

महावाक्य बिचार

तत्वं पदाभ्यामविधीयमानयो-
ब्रह्मात्मनोः शोधितयोर्यदीत्थम् ।
श्रुत्या तयोस्तत्वमसीति शम्य
गेकत्वमेव प्रतिपाद्यते मुहुः ॥२४३॥

तत् त्वं असियो पदवाक्यलक्षित ।
यौटै त हो ब्रह्मस्वरूप निश्चित ।
शोधन् गरी त्वं (जीव) तत् (परात्म) को ।
ऐक्यात्मपज्ञान्मै त छ जोड शास्त्रको ॥२५३॥

ऐक्यं तयोर्लक्षितयोर्न वाच्ययो-
र्निगद्यतेऽन्योन्यविरुद्धधर्मिणोः।
खद्योतभान्वोरिव राजमृत्ययोः
कुपाम्वुराश्योः परमाणुमेर्वोः ॥२४४॥

○ *ज्ञाता ज्ञान ज्ञेय द्रष्टादर्शन दृश्य आदि त्रुपुटी ।*
• *मन वाणीले जान्न नसकिने ।*
◆ *जाग्रत स्वप्न सुषुप्ति एवं स्वर्गमर्त्य पाताल तीनै लोकको प्रकाशक । ज्योतिको पनि ज्योति ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जस्तै सूर्य र जुन्किरीहरू भयो राजा र सेवक् भयो ।
सूमेरु परमाणु भो त्यसरि नै सागर् र कूवा भयो ॥
भिन्नैलक्षण भान हुन्छ तिनको वाक्यार्थमा तै पनी ।
यौटै वस्तुस्वरूप लक्षित छहै लक्ष्यार्थमा त्यो पनी ॥२५४॥

तयोर्विरोधोऽयमुपाधिकल्पितो-
न वास्तव: कश्चिदुपाधिरेष: ।
ईशस्य माया महदादिकारणं
जीवस्यकार्यं श्रुणुपञ्चकोशम् ॥२४५॥

तत्त्वं यो दुइमा बिरोध हुनुमा कारण उपाधी छ है ।
वास्तव् वस्तुस्वरूप भिन्ननभई यौटै स्वरूप् नै छ है ॥
तत्पद् लक्षित ईशको हुन गयो माया• उपाधी अनी ।
देहादिहरू पाँच०कोश् हुन गयो जीव्को उपाधी पनी ॥२५५॥

एतावुपाधी परजीवयोस्तयो:
सम्यङनिरासे न परो न जीव: ॥
राज्यं नरेन्द्रस्य भटस्य खेटक-
स्तयोरपोहे नभटो नराजा ॥२४६॥

जो राज्य हो त्यो अनि ढाल् हटे पछी ।
राजा र सेना हटिहाल्छ नाम् पछी ।
त्यस्तै उपाधी जव साफ हट्तछ ।
आत्मा परात्मा पनि एक बन्दछ ॥२५६॥

अथात आदेश इति श्रुति: स्वयं
निषेधति ब्रह्मणि कल्पितं द्वयम् ।
श्रुतिप्रमाणनुगृहीतयुक्त्या
तयोर्निरास: करणीय एव ॥२४७॥

• *अविद्या अथवा प्रकृति, जो वस्तु रूप हैन ।*

० *अन्नमय कोश (शरीर) पञ्च प्राणको समूह हो प्राणमयकोश मनोमयकोश (मन) विज्ञानमयकोश (बुद्धि) आनन्दमयकोश (अहंकार) यति हुन पाँच कोश ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सद्ब्रह्ममा कल्पित द्वैतं जो छ त्यो ।
श्रुति स्वयं नित्य निषेध गर्छ सो ।
श्रुति प्रमाण्कै अनकूल तर्कले
उपाधिको नाश् गरिहाल्नुयुक्तिले ॥२५७॥

नेदं नेदं कल्पितत्वान्न सत्यं
रज्जौ दृष्टव्यालवत्स्वप्नवच्च ।
इत्थं दृश्यं साधुयुक्त्या व्यपोह्य
ज्ञेय: पञ्चदेकभावस्तयोर्य: ॥२४८॥

यो जो कल्पित् दृश्य हो जान कस्तो ।
डोरीको त्यो सर्प औ स्वप्न जस्तो
युक्तीले सव् दृश्यको बाध गर्नु ।
बाँकी वच्ने तत्व आफैं त जान्नू ॥२५८॥

ततस्तु तौलक्ष्णया सुलक्ष्यौ
तयोरखण्डैकरसत्वसिद्धये ।
नालंजहत्यान तथाजहत्या
किन्तूभयार्थात्मिकयैव भाव्यम् ॥२४९॥

जीवात्मा परमात्म एक रूप हो यो तत्त्वज्ञान् वास्तव ।
बेदादी महावाक्य लक्षण बिचार् गर्दा भई हाल्दछ ।
जो छन् ती जहादादि■लक्षणहरू जानेर मात्रै पनी ।
ठीक्ठीक् ज्ञान हुँदैन युक्तिसँग जो गर्नू प्रयोग् ती पनी ॥२५९॥

स देवदत्तोऽयमितीह चैकता
बिरुद्धधर्मांशमपास्य कथ्यते ॥
यथा तथा तत्त्वमसीति वाक्ये
बिरुद्धधर्मानुभयत्र हित्वा ॥२५०॥

■ *जहदादि लक्षण भन्नाले भाग त्याग लक्षण अर्थात् अनात्मरूप दृश्यको परित्यागपूर्वक दृष्टास्वरूप आत्माको ग्रहणलाई बुझ्नुपर्छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जस्तो काशि वहाँ थियो अघी उही त्यै देवदत्तै यहाँ।
अैले देखिन गो भनिन्छ जसरी बुझ्नू पऱ्यो लौ यहाँ ॥
वहाँ भन्नु र याहिं भन्नु ति दुवै ऊपाधि छोडी दिए।
हो यौटै उहि देवदत्त भनि लौ जानिन्छ जाती लिए ॥२६०॥

त्यस्तै तत्पद लक्ष ईश्वर भई त्वंपद् पनी जीव हो।
माया ईश्वरको उपाधि हुनगो अन्तस्करण् जीवको।
ती दूवै थरिका उपाधि हरू नै छाडीदिनुपर्दछ।
जीवात्मा परमात्म एकरूपमा प्रत्यक्ष भै हाल्दछ ॥२६१॥

संलक्ष चिन्मात्रतया सदात्मनो-
रखण्डभावः परिचीयते बुधैः ।
एवं महावाक्यशतेनकथ्यते ।
ब्रह्मात्मनोरैक्यमखण्डभावः ॥२५१॥

बुद्धीमान् जनले अखण्डरूपमा ईश्वर अनी जीव नै।
यौटै हो भनि लक्षणाहरू बुझी ज्ञान गर्छ प्रत्यक्ष नै ॥
त्यसैले महावाक्य छन् जति सबै ती एक स्वर्लेगरी।
जीवात्मा खुद एक ब्रह्मरूप हो भन्छन् ति वर्णन् गरी ॥२५२॥

ब्रह्मभावना

अस्थूलमित्येतदसन्निरस्य ।
सिद्धं स्वतोव्योमवदप्रतर्क्यम् ।
अतो मृषामात्रमिदं प्रतीतं ।
जहीहि यत्स्वात्मतया गृहीतम् ॥
ब्रह्माहमित्येव बिशुद्धबुद्धया ।
विद्धि स्वमात्मानमखण्डबोधम् ॥२५२॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

असत्य स्थूलादि पदार्थ नै सव ।
निशेष गर्दा त अखण्ड ब्यापक ॥
अतर्क्य> आकाश समान ब्रह्म जो ।
प्रत्यक्षरूप्मा पनि सिद्ध हुन्छ सो ॥२६३॥

बुद्धी आण्डीत■ तुल्याउनु अनी ।
अखण्ड रूप् हूँ परिपूर्ण हूँ भनी ।
देहात्मभाव् त्यो सवनै त त्यागनू ।
म ब्रह्म हूँ भावयही बढाउनू ॥२६४॥

मृत्कार्यं सकलं घटादि सततं मृन्मात्रमेवाभित-
स्तद्वत्सज्जनितं सदात्मकमिदं सम्मात्रमेवाखिलम् ।
यस्मान्नास्ति सतः परं किमपि तत्सत्यं स्वआत्मा स्वयं ।
तस्मातत्त्वमसि प्रशान्तममलं ब्रह्माद्वयं यत्यरम् ॥२५३॥

माटोबाट बनेर नै सव घडा माटै भएझैं तव ।
सत्बाटै त वन्यो सवै जगत यो सन्मात्र• हो नै सव ।
सत् भन्दा अरु केहि छैन बुझ्नू आत्मा स्वयंनैत व्हौ ।
निर्मल शान्तस्वरूप अद्वितिय भै आनन्दरूप ब्रह्म हौ ॥२६५॥

निद्राकल्पित देशकाल विषयज्ञात्रादि सर्वं यथा ।
मिथ्या तद्वदिहापि जाग्रति जगत्स्वाज्ञानकार्यात्वतः ।
यस्मादेवमिदं शरीरकरण प्राणहमाद्यप्यसतु ।
तस्मात्तत्वमसि प्रशान्तममलं ब्रह्माद्वयं यत्परम् ॥२५४॥

निद्रा कल्पित स्वप्नमा जसरि त्यो देखिन्छ नाना जगत् ।
ज्ञाता• आदि र देशकाल सव नै मिथ्यात हो त्यो फगत् ।

> *तर्क वितर्कले नभेटिने ।*

■ *आत्मा अनात्मा आदि कुनै पनि विषयको चिन्तन नगरे बुद्धि अखण्डित हुन जान्छ ।*

• *सन्मात्र भन्नाले सच्चिदानन्दब्रह्मात्म तत्त्वलाई बुझ्नु पर्छ ।*

• *ज्ञाता भन्नाले त्रिपुटि अत्तपाती द्रष्टालाई बुझ्नुपर्छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यस्तै जाग्रतको प्रपञ्च पनि हो अज्ञान कल्पित् कुरा ।
आफू निर्मल शान्त ब्रह्मरूप हूँ यो जानि बस्नू पुरा ॥२६६॥

जातिनीतिकुलगोत्रदूरगं
नाम रूप गुणदोष वर्जितं ।
देशकालविषयातिवर्ति यद्
ब्रह्म तत्त्वमसि भावयात्भनि ॥२५५॥

जाति नीति कुल गोत्र छैन क्यै ।
नामरूप गुणदेखि भिन्न त्यै ।
देशकाल बिषयादि■को पर ।
ब्रह्मतत्त्वम हुँ भावना गर ॥२६७॥

यत्परं सकलवागगोचरं ।
गोचरं विमल बोध चक्षुषः ।
शुद्धचिद्धनमनादिवस्तु यद्
ब्रह्मतत्त्वमसिभावयात्मनि ॥२५६॥

प्रकृतिपर हुनाले बाणिलेनै नभेट्ने ।
स्वरूप छ अति निर्मल् ज्ञानचक्षू छ जान्ने ।
चिदधन•र अनादी ब्रह्म मै हूँ भनेर ।
सुखसित वश प्यारे भावना यै गरेर ॥२६८॥

षड्भिरुर्मिभिरयोगि योगिहृद्-
भावितं न करणैर्विभावितम् ।
बुद्ध्यवेद्यमनवद्यभूति यद् ।
ब्रह्मतत्त्वमसिभावयात्मनि ॥२५७॥

■ *देशकालादि सम्पूर्ण दृश्यको प्रकाशक एवं असङ्ग स्वरूप साक्षी चैतन्य आत्मा ।*
• *सृष्टिको पहिले केवल एक अद्वितीय रूपमा स्थित अखण्ड चैतन्य स्वरूप ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शोक मोह अनि भोक प्यासभो ।
जन्म मृत्यु यति षड् बिकार भो ॥
छैन केहि मन बुद्धिको पर ।
ब्रह्म मै हुँ यहि भावना गर ॥२६९॥

भ्रान्ति कल्पित जगत् कलाश्रयम् ।
स्वायंच सदसद्विलक्षणम् ॥
निष्कलं निरूपमान मृद्धिमद् ।
ब्रह्म तत्त्वमसि भावयात्मनि ॥२५८॥

भ्रान्ती कल्पित जो छ यो जगतको खासै त आधारभै ।
आफ्नै आश्रयमा सदास्थित हुने ऐश्वर्य* सम्पन्न भै
निर्मलभै उपमा○ रहीत हुन गै त्वंपद् र तत्पद् दुवै ।
लक्षीत ब्रह्म स्वरूप हूँ भनि सदा चिन्तन्त गर्नू खुवै ॥२७०॥

जन्म बृद्धि परिणत्यपक्षय-
व्याधिनाशनविहीनमव्ययम् ।
विश्वसृष्टचवनघात कारणं
ब्रह्म तत्त्वमसि भावयात्मनि ॥२५९॥

जन्मन्छ■ बढ्छ वदलिन्छ र नाश हुन्छ ।
ती षड्बिकारहरूयुक्त शरीर जो छ ॥
त्यो देखि भिन्न भइ श्रृष्टि स्थिती बिनाश ।
गर्ने त कारण म ब्रह्म हुँ जान खास ॥२७१॥

अस्तभेदमनपास्तलक्षणं
निस्तरङ्गजलराशिनिश्वलम् ।
नित्यमुक्तमविभक्तमूर्तियद्
ब्रह्मतत्त्वमसि भावयात्मनि ॥२६०॥

---

* *सर्वशक्ति सम्पन्न अषण्ड आनन्दयुक्त समस्त जगतको आधार ।*

○ *शमकक्षीय अर्को वस्तु नहुँदा उपमाद्वारा बुझाउन नमिल्ने ।*

■ *जन्म, स्थिति, वृद्धि, विरिणाम अपक्षय विनाश यो छ प्रकारको दोष रहित ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जो भेद•ले रहित हो परिणां˃ रहित् हो ।
ठूलो समुद्रसरि निश्चल शान्त जो हो ।
जो नित्य❯ मुक्त भइ फेरि अखण्ड हो त्यै
हूँ ब्रह्मतत्त्वभनिखुव् गर भावना यै ॥२७२॥

एकमेवसदनेनकारणं
कारणान्तरनिरासकारणम् ।
कार्यकारणविलक्षणं स्वयं-
ब्रह्म तत्त्वमसि भावयात्मनि ॥२६१॥

जो आफु एक भइ फेरि अनेक रूप्को ।
हो मुख्य कारण सदां अनि त्यो निशेधको ॥
ती कार्य कारण उपाधिहरू पृथक् भै
बस्ने म ब्रह्म हूँ भनी गर भावना यै ॥२७३॥

निर्विकल्पकमनल्पपक्षरम्
यत्क्षराषरविलक्षणं परम् ।
नित्यमवययसुखं निरञ्जनं ।
ब्रह्म तत्त्वमसि भावयात्मनि ॥२६२॥

जो निर्विकल्प अबिनाशि भई महान् छ ।
जो नाशवान जीवदेखि सदा अलग् छ ॥
आनन्द अव्यय•कलंक रहीत सत्य
त्यो ब्रह्म मै हुँ भनि चिन्तन गर्नु नित्य ॥२७४॥

• *एक अद्वितीय अखण्ड स्वरूपमा भेदको कल्पना नै हुन सक्तैन ।*

˃ *सदा एकनाश एवं बिकारि नहुने त्रिर्विकार वस्तु ।*

❯ *आत्मा सर्वव्यापक असंग र निर्विकारस्वरूप हुनाले आत्मा हो नित्य मुक्त । जीव हो वन्धनयुक्त ।*

• *कहिल्यै नाश एवं घटि बढी नहुने ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यद्विभातिसदनेकधा भ्रमा-
न्नामरूपगुणविक्रियात्मना ।
हेमवत्स्वयमविक्रियं सदा ।
ब्रह्मतत्त्वमसिभावयात्मनि ॥२६३॥

ती सूनका थरिथरी गहनाहरू झैं ।
जो एक हो त पनि बन्छ अनेक रूप् नै ॥
त्यस्तै सुवर्ण सरि निर्मल ब्रह्मको नै ।
एकाग्र भैकन सदा गर भावना यै ॥२७५॥

यच्चकास्त्यनपरं परात्परं
प्रत्यगेकरसमात्मलक्षणम् ।
सत्यचित्सुखमनन्तमव्ययं
ब्रह्मतत्वमसि भावयात्मनि ॥२६४॥

सच्चित् र सुखरूप हो जसको स्वरूप ।
अव्यक्त रूप् प्रकृतिदेखि फरक् अरूप ॥
जो हो सदा अति प्रकाश्मय अन्तरात्मा
त्यो ब्रह्म मै हुँ भनि यै परभावनामा ॥२७६॥

उक्तमर्थ मिममात्मनि स्वयं
भावय प्रथितयुक्तिभिर्धिया
संशयादिरहितं कराम्वुवत् ।
तेन तत्वनिगमोभविष्यति ॥२६५॥

जो माथि स्पष्ट भनियो सव त्यो बुझेर ।
बेदान्त सिद्ध सवयुक्ति पनी लिएर ।
गर्नू बिचार करको° जल झैं गरेर
जानिन्छ तत्त्व सव संशय नै हटेर ॥२७७॥

° *हातको पानी देखिए झैं स्पष्ट अनभव हन जान्छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वं बोधमात्रं परिशुद्धतत्त्वं ।
विज्ञाय सङ्घेमृपवच्च सैन्ये ।
तदात्मनैवात्मनि सर्वदा स्थितो ।
बिलापय ब्रह्मणि दृश्यजातं ॥२६६॥

सेनाका बिच सर्वश्रेष्ठ रूपमा राजा रहेझैं गरी ।
इन्द्रियादि शरीरका समूहमा बस्ने त्यसै नै गरी ॥
जो त्यो शुद्ध स्वयंप्रकाश् स्वरूप हो त्यै ब्रह्ममा स्थित् भई ।
बस्नू लीन गरेर दृश्यहरू ती खुव् सावधानी भई ॥२७८॥

बुद्धौ गुहायां सदसद्विलक्षणं
ब्रह्मास्ति सत्यं परमद्वितीयम् ।
तदात्मना योऽत्र बसेद् गुहायां ।
पुनर्न तस्याङ्गगुहाप्रवेश : ॥२६७॥

सत्यासत्यबिलक्षणै भइसदा जो सत्य अद्वीतिय ।
बुद्धीरूप गुफा त्यहीं स्थित हुने हो ब्रह्म ज्योतिर्मय ।
तेही ब्रह्म स्वरूपमा स्थित भई एकात्म भाव्ले रहू ।
प्यारा वत्स ! हुँदैन जन्म पछि लौ निश्चिन्त नैभैरहू ॥२७९॥

बासना-त्याग

ज्ञाते वस्तुन्यपि बलवती वासनानादिरेषा-
कर्ताभोक्ताप्यहमिति दृढा यास्य संसारहेतु: ।
प्रत्यग्दृष्टचात्मनि निवसता सापनेया प्रयत्ना-
मुक्तिं प्राहुस्तदिय मुनयो बासनातानवं यत् ॥२६८॥

ज्ञानीको नै यदि किन नहोस् बासना जो भनिन्छ ।
कर्ता भोक्ता वनिकन फुरि जन्मको हेतुवन्छ ॥
त्यसैले नै दृढ भइ सदा आत्ममै स्थित् भएर ।
वास्ना नाश् गर्नु पैल्हे अनि पछि रहून् नित्य मुक्तै भएर ॥२८०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अहंममेति यो भावो देहाक्षादावनात्मनि ।
अध्यासोऽयंनिरस्तव्यो विदुषा स्वात्मनिष्ठया ॥२६९॥

देहादिमा अहंभाव हुनू अध्यास तेहि हो ।
बिद्वान्ले आत्मनिष्ठामा लागि अध्यास त्यागनु त्यो ॥२८१॥

ज्ञात्वा स्वं प्रत्यगात्मानं बुद्धितद्वृत्ति साक्षिणम् ।
सोऽहमित्येव सद्वृत्यानात्मन्यात्ममतिं जहि ॥२७०॥

प्रत्यगात्मा महुँ साक्षी भन्ने यो जान्नु खुब्सित ।
अनात्ममा आत्मबुद्धी त्योपनी त्यागनु ठिक्सित ।।२८२॥

लोकानुवर्तनं त्यक्त्वा त्यक्त्वा देहानुवर्तनम् ।
शास्त्रानुवर्तनं त्यक्त्वा स्वाध्यासापनयं कुरु ॥२७१॥

अध्यास् त्यागनत्त बुद्धिमानि जनले त्यागनू सबै वासना ।
लोक्माछू म धनी र मान्य सबको यो लोकको वासना ॥
बिद्वान् हूँ र म शास्त्र जान्दछु सबै यो शास्त्रको वासना ।
देहै हूँ म भनेर मानिरहनू यो देहको वासना ॥२८३॥

लोकवासनया जन्तोः शास्त्रवासनयापि च ।
देहवासनया ज्ञानं यथावन्नैव जायते ॥२७२॥

जहाँसम्म रहन्छ तीन थरि त्यो मानिसमा वासना ।
त्यहाँसम्म हुँदैन ज्ञान कहिल्यै मिल्ने छ है शासना• ॥
होस् राखीकन वासनाहरू जती त्यागगर्नुनै पर्दछ ।
वास्ना नाश्पछि ज्ञान प्राप्त हुन गै मुक्ती पनी मिल्दछ ॥२८४॥

• चौराशिलाख जुनिमा भोग्नुपर्ने जन्मजरामरणादिको कष्ट ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संसारकारागृहमोक्षमिच्छो-
रयोमयं पादनिबद्धश्रङ्खलम् ।
वदन्ति तज्ज्ञा:पटुवासनात्रयं ।
योऽस्माद्विमुक्त समुपैति मुक्तिम् ॥२७३॥

संसार जेल्बाट त मुक्तनै हुन ।
इच्छा हुनेको त्यहि वासना तीन ।
नैलेसरी बन्दछ ज्ञानि भन्दछन् ।
त्यस्बाट छुट्ने सवमोक्ष बन्दछन् ॥२८५॥

जलादि सम्पर्क वशात्प्रभूत-
दूर्गन्धधूतागरुदिव्यवासना ।
सङ्घर्षणेनैव विभाति सम्य-
ग्विधूयमाने सति बाह्यगन्धे ॥२७४॥

अन्त:श्रितानन्तदुरन्तवासना धूलीविलिप्ता परमात्मवासना ।
प्रज्ञातिसङ्घर्षणतो बिशुद्धा प्रतीयते चन्दनगन्धवत्स्फुटा ॥२७५॥

जस्तोजल्सित मिल्न गैकन अती दूर्गन्ध चिज्ले पनी ।
ज्यादै दिव्य सुगन्धयुक्त अगरु छोपिन्छ नै तापनी ॥
त्यो दूर्गन्ध जती छ निर्मूल गरी झार्झूर पारे पछी ।
जो त्यो दिव्य सुगन्धयुक्त अगरु पाइन्छ स्पष्टै पंछी ॥२८६॥

त्यस्तै अन्तकरण्सँगै स्थितभई दूर्वासनारूप् धुलो ।
ढाक्ने हो परमात्मरुपि हितकर जो वासना हो भलो ॥
बुद्धीशुद्ध भएपछी मननरूप्• संघर्षद्वारा खुव ।
चन्दन्कै त सुगन्ध झैं प्रतीत नै हूनेछ आत्मा तव ॥२८७॥

• *सत्यासत्य नित्यानित्य आत्मानात्मको यथार्थ विश्लेषण गर्नु अर्थात् पृथक गर्नु हो मनन ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनात्मवासना जालैस्तिरोभूतात्मवासना ।
नित्यात्मनिष्ठया तेषां नाशेभाति स्वयं स्फुटा ॥२७६॥

धेरै भए खूव अनात्म वासना
ढाकीदिने गर्दछ आत्मवासना ।
बन्नू निरन्तर् खुव आत्म निष्ठभै
त्यसोभए आत्मप्रतीत हुन्छहै ॥२८८॥

यथायथा प्रत्यगवस्थितं मन-
स्तथा तथा मुञ्चति वाह्यवासना: ॥
नि:शेषमोक्षे सति वासनाना
मात्मानुभूति: प्रतिबन्धशून्या ॥२७७॥

जति जति मन प्रत्यग्तत्त्व○मा स्थीत हुन्छ
उति उति त अनात्मा वासना नाश हुन्छ ।
जुन वखत सवै त्यो वासना नाश हुन्छ ।
त्यहि वखत अनूभव् आत्मको स्पष्ट हुन्छ ॥२८९॥

अध्यास-निरसन

स्वात्मन्नेव सदा स्थित्या मनोनश्यति योगिन: ।
वासनानां क्षयश्चात: स्वाध्यासापनयं कुरु ॥२७८॥

जव त मन निरन्तर् आत्ममा स्थीत हुन्छ ।
तव त मन पनी त्यो योगि■को नष्ट हुन्छ ।
मनसित मिलिसाथै वासना नाश हुन्छ ।
यहिरितसित अध्यास् नाश नै गर्नुपर्छ ॥२९०॥

○ *असङ्ग भएर साक्षी चैतन्य स्वरूपमा स्थित आत्मतत्त्वमा ।*

■ *यहाँ योगी भन्नाले कर्मयोग र भक्तियोगलाई क्रमश: पार गर्दै गएको ज्ञानयोगी भनेर जान्नु युक्तिसंगत हुन जान्छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तमोद्वाभ्यांरजः सत्त्वात्सत्त्वं शुद्धेन नश्यति
तस्मात्सत्वभवष्टभ्य स्वाध्यासापनयं कुरु ॥२७९॥

दुई गुण् र रजसत्वलाई लिइ त्यो तेस्रो तमोगुण छ जो ।
नाश् गर्नू अनि सत्व गुण लिइपछी मास्नू रजोगुण् छ जो ॥
लीयी आश्रय ब्रह्मतत्त्व जसको त्यो सत्व गुण् नै पनी ।
नाशै गर्नु नराखि बाँकि गुण ती अध्यास त्यागनु पनी ॥२९१॥

प्रारव्धं पुष्पति वपुरिति निश्चित्व निश्चलः ।
धैर्यमालम्ब्य यत्नेन स्वाध्यासापनयं कुरु ॥२८०॥

प्रारब्धले गर्छ शरीर पोषण ।
यैनै गरी निश्चय धीर भैकन ॥
अध्यास त्यागगर्नु प्रयत्न साथ ।
अध्यास हो त्यो भ्रमज्ञान• खास ॥२९२॥

नाहं जीवः परं ब्रह्मेत्यतद्व्याबृतिपूर्वकम् ॥
वासनावेगतः प्राप्तस्वाध्यासापनयं कुरु ॥२८१॥

म हूँ परब्रह्म सदा सदा नै ।
म जीवनै हैन यदाकदानै ॥
त्यो वासनाको जीवभाव कार्य हो ।
यै जानि अध्यास् सव त्यागनु काम हो ॥२९३॥

श्रुत्त्वायुत्त्या स्वानुभुत्या ज्ञात्वा सर्वात्म मात्मनः ।
क्वचिदाभासतः प्राप्तस्वाध्यासापनयं कुरु ॥२८२॥

श्रुतिशास्त्र सहित् सुषुप्तिको ।
लिइ युक्ती अनुभव् त आफुको ॥

• *अध्यासरूपी भ्रमज्ञान हो । जाग्रत, स्वप्न र सुषुप्ति यी तीन अवस्थाहरूको ज्ञान ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बनिसर्वात्मस्वरूप शीघ्रनै ।
भ्रम अध्यास् सव त्यागनुपर्छ है ॥२९४॥

अनादानविसर्गाभ्यामीषन्नास्ति क्रिया मुनेः ॥
तदेकनिष्ठया नित्यं स्वाध्यासापनयं कुरु ॥२८३॥

जो वोधवान् हो त्यसको कुनै पनी ।
लीनूदिनू कर्म हुँदैन क्यै पनी ।
वस्नू निरन्तर् खुव आत्मनिष्ठ• भै ।
अध्यास त्याग् गर्नु बहूत धीर भै ॥२९५॥

तत्त्वमस्यादिवाक्योत्थब्रह्मात्मैकत्ववोधतः
ब्रह्मन्यात्मत्त्वदाढर्चाय स्वाध्यासापनयं कुरु ॥२८४॥

तत्त्वं असी यो पदवाक्य लक्षित ।
हो ब्रह्म आत्मा दुइ एक नै रूप ॥
अध्यास त्यागीकन आत्मब्रह्मको ।
ऐक्यात्मज्ञान् गर्नु निजी स्वरूपको ॥२९६॥

अहंभावस्य देहऽस्मिन्निः शेषविलयावधि ।
सावधानेन युक्तात्मा स्वाध्यासापनयं कुरु ॥२८५॥

जहाँसम्म रहन्छ जड् शरीरमा गाढा अहंभाव तब ।
त्यहाँसम्म भएर धीर अति नै अभ्यासद्वारा सव ॥
अध्यास् त्याग अवश्य गर्नु जनले ब्रह्मात्मको ज्ञान् गरी ।
त्यसैबाट हटेर जान्छ सव त्यो अध्यासरूप्को अरी ॥२९७॥

• *भ्रम ज्ञानरूप जाग्रत स्वप्न सुषुप्ति यो तीन अवस्थाका विषयवस्तुहरूको साथै स्थूल सूक्ष्म कारण यो तीन देहको चिन्तनलाई विलकुलै परित्याग गरेर केवल नित्य सत्य सदानन्दस्वरूप आत्माको चिन्तनमनन एवं कथनमा संलग्न भइरहनु हो आत्मनिष्ठा ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रतीतिर्जीवजगतोः स्वप्नवभ्दाति यावता ।
तावन्निरन्तरं विद्वन्स्वाध्यासापनयं कुरु ॥२८६॥

जहाँसम्म असत्य स्वप्न सरिको यो जीव जगत् नै सव ।
साँचो सत्य भनी प्रतीत मनमा हुनेछ त्यहाँतक ॥
त्यो अध्यास कदापि सत्य नभई आभाष रूप् हो भनी ।
जानी त्याग अवश्यनै गर तिमी अध्यासलाई पनी ॥२९९॥

निद्राया लोकवार्तायाः शब्दादेरपि विस्मृते :
क्वचिन्नावसरंदत्त्वा चिन्तयात्मानमात्मनि ॥२८७॥

निद्रामा परि गफ् गरी विषयको सुनेर गानाहरू ।
आत्मा बिर्सनुको कदापि अवसर हुनै नपावस् अरु ॥
गर्नू धीर भई अहर्निश खुवै आत्मानुसन्धान्सदा ।
चिन्तन् आत्मस्वरूपकै हरबखत् गर्नू सदा सर्वदा ॥२९९॥

मातापित्रोर्मलोभ्दूतं मलमांसमयं वपुः ।
त्यक्त्वा चाण्डालवद्‌दूरंब्रह्मीभूय कृती भव ॥ २८८॥

मातापिताको मंलबाट निर्मित ।
मल्मांसले पूर्ण छ देह जोस्थित ।
चाण्डालकै झैं गरित्यागनु○ दूरभै ।
वस्नू कृतार्थैवनि ब्रह्मरूपभै ॥३००॥

घटाकाशं महाकाश इवात्मानं परात्मनी ।
बिलाप्याखण्डभावेन तूर्ष्णीभव सदा मुने ॥२६९॥

○ *त्याग गर्नु भन्नुको आशय हो मल मांस आदि अपवित्र चिजहरूले पूर्ण अपवित्र शरीर देखी पृथक् भइकन असंग रूपले स्थित शुद्ध चैतन्य स्वरूप नै मेरो वास्तविक स्वरूप हो भन्ने जानेर आत्मस्वरूपको ग्रहण पूर्वक शरीरमा भैरहेको दृढ अंह बुद्धिलाई छोड्नु हो त्याग गर्नुको यथार्थ आशय ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

घैंटाभित्र रहन्छ खालि जति भाग् त्यो हो घटाकाश नै ।
भन्ने भान भए पनी चलनमा त्यो हो महाकाशनै ॥
त्यै दृष्टान्तलिएर हे मुनि तिमी जीवात्म ब्रह्मात्ममा ।
गर्नू लीन र मौन भैकन सदा बस्नू त्यही ब्रह्ममा ॥३०१॥

स्वप्रकाशमधिष्ठानं स्वयं भूय सदात्मना ।
ब्रह्माण्डमपि पिण्डाण्डं त्यज्यतां मलभाण्डवत् ॥२९०॥

सारा बिश्व जगत् जती छ सवको खासै अधिष्ठान• नै ।
नित्त्यानन्द स्वयंप्रकाशस्वरूप हो आफू परब्रह्म नै ॥
तेही सत्यस्वरूपमा स्थितभई जो पिण्ड ब्रह्माण्ड हो ।
बिष्टापूर्ण घिणीत पात्र सरिभैं त्यागनू उपाधी त हो ॥३०२॥

चिदात्मनि सदानन्दे देहारुढामहेधियम् ।
निवेश्य लिङ्गमुत्सृज्य केवलोभवसर्वदा ॥२९१॥

जो यो स्थूल शरीरमा छ वलियो मोटो अहं भाव् अनी ।
त्यस्तै सूक्ष्म शरीरमा छ अति नै गाढा अहं भाव् पनी ॥
ती दूवै अभिमान छोडिकन जो आफू त अद्वीतिय ।
नित्यानन्द चिदात्म हूँ भनिसदा बस्नू गरी निश्चय ॥३०३॥

यत्रैष जगदाभाषो दर्पणान्तः पुरं यथा ।
तद्ब्रह्माहमिति ज्ञात्वा कृतकृत्यो भविष्यति ॥२९२॥

ऐनामा प्रतिबिंव जो नगरनै देखिन्छ स्पष्टै गरी ।
आत्मामा सव विश्व भास्दछ यहाँ आभाष त्यस्तै गरी ॥
त्यै ब्रह्मात्मस्वरूपनै म हुँ सदा सव्को अधिष्ठान् भनी ।
यै जानी कृतकृत्य■ भै वस तिमी ठूलो महात्मा वनी ॥३०४॥

• *जसमा सम्पूर्ण जगत प्रपंचको उत्तपत्ति र लय हुन्छ त्यसलाई अधिष्ठान आत्मा एवं ब्रह्म मानिएको छ, जस्तो छाल र वुद्वुदको अधिष्ठान हो समुद्र ठीक त्यस्तै ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यत्सत्यभूतं निजरूपमाद्यं
चिदद्वयानन्दमरूपमक्रियम् ।
तदेत्यमिथ्यावयुरुत्सृजैत-
च्छैलुषवद्वेषमुपात्तमात्मन:॥२९३॥

आनन्द अद्वीतिय जो चिदात्म ।
हो सत्य निष्क्रीय स्वरूप ब्रह्म ।
आदीस्वरूप् त्यै म हुँ यो शरीर ।
मिथ्या नटूवा सरि जानि त्याग् गर ॥३०५॥

अहंपदार्थ-निरूपण

सर्वात्मना दृश्यमिदं मृषैव
नैवाहमर्थ: क्षणिकत्वदर्शनान् ।
जानाम्यहं सर्वभिदं प्रतीति:
कुतोऽहमादे:क्षणिकस्य सिध्येत् ॥२९४॥

हो खास मिथ्या सव दृश्य यो जगत् ।
असत्य हो यो त क्षणीक हो फगत् ।
अहं त यो हैन कसैं गरे पनी ।
क्षणिक् अहंकार्• भनि जान्दछू पनी ॥३०६॥

अहंपदार्थस्त्वहमादिसाक्षी ।
नित्यंसुषुप्तावपि भावदर्शनात् ।
ब्रूते ह्यजो नित्य इति श्रुति: स्वयं
तत्प्रत्यगात्मा सदसद्बिलण: ॥२९५॥

▪ *अत्यन्त आनन्द एवं बिलकुल इच्छारहित ।*
• *इष्टवस्तु पाउँदा सुखी अनिष्ट वस्तु मिल्दा दु:खी हुनका साथै रागद्वेषले युक्त भएर क्षणक्षणमा वदलिरहने वाला हो अहंकार ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पदार्थको साक्षीस्वरूप° हो अहं ।
सुषुप्तिमा हुन्छ प्रतीत त्यो स्वयं ।
श्रुति त्यही भन्छ मनित्य हूँ सदा ।
असत् र सत्‌देखि म हूँ पृथक् सदा ॥३०७॥

विकारिणां सर्वविकारवेत्ता
नित्योऽविकारो भवितुं समर्हति ।
मनोरथस्वप्नसुषुप्तिषु स्फुटं
पुनः पुनर्दृष्टमसत्वमेतयोः ॥२९६॥

बिकारि वस्तूहरू जो अनित्य छ ।
त्यस्लाई जान्ने अविकारि नित्य छ ।
सुषुप्तिमा यो शरीरादि दृश्यको ।
अभावनै देख्दछ साक्षी तत्त्वत्यो ॥३०८॥

अतोऽभिमानं त्यज मांसपिण्डे
पिण्डाभिमानिन्यपि बुद्धिकल्पिते ।
कालत्रयावाध्यमखण्डबोधं
ज्ञात्वा स्वमात्मानमुपैति शान्तिम् ॥२९७॥

हो बुद्धिकल्पित् मल मांसपूर्ण यो ।
शरीर फेर् कल्पित जीव नै छ जो ॥
छाडेर तिन्को अभिमान त्यो सव ।
आफ्नो स्वरूप• जान र शान्तिलाभ् गर ॥३०९॥

त्यजाभिमानं कुलगोत्रनाम-
रूपाश्रमेष्वार्द्रशवाश्रितेषु ।
लिङ्गस्य धर्मानपि कर्तृतादी-
स्त्यक्त्वा भवाखण्डसुखस्वरूपः ॥२९८॥

° *शरीर देखि लिएर सम्पूर्ण विषय पदार्थ एवं जाग्रदादि तीन अवस्थाको भाव र अभावलाई प्रकाश गर्ने अर्थात् जान्ने वाला साक्षी चैतन्य स्वरूप हो अहं पदार्थ अर्थात म ।*

• *वास्तविक म ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यो जो स्थूल शरीर् छ थल् थल यहाँ हो मांस पिण्डै त यो ।
यसैको हुन जान्छ नाम कुल रूप् गोत्रादि जे जो छ त्यो ।
त्यस्तै धर्म छ लिङ्ग देह जसको कर्ता र भोक्तापन ।
त्यागीहाल अखण्ड नित्य सुखरूप् आफू त तेही वन ॥३१०॥

— ❁ —

अहंकार-निन्दा

सन्त्यन्ये प्रतिवन्धाः पुंस संसारहेतवो दृष्टाः
तेषामेकं मूलं प्रथमविकारो भवत्यहङ्कारः॥२९९॥

संसारको बन्धन○ प्राप्ति कारण ।
बनी अहंकार् सवमूल कारण ॥
अनर्थ गर्दै प्रतिवन्ध ल्याउँछ ।
संसारमा जीवहरू फसाउँछ ॥३११॥

यावत्स्यात्स्वस्य सम्वन्धोऽहङ्कारेण दुरात्मना ।
तावन्न लेशमात्रापि मुक्तिवार्ता बिलक्षणा ॥३००॥

त्यो हो दुरात्मा त्यसमा त आत्मको
सम्वन्ध नै हुन्छ भने त मोक्षको ।
आशा नराखे पनि हुन्छ क्यै रती ।
त्यो हो दुरात्मा अरिनै सरी अती ॥३१२॥

अहङ्कारग्रहान्मुक्तः स्वरूपमुपपद्यते ।
चन्द्रवद्विमलः पूर्णः सदानन्दः स्वयंप्रभः ॥३०१॥

आत्मालाई त ढाक्छ राहु सरिभै जो त्यो अहङ्कार् अरी• ।
छुट्कारा त्यसबाट नै हुन सके निर्मल् ति चन्द्रै सरी ॥
नित्यानन्द स्वयंप्रकास रूपमा आत्मा प्रतीत्■ नै भई ।
वास्तव् आफ्नु स्वरूपकै त रूपमा पाइन्छ जान्नू यही ॥३१३॥

○ *जन्म मरण सुख दुःख पाप धर्म आदि ।*

• *शत्रु ।*

■ *स्पष्ट अनुभव ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यो व्रा पुरे सोऽहमिति प्रतीतो-
बुद्धया विक्लृप्तस्तमसातिमूढया ।
तस्यैव निःशेषतया विनाशे
ब्रह्मात्मभावः प्रतिवन्धशून्यः ॥३०२॥

अज्ञान्बाट अतीव मोहित हुने त्यो बुद्धिको कल्पना ।
मोटो देह छ जो त्यही म हुँ भनी जो हुन्छ त्यो भावना ।
आत्यन्तिकरूपमा बिनाश त्यसको होला जहीले अनी ।
निर्मल् ब्रह्मसँगै हुनेछ सहजै ऐक्यात्म भाव् त्यो पनी ॥३१३॥

ब्रह्मानन्दनिधिर्महावलवताहङ्कार धोराहिना
संवेष्टयात्मनि रक्ष्यते गुणमयैश्चण्डैस्त्रिमिर्मस्तकैः ॥
विज्ञानाख्यमहासिना द्युतिमता विच्छिद्यशीर्षत्रयं ।
निर्मूल्याहि मिमं निधिं सुखकरं धीरोऽनुभोक्तुं क्षमः ॥३०३॥

ब्रह्मानन्दरूपी अनन्त धन त्यो छोप्ने अहङ्कार हो ।
सत्वादीगुण तीन शिर् सहितको ठूलो अजङ् सर्प हो ।
काटीदिन्छ बिवेकिले चहकिलो बिज्ञानरूप् खड्गले ।
नित्यानन्द रूपी अपूर्व धनको भोग् गर्छ आनन्दले ॥३१४॥

यावद्वा यत्किञ्चिद्विषदोषस्फूर्तिरस्ति चेछेहे ।
कथमारोग्याय भवेत्तद्वदहन्तापि योगिनोमुक्त्यै ॥३०४॥

जस्तो बीष अलीकति किन नहोस् क्यै लेश् भए देहमा ।
नीरोगी भइ वस्नलाई त्यसले दिंदैन है गेहमा ।
योगीको पनि मोक्षमार्ग जसमा क्यै लेस् अहंकारको ।
थोरै मात्र पनि रह्यो यदि भने बाधक् वन्यो मोक्षको ॥३१५॥

अहमोऽत्यन्तनितृत्या तत्कृतनाना बिकल्पसंहृत्या ।
प्रत्यक्तत्त्वविवेकादयमहमस्मीति विन्दते तत्त्वम् ॥३०५॥

कारण्रूप अहं वनेर उठने जो त्यो अहंकार छ ।
त्यसैबाट उठी बिकल्पहरू त्यो नानाथरी बन्दछ ।
निर्मूल् पार्नु बिवेकले गरि खुवै सारा विकार् छन् जती ।
आत्मा नै त महुँ भनेर अनुभव हुनेछ स्पष्टै अती ॥३१६॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अहंकर्तर्यस्मिन्नहमिति मतिं मुञ्च सहसा
विकारात्मन्न्यात्मप्रतिफलजुषि स्वस्थितिमुषि ।
यदध्यासात्प्राप्ता जनिमृतिजरा दुःखवहुला
प्रतीचश्चिन्मूर्तेस्तव सुखतनोः संसृतिरियम् ॥३०६॥

आत्मालाई छिपाइ आफू अघि नै सर्ने अहंकार हो ।
त्यो हो दुष्ट दुरात्म नक्कलि झुटा खासै प्रतिबिंव हो ।
त्याग्नु पर्दछ बिंवमा स्थित भई अत्त्यन्त चाँडो गरी ।
धेरै दुःख दिनेछ नत्र त्यसले त्यो हो दुरात्मा अरी ॥३१७॥

त्यो अध्यास रहीरह्यो यदि भने आत्मा अजन्मा तिमी ।
मर्नू जन्मनु आदि वन्धनतिरै पर्छौ सदा नै तिमी ॥
खासै नित्य अनन्त आत्मरूपभै आनन्द मूर्ती भई ।
संसार् बन्धनमा नपर्नु कहिल्यै वस्नू विवेकी भई ॥३१८॥

सदैकरूपस्य चिदात्मनो बिभो-
रानन्दमूर्तेरनवद्यकीर्तेः ।
नैवान्यथा क्वाप्यविकारिणस्ते
विनाहमध्यासममुष्य संसृतिः ॥३०७॥

तिमीसदा एक् रूप चित्स्वरूप° ह्वौ
आनन्दरूप ह्वौ र पवित्र कीर्ति ह्वौ ।
अध्यास् बिना बन्धनमा परिन्न है ।
अध्यास्मा पर्न कदापि हुन्न है ॥३१९॥

तस्मादहङ्कारमिमं स्वशत्रुं ।
भोक्तुर्गले कण्टकवत्प्रतीतम् ॥
विच्छिद्य विज्ञानमहासिना स्फुटं ।
भुङ्क्ष्वात्म साम्राज्य सुखंयथेष्टम् ॥३०८॥

° ज्ञानस्वरूप

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भोजन्मा रत जोछ त्यो पुरुषको काँडो गलामा पसी ।
खड्केभैँ गरि दु:खदिन्छ त्यसरी शत्रू अहंकार् वसी ।
विज्ञान् रुपि महान खड्ग लिइ शिर् काटीदिनू तेसको ।
गर्नू त्यस्पछि खुशिसाथ सुखभोग् त्यो आत्मसाम्राज्यको ॥३२०॥

ततोऽहमादेविनिवर्त्य वृत्तिं
सन्त्यक्तराग: परमार्थलाभात् ।
तूर्ष्णीं समास्स्वात्मसुखानुभूत्या
पूर्णात्मना ब्रह्मणि निर्विकल्प: ॥३०९॥

कर्तृत्त्वादि• अनन्त वृत्तिहरूको कारण् अहंकारको ।
मूलै नाशगरेर गर्नु अनुभव् त्यै पूर्ण ब्रह्मात्मको ॥
सारा रागरहित् भइकन सदा तेही परंतत्त्वमा ।
स्थित् भैहाल्नु र मौन भैरहनु है त्यै शुद्ध चैतन्यमा ॥३२१॥

समूलकृत्तोऽपि महानहं पुन-
र्व्युल्लेखित: स्याद्यदि चेतसाक्षणम् ।
सञ्जीव्य बिक्षेपशनं करोति
नभस्वता प्राबृषि वारिदो यथा ॥३१०॥

केहीबेर दवेपनी प्रवलखुव् जो त्यो अहंकार छ ।
फेरी फेरि पनी उठेर त्यसले हानी खुवै गर्दछ ॥
वायूसाथ मिलेर मेघ जसरी वर्षा खुवै गर्दछ ।
त्यस्तै चित्तसँगै मिलीकन अहं उत्पात्• खडा गर्दछ ॥३२२॥

क्रियाचिन्ता र वासनाको त्याग

निगृह शत्रोरहमोऽवकाश:
क्वचिन्न देयो बिषयानुचिन्तया ।
स एव सञ्जीवनहेतुरस्य
प्रक्षीणजम्बीरतरोरिवाम्बु ॥३११॥

• *कर्ताभोक्ता आदि कार्य उपाधिहरू ।*
• *सुखदु:ख रागद्वेष आदि अनेक प्रकारका द्वन्द्वहरू ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्नू त्याग कठोर साथ अति नै शत्रू अहंकारको ।
चिन्तन् त्यो बिषयादिको नभइ क्यै उठ्नै नपावस् सो ॥
चिन्तन् क्यै बिषयादिको यदि भए शत्रू दुरात्मा तव ।
जम्वीर्वृक्षसरी उठी सवलभै गर्नेछ उत्पात् खुव ॥३२३॥

देहात्मना संस्थित एव कामी
विलक्षण: कामयिता कथंस्यात् ।
अतोऽर्थसन्धानपरत्वमेव
भेदप्रसक्त्या भवबन्धहेतु: ॥३१२॥

देहात्मबुद्धी• जसको बलिष्ट छ ।
त्यो कामनायुक्त■ भएर वस्तछ ।
जस्को छ सम्बन्धत आत्ममा खुव ।
निष्कामिनै○ हुन् भनि जान्नु ती सव ॥३२४॥

आत्मापरात्मा जसमा छ भेद त्यो ।
पदार्थको चिन्तन् गर्छ नित्य जो ॥
संसारि बन्धन् त्यहि वन्न गै कन ।
बाधिन्छ है पर्दछ दूःखमा जन ॥३२५॥

कार्यप्रवर्धनाद्बीजप्रवृद्धि: परिदृश्यते ।
कार्यनाशाद्बीजनाशस्तस्मात्कार्यं निरोधयेत् ॥३१३॥
जतीजती बढ्दछ कर्म नै जव ।
उती उती बढ्दछ बीज त्यो खुव ॥

हटे सवै कर्म त बीज हट्तछ
कर्मादिको नाश् गरिराख्नुपर्दछ ॥३२६॥

वासनावृद्धित: कार्यं कार्य वृध्दयाच वासना ।
वर्धते सर्वथा पुंस: संसारो न निवर्तते ॥३१४॥

• *शरीरमा म बुद्धि ।*
■ *नाना विषयको इच्छायुक्त ।*
○ *आत्मस्वरूपमा अहं बृद्धि भएका अहं मम भावले रहित कर्मयोगी पुरुषहरूनै निष्कामि मानिन्छन् ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बढे यदि क्यै बिषयादि वासना ।
बढी खुवै कर्म र हुन्छ वेदना ॥
त्यै कर्मकै साथ् बढिदिन्छ वासना ।
छुट्दैन बन्धन खुव हुन्छ शासना* ॥३२७॥

संसारवन्धविच्छित्त्यै तद्द्वयं प्रदहेद्यति: ।
वासनावृद्धिरेताभ्यां चित्तया क्रियया वहि: ॥३१५॥

संसारिबन्धन् सवनै छुटाउन ।
मास्नूसवै कार्य र जो छ वासना ॥
चिन्ताक्रियाले खुवबढ्छ वासना ।
यस्तो नजाने अति हुन्छ शासना ॥३२८॥

ताभ्यां प्रवर्धमाना सा सूतेसंसृतिमात्मन: ।
त्रयाणां च क्षयोपाय: सर्वावस्थासु सर्वदा ॥३१६॥
सर्वत्र सर्वत: सर्व ब्रह्ममात्रावलोकयन् ।
सभ्दाववासनादाढर्च्यात्तत्रयं लयमश्नुते ॥३१७॥

चिन्ताक्रिया भो अनि वासना यती ।
उत्तपत्ति गर्छन् भवबन्धनादिती ॥
कारण् तिनै हुन् भववधनादिका ।
त्यागन् नता बन्दछ जीवनै फिका ॥३२९॥

त्याग् गर्न यौटा यहि युक्ति योग्य हो ।
सारा जगत् ब्रह्मस्वरूप देख्नु हो ॥
यै युक्तिले दृढ् भइ ब्रह्म वासना ।
चिन्ताक्रिया हट्छ अनात्म वासना ॥३३०॥

क्रियानाशे भवेच्चिन्तानाशोऽस्माद्वासनाक्षय: ।
वासना प्रक्षयो मोक्ष: साजीवन्मुक्तिरिष्यते ॥३१८॥

---

* जन्म जन्मान्तर जन्मनु, बुढो हुनु, मर्नु र शोक मोह आदिले ग्रस्त भई दु:ख भोग गर्न पाउनु नै हो शासना ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्रिया सवै नष्ट भए पछी तव ।
चिन्ता पनी नष्ट हुनेछ त्यो सव ॥
चिन्ता हटे हट्दछ वासना पनी ।
त्यै वासना हट्नु त मोक्ष हो पनी ॥३३१॥

सद्वासनास्फूर्तिविजृम्भणेसति ।
ह्यसौ बिलीना त्वहमादिवासना ॥
अतिप्रकृष्ठाप्यरुणप्रभायां
बिलीयते साधु यथा तमिस्रा ॥३१९॥

श्री सूर्यको उदयको पछि अन्धकार ।
सम्पूर्ण ध्वस्त हुन जान्छ त्यही प्रकार ॥
ब्रह्मात्मको उदयमा जड वासना त्यो ।
हूनेछ नाश नरहीकन बाँकि नै सो ॥३३२॥

तमस्तमः कार्यमनर्थजालं
न दृश्यते सत्युदितेदिनेशे ।
तथाद्वयानन्दरसानु भूतौ ।
नैवास्ति बन्धो न च दुःखगन्धः ॥३२०॥

श्रीसूर्यको उदयभै पछि अन्धकार
हूनेछ नष्ट सव त्यो जति हो बिकार
भूतादि चोरहरूको डर क्यै हुँदैन ।
निर्धक्क हुन्छ जनता भयक्यै रहन्न ॥३३३॥

त्यस्तै प्रकाशमय ज्योति स्वरूप जो हो ।
आनन्दरूप भइ ब्रह्मस्वरूप त्यो हो ॥
प्रत्यक्षत्योस्वरूपको अनुभव् भएमा ।
बन्धन् र दुःख सव हट्दछ तेहि क्षण्मा ॥३३४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रमाद-निन्दा

दृश्यं प्रतीतं प्रविलापयन्स्वयं
सम्मात्रमानन्द धनं विभावयन् ।
समाहित: सन्वहिरन्तरं वा
कालं नयेथा: सति कर्मवन्धे ॥३२१॥

त्यो कर्मवन्धन् रहला जहाँतक ।
निर्दृश्यभै दृश्य गरी सवैलय ॥
आनन्दधन्• ब्रह्मस्वरूपमा मन ।
लगाइ चिन्तन् गरी धीर भैकन ॥३३५॥

प्रमादो ब्रह्मनिष्ठायां नकर्तव्या: कदाचन ।
प्रमादो मृत्युरित्याह भगवान्ब्रह्मण: सुत: ॥३२२॥

गर्नूहुन्न प्रमाद○ कत्ति कहिल्यै त्यो ब्रह्म बिज्ञानमा ।
मृत्यू नै त प्रमाद हो भनि खुदै भन्छन् मुनी■ शास्त्रमा ॥
त्यसैले कहिल्यै प्रमाद नगरी गर्नु बिचार् ब्रह्मको ।
त्यसैबाट हुनेछ ज्ञान सहजै सच्चास्वरूप् आँफुको ॥३३६॥

न प्रमादादनर्थोऽन्यो ज्ञानिन: स्वस्वरूपत: ।
ततोमोहस्ततोऽहंधीस्ततो बन्धस्ततोव्यथा ॥३२३॥

बुद्धीमान् जनले प्रमाद गरनू आत्मानुसन्धानमा ।
त्यो भन्दा अरुक्यै अनर्थ नभई पार्नेछ है मोहमा ॥
उत्पत्ती गरिदिन्छ मोह⬩ जसले शत्रू अहंकारको ।
पारी बन्धनमा खुवै दुःख दिनू काम् हो अहंकारको ॥३३७॥

• *अखण्ड आनन्द ।*
○ *प्रमाद हो अनास्था ।*
■ *बशिष्ठादि ऋषिहरू ।*
⬩ *अज्ञान ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयाभिमुखं दृष्टवा बिद्वांसमपि विस्मृतिः ।
विक्षेपयति धीदोषैर्योषा जारमिव प्रियम् ॥३२४॥

जस्तो जार पुरुष् भुलाइ कुलटा पागल् बनाईकन ।
भ्रष्टै पारि बिगार्दछे त्यसरि नै बिद्वान् हवस नै जन ॥
जन् धन् स्त्री बिषयादि लम्पट भए त्यो बिस्मृती बुद्धि नै ।
राम्रैसीत बिगारिदिन्छ सहजै पारेर बिक्षिप्त* नै ॥३३८॥

यथापक्रृष्टं शैवालं क्षणमात्रं न तिष्ठति ।
आवृणोति तथा माया प्राज्ञं वापि पराङ्मुखम् ॥३२५॥

कूवाको जललाई ठ्याम्म जसरी भच्याउ बसी ढाक्दछ ।
पन्छाए पनि एकक्षण् पछि उसै ढाकीदिने गर्दछ ।
त्यस्तै आत्म विचारहिन् पुरुषको अन्तस्करण्मा पसी ।
मायाले पनि ढाकिदिन्छ सहजै आत्मा नजीकै वसी ॥३३९॥

लक्ष्यच्युतं सद्यदि चित्तमीष-
द्वहिर्मुखं सन्नपतेत्ततस्ततः ।
प्रमादतः प्रच्युतकेलिकन्दुकः
सोपानपङ्क्तौ पतितो यथा तथा ॥३२६॥

जस्तै त्यो सिंडिमा खस्यो यदि भने हात्को भकुण्डो जव ।
सींडीनै सिंडि झर्छ जान्छ तल नै त्यो पुग्छ टाढै खुव ।
त्यस्तै चित्त पनी त लक्ष्य जुन हो ब्रह्मात्मदेखी छुटी ।
थोरै मात्र भयो वहिर्मुख भने त्यो जान्छ गिर्दै उती ॥३४०॥

विषयेष्वाविशच्चेतः सङ्कल्पयति तद्गुणान् ।
सम्यक्सङ्कल्पनात्कामः कामात्पुंसः प्रवर्तनम् ॥३२७॥

---

* मगज बिग्रेको पागल मानिस जस्तो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लागी खुव् बिषयादिमा हरवखत् चिन्तन् गरे तेसको ।
चिन्तन् बाट त कामना सवल भै जाग्नेछ मानीसको ।
फेरी त्यै बिषयादि कर्मतिर नै त्यस्ले लगाऊँदछ ।
चिन्तन् छाडिदिए सवै बिषयको त्यो कामना हट्दछ ॥३४१॥

ततः स्वरूप विभ्रंशो विभ्रटस्तु पतत्यद्यः ।
पतितस्य विना नाशं पुनर्नारोह ईक्ष्यते ।
संकल्पं वर्जयेतस्मात्सर्वानर्थस्य कारणम् ॥३२८॥

खाली त्यै बिषयादिमा रत भए आफ्नो स्वरूपबाट नै ।
मानिस हुन्छ पतन् अधोगति भई त्यो गिर्छ तल्तीरनै ।
नाश् बाहेक पतन् हुने पुरुषको हुँदैन उद्धार् पनी ।
त्यागनूपर्छ अनर्थको जड त्यही संकल्पलाई पनी ॥३४२॥

अतः प्रमादान्न परोऽस्ति मृत्यु-
र्विवेकिनोब्रह्मविदः समाद्यौ ।
समाहितः सिद्धिमुपैति सम्यक्
समाहितात्मा भवसावधानः ॥३२९॥

बिवेकले युक्त छ ब्रह्मज्ञानि जो ।
समाधिमा कत्ति प्रमाद्• नगर्नु भो ॥
प्रमादभन्दा अरु मृत्यु छैन क्यै ।
समाधिमा लागि प्रमाद त्यागनु है ॥३४३॥

ध्यानी समाहीत° पुरुषलाइ नै ।
मिल्नेछ राम्रैसित आत्म सिद्धिनै ॥
यथार्थमा गाँठि कुरा यही त हो ।
जानी समाहित् भइ वस्नु काम हो ॥३४४॥

• अनास्था ।

° शान्त भएर बस्नु ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

असत्-परिहार

जीवतो यस्य कैवल्यं बिदेहे सच केवल: ।
यत्किञ्चित्पश्यतो भेदं भयं ब्रूतेयजु: श्रुति: ॥३३०॥

गर्ला जीवितमै कुनै पुरुषले कैवल्य पद् प्राप्तिनै ।
छुट्दा देह अवश्य मिल्छ त्यसको कैवल्य त्यो मुक्तिनै ॥
जस्ले देख्दछ भेद द्वैत त्यसको हूँदैन मुक्ती पनी ।
भेदैबाट त मृत्युको भय हुने बेद्को छ बाणी पनी ॥३४५॥

यदा कदा वापि बिपश्चिदेष
ब्रह्मण्यनन्तेऽप्यणुमात्रभेदम् ।
पश्यत्यथामुष्य भयं तदैव
यद्वीक्षितं भिन्नतया प्रमादात् ॥३३१॥

अखण्ड अद्वीतिय ब्रह्ममा पनी ।
प्रमादले भेद् अणुमात्र नै पनी ॥
जो देख्छ खासै भययुक्त हुन्छ त्यो ।
प्रमादले भेद प्रतीत हुन्छ सो ॥३४६॥

श्रुतिस्मृतिन्यायशतैर्निषिद्धे
दृश्येऽत्रय: स्वात्ममतिं करोति
उपैति दु:खोपरि दु:खजातं
निषिद्धकर्ता स मलिम्लुचो यथा ॥३३२॥

श्रुतिस्मृतिन्र्याय ति शास्त्र छन् जती ।
निशेष गर्छन् सवदृश्य देह ती ॥
त्यै देह आत्मा भनि ठान्छ जो जन ।
चोरै• समान्को दु:ख भोग्छ त्यो जन ॥३४७॥

• *चोरले जेल नेल आदि बन्धनमा परेर दु:ख भोगे झैं ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सत्याभिसन्धानरतो विमुक्तो
महत्त्वमात्मीयमुपैति नित्यम् ॥
मिथ्याभिसन्धानरतस्तु नश्येद्
दृष्टं तदेतद्यदचोरचोरयोः ॥३३३॥

त्यो सत्य अद्वीतिय ब्रह्मतत्त्वको ।
जो खोजिमा लाग्दछ मुक्त हुन्छ त्यो ॥
महत्त्व जानीकन ब्रह्म तत्त्वको ।
त्यो वस्छ आनन्द लिई स्वरूपको ॥३४८॥

मिथ्या• जती दृश्य छ तेसको पछी ।
जो लाग्छ त्यो नष्ट हुनेछ है पछी ॥
साधू र चोर्‌कै सरि हुन्छ हालत ।
देहात्म बुद्धी सब त्यागि हेरत ॥३४९॥

यतिरसदनुसन्धिं बन्धहेतुं बिहाय
स्वयमयमहमस्मीत्यात्मदृष्टचैव निष्ठेत् ।
सुख यति ननुनिष्ठा ब्रह्मणिस्वानुभूत्या
हर ति परमबिद्याकार्य दुःखं प्रतीतम् ॥३३४॥

छाडी जो जति हुन् असत्य चिजसब् ब्रह्मात्म मै हूँ भनी ।
जानी स्थीर भएर नित्य रहनू होला अनूभव् पनी ॥
आविद्यक् सब दुःख दूर हुन गै होला अकण्टक् सुख ।
निष्ठा ब्रह्मस्वरूपकै हुन गए हुँदैन कैल्यै दुःख ॥३४०॥

बाह्यानुसन्धिः परिवर्धयेत्फलं
दुर्वासनामेव ततस्ततोऽधिकाम् ।
ज्ञात्वा विवेकैः परिहृत्य बाह्यं
स्वात्मानसन्धिं बिदधीत नित्यम् ॥३३५॥

• *जो देखिन्छ तापनी साँचो सत्य हुँदैन त्यसलाई मिथ्या भनेर भनिन्छ जस्तो स्वप्नावस्थाको सम्पूर्ण दृश्य जो मिथ्या त्यस्तै ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चिन्ता त्यो बिषयादिको हुन गए दूर्वासना बद्धदछ ।
आत्माचिन्तननै भयो यदि भने सद्वासना बद्धदछ ।
यो जानीकन आत्म चिन्तन गरी आत्मै स्वरूपमा रही ।
बाहीरी बिषयादि त्यागनु दृढभै खुवै बिबेकी भई ॥३५१॥

बाह्ये निरुद्धे मनसः प्रसन्नता
मनः प्रसादे परमात्मदर्शनम् ।
तस्मिन्सुदृष्टे भवबन्धनाशो ।
बहिर्निरोधः पदवी विमुक्तेः ॥३३६॥

निशेध गर्दा सव बाह्य दृश्यको ।
आनन्द मन्मा हुन जान्छ प्राणिको ।
आनन्दरूप्मा परमात्म तत्त्वको ।
स्वक्षात् अनूभव् भइहाल्छ स्पष्ट त्यो ॥३५२॥

साक्षात्कार○ भए पछी स्वरूपको संसार बन्धन् सव ।
सारा नाश भएर जान्छ सहजै यो बुझ्नु राम्रोसँग ।
बाहीरी बिषयादि हट्नु सव नै मुक्तीत्यही नै त हो ।
त्याग्नू सव् बिषयादिलाइ मनले यै मूख्य कर्तव्य हो ॥३५३॥

कःपण्डितः सन्सदसद्विवेकी
श्रुतिप्रमाणः परमार्थदर्शी ।
जानन्हि कुर्यादसतोऽवलम्वं
स्वपातहेतोः शिशुवन्मुमुक्षुः ॥३३७॥

सत्यासत्य बिबेकि पण्डित भई जानी श्रुती आशय ।
आफ्नो जो परमार्थ तत्व तिरको ज्ञाता ति महाशय ॥
इच्छा तीब्र लिएर मोक्षतिरको बालक्सरी भैकन ।
गर्दैनन् दुःखदायि ती बिषयको फेरी ग्रहण् क्वैदिन ॥३५४॥

○ *आफ्नो वास्तविक ब्रह्मात्मस्वरूपको अपरोक्ष अनुभव एवं सुस्पष्ट प्रतीति हो साक्षात्कार ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देहादिसंसक्तिमतो नमुक्ति-
र्मुक्तस्य देहाद्यभिमत्यभावः ।
सुप्तस्यनो जागरणं न जाग्रतः ।
स्वप्नस्तयोर्भिन्नगुणाश्रयत्वात् ॥३३८॥

देहादीहरू ती अनात्म चिजमा जस्को छ आशक्ति क्यै ।
त्यस्को मुक्ति हुँदैन हुन्छ जसको आशक्तिनै छैन क्यै ॥
जस्तो जाग्रतमा हुँदैन अनुभव त्यो स्वप्नको चिज् पनी ।
स्वप्नामा अनुभव हुँदैन कहिल्यै जाग्रत् अवस्था पनी ॥३५५॥

आत्मनिष्ठाको-बिधान

अन्तर्बहिः स्वं स्थिरजङ्गमेषु
ज्ञानात्मनाधारतया विलोक्य ।
त्यक्ताखिलोपाधिरखण्डरूपः ।
पूर्णात्मना यःस्थित एषमुक्तः ॥३३९॥

स्थावर्■ र जङ्गं सवती अनात्मको
आधार● आफैं वनि ज्ञान्स्वरूपको ।
सारा उपाधी जव छोड्न सक्तछ,
त्यो पूर्ण रूप भैकन मोक्ष वन्दछ ॥३५६॥

सर्वात्मना बन्धविमुक्तिहेतुः
सर्वात्मभावान्न परोऽस्ति कश्चित् ।
दृश्याग्रहे सत्युपपद्यतेऽसौ
सर्वात्ममावोऽस्य सदात्मनिष्ठया ॥३४०॥

■ *स्थावर अचल वृक्ष पर्वतादि र जङ्गम समस्त चलप्राणीहरू ।*

● *अधिष्ठान (उत्पत्तिको कारण) ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संसार् बन्धनबाट मुक्त हुनमा सर्वात्म• भाव् नै लिनू ।
त्यो भन्दा अरु युक्ति छैन बलियो सर्वात्म सव् देखनू ॥
निष्ठा आत्मस्वरूपमै गरि सदा सव् दृश्य त्यागनू अनी ।
त्यसैबाट हुनेछ प्राप्त सजिलै सर्वात्म भाव्नै पनी ॥३५७॥

दृश्यस्याग्रहणं कथं नु घटते देहात्मना तिष्ठतो ।
बाह्यार्थानुभवप्रशक्तमनसस्तत्तत्क्रियां कुर्वत: ।
सन्यस्ताखिलधर्मकर्मविषयैर्नित्यात्मनिष्ठापरै-
स्तत्त्वज्ञै:करणीयमात्मनि सदानन्देच्छुभिर्यत्नत: ॥३४१॥

मानिस् जो बिषयादि चिन्तन गरी आशक्ति खुव् राख्दछ ।
त्यसको दृश्य प्रतीत भैकन खुवै त्यो कर्ममा लाग्दछ ॥
इच्छा मोक्ष हुने मुमुक्षु जनले सब् धर्मकर्मादि र ।
त्यागी सव् बिषयादि लागिरहनू खुब् आत्मनिष्ठातिर ॥३५८॥

सर्वात्मासिद्धये भिक्षो: कृतश्रवणकर्मण: ।
समाधिंबिदधात्येषा शान्तोदान्त इति श्रुति: ॥३४२॥

शमादि° षड्सम्पतियुक्तभैकन ।
बेदान्तका वाक्य श्रवण् गरीकन ॥
सर्वात्म्य भाव् प्राप्त गरेर बस्नुमा ।
समाधिको नै छ बिधान शास्त्रमा ॥३५९॥

आरुढशक्तेरहमो बिनाश:
कर्तु न शक्य: सहसापि पण्डितै: ।
ये निर्विकल्पाख्यसमाधिनिश्चला-
स्तानन्तरानन्तभवा हि वासना: ॥३४३॥

• *ब्यष्टि आत्मा र समष्टि परमात्मामा अभेद भावना ।*

° *शम, दम, उपरति, तिनीक्षया, श्रद्धा, समाधान यी छ साधनयुक्त ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जहाँसम्म रहन्छ शक्ति वलियो शत्रू अहंकारको ।
एकाएक् तव भट्ट नाश सजिलै हूँदैन है तेसको ॥
ज्यादै उच्च समाधिमा• अटलभै बस्नेहरूको पनी ।
भित्री अन्तरमा रहन्छ मसिनो त्यो बासना नै पनी ॥३६१॥

अहंबुद्ध्यैव मोहिन्या योजयित्वावृतेर्वलात् ।
विक्षेपशक्तिः पुरुषं विक्षेपयति तद्‌गुणैः ॥३४४॥

मानिसलाई भुलाइ मोहित खुवै पार्ने अहंकारले ।
किंकर्तव्य बिमूढ पारिदिइ त्यो ढाक्नेछ आवर्णले• ।
विक्षेप् शक्ति जुटाइदी त्यस पछी चञ्चल तुल्याई मन ।
मानिसलाई बिगारिदिन्छ त्यसले विक्षिप्त○ पारीकन ॥३६१॥

विक्षेपशक्तिविजयो विषमो विधातुं
निःशेषमावरणशक्ति निवृत्त्यभावे ।
दृग्दृश्ययोः स्फुटपयोजलवद्विभागे
नश्येतदावरणमात्मनि च स्वभावात् ॥
निःसंशयेन भवति प्रतिवन्धशून्यो
विक्षेपणंन हि तदा यदि चेन्मृषार्थे ॥३४५॥

सम्यग्विवेकः स्फुटवोधजन्यो
विभज्य दृग्दृश्यपदार्थतत्त्वम् ।
छिनत्ति मायाकृतमोहवन्धं ।
यस्माविमुक्तस्य पुनर्न संसृतिः ॥३४६॥

त्यो आवर्ण हटाउनू र पहिले बिक्षेप शक्ती पछी ।
आफैं हट्तछ शान्त हुन्छ सजिलै आवर्णको नाश् पछी ।
पानी दूध समान एक रूपमा द्रष्टा र जो दृश्य छ ।
बेगल् जान्नु बिबेकले गरि त्यसै आवर्ण त्यो हट्तछ ॥३६२॥

• *निर्विकल्प समाधि ।*
• *अज्ञान रूप ढकनी ।*
○ *अत्यन्त चञ्चलता ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मिथ्या दृश्य पदार्थ जानिकन त्यो सत्यात्म द्रष्टा पनी ।
जान्नू ती दुइको स्वरूप पहिले दुवै अलग् हुन् भनी ।
निशन्देह बिवेकनै हुन गए बिक्षेप माया सव ।
बन्धन् तोडिन गै अमर् हुन गई मिल्नेछ मुक्ती तव ॥३६३॥

परावरैकत्त्वविबेकवन्हि-
र्दहत्यविद्यागहनं ह्यशेषम् ।
किं स्यात्पुनः संसरणस्य बीज-
मद्वैतभावं समुपेयुषोऽस्य ॥३४७॥

ब्रह्मात्मैक्य• विबेक ज्ञान् चहकिलो अग्नी वली दन्दन ।
अज्ञान्रुपि अरण्यजङ्गलजत्तीसव् भस्म नै भैकन ॥
श्रद्धालू जनलाई अद्वितिय त्यो अद्वैत पद्को पनी ।
प्राप्ती हुन्छ हुँदैन फेरि कहिल्यै संसार प्राप्ती पनी ॥३६४॥

आवरणस्य निवृत्ति-
र्भवति च सम्यक्पदार्थदर्शनतः ।
मिथ्याज्ञानविनाश-
स्तद्वविक्षेपजनितदुःखनिवृत्तिः ॥३४८॥

साक्षात्कार यथार्थमा यदि भए ब्रह्मात्मरूप् तत्त्वको ।
मूलै नाश भएर जान्छ सहजै अज्ञान आवर्णको ॥
मिथ्याज्ञान पनी बिनष्ट हुन गै बिक्षेप् जनित् ती दुःख ।
सारा नाश भएर जान्छ र अनी होला अकण्टक्० सुख ॥३६५॥

• ब्रह्म र आत्मा यौटै हो अर्थात म ब्रह्म हुँ भन्ने दृढ निष्ठा ।
० कहिल्यै नाश नहुने सुख ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अधिष्ठान-निरूपण

एतत्त्रितयं दृष्टं सम्यग्रज्जुस्वरूपविज्ञानात् ।
तस्माद्वस्तु सतत्वं ज्ञातव्यं बन्धमुक्तये बिदुषा ॥३४९॥

भ्रमले गर्दा डोरि नै सर्प बन्छ ।
डर्ले गर्दा देहमा कम्प हुन्छ ।
जैले डोरी हो भनी ज्ञान हुन्छ ।
डर्को साथै कम्प निर्मूल हुन्छ ॥३६६॥

त्यस्तै नै गरि आत्म ज्ञान् पुरुषमा प्रत्यक्षरूपमा भए ।
अज्ञान नाश भएर जान्छ सहजै जो दूःख सारा थिए ।
संसारी सववन्धनादि पनि त्यो तत्कालमा हट्तछ ।
आत्मज्ञान् गरिहाल्नु बिज्ञ• जनले मुक्ति पनी मिल्दछ ॥३६७॥

अयोऽग्नियोगादिव सत्समन्वया-
न्मात्रादिरूपेण विजृम्भते धीः ॥
तत्कार्यमेतद्द्वितयं यतो मृषा ।
दृष्टं भ्रमस्वप्नमनोरथेषु ॥३५०॥

अग्नी साथ मिली फलाम पनि जो धेरै स्वरूप् फेर्दछ ।
कोदाली हँसिया खुँडा र खुकुरी नानाथरी वन्दछ ।
त्यस्तै बुद्धि र आत्मको मिलनले नानाथरी दृश्य यो ।
देखीए पनि सत्य हैन रतिभर् मिथ्या झलक् मात्र हो ॥३६८॥

ततोविकारा प्रकृतेरहंमुखा-
देहावसाना विषयाश्च सर्वे ।
क्षणेऽन्यथाभावनता ह्यमीया-
मसत्त्वमात्मातु कदापि नान्यथा ॥३५१॥

• *बुद्धिमान जन ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसैले बुझनू अनात्मरूपको जो त्यो अहंकार छ ।
त्यो देखी लिइ देहसम्म सव यो जो जो यहाँ दृश्य छ ।
माया•कै त बिकार हो क्षणिक हो यो हो असत् खास नै ।
आत्मा एक्रस रूप भैकन सदा हो त्यो परब्रह्मनै ॥३६९॥

नित्याद्वयाखण्डचिदेकरूपो
बुद्धयादिसाक्षी सदसद्विलक्षणः ।
अहंपदप्रत्ययलक्षितार्थः
प्रत्यक्सदानन्दधनः परात्मा ॥३५२॥

जो नित्य आनन्द चिदेकरूप हो
हो बुद्धिको साक्षी र सत्यरूप हो ।
जो हो सदानन्दधन परात्मा
मै हूँ भनी जान्नु अखण्ड आत्मा ॥३७०॥

इत्थं बिपश्चिसदसद्विभज्य
निश्चित्य तत्त्वं निजबोधदृष्टचा ।
ज्ञात्वास्वमात्मानमखण्डबोधं
तेम्यो विमुक्तः स्वयमेव शाम्यति ॥३५३॥

सत्यासत्य पृथक्गरी त्यसपछी ब्रह्मात्मरूप् तत्त्वको ।
बिद्वान्ले गरिहाल्छ निश्चय पनी ब्यापक् परब्रह्मको ॥
साक्षात्कार् गरि मुक्त भै असत चिज् देखी फरक् भैकन ।
शान्ती प्राप्त गरेर बस्छ खुशिमै त्यो बुद्धिमानी जन ॥३७१॥

• अज्ञानको कार्य ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समाधि-निरूपण

अज्ञानहृदयग्रन्थेर्नि: शेषविलयस्तदा ।
समाधिनाविकल्पेन यदाद्वैतात्मदर्शनम् ॥३५४॥

जैले उच्च समाधि•मा स्थित भई अद्वैत ब्रह्मात्मको ।
साक्षात्कार् यदि गर्छ मानिस भने अज्ञान् हटी तेसको ॥
मूलै नाश भएर गै हृदयको ग्रन्थी○ पनी हट्तछ ।
साधक् चीरसुखी भईकन खुवै आनन्द भोग्गर्दछ ॥३७२॥

त्वमहमिदमितीयं कल्पना बुद्धिदोषन् ।
प्रभवति परमात्मन्यद्वये निर्विशेषे ।
प्रविलसति समाधावस्य सर्वो विकल्पो
बिलयनमुपगच्छेद्वस्तुतत्वावधृत्वा ॥३५५॥

निर्मल् एक परात्म ब्रह्म जसमा त्यो बुद्धिको दोषले ।
तैं मैं कल्पित त्यो बिकल्पहरू धेर् उठेर खुव् तेसले ॥
पारी विघ्न समाधिमा स्फुरित त्यो भैनै रहेतापनी ।
वस्तू तत्व ग्रहण् भएपछि त त्यो सव्लीन होला पनी ॥३७३॥

शान्तोदान्त: परमुपरत: क्षान्तियुक्त: समाधिं ।
कुर्वन्नित्यं कलयति यति: स्वस्य सर्वात्मभावम् ॥
तेनाविद्यातिमिरजनितान्साधु दग्ध्वा बिकल्पान् ।
ब्रह्माकृत्या निवसति सुखं निष्क्रियो निर्विकल्प: ॥३५६॥

योगीजन्हरू चित्त शान्त गरि फेर् सव्इन्द्रियादीहरू ।
राम्रै निग्रह गर्दछन् बिषयको छाडेर चिन्तन् अरु ॥
अन्तर्मूख भई भईउपरती राम्रै क्षमावान भै ।
अभ्यास् नित्य समाधिको गरि सदा सर्वात्म्य भाव् प्राप्त भै ॥३७४॥

• *निर्विकल्प समाधिमा ।*
○ *जड् र चैतन्यको सम्बन्धलाई चिज्जड ग्रन्थी भनिन्छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तेहीभाव बढाई नित्य अनुभव् गर्दै त्यसैबाट नै ।
अज्ञान्बाट हुने बिकल्पहरू• ती जो जो जती छन् सवै ॥
सारा दग्ध गराइ निष्क्रिय हुँदै खुव् निर्विकारी भई ।
ब्रह्माकार वनाइ वृत्ति सवक्षण् वस्छन् ति सुखी भई ॥३७५॥

समाहिता ये प्रविलाप्य बाह्यं
श्रोत्रादि चेत: स्वमहंचिदात्मनि ।
त एव मुक्ता भवपासबन्धै-
र्नान्ये तु पारोक्ष्यकथाभिधायिन: ॥३५७॥

श्रोत्रादि इन्द्रीय र चित्त नै भयो-
भित्री अहंकार् सव बाह्य दृश्यभो ।
आत्मासँगै लीन गरी समाधिमा ।
जो बस्छ त्यै मिल्दछ शुद्ध ब्रह्ममा ॥३७६॥

जो जो समाधी तिर नित्य लागदछन् ।
बन्धन् बिनिर्मुक्त तिनैत वन्दछन् ॥
परोक्ष० रूपले गरिवात ब्रह्मको
मिल्दैन मुक्ती न त तत्त्वज्ञानको ॥३७७॥

उपाधिभेदात्स्वयमेव भिद्यते-
चोपाध्यपोहे स्वयमेव केवल: ।
तस्मादुपाधेर्विलयाय विद्वा-
न्वसेत्सदाकल्पसमाधिनिष्ठया ॥३५८॥

• *मनद्वारा उत्पन्न हुने सुख दुःखादि नाना विकल्पहरू ।*

० *साक्षात्कार पूर्वक अपरोक्ष अनुभव नभै सुनेको र शब्दको भरमा मात्र ब्रह्म वार्ता गर्नुलाई परोक्ष ज्ञान भनिन्छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपाधि■ले नै गरि आत्ममा पनी ।
भेद्को प्रतिति हुन जान्छता पनी ॥
उपाधि जोजो छ सवै हटेपछी ।
आत्मा स्वयं बाँकि रहन्छ त्यसपछी ॥३७८॥

बिचारवान् मानिस त्यो उपाधिको ।
अत्त्यन्त रूप्मा गरि नष्ट तेसको ॥
समाधिमा मग्न भएर वस्तछन् ।
अत्त्यन्त आनन्दि तिनै त वन्दछन् ॥३७९॥

सति सक्तो नरोयाति सभ्दावं ह्येकनिष्ठया ।
कीटको भ्रमंर ध्यायन्भ्रमरत्याय कल्पते ॥३५९॥

जसरी डरले कीरो● चिन्तन् भ्रमरको गरी ।
भ्रमरोनै वन्न जान्छ चिन्ताकै बशमा परी ॥३८०॥

त्यस्तै नै चिन्त एकाग्र सत्स्वरूप् ब्रह्मामा गरे ।
साधकनै ब्रह्म भैहाल्छ यस्मा शंसय छैनरे ॥३८१॥

क्रियान्तरा सक्तिमपास्य कीटको
ध्यायन्यथालिं ह्यलिभावमृच्छति ।
तथैव योगी परमात्मतत्त्वं
ध्यात्वा समायाति तदेकनिष्ठया ॥३६०॥

■ *अविद्या उपाधिले गर्दा आत्मामा ईश्वर भाव प्राप्ति हुन्छ भने अन्तस्करण उपाधिले जीवभाव प्राप्त हुन गई भेदको प्रतिती हुन गएको हो ।*

● *कुमालकोटिले पक्रेर माटाको बन्द गुँड भित्र राखिएको माकुराले डरमा परी कुमालकोटिको संझना (चिन्तन) गर्दा गर्दै स्वयं माकुरो नै कुमालकोटी बन्न जान्छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जस्तो अन्य समस्त कर्महरूको आशक्ति छाडीकन ।
- कीराले गरि बस्छ ध्यान भ्रमराको युक्ति जानीकन ॥
साधक्ले पनि एकनिष्ठ हुन् गै सच्चित् स्वरूप् ब्रह्मको ।
- चिन्तन् नित्य गरे त हुन्छ सहजै प्राप्ती त्यही तत्त्वको ॥३८२॥

अतीव सूक्ष्मं परमात्मतत्त्वं
न स्थूलदृष्टया प्रतिपत्तुमर्हति ।
समाधिनात्त्यन्तसुसूक्ष्मवृत्या
ज्ञातव्यमार्यैरतिशुद्धबुद्धिभि: ॥३६१॥

अत्त्यन्त सूक्ष्म छ खुबै परमात्म तत्त्व ।
हूँदैन प्राप्त स्थूल दृष्टि लिएर नित्य ॥
बुद्धी बिशुद्ध गरि बिज्ञ• समाधि गर्दा ।
जान्नेछ वृत्तिअतिसुक्ष्म बनाइवस्दा ॥३८७॥

यथा सुबर्ण पुटपाकशोधितं
त्यकत्वामलं स्वात्मगुणं समृच्छति ।
तथा मन: सत्वरजस्तमोमलं
ध्यानेन सन्त्यज्य समेति तत्त्वम् ॥३६२॥

अग्निमा जसरी गरेर पुटपाक्• जो जो छ मैला जती ।
सारा जान्छ सुवर्ण वन्दछ चहक् जस्तो थियो त्यो अघी ॥
त्यस्तै सत्वरज तमोमल सवै त्याग्नू समाधी गरी ।
आत्माप्राप्त○ हुनेछ निश्चय पनी यैमान्नु बिश्वास् गरी ॥३८४॥

• *बुद्धिमान ।*

• *पगालेर ।*

○ *प्राप्त हुन्छको आशय यो हो कि जस्तो घाँटिमा भएको माला एक क्षण भूलले हराए जस्तो भएर पछि राम्रोसँग छामदा प्राप्त भए झैं प्राप्त हुन जान्छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

निरन्तराभ्यासवशात्तदित्थं
पक्कं मनो ब्रह्मणि लीयते यदा ।
तदा समाधिः स विकल्पवर्जितः
स्वतोऽद्वयानन्दरसानुभावकः ॥३६३॥

अभ्यास् नित्य समाधिको यदि गरे त्यसको परिपाक् भई ।
चञ्चल् मन् पनि ब्रह्मलीन• हुनगै बस्नेछ ब्रह्मै भई ॥
त्यो बेला अनुभव् हुनेछ सहजै आनन्दरूप् ब्रह्मको
यही उच्चसमाधिको स्वरूप हो यै मार्ग हो तत्त्वको ॥३८५॥

समाधिनानेन समस्तवासना-
ग्रन्थेर्विनाशोऽखिलकर्मनाशः ।
अन्तर्वहिः सर्वत एव सर्वदा ।
स्वरूपविस्फूर्तिरयत्नतः स्यात् ॥३६४॥

तेही उच्चसमाधि> बाट सब नाश् हुनेछ है बासना ।
कर्मादी पनि नाश हुन्छ सहजै त्यो बाशना साथमा ॥
बीनायत्न स्वरूपकैत अनुभव् हूनेछ सर्वत्रनै ।
स्फूर्ती• आत्मस्वरूपको सहजमा हूनेछ है नित्यनै ॥३८६॥

श्रुते शतगुणं बिद्यान्मननं मननादयि ।
निदिध्यासं लक्षगुणमनन्तं निर्विकल्पकम् ॥३६५॥

सारा दुःख हरण् गरी सुख दिने सत्शास्त्र बेदान्त हो ।
गर्नू नित्य श्रवण् मनन् पछि निदिध्यासन् अती योग्य हो ॥
शथ्यौं भाग बढी श्रवण् पछि मनन् गर्दा त लाभै हुने ।
लाखौं भाग बढी मनन् पछि निदिध्यासन् गरेमा हुने ॥३८७॥

• *जस्तो सीधेनूनको ढिको पानीमा स्वतः लीन हुन्छ त्यसरी नै निर्विकल्प समाधिमा मन पनि ब्रह्मस्वरूपमा लीन हुन गई ब्रह्मस्वरूप नै बन्न जान्छ ।*

> *निर्विकल्प समाधि ।*

• *आत्मा बाहेक अन्य कुनै वस्तुको भान नहुनु ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्योभन्दा त अनन्तभाग• बढि फल् मिल्ला समाधी गरी ।
यो जानीकन तेहि साधन तिरै लाग्नू खुशीले गरी ॥
श्रद्धापूर्वकनै श्रवण्○ मननभो साथै निदिध्यासन ।
त्यस्तै नित्य समाधिनै यदि गरे मुक्तै हुने छन् जन ॥३८८॥

निर्विकल्पकसमाधिना स्फुटं
ब्रह्मतत्त्वभवगम्यते ध्रुवम् ।
नान्यथा चलतया मनोगतेः ।
प्रत्ययान्तरविमिश्रितं भवेत् ॥३६६॥

निर्विकल्प छ समाधि नै त जो ।
तेहि गर्नु अनि ब्रह्म तत्त्वको ॥
स्पष्ट ज्ञान भइहाल्छ खास हो ।
अन्य क्यै गरि हुँदैन सत्य हो ॥३८९॥

चित्त चञ्चल भए पछी जब ।
चित्त वृत्ति बिषयादिमा खुब ।
मिल्छ हुन्छ प्रतिती अनेकको ।
हुन्न ज्ञान पनि कत्ति तत्त्वको ॥३९०॥

अतः समाधत्स्व यतेन्द्रियः सदा
निरन्तरं शान्तमनाः प्रतीचि ।
विध्वंसयध्वान्तमनाद्यविद्यया
कृतं सदेकत्वविलोकनेन ॥३६७॥

• *अन्त पाइ नसक्नु अर्थात गणना गरि नसक्नु ।*

○ *श्रवणमननादिको अधिकाधिक महत्व हुनमा हेतु यो हो कि वेदान्त श्रवणबाट शास्त्रमा अविश्वास रूप असंभावना, मननवाद, ब्रह्मात्म स्वरूपमा असंभावना र निदिध्यासनबाट शरीर म हुँ भन्ने विपरीत भावना रूप दोष हटी समाधिद्वारा आफ्नो ब्रह्मात्म स्वरूपमा स्थिति बन्न गई साधन मुक्त हुन जान्छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसैकारण संयतेन्द्रिय• भई खुव् शान्त पारी मन ।
आत्मामै स्थिर राखि चित्तसव दिन् आत्मै स्वरूप् भैकन ॥
सञ्चित् सुखस्वरूप ब्रह्म जसको एकात्मबोध् नै गरी ।
अज्ञान् रुपि छ अन्धकार त्यसको नाश् गर्नु त्यो हो अरी ॥३९१॥

योगस्य प्रथमंद्वारं वाङ्निरोधोऽपरिग्रहः ।
निराशा च निरीहा च नित्यमेकान्तशीलता ॥३६८॥

बाणी रोक्नु र द्रव्य संग्रह कवै गर्दै नगर्नू रती ।
लौकिक् त्यो बिषयादिको पनि कवै आशा नराख्नू रती ॥
इच्छा त्याग गरेर नित्य रहनू एकान्तसेवी हुनू ।
ढोका हो पहिलो त योग˃ त्यसको भन्ने पनी बुझ्नू ॥३९२॥

एकान्तस्थितिरिन्द्रियोपरमणे हेतुर्दमश्चेतसः
संरोधे करणं शमेन विलयं यायादहंवासना ।
तेनानन्दरसानुभूतिरचला ब्राह्मीसदा योगिन-
स्तस्माच्चित्तनिरोध एव सततं कार्यः प्रयत्नान्मुनेः ॥३६९॥

सारा इन्द्रिययी दवाउन खुदै एकान्त हो कारण ।
इन्द्रीयादि दमन् त चित्त जुन हो त्यसको दमन् कारण ॥
होलाचित्त निरोध जुन बखतमा सव् वासना नाश भै ।
ब्रह्मानन्द अचल् भएर अनुभव् हूनेछ है स्पष्ट भै ॥३९३॥

त्यसैकारण यत्नपूर्वक सदा सव्चित्तवृत्तीहरू ।
गर्नूपर्छ निरोध्• गरेर रहनू छाडी सवैकां अरू ।
होला शान्ति पनी अपूर्वरूपको मिल्ला परंसुखनै ।
नित्यानन्द○ रसानुभूति अनुभव् हुनेछ है नित्यनै ॥३९४॥

• मन सहित हातपाउ आदि एघार इन्द्रियलाई विलकुल शान्त राख्नु ।
˃ योग भन्नाले जीव र आत्माको एकताबोधलाई जान्नुपर्छ ।
• हटाउनु हो, निरोध ।
○ सदा सर्वदा आनन्दको अनुभूति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वाचं नियच्छात्मनि तं नियच्छ
बुद्धौ धियंयच्छ च बुद्धिसाक्षिणि ।
तं चापि पूर्णात्मनि निर्विकल्पे ।
बिलाप्य शान्तिं परमां भजस्व ॥३७०॥

बाँणीलाई विलिन् गरेर मनमा त्यो मन् पनि बुद्धिमा ।
साक्षीमा पनि बुद्धिको लय गरी साक्षी परब्रह्ममा ॥
गर्दा यै क्रमले लयादि अनुभव् त्यो पूर्ण ब्रह्मात्मको ।
होला नित्य अवश्यनै त अनुभव् खूबै परंशान्तिको ॥३९५॥

देहप्राणेन्द्रिय मनोबुध्यादिभिरूपादिभि: ।
यैर्यैवृते: समायोगस्तत्तभ्दावोऽस्य योगिन: ॥३७१॥

शरीर प्राण् इन्द्रिय मन् र बुद्धि यी ।
उपाधिनै हुन् जड दृश्य क्षेत्र यी ॥
यी पाँचमा जुन सित चित्त वृत्तिको ।
संयोग भए त्यै रूपभाव प्राप्ति भो ॥३९६॥

तन्निवृत्या मुने: सम्यक्सर्वोपरमणं सुखम् ।
संदृश्यते सदानन्दरसानुभवविप्लव: ॥३७२॥

जैले चित्त निवृत्त• हुन्छ मुनिको सव्दृश्य देखी जव ।
पूर्णानन्द प्रतीत स्पष्टरूपमा हूनेछ साथै तब ॥
खूबै चल्दछ चित्तमा हरवखत् सच्चित् र आनन्दको ।
बाढी त्यो रसिलो रसानुभुतिको त्यो ज्ञानअम्रीतको ॥३९७॥

• *निवृत्त माने हट्नु ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बैराग्य-निरूपण

अन्तस्त्यागो बहिस्त्यागो विरक्तस्यैव युज्यते ।
त्यजत्यन्तर्बहिः सङ्गं विरक्तस्तु मुमुक्षया ॥३७३॥

जो जो हुन् ति बिरक्तवान् पुरुषले भित्री° तथा बाहिरी ।
सारा दृश्य पदार्थ त्याग गरनू पर्ने छ है आखिरी ॥
इच्छा मोक्ष हुने मुमुक्षु जनले दुवै कुरा त्यागदछ ।
बीना त्याग हुँदैन मोक्ष कहिल्यै यो मान्नुनै पर्दछ ॥३९८॥

वहिस्तु विषयैः सङ्गं तथान्तर हभादिभिः।
बिरक्त एव शक्नोति त्यक्तुं ब्रह्मणि तिष्ठितः ॥३७४॥

इन्द्रीयका बिषय छन् जति बाह्य सङ्ग ।
त्यस्तै अहंकृति▪ सहित् सव भित्रि सङ्ग ॥
जो ब्रह्मनिष्ठ र बिरक्त पुरुष्हरू छन् ।
ती दूयि सङ्गहरू त्याग् तिनिनै त गर्छन् ॥३९९॥

बैराग्यबोधौ पुरुषस्य पक्षिवत्
पक्षौ बिजानीहि विचक्षण त्वम् ।
विमुक्तिसौधाग्रतलाधिरोहणं
ताभ्यां विना नान्यतरेण सिद्धयति ॥३७५॥

बैराग्य• बोध् यी दुइ प्वाँखकै सरी
मान्नू मुमुक्षू जनले बिचार् गरी ॥
एक् प्वाँखले मात्र चढिन्न मोक्षको
महल्रूपी उच्च शिखर् त माथिको ॥४००॥

° *भित्री दृश्य भन्नाले राग द्वेष सुख दुःख आदि विकारहरूलाई बुझ्नुपर्छ ।*
▪ *अहंकार एवं चित्त विशिष्ट प्रभाता भाव ।*
• *बिनश्वर दृश्य शरीरादिमा दोष देख्नु हो वैराग्य तथा आत्म साक्षात्कार हो बोध ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अत्यन्तवैराग्यवतः समाधिः
समाधितस्यैव दृढप्रबोधः ।
प्रबुद्धतत्त्वस्य हि बन्धमुक्ति-
र्मुक्तात्मनो नित्यसुखानुभूतिः॥३७६॥

जस्मा त बैराग्य छ तीब्ररूपमा ।
समाधिको लाभ् हुन जान्छ तेसमा ॥
जोजो समाधिस्थ भएर वस्तछ ।
त्यस्तै पुरुष्मा दृढबोध° जन्दछ ॥४०१॥

संसारि बन्धन् त्यहि बोध वानकै ।
छूटेर जान्छन् नरहेर बाँकि क्यै ।
जस्को सवै बन्धन साफ छुट्दछ ।
त्यै नित्य आनन्दि वनेर वस्तछ ॥४०२॥

बैराग्यान्न परं सुखस्य जनकं पश्यामि वश्यात्मन-
स्तच्चेच्छुद्धतरात्मवोधसहितं स्वाराज्यसाम्राज्यधुक् ।
एतद्वारमजस्रमुक्तियुवतेर्यस्मात्त्वमस्मातपरं
सर्वत्रास्पृहया सदात्मनि सदा प्रज्ञांकुरु श्रेयसे ॥३७७॥

जीती इन्द्रियलाई बस्छ जनजो बैराग्यभन्दा बढी ।
आर्को क्यै सुखदायि चीज त्यसको हूँदैन यो हो कढी ॥
आत्माज्ञान सहितको हुन गए स्वर्गीय साम्राज्यको ।
जस्तै नै सुखदायि हुन्छ लिनु त्यै सहाय बैराग्यको ॥४०३॥

मुक्तीरुपित कामिनी छ जसमा पुग्ने खुला द्वार हो ।
त्यो बैराग्य अमोल सम्पत्ति बुझीलीनू अति श्रेप हो ।
हे बाबू ! निजश्रेयनै बुझि सदा इच्छारहित् भैरहू ।
सच्चित सुखस्वरूप ब्रह्म त्यसमै बुद्धी लगाईरहू ॥४०४॥

° *आत्मस्वरूपमा दृढ अहं बुद्धि ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आशां छिन्धि विषोयमेषु बिषयेष्वेषैव मृत्योःसृति-
स्त्यक्त्वा जातिकुलाश्रमेष्वभिमतिं मुञ्चातिदूरात्क्रियाः ॥
देहादावसति त्यजात्मधिषणां प्रज्ञां कुरुष्वात्मनि ।
त्वं द्रष्टास्यमलोऽसि निर्द्वयपरं ब्रह्मासि यद्वस्तुतः ॥३७८॥

बीषैतुल्य■ बुझी सबै बिषयको आशा त छाडी दिनू ।
मृत्युमार्ग बुझेरनै विषय ती सम्पूर्ण त्यागी दिनू ॥
जाती कूल र आश्रमादिहरूको छाडी अभीमान्• पनी ।
टाढैबाट समस्त कर्महरूमा गर्नू नमस्कार पनी ॥४०५॥

देहादी ति असत् पदार्थहरूमा जो आत्म बुद्धी छ सो ।
छाडी आत्मस्वरूपनै म हुँ भनी जान्नू यही काम हो ॥
वास्तवमा सव दृश्यवर्गहरूको क्षेत्रज्ञ> द्रष्टा सदा ।
निर्मल् द्वैतरहीत ब्रह्मतिमी ह्वौ यै जान है सर्वदा ॥४०६॥

ध्यान-बिधि

लक्ष्ये ब्रह्मणि मानसं दृढतरं संस्थाप्य बाहेन्द्रियं ।
संस्थाने विनिवेश्य निश्चलतनुश्चोपेक्ष्य देहस्थितिम् ।
ब्रह्मात्मैक्यमुपेत्य तन्मयतया चाखण्डवृत्यानिशं ।
ब्रह्मानन्दरसं पिवात्मनि मुदा शून्यैः किमन्त्यैर्भ्रमै : ॥३७९॥

राख्नू स्थीर गराइ चित्त त्यसको जो लक्ष हो ब्रह्ममा ।
राख्नू खूव अचल् ति इन्द्रिय सबै तिन्कै यथा स्थानमा ॥

■ आत्मज्ञान पूर्वक मोक्षमार्गमा नलागि केवल विषय व्यवहारमा मात्र तल्लीन हुने मानिसको जन्म मरण कहिल्यै पनि अन्त्य हुँदैन । जन्म जन्मान्तर चौरासी लाख योनिमा जन्ममरण चलि नै रहन्छ ।

• स्थूल शरीरमा दृढ अहं बुद्धि हुने देहात्मवादी अज्ञानी जनहरूका लागि नै जाती कुल आश्रम आदिमा अभिमान हुन जान्छ ।

> शरीरादि क्षेत्रलाई जान्नेवाली हो क्षेत्रज्ञ (आत्मा। गीता)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राख्नू निश्चल त्यो शरीर त्यसको चिन्ता नमान्नू भय ।
ब्रह्मात्मा गरि एकता हरबखत् त्यस्मै भई तन्मय ॥४०७॥

बृत्तिलाई अखण्ड पारि दिन रात् आनन्द पूर्वक् रही ।
ब्रह्मानन्द र सानुभूति गरिपान् अत्यन्त सुखी भई ॥
बस्नूपर्दछ बुद्धिमानि जनले सत्पात्र ज्ञानी भई ।
भ्रमानै• परि वस्नु हुन्न कहिल्यै मिल्दैन केही कहीं ॥४०८॥

अनात्म चिन्तनं त्यक्त्वा कश्मलं दुःखकारणम् ।
चिन्तम त्मानमानन्दरूपं यन्मुक्तिकारणम् ॥३८०॥

अनात्मचिन्तन् दुःखमोह॰ कारण ।
जानेर छाड्नू ति अनात्म चिन्तन ॥

हो मोक्षको कारण आत्मचिन्तन ।
जानेर गर्नू खुव आत्म चिन्तन ॥४०९॥

एष स्वयंज्योतिरशेषसाक्षी ।
बिज्ञानकोशे बिलसत्यजस्रम् ।
लक्ष्यंविद्यायैनमसद्विलक्षण-
मखण्डवृत्यात्मतयानुभावय ॥३८१॥

मन्कोसाक्षी० स्वयंप्रकाशस्वरूप हो आत्मासदा सर्वदा ।
जो बिज्ञान्मय कोश•मा बसि सबै गर्ने प्रकाश् सर्वदा ॥

• *आफ्नो वास्तव स्वरूप ब्रह्मात्म तत्त्वको ज्ञानबाट वञ्चित भई जड शरीरमा अहं वुद्धि एवं जगत पदार्थमा सत्य बुद्धि गर्नु हो , भ्रमज्ञान ।*

॰ *अनात्म (विषय) चिन्तनबाट जीवन दुःखमय हुनुका साथै अज्ञान् खूव दृढ हुन जान्छ ।*

० *मनको चञ्चल हुनु बिग्रनु हराउनु आदि सम्पूर्ण मनको हालतलाई आफू असङ्ग रूपमा रहेर जान्नेवालाहो साक्षी आत्मा ।*

• *बिज्ञानमय कोश मानिने बुद्धिमा प्रतिविंवित भएर नै आत्माले सारा कुरा जान्दछ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तेही नै परमात्मतत्त्व खुद हो त्यो हो असङ्गीतव ।
त्यही लक्ष्य बनाइ चिन्तन सदा गर्नू अहर्निस् खुव ॥४१०॥

एतमच्छिन्नया वृत्या प्रत्ययान्तरशून्यया ।
उल्लेखयन्विजानीयात्स्वस्वरूपतया स्फुटम् ॥३८२॥

छाडी अन्य अनात्म चिन्तन सवै त्यो एक अद्वीतिय ।
आत्मारूप् परमात्म चिन्तन खुवै गर्नू भई तन्मय ॥
चिन्तन् नित्य अखण्ड• वृत्ति गरि खुब् गर्दा त्यसैबाट नै ।
आफ्नै खास स्वरूप हो भनि पछी जानिन्छ है स्पष्ट नै ॥४११॥

अत्रात्मत्त्वं दृढीकुर्वन्नहमादिषु सन्त्यजम् ।
उदासीनतया तेषु तिष्ठेद्घटपटादिवत् ॥३८३॥

- दृढगरि परमात्मा मा सदा आत्मबुद्धी ।
रतिनगरि अहंकारादिमा आत्मबुद्धी ॥
घटपटहरू सारा दृश्यमा भै उदासिन् ।
सबतिर शमदेख्नू भेद त्यागी सबै क्षण् ॥४१२॥

आत्म-दृष्टि

बिशुद्धमन्तःकरणं स्वरूपे
निवोध साक्षिण्यववोधमात्रे ।
शनैः शनैर्निश्चलतामुपानयन् ॥
पूर्णं स्वमेवानुविलोकयेत्ततः ॥३८४॥

साक्षी स्वरूप् ज्ञानस्वरूप आत्ममा ।
बिशुद्धनै चित्तलगाइ साथमा ॥
बिस्तार बिस्तार अचल् तुल्याउनू ।
सर्वत्र आफैं परिपूर्ण देखनू ॥४१२॥

• *आत्मा हरहालतमा सर्वव्यापक एवं अखण्ड स्वरूप भएको हुनाले आत्मज्ञानको लागि अखण्डाकार वृत्तिको आवश्यक पर्दछ, जस्तो घटज्ञानको लागि घटाकार वृत्तिको आवश्यक पर्दछ त्यस्तै ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देहेन्द्रियप्राणमनोऽहमादिभिः ।
स्वाज्ञानक्लृप्तैरखिलैरूपादिभिः ॥
बिमुक्तमात्मानमखण्डरूपं
पूर्णं महाकाशशिवावलोकयेत् ॥३८५॥

अज्ञानकल्पित्• शरिरादि दृश्यभो ।
भित्री अहंकार मनबुद्धि आदिभो ॥
अखण्ड आत्मा ति उपाधि वर्जित ।
आकाशभैंं व्यापक देख्नु पूर्णत ॥४१४॥

घटकलशकुशूलसूचिमुख्यै-
र्गगनमुपाधिशतैर्विमुक्तिमेकम् ।
भवति न बिविधं तथैव शुद्धं
परमहमादिविमुक्तमेकमेव ॥३८६॥

जस्तो एक अखण्ड व्यापक छ जो आकाश खण्डित् भई ।
कोठा सूचि कलश् अनन्त चिजमा मिल्दैन नाना भई ॥
त्यस्तै नै परमात्मतत्त्व पनि हो सारा उपाधी रहित् ।
एकै शुद्धस्वरूप व्यापक सदा मिथ्या उपाधी रहित् ॥४१५॥

ब्रह्मादिस्तंमपर्यन्ता मृषामात्रा उपाधयः ।
ततः पूर्णं स्वमात्मानं पश्येदेकात्मना स्थितम् ॥३८७॥

ब्रह्मादेखी तृणपर्यन्त जो हो ।
मिथ्यानै मै यो उपाधी सवै हो ॥
जानी आफू एक रूपमा रहेर ।
पूर्णात्मानै देख्नु ज्ञानी भएर ॥४१६॥

• *जस्तो निद्रा दोषले गर्दा स्वप्नावस्थलमा आर्को छुट्टै शरीर कल्पित हुन जान्छ ठीक त्यस्तै अज्ञान दोषले गर्दा जाग्रतको कल्पित शरीर देखिएकोहो ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यत्रभ्रान्त्या कल्पितं यद्विवेके
तत्तन्मात्रं नैव तस्माद्विभिन्नंम् ।
भ्रान्तेर्नाशे भ्रान्तिदृष्टाहितस्य
रज्जुस्तदद्विश्वमात्मस्वरूपं ॥३८८॥

जो जो वस्तु जहाँ हुनेछ भ्रमले कल्पीत नाना थरी ।
आधार जो सव ठिक ठीक तिनको जानेपछी सव् थरी ।
तन्द्रुप् भैकन लीननै हुन गई तेही अधिष्ठानमा ॥
सत्ताकत्ति पृथक् हुँदैन तिनको मिल्छन् अधिष्ठानमा ॥४१७॥

जस्तो भ्रान्ति भएर देख्छ जनले डोरी पनी सर्प नै ।
भ्रान्ती नष्ट भए पछी सहजमा देखिन्छ त्यै रज्जुनै ॥
अज्ञान् नष्ट भए पछी त्यसरिनै सम्पूर्ण यो विश्वनै ।
आत्मै मात्र रहेछ खास भनि त्यो जानिन्छ है स्पष्ट नै ॥४१८॥

स्वयं ब्रह्मा स्वयं बिष्णु स्वयमिन्द्रः स्वयंशिवः ।
स्वयं विश्वमिदं सर्वं स्वस्मादन्यन्न किञ्चन ॥३८९॥

ब्रह्मा म हूँ बिष्णु पनी मनै त हूँ ।
हूँ इन्द्र फेरी शिवनै मनै त हूँ ॥
यो बिश्व ब्रह्माण्ड सवै मनै त हूँ ।
म देखि क्यै छैन अरू म एक हूँ ॥४१९॥
अन्त:स्वयं चापि वहि: स्वयं च
स्वयं पुरस्तात्स्वयमेव पश्चात् ।
स्वयं ह्यवाच्यां स्वयमप्युदीच्यां
तथोपरिष्ठात्स्वयमप्यधस्तात् ॥३९०॥

मभित्र छु बाहिर मैं छु सर्वदा ।
अगाडि फेरी म पछाडि छू सदा ।
दायाँ र बायाँ तलमाथि मैं त हूँ ।
व्यापक् स्वरूप् भै म अखण्ड रूप हूँ ॥४२०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तरङ्गफेनभ्रमवुद्वुदादि
सर्वं स्वरूपेण जलं यथा तथा ।
चिदेव देहाद्यहमन्तमेतत्
र्ं चिदेवैकरसं बिशुद्धम् ॥३९१॥

स॰

जस्तो फेन तर[illegible]ङ बुद्वुदहरू पानी त हो त्यो सव ।
त्यस्तैनै त शरीर दे[illegible]खि लिइ फेर् त्यो जो अहंकार्तक ॥
सारा बिश्व अखण्ड व्याप[illegible]कस्वरूप् एक् आत्म चैतन्य हो ।
आफ्नै खास स्वरूप हो भनि स[illegible]ग यो जान्नु कर्तव्य हो ॥४२१॥

सदेवेदं सर्वं जगदवगदं वाङ्मनसयोः
सतोऽन्यन्नास्त्येव प्रकृति परसीन्मि स्थितव[illegible]नः ॥
पृथक् किं मृत्स्नायाः कलशघट कुम्भाद्यवगतं ।
वदत्येष भ्रान्तस्त्वहमहमिति मायामदिरया ॥३९२॥

मन् बाणीहरूबाट जान्न सकिने यो बिश्व सारा जगत् ।
केवल् सत्यस्वरूप हो भनि सदा भन्छन् महात्मा फगत् ॥
मायादेखि फरक् भई स्वरूपमा वस्ने महात्मा जन ।
केवल् सत्यस्वरूपदेखि अरु क्यै देख्दैन तिन्को मन ॥४२२॥

माटोबाट पृथक् पृथक् घट कलश् जेजो बने ता पनी ।
माटोदेखि अरु हुँदैन त्यसमा दृष्टान्त यै हो पनी ॥
त्यस्तै नै सव तत्त्वदर्शिहरूले यो बिश्व सारा जगत् ।
केवल् आत्मस्वरूप हो भनि सदा मानेर वस्छन् फगत् ॥४२३॥

मायारूप् मदिरा पिएर रहने अज्ञानि जो छन् सवै ।
नाना भेद खडा गरी तिमी र मैं भन्छन् ती उन्मत्त भै ॥
त्यस्कारण् सव भेद बुद्धिहरू त्यो छाडेर ज्ञानी भई ।
वस्नू पर्दछ तत्त्व जानि जनले अत्त्यन्त सूखी भई ॥४२४॥
क्रियासमविहारेण यत्र नान्यदिति श्रुतिः ।
ब्रवीति द्वैतराहित्यं मिथ्याध्यास निवृत्तये ॥३९३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सारा द्वैत पदार्थ कार्य जति हो मिथ्या भई स्वप्नवत् ।
यै नै स्पष्ट जनाइ सव् श्रुतिहरू अद्वैतकोनै फगत् ।
गर्छन् वर्णन ती मजासित खुवै निर्धक्कनै भैकन ।
त्यो अद्वैत स्वरूप जान्नु सबले बुद्धी पुऱ्याईकन ॥४२५॥

मिथ्याभैकन त्यो अभावरूप हो भन्ने जनाईकन ।
अध्यास्लाइ हटाउनै श्रुतिहरू गर्छन् ति निर्देशन ॥
बारंवार् यहि भन्दछन् ति श्रुतिले केवल् छ अद्वैत नै ।
सच्चित् सुखस्वरूप अद्विय त्यो देखाई ब्रह्मात्मनै ॥४२६॥

आकाशवन्निर्मलनिर्विकल्प
निःसीमनिष्पन्दननिर्विकारम् ॥
अन्तर्वहिः शून्यमनन्यमद्वयं
स्वयं परं ब्रह्म किमस्तिवोध्यम् ॥३९४॥

हो त्यो परब्रह्म स्वयंप्रकाश ।
आकाशझैं निर्मल निर्विकल्प ।
निसीमनिश्चल् भइ निर्विकार
अनन्त अद्वीतिय हो अपार ॥४२७॥

वक्तव्य किमु विद्यतेऽत्र वहुधा ब्रह्मैव जीवःस्वयं
ब्रह्मैवज्जगदाततं नु सकलं ब्रह्माद्वितीयं श्रुतेः ॥
ब्रह्मैवाहमिति प्रवुद्धमतयः संन्त्यक्तबाह्याः स्फुटं
व्रह्मीभूय वसन्ति सन्ततचिदानन्दात्मनैव ध्रुवम् ॥३९५॥

यस्मा धेर कती वताउनु यहाँ हो जीव ब्रह्मात्मनै ।
तेही ब्रह्म जगत् बनेर यसरी फैलीरहेको छ नै ॥
वारंवार श्रुतियै बताउँछ खुवै हो ब्रह्मअद्वीतिय ।
हो यो निश्चयनै भनेर जसले गर्ला त्यही, निर्णय ॥४२८॥

त्यस्लाई दृढ वोध हुन्छ सजिलै त्यो ब्रह्म मै हूँ भनी ।
त्यागी सव् बिषयादि बाह्य जति छन् सर्वत्रलाई पनी ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सच्चित् सुखस्वरूप ब्रह्म हुँ सदा यै भावनामा रही ।
नित्यानन्दस्वरूपमा स्थित भई त्यो वस्छ मुक्तै भई ॥४२९॥

- जहि मलमयकोशेऽहंधियोत्थापिताशां ।
प्रसभमनिलकल्पे लिङ्गदेहेऽपि पश्चात् ॥
निगमगदितकीर्तिं नित्यमानन्दमूर्तिं ।
स्वयमिति परिचीय ब्रह्मरूपेण तिष्ठ ॥३९६॥

जो हो यो मलपूर्ण देह यसको छाड्नू अहंभाव् पनी ।
-बायूरूप छ लिङ्ग देह पनि जो त्यागगर्नु त्यस्को पनी ।
बेद्ले कीर्तिंवखानगर्छ जसको आनन्दरूप् ब्रह्म त्यै ।
आफ्नो खास स्वरूप जानि त्यसमै वस्नू सदा स्थीर भै ॥४३०॥

शवाकारं यावभ्दजति मनुजस्तावदशुचि:
परेभ्य: स्यात्क्लेशो जननमरणव्याधिनिलय ।
यदात्मानं शुद्धंकलयति शिवाकारमचलं
तदा तेभ्यो मुक्तो भवति हि तदाह श्रुतिरपि ॥३९७॥

खूबै स्पष्ट गरेर भन्छ श्रुतिले वास्ता नराख्नू रती ।
मूर्दा तुल्य छ यो शरीर यसमा आशक्ति राखे अती ॥
ज्यादै नै अपवित्र नै हुनू गई जन्मादि ब्याधीहरू ।
सव्को आश्रय नै बनेर त्यसले खुव् दू:ख भोग्ला अरु ॥४३१॥

यो जानीकन शुद्ध निर्मल सदा कल्याणस्वरूप् हो भनी ।
साक्षात्कार् यदि गर्छ स्पष्ट जसले आफ्नो स्वरूप्को पनी ।
सारा दु:ख र क्लेश• कत्ति नरही त्यो मोक्ष नै वन्दछ ।
आजीवन् श्रुतिशास्त्रकै अनुशरण् गर्नू सदा पर्दछ ॥४३२॥

• *दु:ख हो शोक र क्लेश हो अज्ञान ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रपञ्चको-बाध

स्वात्मन्यारोपिताशेषाभासवस्तुनिरासत: ।
स्वयमेव परं ब्रह्म पूर्णमद्वयमक्रियम् ॥३९८॥

आफ्नो आत्मामा जती छन् समस्त ।
कल्पित् वस्तु ती हटाए पछी त ॥
केवल् आँफू पूर्ण ब्रह्मात्मनै भै ।
वस्ला मानिस् चीरसुखी पनी भै ॥४३३॥

समाहितायां सति चित्तवृत्तौ
परात्मनि ब्रह्मणि निर्विकल्पे ।
न दृश्यते कश्चिदयं विकल्प: ।
प्रजल्पमात्र: परिशिष्यते तत: ॥३९९॥

बिकल्प वर्जित् परमात्म ब्रह्ममा ।
अचल् भए चित्त त्यही स्वरूपमा ॥
विकल्पदृश्यादि○ समस्त नाश भै ।
बाणीस्वरूप् मात्र त नै रहन्छ है ॥४३४॥

असत्कल्पो विकल्पोऽयं विश्वमित्येकवस्तुनि ।
निर्विकारे निराकारे निर्विशेषे भिदाकुत: ॥४००॥

त्यो एक अद्वीतिय ब्रह्म वस्तुमा ।
संसार मिथ्या सव नै छ कल्पना ॥
बिकारआकार■ रहीत ब्रह्ममा ।
होला त्यहाँ भेद्⸗ किन फेरि व्यर्थमा ॥४३४॥
द्रष्टृदर्शनदृश्यादिभावशून्यैकवस्तुनि ।
निर्विकारे निराकारे निर्विशेषे भिदा कुत: ॥४०१॥

○ *भित्री, बाहिरी सारा दृश्यहरू ।*
■ *ब्रह्मात्मस्वरूप हो निराकार र निर्विकार ।*
⸗ *सर्वव्यापक एक अद्वितिय परिपूर्ण ब्रह्मस्वरूपमा जीव ईश्वर जगत आदि कुनै भेद हुन सकदैन ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

द्रष्टा र दर्शन् अनि दृश्य भावले ।
हो शून्य त्यो ब्रह्म त सव् विकारले ।
बिकार आकार रहीत ब्रह्ममा ।
होला त्यहाँ भेद् किन फेरि व्यर्थमा ॥४३५॥

कल्पार्णव इवात्यन्तपरिपूर्णैकवस्तुनि ।
निर्विकारे निराकारे निर्विशेषे भिदा कुत: ॥४०२॥

समुद्र हो जो प्रलयादिकालको ।
अनन्त हो पूर्ण त्यही समानको• ॥
बिकार आकार रहीत ब्रह्ममा ।
होला त्यहाँ भेद् किन फेरि व्यर्थमा ॥४३६॥

तेजसीव तमो यत्र प्रलीनं भ्रान्तिकारणम् ।
अद्वितीये परेतत्त्वे निर्विशेषे भिदा कुत: ॥४०३॥

उज्यालो ज्योतिमा जस्तो अन्धकार हराउँछ ।
त्यस्तै नै ब्रह्म ज्योतिमा अज्ञान् पनि बिलाउँछ ॥४३७॥

निर्विशेष○ परंतत्व असंग ब्रह्मतत्त्व हो ।
भेद कत्ती हुँदैहुन्न कहाँ आउन सक्छ त्यो ॥४३८॥

एकात्मके परेतत्त्वे भेदवार्ता कथं भवेत् ।
सुषुप्तौ सुखमात्रायां भेद: केनावलोकित: ॥४०४॥
केवल् एक परंतत्त्व अद्वितीय स्वरूपमा ।
प्रश्ननै उठ्न शक्तैन भेदको पनि ब्रह्ममा ॥४३८॥

• *त्यही समान भनेर समुद्र जत्रो मात्र भनिएको होइन कि आदि अन्त्य नभएको परिपूर्ण स्वरूप हो भन्ने बुझाउन समुद्रको दृष्टान्तदिइएको हो ।*

○ *सम्पूर्ण उपाधिरहित एक अद्वितीय तत्त्व ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुषुप्तिमा■ पनि कैल्यै कसैले भिन्न भेद त्यो ।
रत्तीभर् देख्न सक्तैन यो कुरा सर्वसिद्ध हो ॥४३९॥

नह्यस्ति विश्व परतत्त्ववोधात्
सदात्मनि ब्रह्मणि निर्विकल्पे ।
कालत्रये नाप्यहिरिक्षितो गुण
नह्यम्वुविन्दुमृगतृष्णिकायाम् ॥४०५॥

जस्तो भूत भविष्यमा र अनि फेर् यै वर्तमान्मा यहाँ ।
डोरीमा त हुँदैन सर्प कहिल्यै त्यो मृगतृष्णा जहाँ ॥
जल्को बूँद हुँदैन है रतिभरै त्यस्तै परंतत्त्वको ।
साक्षात्ज्ञान● भए पछी जगतको क्यै गन्ध नै हुन्न त्यो ॥४४०॥

मायामात्रमिदं द्वैतमद्वैतं परमार्थतः ।
इति ब्रूते श्रुतिः साक्षात्सुषुप्तावनुभूयते ॥४०६॥

यो जो द्वैत जती छ भन्छ श्रुतिले हो मात्र माया सब ।
वास्तव्मा परमात्म तत्त्व खुद हो अद्वैत रूप् नै तव ॥
त्यो अद्वैत स्वरूपकै त अनुभव् होला सुषुप्ती जहाँ ।
स्पष्टै हुन्छ अवश्य जान्नु सवले क्यै छैन् शंका यहाँ ॥४४१॥

अनन्यत्वमधिष्ठानदारोप्यस्य निरीक्षितम् ।
पण्डितै रज्जुसर्पादौ विकल्पो भ्रान्तिजीवनः ॥४०७॥

डोरी संर्प भए सरी अरु पनी अध्यस्त वस्तू तित ।
ज्ञानी देख्छ अभेद स्पष्ट रूपमा तिन्कै अधिष्ठानुसित ॥
सारा जो जति छन् बिकल्पहरू ती अज्ञानकै कार्य हुन् ।
भ्रम्को कारणले त जीवित भई तिदेखिने गर्दछन् ॥४४२॥

■ *सुषुप्ति अवस्थामा एक अद्वितीय परमात्म तत्त्वशिवाय अन्य केहि पनि हुँदैन ।*

● *साक्षात ज्ञान हो अपरोक्ष अनुभव ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आत्मचिन्तनको बिधान

चित्तमूलो विकल्पोऽयं चित्ताभावेन कश्चन ।
अतश्चित्तं समाधेहि प्रत्यग्रूपे परात्मनि ॥४०८॥

विकल्प भन्नू सव चित्त वृत्ति हो ।
वृत्ति बिना क्यै पनि हैन चीज त्यो ॥
हटयो भने चित्त विकल्प हट्तछ ।
विकल्प हो वृत्ति भनेर सिद्ध छ ॥४४३॥

त्यो चित्त आनन्द स्वरूप आत्ममा ।
राख्नू सदा स्थीर अभिन्न रूपमा ॥
अभ्यास यैनै गरि बुद्धिमानले ।
सूखी हुनू पर्दछ युक्ति बुद्धिले ॥४४४॥

किमपि सततवोधं केवलानन्दरूपं
निरूपममतिवेलं नित्यमुक्तं निरीहम् ।
निरवधि गगनाभं निष्कलं निर्विकल्पं ।
हृदि कलयति विद्वान्ब्रह्म पूर्णं समाधौ ॥४०९॥

त्यो नित्य ज्ञानरूप केवल सूखरूप ।
आकाशकै सरि अनन्त छ निर्विकल्प ॥
तिन्काल• देखि फरकै भइ नित्य मुक्त ।
हो त्यो अलौकिक सदा उपमा रहीत ॥४४५॥

चेष्टारहीत भइ फेरि कला रहित् छ ।
सारा विकारहरू देखि त जो अलग् छ ।
त्यै पूर्ण ब्रह्मरुपको त समाधि ध्यान्मा° ।
बिद्वान गर्छ अनुभव् हृदयै कमलमा ॥४४६॥

• *तीन काल भन्नाले जाग्रत, स्वप्न, सुषुप्तिलाई बुझ्नु वेश हुनेछ ।*
° *निर्विकल्प समाधिमा ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रकृतिविकृतिशून्यं भावनातीतभावं ।
समरसमसमानं मानसम्बन्धदूरम् ।
निगमवचनसिद्धं नित्यमस्मत्प्रसिद्धं
हृदिकलयति बिद्वानब्रह्मपूर्णं समाधौ ॥४१०॥

जो कार्य कारण• रहित् भइ एकनाश् छ ।
सब् शास्त्रको पहुँचदेखि सदा परै छ ।
जो बेद मन्त्रहरूबाट त सिद्ध हुन्छ ।
मैं रूपले स्थित भईकन जो रहन्छ ॥४४७॥

जो मानवी रूप स्वभाव्हरू देखि दूर् छ ।
जो नित्य सत्य भइ फेरि सदा अरूप् छ ॥
त्यै पूर्ण ब्रह्मरूपको त समाधि ध्यान्मा ।
बिद्वान गर्छ अनुभव् हृदयै कमल्मा ॥४४८॥

अजरममरमस्ता भासवस्तुस्वरूपं
स्तिमितसलिलराशिप्रख्यमाख्याविहीनम् ।
शमितगुणविकारं शाश्वतं शान्तमेकं
हृदि कलयति विद्वान्ब्रह्म पूर्णं समाधौ ॥४११॥

आभाष▪शून्य भइ वस्तु स्वरूप जो हो ।
खासै अजर् अमर ब्रह्मस्वरूप त्यो हो ॥
गुण्को○ बिकारहरू शून्य र नित्य शान्त ।
हो नाम रूप् रहित त्यो परमात्म तत्त्व ॥४९०॥

निश्चल् अगाध जलझैं भइ एक रूप ।
सर्वत्र व्यापक छ जो जुन ब्रह्मरूप ॥

• *कारण अविद्या एवं कार्य अन्तस्करण ।*

▪ *प्रतिबिम्ब ।*

○ *सत्व रज तप रूप तीन गुण ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यै पूर्ण ब्रह्मरूपको त समाधि ध्यान्मा ।
बिद्वान• गर्छ अनुभव् हृदयै कमल्मा ॥४५०॥

समाहितान्तःकरणः स्वरूपे
विलोकमात्मानमखण्डवैभवम् ।
विच्छिन्धि वन्धं भवगन्धगन्धितं ।
यत्नेत पुस्त्वं सफली कुरुष्व ॥४१२॥

आफ्नो चित्त स्वरूपमा स्थिर गरी ऐश्वर्य○ सम्पन्न त्यो ।
आत्मालाइ अखण्ड जानि रहनू गर्नु अनुभव् र सो ॥
साक्षात्कार गरि गन्धयुक्त■ भवको बन्धन् सवै काट्नू ।
आफ्नो मानव जन्मको सफलता राम्रै गरी पारनू ॥४५१॥

सर्वोपाधिविनिर्मुक्तं सच्चिदानन्दमद्वयम् ।
भावयात्मानमात्मस्थं न भूयः कल्पसेऽध्वने ॥४१३॥

समस्त दृश्यादि उपाधि वर्जित ।
आनन्द अद्वीतिय फेरि सच्चित ॥
अन्तस्करणमा स्थित आत्म तत्त्वको ।
चिंन्तन् सदा गर्नु त्यही स्वरूपको ॥४५२॥

जन्मादिको बन्धनमा सदा परी ।
संसारको चक्र सँगै घुमी फिरी ॥
फेरी पनी जन्म लिएर आउन ।
पर्दैन त्यस्ले पछि दूःख पाउन ॥४५३॥

• *बिद्वान हो ज्ञानि भक्त ।*
○ *बिकल्परहित अखण्ड आनन्द ।*
■ *जन्ममरणादि रुप क्लेशयुक्त संसारको ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दृश्यको-उपेक्षा

छायेव पुंसः परिदृश्यमान-
माभासरूपेण फलानुभूत्या ।
शरीरमाराच्छववन्निरस्तं
पुनर्न सन्धत्त इदं महात्मा ॥४१४॥

छायातुल्य असत्य यो शरीर नै आभाष रूप् हो पनी ।
यस्को जो परिणाम त्यो सव बुझी लाशै समान् हो भनी ॥
जानी एक् पटक हटाइ मनले स्वीकार• कैल्यै पनी ।
गर्दैनन् पछि त्यो महात्म जन ती वस्छन् असंगी वनी ॥४५४॥

सततविमलवोधानन्दरूपं समेत्य
त्यज जडमलरूपोपाधिमेतं सुदूरे ।
अथ पुनरपि नैषस्मर्यतां वान्तवस्तु ।
स्मरणविषयभूतं कल्पते कुत्सनाय ॥४१५॥

आफ्नो निर्मल नित्य जो स्वरूप हो तेही चिदात्मा तव ।
गर्नू प्राप्त उपाधिरूप मल ती जो जो जती छन् सव ॥
तिन्को याद नगर्नु फेरि कहिल्यै वान्तासि झैं त्यागनू ।
गर्दा याद बिगार पार्दछ भनी यै खूव मन्मा लिनू ॥४५५॥

समूलमेतत्परिदह्य वह्नौ
सदात्मनि ब्रह्मणि निर्विकल्पे ।
ततः स्वयं नित्यविशुद्धवोधा-
नन्दात्मनि तिष्ठति विद्वरिष्ठः ॥४१६॥

• *विवेकद्वारा सच्चिदानन्द लक्षणले युक्त असङ्ग ब्रह्मात्मतत्त्वलाई ग्रहण गरिसकेका ज्ञानीहरूले नाशवान जड शरीरमा आफू बुद्धि कदापि गर्दैनन् ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बिचारवान् श्रेष्ट महापुरुष् फगत् ।
कारण्[○] सहित्को स्थूल सूक्ष्म यो जगत् ॥
ब्रह्माग्निमा भस्म गराइ आफ्नै ।
सच्चित् र आनन्दस्वरूप बन्छ है ॥ ४५६॥

प्रारब्धसूत्रग्रथितं शरीरं
प्रयातु वा निष्ठति गोरवि स्रक् ।
न तत्पुन: पश्यति तत्ववेत्ता-
नन्दात्मनि ब्रह्मणि लीन वृत्ति: ॥४१७॥

माला खसोस् घाँटि तिरै रहोस् त्यो ।
राख्दैन वास्ता पनि गाइले त सो ।
प्रारब्धरूप् डोरिसँगै उनीयको ।
शरीरको याद हुँदैन ज्ञानिको ॥४५७॥

अखण्डानन्दमात्मानं विज्ञाय स्वस्वरूपत: ।
किमिच्छन् कस्य वा हेतोर्देहं पुष्णाति तत्त्ववित् ॥४१८॥

अखण्ड आनन्द स्वरूप आत्मनै ।
आफ्नै स्वरूप् हो त्यहि हो परात्मनै ॥
यो जान्न सक्ने जति तत्त्व दर्शिछन् ।
शरीरको पोषणमा ति हट्तछन् ॥४५८॥

आत्मज्ञानको फल

संसिद्धस्य फलं त्वेतञ्जीवत्मुक्तस्य योगिन: ।
वहिरन्त सदानन्दरसास्वानन्दमात्मनि ॥४१९॥

○ *जगतको सृष्टिकर्ता सौपुप्त आन्दमय ईश्वर भाव जो सुषुप्ति अवस्थामा प्राप्त हुन्छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आत्मज्ञान यथार्थमा गरिसदा पाएर सिद्धी पनी ।
जीवन्मुक्त हुने तियोगिहरूमा मिल्नेछ फल् यो पनी ॥
नित्यानन्दस्वरूप आत्मरसको सब्भित्र् बाहीर नै ।
आस्वादन् मिलिनै रहन्छ तिनमा केवल् अहोरात्रनै ॥४५९॥

बैराग्यस्य फलं वोधो वोधस्योपरति फलम् ।
स्वानन्दानुभवाच्छान्तिरेषैवोपरतेः फलम् ॥४२०॥

उत्तम् साधन ज्ञानको छ अति नै वैराग्य त्यस्को फल ।
बोधै हो त्यहि बोधको उपरती मानिन्छ राम्रो फल ॥
तेस्रो साधन जो भयो उपरती त्यस्को पनी हो फल ।
नित्यानन्द प्रतीत भैकन हुनू हो चित्त शान्तीफल ॥४६०॥

यद्युत्तरोत्तराभावः पूर्वपूर्वं तु निष्फलम् ।
निवृत्तिः परमा तृप्तिरानन्दोऽनुपमःस्वतः ॥४२१॥

वैराग्यादि सबै ति साधनहरू लीनू क्रमैले जब ।
फल्मिल्दैन भने त साधन पनी हूनेछ है निष्फल ।
साच्चै नै बिषयादिबाट उपराम् लीनू त्यही तृप्ति हो ।
साक्षात् मिल्दछ नित्थशान्ति अनुपं आनन्द नै तेहि हो ॥४६१॥

दृष्टदुःखेस्वनुद्वेगो विद्याया प्रस्तुतं फलम् ।
यत्कृतं भ्रान्तिवेलायां नाना कर्म जुगुप्सितम् ।
पञ्चान्नरो विवेकेन तत्कथं कर्तुमर्हति ॥४२२॥

आफ्नो पूर्व कमाइको फल त हो प्रारब्ध भन्ने कुरा ।
त्यो सारा सुखदुःखकैत रूपमा मिल्दैछ अैले पुरा ॥
पर्दा दुःख नआत्तिनु र बिचलित् हूँदैनहूनू रती ।
एकै नाश भएर नित्य रहनू हो ज्ञानको फल् जती ॥४६२॥

भ्रान्तीका बशमा परी पुरुषले पैले त अज्ञानमा ।
नानानिन्दित कर्म गर्छ त पनी पोख्तै भए ज्ञानमा ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यस्तो निन्दित कर्म फेरि कहिल्यै गर्दैन कत्ती पनी ।
होशीयार भएर बस्दछ सदा.खूवै बिवेकी वनी ॥४६३॥

बिद्याफलं स्यादसतो निवृत्ति:
प्रवृत्तिरज्ञानफलं तदीक्षितम् ।
तज्ज्ञाज्ञयोर्यन्मृगतृष्णिकादौ
नोचेद्विदो दृष्टफलं किमस्मात् ॥४२३॥

बिद्याको फल हो असत् बिषयमा राम्रै निवृत्ति हुनू ।
अज्ञान्को फल हो सबै बिषयमा खूवै प्रवृत्ति हुनू ॥
यी दूई फल लागु हुन्छ सव दिन् ज्ञानी र अज्ञानिमा ।
निष्ठाकै अनुसार हुन्छ अनुभव् दूवै ति मानिसमा ॥४६४॥

अज्ञानी जन हुन्छ मूढ सरि नै बिद्वान् तिनैका सरी ।
फेरी तेहि असत् पदार्थहरूमा लाग्छन् त लागी परी ॥
बिद्याको फल त्यो भएन अरुले प्रत्यक्ष देख्ता पनी ।
बिद्वान्ले खुव ख्याल राख्नु यसमा खूवै विवेकी वनी ॥४६५॥

अज्ञानहृदयग्रन्थेर्विनाशो यद्यशेषत: ।
अनिच्छोर्बिषय: किन्तु: प्रवृत्ते कारणं स्वत: ॥४२४॥

अज्ञानरूप् हृदय ग्रन्थि टुटी गएमा ।
इच्छारहीत हुन गै मन हुन्छ वस्मा ॥
संसारि जो विषय छन् तिनले प्रवृत्त ।
पार्दैन क्यै गरि कतै यहि जान्नु नित्य ॥४६६॥

वासनानुदयो भोग्ये बैराग्यस्य परोऽवधि: ।
अहंभावोदयाभावो बोधस्य परमोऽवधि: ॥
लीनवृत्तेरनुत्पत्तिमर्यादोपरतेस्तु सा ॥४२५॥

जो जो भोग्य पदार्थ छन् ति सवमा भोग् वासना हट्नु नै ।
पक्का तेहि चरं सिमा हुन गयो बैराग्यको खास नै ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यस्तै वृत्ति पनी कुनै नउठ्नू जो त्यो अहंकारको ।
बुझ्नूपर्छ चरंसिमा भनि खुदै सच्चासिमा ज्ञानको ॥४६७॥

वृत्तीलीन भई कुनै समयमा उठ्दै नउठ्नू तव ।
तेही नै त चरंसिमा उपरतीको जान्नु यैनै खुव ॥
वैराग्यादि ति माथिका गुणहरू ऐश्वर्य रूप्मा रही ।
आत्म ज्ञानि पुरुषकै समिपमा वस्छन् सदा साथ् रही ॥४६८॥

— ◎ —

जीवनमुक्तको लक्षण

ब्रह्माकारतया सदा स्थिततया निर्मूक्तबाह्यार्थधी-
रन्यावेदितभोग्यभोगकलनो निद्रालुवद्बालवत् ।
स्वप्नालोकितलोकवज्जगदिदं पश्यन्क्वचिल्लव्धधी-
रास्ते कश्चिदनन्तपुण्यफलभुग्धन्यः समान्यो भुवि ॥४२६॥

ब्रह्माकार बनाइ बुद्धि सव क्षण् बस्ने हुनाले सदा ।
जस्को बुद्धि प्रपञ्चदेखि हटि त्यो निष्की सकेको हुँदा ॥
निद्रालू अनि वालकै सरि भई जो भोजनादी पनी ।
आर्काले गरि प्रेरणा त्यसपछी गर्छन् ति सेवन् पनी ॥४६९॥

कैले काहिँ त बुद्धि त्यो बिषयमा क्यै घुम्न लाग्यो भनी ।
सारा ती बिषयादि स्वप्नसारिका देख्ने मनैले पनी ॥
ठूलो पुण्य कमाइ तेहि फलभोग् गर्ने महात्मा जन ।
यो पृथ्वी तलमा त पूज्य जन हुन् ती धन्य नै हुन् जन ॥४७०॥

स्थितप्रज्ञो यतिरयं यःसदानन्दमश्नुते
ब्रह्मण्येव विलीनात्मा निर्विकारो विनिष्क्रियः ॥४२७॥

आफू आत्मस्वरूप नै भइ सदा बस्ने परब्रह्ममा ।
चञ्चल् चित्त गराइ लीन त्यसमैं सिली त्यही तत्त्वमा ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जो जो छन् ति क्रिया बिकारहरू सव् त्यागी सदानन्दि भै ।
बस्ने ती स्थित प्रज्ञ ज्ञानिजन हुन् शास्त्रादि भन्छन् सबै ॥४७१॥

ब्रह्मात्मनो: शोधितयोरेकभावावगाहिनी ।
निर्विकल्पा च चिन्मात्रा वृत्तिः प्रज्ञेति कथ्यते ।
सुस्थिता सा भवेद्यस्य जीवन्मुक्तः सउच्यते ॥४२८॥

सोधित्• आत्म र ब्रह्म एक रूप हो यो नै जनाईदिने ।
निर्मल् चिन्मय वृत्ति जान्नु त्यहि हो प्रज्ञा भनी मानिने ॥
त्यै प्रज्ञा स्थीर रूपमा छ जसको तेही पुरुष्नै सदा ।
जीवन्मुक्त भनी कहिन्छ सवले यै जान्नु है सर्वदा ॥४७२॥

यस्य स्थिता भवेत्प्रज्ञा यस्यानन्दोनिरन्तरः ।
प्रपञ्चो बिस्मृतप्रायः स जीवन्मुक्त इष्यते ॥४२९॥

जस्को बुद्धी स्थीर भैनै रहन्छ ।
आत्मालाई नित्य जानी रहन्छ ।
जस्ले भुल्ला यो प्रपञ्चादिलाई ।
त्यै नै जीवन्मुक्तहो जान भाई ॥४७३॥

लीनधीरपि जागर्ति यो जाग्रद्धर्मवर्जितः ।
बोधो निर्वासनो यस्य सजीवन्मुक्तइष्यते ॥४३०॥

वृत्तीलीन भए पनी हरवखत् जागा छ जो मानिस ।
मिथ्या जाग्रत धर्मले रहित भै जो वस्छ त्यै मानिस ।
जस्को वोध त वासना रहित नै हूनेछ सारा दिन ।
जीवन्मुक्त कहिन्छ फेरि त्यसैले पर्दैन है जन्मन ॥४७४॥

• *शोधन हो उपाधिलाई हटाउनु अर्थात् जीवको उपाधि अन्तस्करण र ईश्वरको उपाधि अविद्यालाई बिचारद्वार हटाउनु हो शो धन गर्नु, शोधन गरे पछि जीव र ईश्वर एक अद्वितीय ब्रह्मनै भैहाल्छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शान्तसंसारकलन: कलावानपि निष्फल: ।
य: सचित्तोऽपिनिश्चिन्त:सजीवन्मुक्तइष्यते ॥४३१॥

जस्को शान्त भएर जान्छ सव त्यो संसारि वास्ना पनी ।
व्यावारी रूपमा विकारि भनि त्यो मानिन्छ नै ता पनी ॥

नित्यानन्द वनी बिकार् रहित भै आफ्नै स्वरूपमा स्थित ।
हूने जीवनमुक्त ज्ञानि जननै मानिन्छ राम्रो सित ॥४७५॥

वर्तमानेऽपि देहेऽस्मिञ्छायावदनुवर्तिनि ।
अहंताममताभावो जीवन्मुक्तस्य लक्षणम् ॥४३२॥

जाहाँसम्म रहन्छ ज्ञानिजनमा प्रारव्धको वेग् पनी ।
छायातुल्य भएर बाँचिरहला एही शरीरनै पनी ॥
मैं मेरो भनि भावना पनि कवै हूँदै नहून् रती ।
जीवन्मुक्त पुरुषको बुझनु त्यो लक्षण् छ राम्रो अती ॥४७६॥

अतीताननुसन्धानं भविष्यदविचारणम् ।
औदासीन्यमपि प्राप्ते जीवन्मुक्तस्य लक्षणम् ॥४३३॥

अतीत●को याद भविष्य○को पनी
चिन्ता नभै क्यै अनि हालमा पनी ॥
दुःखादि पर्दा हुनुनै उदासिन■ ।
त्यै नै त हो जीवनमुक्ति लक्षण ॥४७७॥

गुणदोष विशिष्टेऽस्मिन्स्वभावेन विलक्षणे ।
सर्वत्र समदर्शित्वं जीवन्मुक्तस्य लक्षणम् ॥४३४॥

● *पहिले वितिसकेका काम कुराहरू ।*
○ *पछि आउने कुरा ।*
■ *बिकार रहित भएर निश्चिन्त एवं शान्तपूर्वक रहनु ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आत्मा स्वरूप् देखि सदा पृथक् छ जो ।
सव् दोषले युक्त प्रपंच यो छ जो ॥
यस्मा समान् दर्शन गर्नु सव् क्षण ।
त्यै नै त हो जीवनमुक्ति लक्षण ॥४७८॥

इष्टानिष्ठार्थसम्प्राप्तौ समदर्शितयात्मनि ।
उभयत्राविकारित्वं जीवन्मुक्तस्य लक्षणम् ॥४३५॥

अनिष्ट वा इष्ट पदार्थ प्राप्तिमा ।
बिकार कत्ति नलिएर चित्तमा ॥
समानरूप्मा रहनू सवैक्षण ।
त्यै नै त हो जीवनमुक्ति लक्षण ॥४७९॥

ब्रह्मानन्दरसास्यादा सक्तचित्ततया यतेः ।
अन्तरर्वहिरविज्ञानं जीवन्मुक्तस्य लक्षणम् ॥४३६॥

ब्रह्मानन्द रसानुभूति रसिलो मीठो त्यही स्वादको ।
आशक्ती लिइ चित्त लागिरँहदा संसारि सव् वस्तुको ॥
कत्ती ज्ञान कदापि क्यै न हुनुनै हो ज्ञानको लक्षण ।
जीवन्मुक्त पुरुषको त्यहित हो आफ्नो निजी लक्षण ॥४८०॥

देहिन्द्रियादौ कर्तव्ये ममाहंभाववर्जितः ।
औदासीन्येन यस्तिष्ठेत्स जीवन्मुक्तलक्ष्णम् ॥४३७॥

देहिन्द्रियादी अनि कर्ममा भयो ।
छाडी अहंभाव् ममताहरू भयो ॥
वस्ला उदासिन् भइ नित्य जो जन ।
त्यै नै त हो जीवनमुक्ति लक्षण ॥४८१॥

विज्ञात आत्मनो यस्य ब्रह्मभावः श्रुतेर्वलात् ।
भववन्धविनिर्मुक्तः स जीवन्मुक्त लक्षणः ॥४३८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जस्ले त्यो श्रुतिको प्रमाण लिइ सव् आफ्नो स्वरूप् ब्रह्मनै ।
व्यापक् ब्रह्मस्वरूप हो भनि सदा जानेर खुब् स्पष्टनै ।
संसार बन्धनबाट मुक्त भइ जो बस्ला खुशीले सदा ।
लक्षण् जीवनमुक्तिले त्यहि पुरुष् सम्पन्न हो सर्वदा ॥४८२॥

देहेन्द्रियेष्वहंभाव इदंभावस्तदन्यके ।
यस्य नो भवतः क्वापि सजीवन्मुक्त इष्यते ॥४३९॥

जस्को देह र इन्द्रियादिहरूमा छूटी अहं भाव् सव ।
संसारी बिषयादि वस्तुहरूमा छुट्ला इदंभाव् तव ॥
तीनै बिज्ञ पुरुषलाई सवले ज्ञानी भनी मान्दछन् ।
जीवन्मुक्त महापुरुष पनि हुन् भन्ने पनी ठान्दछन् ॥४८३॥

न प्रत्यग्ब्रह्मणोर्भेदं कदापि ब्रह्मसर्गयोः ॥
प्रज्ञया यो बिजानाति सजीवन्मुक्त इष्यते ॥४४०॥
आफ्नो बुद्धि गराइ शुद्ध अति जो आत्मा तथा ब्रह्मामा ।
त्यस्तै नै गरि ब्रह्मरूप अनि यो दृश्यादि संसारमा ॥

कत्ती भेद नदेखि एकरूपनै जो जो सदा देख्दछन् ।
तीनै जीवनमुक्त हुन् भनि यही सव् शास्त्रले भन्दछन् ॥४८४॥

साधुभिः पूज्यमानेऽस्मिन्पीड्यमानेऽपि दुर्जनैः ।
समभावो भवेद्यस्य स जीवन्मुक्त यिष्यते ॥४४१॥

साधू सज्जनले यही शरीरको सत्कार गर्दा पनी ।
दुष्टात्मा जनले अनादर गरी पिडीत पार्दा पनी ।
जस्को चित्त रती बिकारि नभई एक्नाश भै वस्तछ ।
त्यै नै जीवनमुक्त हो भनि सवै लोक्ले पनी मान्दछ ॥४८५॥

यत्र प्रविष्टा बिषया परेरिता
CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection
नदी प्रवाहा इव वारिराशौ ।

लिनन्ति सन्मात्रतया न विक्रिया-
मुत्पादयन्त्येष यतिर्विमुक्तः ॥४४२॥

जस्तो छाल प्रवाह मिल्छ र अनी सव् त्यो नदी वन्दछ ।
त्यस्तै नै शमदर्शि मानिस पनी सव् आत्मनै देख्तछ ॥
अर्कांले यदि क्यै दिए दुःख भने पर्वाह राख्दैन जो ।
सारा जीवनमुक्त ज्ञानिहरूमा खुव् श्रेष्ट मानिन्छ सो ॥४८६॥

विज्ञान ब्रह्मतत्त्वस्य यथापूर्वं न संसृतिः ।
अस्ति चेन्न स बिज्ञातब्रह्मभावो बहिर्मुखः ॥४४३॥

बिद्वान् मानिस ब्रह्मज्ञानि हनुगै आस्थात संसारमा ।
राख्दैनन् अघिभैँ वहिर्मुखभई भूलेर बेकारमा ॥
आस्थाराखिरहन्छ क्यै यदि भने संसारमा नै जब ।
त्यस्तालाई त ब्रह्मज्ञान भयकै मानिन्न कत्ती तव ॥४८७॥

प्राचीनवासनावेगादसौ संसरतीति चेत् ।
न सदेकत्त्वविज्ञानान्मन्दीभवति वासना ॥४४४॥

क्कैभन्ला जति ब्रह्मज्ञानि जन छन् तिन्को पनी वासना ॥
पैल्हेकै रहि तेहि कारण वनी लाग्छन् ति संसारमा ॥
तेसो भन्नु त ब्यर्थ हुन्छ किनकी एकत्व ज्ञान् ब्रह्मको ।
गर्दा क्षीण भएर जान्छ सव त्यो वास्ना त संसारको ॥४८८॥

अत्त्यन्तकामुकस्यापि वृत्तिः कुण्ठति मातरि ।
तथैव ब्रह्मणि ज्ञाते पूर्णानन्दे मनीषिणः ॥४४५॥

ज्यादै कामि पुरुषको वलवती त्यो काम वृत्ती सव ।
आमा देखनु साथ शान्त भइनै जानेछ त्यस्तै तव ॥
पूर्णानन्दस्वरूप ब्रह्मरूपनै प्रत्यक्ष जाने पछी ।
वास्नानाशभई प्रवृत्ति भवमा हूँदैन तिन्को पछी ॥४८९॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रारब्ध-बिचार

निदिध्यासनशीलस्य बाह्यप्रत्यय ईक्ष्यते
ब्रवीति श्रुतिरेतस्य प्रारब्धं फलदर्शनात् ॥४४६॥

निदिध्यासन• शीलले पनी ।
सब वाह्यार्थ पदार्थ जे पनी ॥
सब देख्दछ भोग गर्दछ ।
श्रुति प्रारब्ध त्यही वताउँछ ॥४९०॥

सुखाद्यनुभवो यावत्तावत्प्रारब्धमिष्यते ।
फलोदयः क्रियापूर्वो निष्क्रियो न हि कुत्रचित् ॥४४७॥

जति जो सुख दूःख आदिको ।
अनुभव् नै हुन जान्छ तेसको ॥
उहि कर्मफलैत हो तव ।
त्यहि प्रारब्ध गनिन्छ है सब ॥४९१॥

अहं ब्रह्मेति विज्ञानात्कल्पकोटिशतार्जितम् ।
सञ्चितं विलयंयाति प्रबोधात्स्वप्नकर्मवत् ॥४४८॥

जस्तो व्युझनुबाट स्वप्नतिरको सम्पूर्ण कर्मादिनै ।
सारा लीन भएर जान्छ जसरी बाँकी नभै केहिनै ॥
त्यस्तै ब्रह्म म हूँ भनेर मुखले खुद ज्ञानी जो वन्दछ ।
त्यस्को सञ्चित○ कर्मकोटि जुनिको सव् नष्ट भैहाल्दछ ॥४९२॥

यत्कृतं स्वप्नवेलायां पुण्यं वा पापमुल्वणम् ।
सुप्तोत्थितस्य किं तत्स्यात्स्वर्गाय नरकाय वा ॥४४९॥

• *निरन्तर ब्रह्म भावनामा लागेका साधक ।*
○ *पहिलो पहिलो जन्ममा गरिएको कर्मको फल हो सञ्चित ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वप्नामाजति पाप पुण्य जसले जस्तो गरे तापनी ।
जाग्रत्मा फल तेसको रतिभरै पर्दैन भोग्नू पनी ॥
त्यस्तै नै सव ब्रह्म ज्ञानिजनको सञ्चित् र प्रारब्धको ।
कर्मादि फल भोग नष्ट हुन गै मिल्दैन फल् तेसको ॥४९३॥

स्वमसङ्गमुदासीनं परिज्ञाय नभो यथा ।
न लिप्यते यतिः किञ्चित्कदाचिभ्दाविकर्मभिः ॥४५०॥

ज्ञानी मानिस आफुलाई सवक्षण् आकाश• झैं मान्दछन् ।
त्यस्तै एक अखण्ड व्यापक स्वरूप् हूँ ब्रह्म यै ठान्दछन् ॥
त्यसैले त ति ज्ञानिलाई पछिका आगामि जो कर्म छन् ।
शक्तैमन् रति लिप्त पार्न तिनले निष्क्रीय नै वन्दछन् ॥४९४॥

नभवो घटयोगेन सुरागान्धेन लिप्यते ।
तथात्मोपाधियोगेन तद्धर्मैर्नैव लिप्यते ॥४५१॥

घैंटामा मदिरा रहे पनि जती त्यस्मा घटाकाशको ।
क्यै सम्बन्ध हुँदैन हानि पनि क्यै हूँदैन आकाशको ॥

त्यस्तै झैं गरि आत्म ब्रह्म पनि त्यो मिल्दैन केही सित ।
कैल्यै लिप्त हुँदै हुँदैन बुझ्नू मिली उपाधी सित ॥४९५॥

ज्ञानोदयात्पुरारब्धं कर्म ज्ञानान्न नश्यति ।
अदत्त्वा स्वफलं लक्ष्यमुद्दिश्योत्सृष्टबाणवत् ॥४५२॥

व्याघ्रबुद्धया विर्निमुक्तो वाणः पश्चातु गोतमौ ।
नतिष्ठति छिनत्त्येव लक्ष्यं बेगेन निर्भरम् ॥४५३॥

कोही मानिसले शिकार गरदा क्यै लक्ष्य○ ताकेर त्यो ।
छाडेको जुन बाँण हो त्यहि गई भेदन् पनि लक्ष्यको ॥

• *निर्विकार एवं निराकार ।*
○ *मृग आदि जनावरलाई ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जस्तो गर्दछ त्यै सरी जति तती प्रारब्ध हो त्यो सव।
ज्ञानीले पनि भोग्न बाध्य हुन गै भोग्गर्दछन् ती सव ॥४९६॥

गाईलाइत बाघ ठानि भुलमा जो बाँण छूटी सक्यो।
त्यस्ले भेदन गर्छ गर्छ सहजै आफ्नो त्यही लक्ष्यको ॥
गाई पोत रहेछ लौ भनि पछी जाने पनी क्यै गरी।
बाण् फर्कन्न कदापि लक्ष्य त्यसले हान्नेछ भेदन् गरी ॥४९७॥

त्यस्तैभ्कैं गरी जो छुटेर अहिले आइरहेको पुरा।
ज्ञानीको पनि स्थूल यै शरीरले प्रारब्ध भन्ने कुरा ॥
भोग्नैपर्छ नभोगिहुन्न जति हो भोगेर मात्रै सव।
त्यो प्रारब्ध हुनेछ नाश बुझ्नू यै हो कुरा वास्तव ॥४९८॥

प्रारब्धं बलवत्तरं खलुविदां भोगेन तस्य क्षयः।
सम्यग्ज्ञानहुताशनेन विलयः प्राक्सञ्चितागामिनाम् ॥
ब्रह्मात्मैक्यमवेक्ष्य तन्मयतया ये सर्वदा संस्थिता।
स्तेषा तत्त्रितयं न हि क्कचिदपि ब्रह्मैवते निर्गुणम् ॥४५४॥

भोगेरै सव नष्ट हुन्छ वलवान् प्रारब्ध चाहीं तव।
सञ्चित् चाहिंत भस्म पार्छ सहजै ज्ञानाग्निलेनै सव ॥
ज्ञानोत्तर पछिका ति कर्महरू सव् ज्ञानाग्निले डढ्दछन्।
प्रारब्धै नवनेर कर्म फलती निष्क्रियनै वन्दछन् ॥४९९॥

जोजो आत्म र व्रह्म एक रूप नै प्रत्यक्ष जानी कन।
तेही भाव लिई सदास्थित रही बस्छन् त्यही भैकन।
तिन्का लागि त कर्म केहि नहुँदा प्रारब्ध तीनै थरी ॥
लागू हुन्न र व्रह्म निर्गुणस्वरूप् बन्छन् ति खासै गरी ॥५००॥

उपाधितादात्म्यबिहीनकेवल-
ब्रह्मात्मनैवात्मनि तिष्ठतो मुनेः।
प्रारब्धसभ्दावकथा न युक्ता
स्वप्नार्थसम्वन्धकथेव जाग्रत : ॥४५५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ज्ञानीपुरुष् छाडि उपाधि ती सव ।
ब्रह्मात्मनै भै स्थित हुन्छ केवल ॥
प्रारब्ध स्वप्नासरि हुन्छ ज्ञानीमा ।
हूँदैन सम्वन्ध कुनै उपाधिमा ॥५०१॥

न हि प्रवुद्धः प्रतिभाषदेहे
देहोपयोगिन्यपि च प्रपञ्चे ॥
करोत्यहन्तां ममताभिदन्तां
किन्तु स्वयं तिष्ठति जागरेण ॥४५६॥

जागा पुरुष स्वप्न प्रपंच हो जती ।
मेरो र यो हो म हुँ भन्नु जो तती ॥
हो स्वप्न जस्तै प्रतिभाष यो भनी ।
आफू सदा वस्तछ होशियार् वनी ॥५०२॥

न तस्य मिथ्यार्थसमर्थनेच्छा
न सङ्गहस्तज्जगतोऽपि दृष्टः ।
तत्रानुवर्तियदि चेन्मृषार्थे
न निद्रया मुक्त इतीष्यते ध्रुवम् ॥४५७॥

मिथ्या बुझी वस्तु पदार्थ प्राप्तिमा ।
लाग्दैन ज्ञानीजन कत्ति ब्यर्थमा ।
पदार्थको○ संग्रह गर्नमा पनी ।
हूँदैन इच्छा तिनको कुनैपनी ॥५०३॥

मिथ्या बुझी वस्तुपदार्थ नै सव ।
प्राप्ती गरी संग्रह गर्नमा जव ॥
प्रवृत्ति● जस्को भइनै रह्यो भनी ।
मानिन्न अज्ञान् नीद टुट्न गो भनी ॥५०४॥

○ *धन जग्गा जमिन आदि बिषयहरू ।*

● *कर्ता वनेर धनादि बिषय संग्रह गर्ने कार्यमा लागि रहनु ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तद्वत्परे ब्रह्मणि वर्तमान:
सदात्मना तिष्ठति नान्यदीक्षते ।
स्मृतिर्यथा स्वप्नविलोकितार्थे ।
तथा विद: प्राशनमोचनादौ ॥४५८॥

ब्रह्मात्म■ भाव्मा रहने पुरुष् सदा ।
त्यै ब्रह्मरूप्मा स्थित हुन्छ सर्वदा ॥
सो ब्रह्मबाहेक् अरु चीज क्यै पनी ।
देख्दैन ज्ञानी जनले कतै पनी ॥५०५॥

पदार्थको याद भएपनी जव ।
स्वप्नै सरी देख्दछ ज्ञानिले सव ॥
खानू र छोड्नू जति जो सवै कुरा ।
संस्कारले चल्दछ ज्ञानिको पुरा ॥५०६॥

कर्मणा निर्मितो देह: प्रारब्धं तस्य कल्प्यताम् ।
नानादेरात्मनो युक्तं नैवात्मा कर्मनिर्मित: ॥४५९॥

कर्ताभाव लिएर पूर्व जुनिमा कर्मादि जेजो भयो ।
त्यसैको फलभोग निंति अहिले यो स्थूल देहै भयो ।
यो प्रारब्ध भनी कहिन्छ बुझ्नू आत्मा अनादीत जो ।
कर्मैबाट खडा हुने नभइ फेर् प्रारब्ध मानिन्न त्यो ॥५०७॥

अजो नित्य इति ब्रूते श्रुतिरेषा त्वमोधवाक् ।
तदात्मना निष्ठतोऽस्य कुत: प्रारब्ध कल्पना ॥४६०॥

आत्मा अजन्मा र अनादि नित्य ।
यथार्थवक्ता श्रुति भन्छ सत्य ॥

■ *म असङ्ग स्वरूप ब्रह्म हूँ भन्ने भावना गरिरहने ब्रह्म साक्षात्कार वान पुरुष*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आत्मैस्वरूप्मा स्थित हुन्छ जो जन ।
तिन्मा त प्रारब्ध नगर्नु कल्पना ॥५०८॥

प्रारब्धं सिध्यति तदा यदा देहात्मना स्थितिः ।
देहात्मभावो नैवेष्टः प्रारब्धं त्यजतामतः ॥४६१॥

देहात्म बुद्धी रहला जहाँतक ।
प्रारब्ध लागू छ बुझी त्यहींतक ।
देहात्मभाव् त्याग्नु सदा मुमुक्षुले ।
प्रारब्धलाई पनि त्याग्नु युक्तिले ॥५०९॥

शरीरस्यापि प्रारब्धकल्पना भ्रान्तिरेव हि ।
अध्यस्तस्य कुतः सत्त्वमसत्वस्य कुतो जनिः ॥
अजातस्य कुतो नाशः प्रारब्धमसतः कुतः ॥४६२॥

वास्तवमा त शरीरकै पनि त्यही प्रारब्ध मान्नू पनी ।
भ्रान्तीमात्र त हो अवश्य पनि त्यो अध्यस्तनै हो पनी ॥
सत्ता केहि हुँदैन वस्तुरूपनै मानिन्न अध्यस्तको ।
सत्ता क्यै नहुँदा त जन्म पनि त्यो हूँदैन है तेसको ॥५१०॥

जस्को जन्म हुँदैन फेरि त्यसको मृत्यू हुने के गरी ।
सत्ता शून्य छ सर्वथा शरीरको यै मान्नु बिश्वास् गरी ॥
सत्ता नै यदि छैन तापनि भने प्रारब्ध होला कहाँ ।
त्यो प्रारब्ध हुँदैन सिद्ध कहिल्यै वस्तुस्वरूप्मा यहाँ ॥५११॥

ज्ञानेनाज्ञानकार्यस्य समूलस्य लयो यदि ।
तिष्ठत्ययं कथं देह इति शङ्कावतो जडान् ।
समाधातुं वाह्यदृष्टचा प्रारब्धं वदति श्रुति ॥४६३॥

न तु देहादिसत्यत्ववोधनाय विपश्चिताम् ।
यतः श्रुतेरभिप्रायः परमार्थैकगोचरः ॥४६४॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

क्वै भन्ला यदि ज्ञानले मुल सहित् अज्ञान नाशै भए।
ज्ञानीको त शरीर अभाव हुनुनै पर्ने त तेसो भए।
ज्ञानीको स्थूल देह त्यो पनि यहाँ स्पष्टै गरी देखियो।
भन्ने मूर्खहरू बुझाउन यहाँ प्रारब्ध भन्नू पऱ्यो ॥५१२॥

ज्ञानीको स्थूल देह सत्य छ भनी त्यै मात्र देखाउन।
प्रारब्धै छ भनेर भन्नु श्रुतिको यो अर्थ नै होइन ॥
त्यो अद्वीतिय पारमार्थिकस्वरूप्को मात्र नै वर्णन।
गर्दै सिद्ध गरिदिनू न श्रुतिको हो लक्ष्य यै संझन ॥५१३॥

नानात्व-निशेध

परिपूर्णमनाद्यन्तमप्रमेयमविक्रियम्।
एकमेवाद्वयं ब्रह्म नेह नानास्ति किञ्चिन ॥४६५॥

सर्वत्र नै व्यापक पूर्ण ब्रह्म हो।
अनादि निर्मल् अविकारि रूप हो ॥
अनन्त अद्वीतिय ब्रह्मवस्तुमा।
पदार्थ नाना क्यहि हुन्न तेसमा ॥५१४॥

सद्धनं चिद्धनं नित्यमानन्दघनमक्रियम्।
एकमेवाद्वयं ब्रह्म नेह नानास्ति किञ्चन ॥४६६॥

सच्चित् र आनन्दस्वरूप ब्रह्म हो।
त्यो एक अक्रीय र सत्य वस्तु हो ॥
हो नित्त्यनै त्यो धनिभूत• ब्रह्ममा।
पदार्थ नाना क्यहि हुन्न तेसमा ॥५१५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

• छिद्र रहित फलामको धन जस्तो।

प्रत्यगेकरसं पूर्णमनन्तं सर्वतोमुखम् ।
एकमेवाद्वयं ब्रह्मनेह नानास्ति किञ्चन ॥४६७॥

जो एक रस् हो परिपूर्ण हो अनी ।
हो अन्तरात्मा र अनन्त हो पनी ॥
त्यो एक अद्वीतिय ब्रह्मवस्तुमा ।
पदार्थ नाना क्यहि हुन्न तेसमा ॥५१६॥

अहेयमनुपादेयमनाद्येयमनाश्रयम् ।
एकमेवाद्वयं ब्रह्म नेह नानास्ति किञ्चन ॥४६८॥

जो त्याज्यनै हैन र ग्राह्यहैन त्यो ।
आधार केही पनि छैन तेसको ॥
त्यो एक अद्वीतिय सत्य ब्रह्ममा ।
पदार्थ नाना क्यहि हुन्न तेसमा ॥५१७॥

निर्गुणं निष्फलं सूक्ष्मं निर्विकल्पं निरञ्जनम् ॥
एकमेवाद्वयं ब्रह्म नेह नानास्ति किञ्चन ॥४६९॥

कलारहित्○ भै गुण● ले रहीत हो ।
हो सूक्ष्म निर्मल् अविकारि रूप हो ॥
त्यो एक अद्वीतिय ब्रह्मवस्तुमा ।
पदार्थ नाना क्यहि हुन्न तेसमा ॥५१८॥

अनिरूप्यस्वरूपं यन्मनोवाचामगोचरम् ।
एकमेवाद्वयं ब्रह्म नेह नानास्ति किञ्चन ॥४७०॥

जस्को स्वरूप् वर्णन गर्न नै पनी ।
सकिन्न बाणी मन केहिले पनी ।

○ *अचल, (प्रवृत्तिरहित) ।*

● *सत्व गुण रजोगुणर तमोगुण देखि रहित ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यो एक अद्वीतिय शुद्ध ब्रह्ममा।
पदार्थ नाना क्याहि हुन्न तेसमा ॥५१९॥

सत्समृद्धं स्वतः सिद्धं शुद्धं बुद्ध मनीदृशम् ।
एकमेवाद्वयं ब्रह्म नेह नानास्ति किन्चन ॥४७१॥

जो बोध् स्वरूप्भै स्वतसिद्ध ब्रह्म हो ।
ऐश्वर्यसम्पन्न र शुद्ध बुद्ध हो ॥
त्यो एक अद्वीतिय सत्य ब्रह्ममा ।
पदार्थ नाना क्यहि हुन्न तेसमा ॥५२०॥

आत्मानुभवको उपदेश

निरस्तरागा निरपास्तभोगाः
शान्ताः सुदान्ता यतयो महान्तः ।
बिज्ञाय तत्त्वं परमेतदन्ते
प्राप्ता परां निर्वृतिमात्मयोगात् ॥४७२॥

जस्को राग• छुटी सवै बिषयमा इच्छा हट्यो भोगको ।
इन्द्रीयादि र चित्त शान्त हुन गै चन्चल् हट्यो चित्तको ॥
त्यस्तै शान्त महात्म योगिजन नै त्यै योग माध्यम् भई ।
तत्त्व ज्ञान र शान्ति प्राप्त गरि खुव् बस्छन् ति सूखी○ भई ॥५२१॥

भवानपीदं परतत्त्वमात्मनः
स्वरूपमानन्दधनं बिचार्य ।
विधूय मोहं स्वमनः प्रकल्पियत
मुक्तः कृतार्थो भवतु प्रबुद्धः ॥४७३॥

• *बिषयवस्तुमा रसबुद्धि ।*
○ *चीर सुखी ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हे बत्स ! खासै तिमी आत्मतत्त्व ह्वौ ।
आनन्दघन्भै परमात्म तत्त्व ह्वौ ॥
जानी बुझी खूव बिचार् गरीकन ।
स्वरूपमा वस्नु अचल् भईकन ॥५२२॥

संसार सारा मन कल्पितै त हो ।
यै जानि राम्रै सित मोह छाड्नु त्यो ।
अज्ञान निद्रा बुझि झट्ट त्यागनू ।
कृतार्थमै मोक्ष भएर वाचनू ॥५२३॥

समाधिना साधु विनिश्चलात्मना
पश्यात्मतत्वं स्फुटवोधचक्षुषा ।
नि:संशयं सम्यग वेक्षितश्चे-
च्छ्रुत: पदार्थो न पुनर्विकल्पते ॥४७४॥

समाधिद्वारा गरि चित्त निश्चल ।
नगर्नु कैल्यै पनि चित्त चञ्चल ॥
त्यो ज्ञान चक्षू बिकशित् गरीकन ।
आत्मै फगत् देखनुपर्छ सव्क्षण ॥५२४॥

जस्तो सुनेको छ पदार्थ जो जव ।
देखेपछी शंसय जान्छ त्यो सव ॥
त्यस्तै गरी आत्म स्वरूपको जव ।
प्रत्यक्ष गर्दा दु:ख हट्छ त्यो सव ॥५२५॥

स्वस्याविद्यावन्धसम्वन्धमोक्षा-
त्सत्यज्ञानानन्दरूपात्मलब्धौ ।
शास्त्रं युक्तिर्देशिकोक्ति: प्रमाणं
चान्त: सिद्धा स्वानुभूति: प्रमाणम् ॥४७५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अज्ञानरूप् बन्धन जो छ आफुमा ।
संसर्ग● छाडेपछि मात्र तेसमा ॥
सच्चित् र आनन्दस्वरूप आत्मनै ।
हूनेछ प्रत्यक्ष र फेरि प्राप्त नै ॥५२६॥

यस्मा प्रमाण् शास्त्र गुरु र युक्ति हो ।
अन्तस्करणको अनुभव् पनी त हो ॥
ती चार् थरी युक्ति प्रमाणनै सव ।
मीलेपछी ज्ञान् हुन जान्त वास्तव ॥५२७॥

वन्धो मोक्षश्च तृप्तिश्व चिन्तारोग्यक्षुधादयः ।
स्वेनैव वेद्या यज्ज्ञानं परेषाभानुमानिकम् ॥४७६॥

वन्धन् भयो मोक्ष र तृप्ति○ चिन्ता
आराम भोक् प्यास र फेरि सुर्ना ॥
सारा यि आफैं अनुभव् हुने त हुन् ।
केवल् अरुले अनुमान गर्नि हुन् ॥५२८॥

तटस्थिता वोधयन्ति गुरवः श्रुतयो यथा ।
प्रज्ञयैव तरेद्विद्वानीश्वरानुगृहीतया ॥४७७॥

तटस्थरूप्मा गुरुबाट जो जति ।
मिल्ला श्रुतिको उपदेश नै तती
ईश्वर् प्रसाद् त्यै अति शुद्ध बुद्धिले ।
साक्षात् अनूभव् गरिहाल्नु युक्तिले ॥५२९॥

संसार पार्तर्नु● त्यसै गरीकन ।
उपाय राम्रो यहि नै बुझीकन ॥
बिद्वानको काम यही त मूख्य हो ।
भनेर जानीकन पार तर्नु हो ॥५३०॥

● *अनात्ममा आत्मबुद्धि ।*

○ *इच्छारहित ।*

● *संसार पारतर्नु भनेको शरीरमा भएको अहंवुद्धि हट्नुको साथै ब्रह्मात्म स्वरूपमा दृढ अहं वृद्धि हुनु हो ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वानुभूत्या स्वयं ज्ञात्वा स्वमात्मानमखण्डितम्।
संसिद्धः समुखं तिष्ठेन्निर्विकल्पात्मनात्मनि ॥४७८॥

अखण्ड आनन्दस्वरूप आत्म त्यै ।
जानी अनूभव् गरि सिद्ध नित्य त्यै ॥
आनन्द रूप्मा रहनू तिमी सदा ।
आत्मै स्वरूप्मा स्थित होउ सर्वदा ॥५३१॥

बेदान्तसिद्धान्तनिरूक्तिरेषा
ब्रह्मैवजीवः सकलं जगच्च ।
अखण्डरूपस्थितिरेव मोक्षो ।
ब्रह्माद्वितीये श्रुतयः प्रमाणम् ॥४७९॥

बेदान्त सिद्धान्त यही त भन्दछ ।
यो जीव् जगत् ब्रह्मस्वरूप मान्दछ ॥
त्यो ब्रह्म अद्वीतिय एक रूप हो ।
हुनू त्यसैमा स्थित नै त मोक्ष हो ॥५३२॥

बोधोपलब्धि

इति गुरुवचनाच्छ्रुतिप्रमाणा-
त्परमवगम्य सतत्त्वमात्मयुक्त्या
प्रशमितकरणः समाहितात्मा
क्कचिदचलाकृतिरात्मतिष्ठतोऽभूत् ॥४८०॥

श्रुतिप्रमाणयुक्त गुरु वचन् भयो ।
आफ्नै अनूभव् अनि युक्ति नै भयो ॥
माध्यम् वनाई परमात्म तत्त्व नै ।
जानेर इन्द्रिय भएर शान्त नै ॥५३३॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

खुव् भाग्यशाली वनि कोहि शिष्य त्यो ।
निश्चल् वनाईकन चित्त वुत्ति सो ॥
आत्मैस्वरूप्मा स्थित नै भईकन ।
स्वरूपमै मग्न भई सदादिन ॥५३४॥

कञ्चित्कालं समाधाय परे ब्रह्मणि मानसम् ।
व्युत्थाय परमानन्दादिदं वचनमब्रवीत् ॥४८१॥

केही घडी ब्रह्मस्वरूपमा मन ।
गरी समाहित्° खुव शान्त भैकन ॥
प्रशन्नता खूव जनाउँदै अती ।
उद्गार• गर्छन् अनुभव् भए जती ॥५३५॥

बुद्धिर्विनष्ठा गलिता प्रवृत्ति
व्रह्मात्मनोरेगतयाधिगत्या ।
इदं नजानेऽप्यनिदं न जाने
किंवा कियद्वा सुखमस्त्यपारम् ॥४८२॥

आत्मा तथा ब्रह्म त एक हो भनी ।
जानें खुदै बुद्धि गलीत▪ भो पनि ॥
केही पनी देख्दिन द्वैत वस्तु म ।
अपार आनन्द तिरै छु मस्त म ॥५३६॥

बाचा वक्तुमशक्यमेवमनसा मन्तुं न वा शक्यते ।
स्वानन्दामृतपूरपूरित परब्रह्माम्वुधेर्वैभवम् ।
अम्भोराशिविशीर्णवार्षिकशिलाभावं भजन्मे मनो
यस्यांशांशलवे विलीनमधुनानन्दात्मना निर्वृतम् ॥४८३॥

° *विलकुल विषयचिन्तन रहित भएर मनलाई अखण्डाकार ब्रह्म स्वरूपमा तदाकार तुल्याउनु हो समाहित् ।*
• *खुशी भएर बताउछन् मनको भावना ।*
▪ *शीथिल ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वर्षाको जल बूँद> भै जसरि त्यो सागर् उपर् गीर्दछ ।
सागर्मा मिलि एक रूप हुन गै सागर् स्वयं बन्दछ ॥
मेरो मन् पनि तेहि बूँद सरिभै ब्रह्मात्ममानै मिल्यो ।
आत्मानन्द म पूर्ण ब्रह्म हुँ भनी साक्षात् अनूभव् भयो ॥५७३॥

मन् बाँणीहरूले त वर्णन गरी सक्दैं नसक्ने छ जो ।
आत्मानन्दरूपी रसामृत मिठो व्यापक प्रबाहा छ जो ॥
तेही ब्रह्मसमुद्रमा मिलि मता आनन्दमा मग्न छू ।
जस्को वर्णन गर्न बाणि मनले सक्दैन यो मान्दछू ॥५३८॥

क्वगतं केन वा नीतं कुत्रलीनमिदं जगत् ।
अधुनैव मया दृष्टं नास्ति किं महदभ्दुतम् ॥४८४॥

संसार शून्यै भइ त्यो कहाँ गयो ।
कस्ले लग्यो वा कहिं लीननै भयो ॥
देख्दिन मैले रतिभर् पनी क्यही ।
आश्चर्यमा छू म बहूतनै यही ॥५३९॥

किं हेयं किमुपादेयं किमत्यत्किं विलक्षणम् ।
अखण्डानन्दपीयूषपूर्णे ब्रह्ममहार्णवे ॥४८५॥

अखण्ड आनन्दस्वरूप अमृत
हो ब्रह्मसागर् बुझ् खास निश्चित ॥
त्यस्मा कुनै त्याज्य• र ग्राह्य वस्तुनै ।
हुँदैन रत्तीभर द्वैत वस्तुक्यै ॥५४०॥

न किञ्चिदत्र पश्यामि न श्रृणोमि न वेद्म्यहम् ।
स्वात्मनैव सदानन्दरूपेणास्मि, विलक्षण: ॥४८६॥

> थोपा ।

• त्यागु गर्न र ग्रहण योग्य ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऐले केहि म दृश्य देख्दिन यहाँ सुन्दीन केही पनी ।
सारा ती बिषयादि वस्तुहरू सव् जान्दीन केही पनी ॥
नित्यानन्दस्वरूप आत्मरूपमा स्थित भै रहेको म छू ।
पैले भैं नभई बिलक्षणस्वरूप् भैनै सकेको म छू ॥५४१॥

नमो नमस्ते गुरवे महात्मने
विमुक्तसङ्गाय सदुत्तमाय ।
नित्याद्वयानन्दरसस्वरूपपिणे ।
भूम्ने सदापारदयाम्भ्वुधाम्ने ॥४८७॥

यत्कटाक्षशशिसान्द्रचन्द्रिकापातधूतभवतापजश्रम: ।
प्राप्तवानहमखण्डवैभवानन्दमात्मपदमक्षयं क्षणात् ॥४८८॥

-जस्को खूव कृपाकटाक्ष हुन गै संसारको ताप् गयो ।
क्षण्मानै म अखण्डरूप् हुन पुगें आनन्द खूवै भयो ॥
नित्यानन्द अनन्त सत्य सुखरूप् ब्रह्मात्म प्राप्ती भयो ।
जस्को खूव दया भएर अहिले उद्धार मेरो भयो ॥५४२॥

धन्योऽहं कृतकृत्योऽहं विमुक्तोऽहं भवग्रहात् ।
नित्यानन्दस्वरूपोऽहं पूर्णोऽहं तदनुग्रहात् ॥४८९॥

वाहीं श्री गुरुदेवले गरि खुवै धन्यै भएको म छू ।
ज्यादै नै कृतकृत्य नै हुन गई सूखी भएको म छू ॥

संसार बन्धननै छुटचो र अहिले आनन्दरूप भैकन ।
सर्वत्रै परिपूर्णनै हुन गएँ ब्यापकस्वरूप भैकन ॥५४३॥

असङ्गोऽहमनङ्गोऽहमलिङ्गोऽहममङ्गुर ।
प्रशान्तोऽहमनन्तोऽहमतान्तोऽहंचिरन्तन ॥४९०॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

असङ्गि⇨नै भै अशरीर➔ अव्यय☆ ।
अलिङ्ग⊠नै भैकन हूँ म अक्षय ॥
अत्यन्तनै शान्त अनन्त⊃ हूँ सदा ।
म हूँ सनातन्‌⌐ रूपनै त सर्वदा ॥५४४॥

अकर्ताहममोक्ताहमविकारोऽहमक्रियः ।
शुद्धवोधस्वरूपोहं केवलोऽहं सदाशिवः ॥४९१॥

म हूँ अकर्ता■ र सदा अभोक्तृता● ।
अक्रियनै भै अविकारि हूँ मता ॥
म शुद्ध हूँ बोधस्वरूप हूँ सदा ।
हुँ नित्य कल्याणस्वरूप○ सर्वदा ॥५४५॥

द्रष्टुः श्रोतुर्वक्तुः कर्तुभोक्तुविभिन्न एवाहम् ।
नित्यनिरन्तरनिष्क्रियनिः सीमासङ्गपूर्णवोधात्मा ॥४९२॥

देख्ने र सुन्ने अनि वाक्य बोलने ।
कर्ता र भोक्ता यतिले नभेटिने ।
निसीम♦ निष्कीय• र नित्य रूप हूँ ।
असङ्ग हूँ पूर्ण म ज्ञान रूप हूँ ॥५४६॥

⇨ कुनै पनि अनात्मासँग नमिलेको ।
➔ स्थूल, सूक्ष्म, कारण तीनै शरीर देखिरहित ।
☆ सदा एक नाश रही कहिल्यै नघट्ने ।
⊠ स्त्री पुरुष आदि कुनै पनि लिङ्गयुक्त नभएको ।
⊃ आदि अन्त रहित ।
⌐ सृष्टिको आदि मध्य र अन्त्यमा सदा एकनाश रूपले रहने ।
■ बुद्धिप्रतिविंवितकर्ता भावले रहित ।
● आनन्द मयकोशमा प्रतिविंवित भोक्ता भावले रहित ।
○ सम्पूर्ण प्राणीमात्रको कल्याण गर्ने ।
♦ सीमारहित अर्थात छेउ छुप्पो नभएको ।
• कर्ता भाव रहित ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नाहमिदं नाहमदोऽप्युभयोरवभासकं परं शुद्धम् ।
वाह्याभ्यान्तरशून्यं पूर्णं ब्रह्माद्वितीयमेवाहम् ॥४९३॥

न स्थूल रूप् हूँ न त सूक्ष्म रूप हूँ ।
म हूँ परब्रह्म प्रकाश रूप हूँ ॥
भित्री तथा बाहिर शून्यनै म हूँ ।
म पूर्ण अद्वीतिय शुद्ध ब्रह्म हूँ ॥५४७॥

निरूपममनादित्त्वं त्वमहमिदमद इतिकल्पनादूरम् ।
नित्यानन्दैकरसं सत्यं ब्रह्माद्वितीयमेवाहम् ॥४९४॥

जो हो त्यो उपमा रहीत अनि फेर् जो हो अनादी पनी ।
नित्यानन्द स्वरूप एकरसभै जो सत्य रूप् हो पनी ।
तेही नै म त अद्वितीयरूपभै खासै परब्रह्म हूँ ।
तै मैं यो उ जती छ कल्पित कुरा त्यो देखि टाढा म हूँ ॥५४८॥

नारायणोऽहं नरकान्तकोऽहं
पुरान्तकोऽहं पुरुषोऽहमीशः ।
अखण्डवोधोऽहमशेषसाक्षी
निरीश्वरोऽहं निरहं च निर्ममः ॥४९५॥

नारायणै हूँ नरकान्त नै म हूँ ।
अखण्ड अद्वीतिय बोध्स्वरूप हूँ ॥
सम्पूर्णको साक्षी भई स्वतन्त्र हुँ ।
मेरो र मैंदेखि रहति् म एक हूँ ॥५४९॥

सर्वेषु भूतेष्वहमेव संस्थितो
ज्ञानात्मनान्तर्बहिराश्रयः सन् ।
भोक्ता च भोग्यं स्वयमेव सर्वं
यद्यत्पृथग्दृष्टमिदन्तया पुरा ॥४९६॥

• *मानिसको परम प्रेमको आनंद अर्थात् ... प्यारो ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

म ज्ञान्स्वरूप् हुँ सवकै त आश्रय° ।
प्राणी सवैको म छु भित्र बाहिर ॥
भोक्ता र भोग्यादि समस्त वस्तुनै ।
मेरै स्वरूप्• हो सव हुँ स्वयं मनै ॥५५०॥

मय्यखण्डसुखाम्भोऽधौ वहुधा विश्ववीचयः ।
उत्पद्यन्ते विलीयन्ते मायामारुतविभ्रमात् ॥४९७॥

अखण्ड आनन्द समुद्र हूँ म मा ।
तरङ्ग रूप् बिश्व उठेर बेगमा ।
मायारूपी> बायु सँगै मिलेर त्यो ।
देखिन्छ कैले कहिं हुन्छ लीन सो ॥५५१॥

स्थूलादि भावा मयि कल्पिता भ्रमा ।
दारोपिता नु स्फुरणेन लोकैः ।
काले यथा कल्पकवत्सराय-
नर्त्वादयो निष्कल निर्विकल्पे ॥४२८॥

जस्तारित्सित निर्विकल्प रूपमा वस्दा स्वरूपमा अनी ।
कल्पादी अयनादि बर्ष ऋतु काल् हूँदैन केही पनी ॥
भ्रान्तीका वशमा परेर जनले संकल्प धेरै गरी ।
आरोप्नै स्थूल सूक्ष्मको स्वरूपमा खुव् गर्छ नानाथरी ॥५५२॥

आरोपितं नाश्रयदूषकं भवे
त्कदापि मूढैर्मतिदोषदूषितैः ।
नार्द्रीकरोत्युषरभूमिभागं
मरीचिकावारिमहाप्रवाहः ॥४९९॥

° स्थावर जङ्गादि समस्तप्राणी मात्रको आधार ।

• जस्तो डोरीमा कल्पित सर्व डोरीदेखि भिन्न हुँदैन त्यस्तै आत्मस्वरूपमा कल्पित जगत पनि आत्मा म देखी भिन्न हुन सक्दैन ।

> माया भन्नाले मनलाई बुझ्नुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जस्तो जो मृगतृष्णिका• जल जती धेरै भए तापनी ।
भूमीलाई गिलो बनाउन कवै शक्तैन कत्ती पनी ॥
त्यस्तै बुद्धि अशुद्ध भैकन खुवै अज्ञानि छन् जो जन ।
आरोप्स्थूल र सूक्ष्मको पनि ममा गर्छन् नजानीकन ॥५५३॥

आकाशवल्लेपविदूरगोऽह-
मादित्यवद्भाव विलक्षणोऽहम् ।
आहार्यवन्नित्य विनिश्चलोऽह-
मम्भोदिवत्पार बिवर्जितोऽहम् ॥५००॥

निर्लेप आकाश समान हूँ म ता ।
श्री सूर्य भैं नै अप्रकाश्य´ हूँ मता ।
पर्वत्सरी निश्चलनै म हूँ सदा ।
समुद्र भैं हूँ म अपार सर्वदा ॥५५४॥

न मे देहेन सम्बन्धो मेघेनेव विहायसः ।
अत कुतो मे तद्धर्मा जाग्रत्स्वप्नसुषुप्तयः ॥५०१॥

जस्तो मेघ सगैं कदापि पनि त्यो सम्वन्ध आकाशको ।
हूँदै हुन्न त्यसै गरी शरीरमा मैं आत्म चैतन्यको ॥
सम्वन्धै नहुँदा त धर्म त्यसका जाग्रत् सुषुप्ती कुनै ।
केही हुन्न म मा असंग हुँ म तां निर्लिप्त चैतन्यनै ॥५५५॥

उपाधि रायाति सएव गच्छति ।
स एव कर्माणि करोति भुङ्क्ते ।
स एव जीर्यन्म्रियते सदाहं
कुलादिवन्निश्चल एव संस्थितः ॥५०२॥

• वालुवालाई पानी ठान्नु हो मृगतृष्णाको जल ।
´ जस्तो सूर्य केवल प्रकाश रूप मात्र भएको हुँदा मैले जगतलाई प्रकाश गरेको छु भनेर जानिरहेको हुँदैन त्यस्तै ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जो आऊँछ र जान्छ कर्महरू नै गर्ने पनी गर्दछ ।
जस्ले ती सव कर्मफलहरू जती भोग्ने पनी गर्दछ ॥
बूढोभैकन मर्छ जान्छ नहरी जान्नू उपाधी हुँदा ।
निश्चल् पर्वत झैं अटल् भइ सदा बस्छू म आत्मा हुँदा ॥५५६॥

न मे प्रवृतिर्न च मे निवृत्तिः
सदैकरूपस्य निरंशकस्य ।
एकात्मको यो निविडो निरन्तरो ।
व्योमेव पूर्णः स कथंनु चेष्टते ॥५०३॥

सदा म एक रस् अवयव्○ रहीत हूँ ।
आकाशझैं पूर्ण अखण्ड एक हूँ ॥
चेष्टा ममा छैन प्रवृत्ति छैन क्यै ।
त्यस्तै निवृत्ती पनि कत्ति छैन है ॥५५७॥
पुण्यानि पापानि निरिन्द्रियस्य ।
निश्चेततो निर्विकृतेर्निराकृतेः
कुतो ममाखण्ड सुखानुभूते-
र्बूते ह्यनन्यागतमित्यपिश्रुतिः ॥५०४॥

अखण्ड आनन्द म आत्म तत्त्वमा ।
पाप् पुण्य आदी पनि हुन्न क्यै ममा ॥
मन् चित्त इन्द्रीय बिकार आकृती˃ ।
हूँदैन केही यहि भन्दछन् श्रुती ॥५५८॥

छायया स्पृष्टमुष्णं वा शीतं वा सुष्ठु तुष्ठु वा ।
न स्पृशत्येव यत्किञ्चित्पुरुषं तद्विलक्षणम् ॥५०५॥

न साक्षिणं साक्ष्यधर्माः संस्पृशन्ति विलक्षणम् ।
अविकारमुदासीनं गृहमाः प्रदीपवत् ॥५०६॥

○ *केही कसैको सहायता विना स्वयं शक्ति सम्पन्न भएर रहने ।*
˃ *आकार ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जस्तो छायालाइ नै केहि° गर्दा ।
चीसो तातो आदिले स्पर्श गर्दा ॥
मानिस्लाई कत्ति त्यस्ले छुँदैन ।
त्यस्तै कैले हानि केही हुँदैन ॥५५९॥

वत्ती धर्मा खूव बालिन्छ नित्य ।
ऊज्यालो नै पार्छ त्यस्ले समस्त ॥
बत्तीलाई केहि चिज्ले छुँदैन ।
बत्ती कैल्यै बिकृति नै हुँदैन ॥५६०॥

त्यस्तै आत्मा हो सदा निर्विकल्प ।
साक्षीरूप्भै ब्रह्मनै हो अरूप ॥
देहादी सव् दृश्यदेखी बिलक्षण् ।
साक्षी आत्मा हो असङ्गी उदासिन् ॥५६१॥

रवेर्यथा कर्मणि साक्षिभावो
बह्नेर्यथा वायसि दाहकत्त्वम् ।
रज्जोर्यथारोपितबस्तुसङ्ग-
तथैवकूटस्थचिदात्मतो मे ॥५०७॥

मानिस्ले जति कर्म गर्छ जगमा श्रीसूर्य साक्षी भई ।
तातो हुन्छ फलामनै जति पनी त्यो अग्नि दाहक् भई ॥
आरोपित् जति सर्प हुन्छ तति सो देखिन्छ है रज्जुमा ।
साक्षी भैकन मै कुटस्थ रूप हूँ दृश्यादि संसारमा ॥५६२॥

जस्तो सूर्य स्वयं प्रकाशरूप हो कर्ता नभै अक्रिय ।
त्यस्तै साक्षि स्वयंप्रकाश् स्वरूप हो निर्लिप्त भै अक्रिय ॥

° *पिट्नु, चलाउनु आदि ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कर्ताभाव हुँदैन साक्षी जसमा दृश्यादिको धर्मले ।
साक्षीलाई छुँदैन बिकृति• पनी पार्दैन दृश्यादिले ।।५६३।।

कर्तापि वा कारयितापि नाहं
भोक्तापि वा भोजयितापिनाहम् ।
द्रष्टापि वा दर्शयितापि नाहं
सोऽहं स्वयंज्योतिरनीदृगात्मा ।।५०८।।

न कर्म गर्ने नगराउने म हूँ ।
भोगाउने हैन नभोगने म हूँ ।
देखाउने ह्वैन नदेखने म हूँ ।
आत्मा बिलक्षण् म स्वयं प्रकाश हूँ ।।५६४।।

चलत्युपाधौ प्रतिविम्वलौल्य-
मौपाधिकं मूढधियो नयन्ति ।
स्वविम्वभूतं रविवद्विनिष्क्रियं ।
कर्तास्मि भोक्तास्मि हतोऽस्मि हेति ।।५०९।।
जल्मा परेको प्रतिबिम्व सूर्य त्यो ।
पानी चलेमा खुव चल्न जान्छ सो ।।
त्यो देखि भन्छन् सव मूढ मानिस ।
श्री सूर्यनै चञ्चल हुन् भनी तव ।।५६५।।

त्यस्तै गरी निश्चल आत्मलाइनै ।
चञ्चल भनी मानिरहन्छ मूर्ख नै ।।
कर्ता र भोक्ता अनि जन्म मृत्युको ।
आरोप् गरी बस्दछ मूर्ख मूढ त्यो ।।५६६।।

जले वापि स्थले वापि लुठत्येष जडात्मकः ।
नाहं विलिप्ये तद्धर्मैर्घटधर्मैर्नभो यथा ।।५१०।।

• *बिकारि ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जस्तो घडाको घट धर्मले पनी ।
आकाशलाई रतिभर छुँदैननी ॥
त्यस्तै शरीर्को जडधर्म○ले रती ।
चैतन्य मेरो पनि हुन्न क्यै खती ॥५६७॥

कतृत्त्वभोक्तृत्वखलत्वमत्तता
जडत्ववद्धत्त्वविमुक्ततादय: ।
बुद्धेविकल्पा न तु सन्ति वस्तुत:
स्वस्मिन्परे ब्रह्मणि केवलेऽद्वये ॥५११॥

कर्ताभो अनि दुष्टता पन भयो उन्मत्तत्ता➢ नै भयो ।
भोक्तापन् जडता भयो अरु पनी जो बन्धमोक्षै भयो ।
बुद्धीकल्पित हुन् म हूँ प्रकृति■ त्यो भन्दा बहूतै पर ।
केवल् एक म ब्रह्म सत्स्वरूपमा ऊपाधि नै केछर ॥५६८॥

सन्तु विकारा: प्रकृतेर्दशधा शतधासहस्रधा वापि ।
किंमेऽसङ्गचित्तेस्तैर्न घन कक्चिदम्वरं स्पृशति ॥५१२॥

प्रकृतिमा दश बिस् शयनै थरी ।
किन नहोस बिकार हजार् थरी ।
त्यसमा म असङ्ग आत्मको ।
क्यहि सम्वन्ध हुँदैन सत्य हो ॥५६९॥

जस्तो गरी मेघ र व्योम●मा कुनै
हूँदैन सम्वन्ध फरक् ति हुन् दुवै ।
त्यस्तै गरी आत्म र दृश्यवर्गको ।
हूँदैन सम्वन्ध कदापि दूइको ॥५७०॥

○ *जडको धर्म हो आफूलाई जान्न नसक्ने र अरुलाई पनि नजान्ने ।*
➢ *माद चढ्नु र जे मन लाग्ये त्यहि बोल्नु र जे मन लाग्यो त्यहि गर्नु ।*
■ *प्रकृति हो माया एवं अविद्या ।*
● *व्योम हो आकाश ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अव्यक्तादि स्थूल पर्यन्तमेत-
द्विश्वं यत्राभासमात्रं प्रतीतम् ।
व्योमप्ररव्यं सूक्ष्ममाद्यन्तहीनम् ।
ब्रह्माद्वैतं यत्तदेवाहमस्मि ॥५१३॥

अव्यक्त देखी स्थूलभूत दृश्य यो ।
आभाष मात्रै त प्रतीत हुन्छ यो ॥
आकाश झैं सूक्ष्म अनन्त व्यापक ।
अद्वैत रूप्‌भै म हुँ ब्रह्मवास्तव ॥५७१॥

सर्वाधारं सर्व वस्तु प्रकाशं
सर्वाकारं सर्व्‌गं सर्वशून्यम् ।
नित्यं शुद्धं निश्चलं निर्विकल्पं
ब्रह्माद्वैतं यत्तदेवाहमस्मि ॥५१४॥

आधार्‌भै सवदृश्य वर्गहरूको सव्‌को प्रकाशक् भई ।
ब्यापक् भैकन सर्वरूप हुन गै निश्चल् स्वरूप्‌नै भई ॥
सारादेखि अलग् बिकल्पहरू क्यै छैनन् ति जस्मा कुनै ।
त्यो अद्वैतस्वरूप ब्रह्म जुन हो वास्तव म हूँ तेहिनै ॥५७२॥

यत्प्रत्यस्ताशेषमायाविशेषं ।
प्रत्यग्रूपं प्रत्ययागम्यमानम् ॥
सत्यज्ञानानन्तमानन्दरूपं
ब्रह्माद्वैतं यत्तदेवाहमस्मि ॥५१५॥

जो मायिक्✓ सवभेदले रहितभै जो अन्तरात्मा भई ।
जानीने चिजवस्तु केहि नभई ज्योती स्वरूप्‌नै भई ।
सच्चित्सुखस्वरूप° ब्रह्म पनि भै जो एक अद्वैत हो ।
तेही ब्रह्म अनन्तभैकन सदा मेरै स्वरूप् नै त हो ॥५७३॥

✓ *मायाको कार्य सम्पूर्ण स्थूल सूक्ष्मादि दृश्य वर्गहरू ।*
° *कहिल्यै नाश नहुने, सारा कुरा जान्ने, परम आनन्दस्वरूप ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

निष्क्रियोऽस्म्यविकारोऽस्मि निष्कलोऽस्मिनिराकृत्तिः ।
निर्विकल्पोऽस्मि नित्योऽस्मि निरालम्बोऽस्मि निर्द्वयः ॥५१६॥

क्रियारहित् हूँ मत निर्बिकार हूँ ।
आकार रहित् भैं म कला• रहीत हूँ ।
विकल्प वर्जित् भइ नित्य सत्य हूँ ।
म हूँ निरालम्बर अद्वितीय हूँ ॥५७४॥

सर्वात्मकोऽहं सर्वोऽहं सर्वातीतोऽहमद्वयः ।
केवलाखण्डवोधोऽहमानन्दोऽहं निरन्तरः॥५१७॥

सव्को म आत्मा भइ सर्वरूप हूँ ।
सव्देखि वेगल् भइ अद्वितीय हूँ ।
जागा म हूँ ज्ञानस्वरूप आत्म हूँ ।
म नित्य आनन्दस्वरूप व्रह्म हूँ ॥५७५॥

स्वाराज्यसाम्राज्यबिभूतिरेषा
भवत्कृपाश्रीमहिम प्रसादात् ।
प्राप्ता मया श्री गुरवे महात्मने ।
नमो नमस्तेऽस्तु पुनर्नमोऽस्तु ॥५१८॥

गुरु हजुर्को महिमा प्रसादले ।
दयारूपी खूब कृपा कटाक्षले ॥
स्वाराज्य■ साम्राज्य बिभूति प्राप्तभो ।
गर्छू नमस्कार म त खुव् हजूरको ॥५७६॥

महास्वप्ने मायाकृतजनिजरामृत्युगहने ।
भ्रमन्तं क्लिश्यन्तं वहुलतरतापैरनुदिनम् ॥
अहंकारव्याघ्रव्यथितमिममत्यन्तकृपया ।
प्रवोध्य प्रस्वापात्परमवितवान्मामसि गुरो ॥५१९॥

• *कला हो नाम रूप ।*
■ *एक अद्वितीय परमआनन्द स्वरूप ।*

CC-0 Nepal Sanskrit Academy, Kathmandu Collection

ठूलो स्वप्ना माया हुन गइ त्यसैले गरिकन ।
प्रतित् हूने गर्थ्यो दुःखमय जरा जन्म मरण ॥
त्यसैमा भइकेरै दिनदिन थिएँ चिन्तित खुव ।
अहंकार् त्यो बाघ्ले बहूतसँग दिन्थ्यो दुःख तव ॥५७७॥

नमस्तस्मै सदेकस्मै कस्मैचिन्मयसे नमः ।
यदेतद्विश्वरूपेण राजते गुरुराज ते ॥५२०॥

खुवै रक्षा मेरो गुरुवर हजुर्बाट हुनगै ।
भयो उद्धार् ठूलो म त हुन गएँ खास् अमरनै ॥
गयो सारा मेरो जति जति थियो शंसय○ सव ।
भयो जीवन् मेरो सफल पनि राम्रैसित अब ॥५७८॥

सदा एकैरूप्मा जगतभरि व्यापक् भइकन ।
बिराज्मान् हूनेजोसवतिर बिराटरूप् बनिकन ॥
गुरूराज् हे स्वामी ! बिपुल> जुन तेज् हो हजुरको ।
नमस्कार् गर्दैछू नभुलिकन त्यै सत्स्वरूपको ॥५७९॥

उपदेशको-उपसंहार

इति नतमवलोक्य शिष्यवर्यं
समधिगतात्मसुखं प्रवुद्धतत्त्वम् ।
प्रमुदितहृदयः स देशिकेन्द्रः ।
पुनरिदमाह वचः परं महात्मा ॥५२१॥

यस्तैरित्सित प्रार्थना गरि खुबै भैतत्त्वज्ञानी अनी ।
आत्मानन्दि वनी प्रणाम गुरुको गर्दा गुरुले पनी ॥
आफ्ना शिष्य उपर बहूत खुशिभै मीठा वचन्ले गरी ।
गर्छन् ती उपदेश उत्तम खुबै अत्यन्त प्यारो गरी ॥५८०॥

○ *आफ्नो वास्तविक आत्मस्वरूपको बारेमा शंका ।*

> *अत्यन्त ठूलो अर्थात तीन त्रिलोक् चौध भूवनलाई प्रकाश गर्ने महानतेज ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ब्रह्मप्रत्ययसन्ततिर्जगदतो ब्रह्मैव सत्सर्वतः ।
पश्याध्यात्मदृशा प्रशान्तमनसा सर्वास्ववस्थास्वपि ॥
रूपादन्यदवेक्षितुं किममितश्चक्षुष्मतां विद्यते ।
तद्वद्ब्रह्मविदः सतः किमपरं बुद्धेर्विहारास्पदम् ॥५२२॥

हे बाबू ! तिमि चिन्तशान्त गरि फेर् अध्यात्म• दृष्टी गरी ।
यो संसार् सब ब्रह्मकै प्रतिति हो यैनै अनूभव् गरी ॥
तेही ब्रह्मस्वरूप देखिरहनू जल्को प्रवाहा सरी ।
आर्को दृश्य नदेख्नु कत्ति पनि है त्यो भेद बुद्धी गरी ॥५८१॥

दृष्टी स्थूल■ हुने जती पुरुष छन् दृश्यादि रूप् मात्र नै ।
देख्छन् त्यो अतिरिक्त फेरि अरु क्यै हूँदैन तिन्को कुनै ।
त्यस्तैनै गरि ब्रह्मज्ञानिहरूको सद्बुद्धिले नै पनी ।
केवल् ब्रह्मस्वरूप देख्छ अरु क्यै देख्दैन कत्ती पनी ॥५८२॥

कस्तां परानन्दरसानुभूति-
मुत्सृज्य शून्येन रमेत बिद्वान् ।
चन्द्रे महाह्लादिनि दीप्यमाने
चित्रेन्दुमालोकयितुं क इच्छेत् ॥५२३॥

आनन्द दायक् परिपूर्ण चन्द्रमा ।
छाडेर त्यो चित्रलिखीतचन्द्रमा◌ ॥
हेर्छू भनी क्वै पनि बुद्धिमान्जन ।
गर्दैन इच्छा पनि मूर्ख भैकन ॥५८३॥

त्यस्तै परंसूखस्वरूप ब्रह्मको ।
छाडी अनूभव् दुःखदायि दृश्यको ॥
लागी पछाडी कुन बुद्धिमान् जन ।
गर्ला रमण् त्यो पनि व्यर्थमा किन ? ॥५८४॥

• *आफ्नो वास्तवस्वरूप ब्रह्मात्मतत्त्वलाई मात्र देखिरहनु ।*
■ *वहिर्मुखचित्त भएका ।*
◌ *कागजमा लेखिएको चन्द्रमा ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

असत्पदार्थानुभवे न किञ्चि-
न्नह्यस्ति तृप्तिर्न च दुःख हानिः ।
तदद्वयानन्दरसानुभूत्या
तृप्तः सुखं तिष्ठ सदात्मनिष्ठया ॥५२४॥

जो जो छन् ति असत् पदार्थहरूको गर्दा अनूभव् सदा ।
तृप्ती कत्ति हुँदैन नाश दुःखको हूँदैन केही कदा ॥
त्यसैले तिमि अद्वितीय जुन हो आनन्दरूप् ब्रह्मको ।
निष्ठा°मै रहि तृप्त भैकन सदा भोगगर्नु आनन्दको ॥५८५॥

स्वमेव सर्वथा पश्यन्मन्यमानः स्वमद्वयम् ।
स्वानन्दमनुमुञ्जानः कालं नय महामते ॥५२५॥

हे बुद्धिमान् सव्तिर देख्नु आफुनै ।
आफू त अद्वीतिय नित्य मान्नु है ॥
आनन्दरूप् ब्रह्मस्वरूपकै खुब ।
गर्दै अनूभव् र बिताउदिन् सव ॥५८६॥

अखण्डबोधात्मनि निर्विकल्पे
विकल्पनं व्योम्नि पुरः प्रकल्पनम् ।
तदद्वयानन्दमयात्मना सदा
शान्तिं परामेत्य भजस्वमौनम् ॥५२६॥

अखण्ड आत्माखुवनिर्विकल्प हो ।
विकार शून्यै भई ज्ञान् स्वरूप हो ॥
बिकल्प• देख्नू सव कल्पना त हो ।
आकाशको त्यो नगरै समान हो ॥५८७॥

° *अटूट चिन्तन ।*
• *द्वैत जगत देख्नु ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसो हुँदा केवल एक् स्वरूपमा ।
आनन्दले पूर्णस्वरूप ब्रह्ममा ॥
स्थित्भै परंशान्ति अवश्य लाभ् गर ।
साथै तिमी मौन्• पनि धारणा गर ॥५८०॥

तूष्णीमवस्था परमोपशान्ति-
र्वुध्देरसत्कल्प विकल्पहेतोः॥
ब्रह्मात्मना ब्रह्मबिदो महात्मनो
यत्राद्वयानन्दसुखं निरन्तरम् ॥५२७॥

जो ब्रह्म बेत्ताहरू हुन् महात्मा
बिकल्पको कारण बुद्धि ब्रह्ममा ।
अखण्डरूप्मा स्थिर राखि मौनभै ।
बस्छन् परंशान्ति लिएर ती सवै ॥५८९॥

अखण्ड अद्वीतिय ब्रह्म तत्त्व नै
आफ्नो स्वरूप् वास्तव जानि तेहि नै ।
अखण्ड आनन्दस्वरूप ब्रह्मकै ।
गर्छन् अनुभव् ति महात्मजन् सवै ॥५९०॥

नास्ति निर्वासनान्मौनात्परं सुखकृदुत्तमम् ।
बिज्ञातात्मस्वरूपस्य स्वानन्दरसपायिनः ॥५२८॥

जानी ब्रह्मस्वरूपलाई सहजै साक्षात् अनुभव् गरी ।
तेही ब्रह्मस्वरूपमा स्थित भई स्वानन्दरस् पान् गरी ॥
वास्नाशून्य○ हुनु र मौन सरिको ठूलो र उत्तम् कुरा ।
मान्दैनन् सुखदायि वस्तु अरु क्यै ज्ञानीहरू ती पूरा ॥५९१॥

• *बिल्कुल विषयसहित कुनै पनि चिन्तन रहित भएर बस्नु हो मौन ।*
○ *बिल्कुलै इच्छारहित हुनु ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गच्छंतिष्ठन्नुपविशञ्छयानो वान्यथापिवा ।
यथेच्छया वसेद्विद्वानात्मारामः सदा मुनीः ॥५२९॥

बिद्वान् मुनीजन्हरूले बिचार् गर ।
हिंड्दा र बस्दा उठँदा निरन्तर
रमण्> गरी स्वात्मस्वरूपमै सदा ।
इच्छानुकुल् बर्तनु पर्छ सर्वदा ॥५९२॥

न देशकालासनदिग्यमादि-
लक्ष्याद्यपेक्षा प्रतिबद्धवृत्तेः ।
संसिद्धतत्त्वस्य महात्मनोऽस्ति
स्ववेदनेका नियमाद्यपेक्षा ॥५३०॥

जस्को सदादिन् सवचित्त वृत्ति त्यो ।
आफ्नै स्वरूप्मा रमिनै रहन्छ सो ॥
त्यस्को मिल्यो सिद्धि त आत्म तत्त्वको ।
कल्याण् भयो तेहि महापुरुषको ॥५९३॥

आशन्■ दिशा काल् नियमादि केहिले ।
छेक्तैन तिन्लाइ त केहि वस्तुले ॥
स्वरूप○ ज्ञान जो दृढभै सकेपछी ।
बन्धनहरू क्यै रहँदैन त्यस्पछी ॥५९४॥

घटोऽयमिति विज्ञातुं नियमः को न्वपेक्ष्यते ।
विना प्रमाणसुष्ठुत्वं यस्मिन्सति पदार्थधीः ॥५३१॥
घडा यहि हो भनि जान्नलाइ त्यो ।
खासै घटानै खुद जान्नु पर्छ सो ।
वस्तू स्वरूप् जानि सके पछी तव ।
चाहिन्न केही नियमादिनै सव ॥५९५॥

> रमाएर परमात्मस्वरूपमा नै मग्न हुनु ।

■ पद्मासन आदि आशनहरू ।

○ आफ्नो वास्तविक स्वरूप ब्रह्मात्मतत्त्वको ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अयमात्मा नित्यसिद्धः प्रमाणे सति भासते ।
नदेशं नापि वा कालं न शुद्धिं वाप्यपेक्षते ॥५३२॥

आत्मास्वरूप् वास्तव नित्य सिद्ध हो ।
जो गर्छ सिद्धी त्यहि° आत्मतत्त्व हो ॥

आफ्नो स्वरूप् जान्न त देशकाल■को ।
कत्ती अपेक्षा रहँदैन केहिको ॥५९६॥

देवदत्तोऽहमित्येतद्विज्ञानं निरपेक्षकम् ।
तद्वद्ब्रह्मविदोऽप्यस्य ब्रह्माहमिति वेदनम् ॥५३३॥

जस्ता रित्सित देवदत्त• म हूँ खास् यो ज्ञानलाई कुनै ।
चाहिंदैन प्रमाण युक्तिहरू क्यै निती नियम् आदि नै ॥
त्यस्तै नै गरि ब्रह्मज्ञानिहरूले मैं ब्रह्म हूँ लौ भनी ।
भन्नालाइ पनि प्रमाणहरू क्यै चाहिन्न कत्ती पनी ॥५९७॥

भानुनेव जगत्सर्वं भासते यस्य तेजसा ।
अनात्मकमसच्तुच्छं किंनु तस्यावभासकम् ॥५३४॥

जस्ता रित्सित सूर्यले जगत यो गर्छन् प्रकाशित् तव ।
त्यस्तै रित्सित यो अनात्मचिजको गर्ने प्रकाशित् सव ॥
सारा दृश्य असत् पदार्थहरूको जस्ले प्रकाश् गर्दछ ।
कोहोला त्यसको प्रकाशक अरु आँफै प्रकाश्मान छ ॥५९८॥
बेदशास्त्रपुराणानि भूतानि सकलान्यपि ।
येनार्थवन्ति तं किं नु बिज्ञातारं प्रकाशयेत् ॥५३५॥

° *वास्तवमा द्वैतवस्तु हुँदै नभएको हुँदा आत्मा मैले आत्मा मलाइ नै सिद्ध गर्दछु अरु कसैले होइन ।*

■ *स्वरूप ज्ञानको लागि यो स्थान र यो वेला चाहिन्छ भन्ने केहि छैन ।*

• *जस्तो देवदत्तलाइ म देवदत्त हुँ भन्न कुनै प्रमाण चाहिंदैन ठीक त्यस्तै ब्रह्मज्ञानीहरूले म ब्रह्म हुँ भन्न कुनै प्रमाण चाहिंदैन ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बेदादी र पुराणाशास्त्रहरू भो भूतादि प्राणी भयो।
जस्ले अर्थ गरी बुझाउँछ सबै संसारमा जो भयो ॥
खासै ती परमात्मतत्त्व हुनगै हुन् सर्व साक्षी उनै।
को गर्ने तिनको प्रकाश अरु गर्दैन कैल्यै कुनै ॥५९९॥

एष स्वयंज्योतिरनन्तशक्ति-
रात्माप्रमेय: सकलानुभूति: ।
यमेव बिज्ञाय विभुक्तवन्धो
जगत्ययं ब्रह्मविदुमोत्तम: ॥५३६॥

आत्मा स्वयंज्योति र सर्वसाक्षी हो।
अनन्त शक्ती भइ अप्रभेय• हो।
सारा अनूभव त्यहि साक्षी गर्दछ।
त्यो एक अद्वीतियनै ठहर्दछ ॥६००॥

यो जान्न सक्ने जति जो महात्म छन्।
ती ब्रह्मवेत्ताहरू नै ठहर्दछन् ॥
ज्ञानी महात्मा वनि मुक्त भैकन।
बस्छन् सदा ती खुव धन्य○ भैकन ॥६०१॥

न खिद्यतेनो बिषयै प्रमोदते।
नसज्जते नापि बिरज्यते च ॥
स्वस्मिन्सदा क्रीडति नंन्दतिस्वयं।
निरन्तरानन्दरसेन तृप्त ॥५३७॥

प्राप्ती हुँदा क्यै बिषयादि चिज्हरू।
सुखी• दु:खी क्यै नभई तिनीहरू ॥

• *प्रमेय हो बिषय एवं दृश्य।*
○ *स्वत: समस्त प्राणी मात्रको हितमा रतभइकन धन्यवादका पात्र बन्दछन् र परमानन्दले युक्त वनिरहेका हुन्छन्।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बिरक्त आशक्त रती नभैकन।
बस्छन् ति एकै रूपमा सदादिन ॥६०२॥

आत्मै स्वरूप्मा भइ मग्न ती सदा।
आनन्दरस्मा■ डुविखूव सर्वदा।
तृप्ती भई आत्मस्वरूपमै रही।
गर्छन् क्रिडा˃ ती अति नै खुशी भई ॥६०३॥

क्षुधां देहव्यथां त्यक्त्वा वालक्रीडतिवस्तुनि।
तथैव विद्वान् रमते निर्ममो निरहं सुखी ॥५३८॥

जस्तो वालक वर्ग पाइकन त्यो खेल्ने कुरा नै जव।
भूली रोग र कष्ट सव् शरीरको खेल्छन् रमाइ खुव॥
त्यस्तै भैँ गरि आत्मज्ञानिहरू ती आत्मैस्वरूप्मा रही।
गर्छन् नित्य रमण् अहंमम○ सवै छाडेर सूखी भई ॥६०४॥

चिन्ताशून्यमदैन्यभैक्षमशनं पानं सरिद्वारिषु।
स्वातन्त्रेण निरङ्कुशा स्थितिरभीर्निद्रा श्मशाने वने॥
बस्त्रं क्षालनशोषणादिरहितं दिग्वास्तु शय्या मही
सञ्चारो निगमान्तवीथिषु विदां क्रीडा परे ब्रह्मणि ॥५३९॥

जो बिद्वान् भइ ज्ञानिनै हुनसके ती ब्रह्मबेत्ता सव।
चिन्ता शून्य र दुःखले रहितभै हुन्छन् ति सुखी खुव॥

• *ब्रह्मज्ञानीहरू इष्ट विषय प्राप्तिमा सुखी एवं अनिष्ट विषय प्राप्तिमा दुःखी हुँदैनन्।*

■ *परमानन्द स्वरूप आत्मालाई ग्रहण गरी त्यही परमानन्द स्वरूपमा स्थित भएका ज्ञानी महात्माहरू हरहालतमा अपार आनन्द भोग गरिरहेका हुन्छन्।*

˃ *नाटकको पात्रले भेष वदलेर आफ्नो पाठ खुशीसाथ खेलेझैं ज्ञानीहरू पनि प्रशन्नताका साथ व्यवहारमा वर्तिरहेका हुन्छन्।*

○ *अहं मम हो आत्माको उपाधि अर्थात् दूखको हेतु त्यसकारण अहं मम भावलाई नत्याग सम्म मानिस सुखी हुन सक्दैनौ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्छन् भोजन अल्पनै तिनिहरू भिक्षान्न जो मिल्दछ ।
प्यूछन् जल् पनि ती नदीतिर गई तिर्खा पनी हट्तछ ॥६०५॥

अङ्कुश् केहि कुनै हुँदैन तिनको बन्धन् हुँदैहुन्न क्यै ।
डुल्छन् नित्य स्वतन्त्रनै भइ सदा छेक्दैन तिन्लाइ क्यै ॥
साराक्षण् भयले रहीत हुन गै वस्छन् स्मशान्मा पनी ।
सुत्छन् निर्भयभै ति खालि भुमिको शैय्या बनाई पनी ॥६०६॥

बोक्रा वस्त्र लगाउछन् तिनिहरू चाहिन्न क्यै वस्त्रनै ।
देख्छन् नित्य निरन्तरै उहि सदा जो हो परब्रह्मनै ॥
गर्छन् काम खुशी भई तिनिहरू बेदान्तकै सारमा ।
खेल्छन् खूव रमाइ स्वस्वरूपमै वाहीं परब्रह्ममा ॥६०७॥

विमानमालक्ष्य शरीरमेतत्
भुनक्त्यशेषान्विषयानुपस्थितान् ।
परेच्छया वालवदात्मवेत्ता ।
योऽव्यक्तलिङ्गोऽननुषक्तवाह्य: ॥५४०॥

महापुरुष् ज्ञानिहरू जती सव ।
ठान्छन् विमानै सरि देह यो तव ॥
हूँदैन कत्ती अभिमान देहको ।
आधार कत्ती पनि हुन्न तेसको ॥६०८॥

निर्लिप्त भै ती व्यवहार गर्दछन् ।
बालक् सरी भै बिषयादि भोग्दछन् ॥
आशक्ति कत्ती पनि हुन्न केहिको ।
गर्छन् अनूभव् खुव नित्य शान्तिको॥६०९॥

दिगम्वरो वापि च साम्वरो वा
त्वगम्वरो वापि चिदम्वरस्थ: ।
उन्मत्तवद्वापि च वालवद्वा
पिशाचवद्वापि चरत्यवन्याम् ॥५४१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चैतन्यवस्त्र पहिरीकन ती रहन्छन् ।
ती भाग्यवान् पुरुष जीवनमुक्त हुन्छन् ।
बालक् पिचास सरि भै ति स्वतन्त्ररूप्मा ।
घुम्छन् जहिं कहि पनी ति धरातलैमा° ॥६१०॥

कामान्नी कामरूपी संश्चरत्येकचरो मुनिः ।
स्वात्मनैव सदा तुष्टः स्वयं सर्वात्मना स्थितः ॥

सर्वात्मभाव्मा■ रहने ति गर्दछन् ।
आत्मै स्वरूप्मा खुव मग्न पर्दछन् ॥
स्वतन्त्ररूप्मा बिचरण् ति गर्दछन् ।
इच्छानुसार भोजन पान गर्दछन् ॥६११॥

क्कचिन्मूढो विद्वानक्वचिदपि महाराजविभवः
क्कचिद्भ्रान्तः सौम्यः क्कचिदजगराचारकलितः ।
क्कचित्पात्रीभूतः क्कचिदवमतः क्कापविदित-
श्चरन्त्येवं प्राज्ञः सततपरमानन्दसुखितः ॥५४३॥

महात्मा ज्ञानी ती कहिं मूढ सरी नै बनिकन ।
कहीं राजा बिद्वान् समीप खुव ठाँट्वाँट् झिकिकन ॥
कहीं पागल् जस्तो वनीकन कहीं शान्त रूपमा ।
कहीं निश्चल् बन्छन् अजिंगर समान्कै त रूपमा ॥६१२॥

निरन्तर आफ्नै त्यो स्वरूप परमानन्द जसमा ।
निमग्नै भै बिद्वान् वनि कहिं ससम्मानरूपमा ॥
कहीं आदर पाई कहिं त अपमानित् भइकन ।
कुनै इच्छा केही नलिइकन गर्छन् विचरण ॥६१३॥

° *पृथ्वीमा ।*

■ *चलअचल समस्त जगत प्रपंच एवं प्राणीमात्रलाई सर्वात्म भाव अर्थात् आत्मभावले देख्ने ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

निर्धनोऽपि सदा तुष्टोऽप्यसहायो महावलः ।
नित्यतृप्तोऽप्यभुञ्जानोऽप्यसमः समदर्शनः ॥५४४॥

निर्धन् आफू भए पनि हरवखत् सन्तुष्टभै वस्दछन् ।
सहायै नभए पनी त वलवान् आफू सदा ठान्दछन् ॥
भोजन केहि नपाउँदा पनि रती ती तृप्तभै वस्दछन् ।
संसारमा शमदर्शिनै भइ सदा ती वर्तने गर्दछन् ॥६१४॥

अपिकृर्वन्नकुर्वाणश्चाभोक्ता फलभोग्यपि ।
शरीर्यप्यशरीर्येष परिच्छिन्नोऽपिसर्वगः ॥५४५॥

सारा कर्म गरे पनी दिनदिनै खासै अकर्ता भई ।
नाना भोग गरे पनी बिषयको आफू अभोक्ता भई ॥
धारण् देह गरे पनी अशरिरी हूने र त्यस्तै अनी ।
सानो जीव भए पनि तर तिता हुन् सर्वव्यापी पनी ॥६१५॥

अशरीरं सदा सन्तमिमं ब्रह्मविदं क्वचित् ।
प्रियाप्रियेन स्पृशतस्तथैव च शुभाशुभे ॥५४६॥

जो ब्रह्मज्ञानि जन् छन् अशरीरि•नै भै
वस्छन् अटल भइ सदा ति त ब्रह्मनै भै ॥
छूदैन कत्ति प्रियले र अप्रीय चिजले ।
त्यस्तै छुँदैन शुभले र अशूभ दोष्ले ॥६१६॥

स्थूलादिसम्वन्धवतोऽभिमानिनः
सुखं च दुःखं च शुभाशुभे च ।
विध्वस्तवन्धस्य सदात्मनो मुनेः
कुतः शुभं वाप्यशुभं फलं वा ॥५४७॥

• *अरुको दृष्टिमा शरीरधारि भनि मानिएता पनि ब्रह्मज्ञानीहरू आफू असङ्ग व्यापक ब्रह्मको रूपमा स्थित भइरहेको अनुभव गरिहेका हुन्छन् ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देहै हूँ म भनेर मानिरहने देहाभिमानी छ जो ।
मोटो स्थूल र सूक्ष्म त्यो शरीरमा सम्बन्ध राख्ने छ जो ।
त्यस्तालाइ त सुख दुःखहरूभो सारा शुभाशुभ् जती ।
प्राप्ती हुन्छ विकारि बन्छ सव दिन् छुट्दैन बन्धन् रती ॥६१७॥

जस्को टूटिसक्यो समस्तरूपमा देहादि बन्धन्हरू ।
ज्ञानी सत्यस्वरूपवान मुनि ती हुन्छन् सुखीनै बरु ॥
ती ज्ञानीहरूमा शुभाशुभ भयो पाप्पुण्य आदी भयो ।
तिन्का फल्हरूले छुदैन रतिभर् सिद्धान्त पक्का छ यो ॥६१८॥

तमसा ग्रस्तवभ्दानादग्रस्तोऽपि रविर्जनैः ।
ग्रस्त इत्युच्यते भ्रान्त्या ह्यज्ञात्वा वस्तुलक्ष्णम् ॥५४८॥

तद्वदेहादिवन्धेभ्यो विमुक्तं ब्रह्मवित्तमम् ।
पश्यन्ति देहिवन्मूढा शरीराभासदर्शनात् ॥५४९॥

वास्तव् तत्वनजानि भन्छ जनले श्रीसूर्यलाई पनी ।
राहू ढाक्दछ ग्रस्त पार्दछ भनी अज्ञानि आफू वनी ॥
त्यस्तै भैं गरि ब्रह्मज्ञानि जन हुन् सव् देहधारी भनी ।
अज्ञानी जन मान्छ देख्तछ शरीर् ती ज्ञानिको नै पनी ॥६१९॥

अहर्निल्वर्यनींवायं मुक्त्वादेहस्तु तिष्ठति ।
इतस्ततश्चाल्यमानो यत्किञ्चित्प्राणवायुना ॥५५०॥

जस्तो काँचुलि सर्प हुन्न कहिल्यै खासै त त्यो भिन्न हो ।
त्यस्तै भैं गरि ज्ञानिको पनि शरीर् तीदेखि भिन्नैत हो ॥
चेष्टा गर्दछ त्यो यता उति फिरी प्राण्वायुद्वारा पनी ।
ज्ञानीको अभिमान हुन्न त्यसमा वन्दैन कर्ता पनी ॥६२०॥

स्रोतया नीयते दारु यथा निम्नोन्नतस्थलम् ।
दैवेन नीयते देहो यथाकालोपभुक्तिषु ॥५५१॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जस्तै त्यो जलको प्रवाहहरू' मा बग्ने जती दाउरा ।
एताउति उघो उघो जहिंतहीं बग्छन् विवस्भै पुरा ॥
त्यस्तै भैं गरि दैवका° अधिनमा जो ज्ञानिको देह छ ।
मौकामा बिषयादि भोगहरू त्यो गर्ने पनी गर्दछ ॥६२१॥

प्रारब्धकर्म परिकल्पितबासनाभि:
संसारिबच्चरति भुक्तिषु मुक्तदेह: ।
सिद्धस्वयं वसति साक्षिवदत्र तूष्णीं
चक्रस्य मूलमिव कल्पविकल्पशून्य: ॥५५२॥

संसारी भइ ज्ञानिको शरीरले भोग्^ गर्न लाग्दा पनी ।
ज्ञानीजन्हरू वस्तछन् अचलभै आफू अभोक्ता बनी ॥
घुम्दा चक्र कुमालको जसरि त्यो घुम्दैन है मूल• त ।
त्यस्तै ज्ञानिहरू पनी अटल भै वस्छन् ति ढुक्कैसित ॥६२२॥

नैवेन्द्रियाणि बिषयेषु नियुङक्त एष
नैवोपयुङ्क्त उपदर्शनलक्षणस्थ: ।
नैव क्रियाफल मपीषदवेक्षते स ।
स्वानन्दसान्द्ररसपानसुमत्तचित्त: ॥५५३॥

साक्षात्कार गरेर स्वस्वरूपको त्यस्मै सदा स्थीत भै ।
आत्मानन्दरूपी रसामृत पि यी बस्ने सदा मत्त भै
त्यस्तो ज्ञानि पुरुष कर्म फलनै देख्दैन केही पनी ।
वास्ता देह र इन्द्रियादिहरूको गर्दैन कत्ती पनी ॥६२३॥
लक्ष्यालक्ष्यगतिं त्यक्त्वा यस्तिष्ठेत्केवलात्मना ।
शिव एव स्वयं साक्षादयं ब्रह्मविदुत्तम: ॥५५४॥

' *भेल अथवा बाढी ।*
° *पूर्व जन्मार्जित कर्म फलमा (प्रारब्धमा) अधिष्ठित ईश्वर ।*
^ *बिषय भोग ।*
• *चक्रको आधार मुल ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लक्ष्यालक्ष्य• दुवै ति दृष्टिहरूनै त्यागेर ब्रह्मात्ममा।
बस्ने नित्य महापुरुषहरूनै हुन् श्रेष्ट ती ज्ञानिमा॥

साच्चै नै शिवकै स्वरूप सरि हुन् ती ब्रह्मवेत्ताहरू।
नित्यानन्द र होशियार अति नै हुन्छन् ति ज्ञानीहरू॥६२४॥

जीवन्नेव सदा मुक्तः कृतार्थो ब्रह्मवित्तम।
उपाधिनाशाद्ब्रह्मैव सन् ब्रह्माप्येति निर्द्वयम्॥५५५॥

जीवन्मुक्त ति ज्ञानि बाँचिरहँदा वस्छन् कृतार्थै भई।
छुट्दा देह उपाधि जो छ तिनको ती ब्रह्ममा लीन् भई॥
जस्तो मिल्दछ जल सहज् जलाधिमा त्यो एक सागर भई।
त्यस्तै नै गरि ब्रह्मज्ञानि जति हुन् बस्छन् ति ब्रह्मै भई॥६२५॥

शैलूषो वेषसभ्दावाभावयोश्च यथा पुमान्।
तथैव ब्रह्मविच्छ्रेषुः सदा ब्रह्मैव नापरः॥५५६॥

जस्तो नाटक खेलने पुरुषले स्त्री भेष लींदा पनी।
साधारण रूपमा रहीकन त्यसै ती खालि वस्दा पनी॥
हुन्छन् ती त पुरुषनै हरबखत् हुन्नन् स्त्रिजाती कवै।
त्यस्तै नै गरि ब्रह्म ज्ञानिहरू ती बस्छन् सदा ब्रह्म भै॥६२६॥

पत्र क्वापि विशीर्णं सत्पर्णमिव तरोर्वपुः पतनात्।
ब्रह्मीभूतस्य यतेः प्रागेव तच्चिदग्निना दग्धम्॥५५७॥

शुकेका जति पात हुन् ति रुखका खस्दा ति जहाँ तहाँ।
हानी केहि हुँदैन वृक्ष त्यसको यै बुझ्नुपर्ला यहाँ॥
ब्रह्मज्ञानि पुरुषको पनि शरीर जहाँ छुटे तापनी।
कत्ती केहि हुँदैन हानि तिनको वस्छन् ति ब्रह्मै वनी॥६२७॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

• *कुनै पनि विषयवस्तु प्राप्तिको लक्ष्य राखेर अथवा नराखेर।*

सदात्मनि ब्रह्मणितिष्ठतो मुने:
पूर्णाद्वयानन्दमयात्मना सदा ॥
न देशकालाद्युचितप्रतिक्षा ।
त्वङमांशविट् पिण्डबिसर्जनाय ॥५५८॥

सदैव अद्वीतिय सत्स्वरूपमा ।
सच्चित् र आनन्द र पूर्णब्रह्ममा ॥
असङ्गिनै भै स्थित हुन्छ जो मुनी ।
शरीरदेखी खुद हुन् अलग् तिनी ॥६२८॥

मल् मूत्र छाला अनि मांसपिण्डको ।
शरीर् उपाधी पनि जो छ ज्ञानिको ॥
त्यो त्याग्न देश्काल पवित्र ठाउँको ।
इच्छा अपेक्षा रहँदैन केहिको ॥६२९॥

देहस्य मोक्षो नो मोक्षो न दण्डस्य कमण्डलो: ।
अविद्याहृदयग्रन्थिमोक्षो मोक्षो यस्ततत: ॥५५९॥

अज्ञान् अविद्यारूप ग्रन्थि• तोडनू ।
त्यैनै त हो मोक्ष भनेर बूझनू ।
कमण्डलू त्याग्नु र दण्ड फाल्नु त्यो ।
मानिन्न·है मोक्ष भनेर जान्नु यो ॥६३०॥

कुल्यायामथ नद्यांवा शिवक्षेत्रेऽपि चत्त्वरे ।
पर्णं पतति चेत्तेन तरो किंनु शुभाशुभम् ॥५६०॥

शूकेका जति पात् नदी र शिवका मन्दीर नाली कहीं
झर्दा हानि हुँदैन वृक्ष जसको त्यो वस्छ एक्नाश् रहीं ।
त्यस्तै भैं गरि जीवका शरीर प्राण् इन्द्रीय बुद्धी सवै ।
हूँदा नाश स्वयंप्रकाश् स्वरूपको हूँदैन हानी कबै ॥६३१॥

• *ग्रन्थी भन्नाले चिज्जड ग्रन्थी अर्थात् चैतन स्वरूप आत्मा र जड शरीरादि पञ्चकोशको मिश्रणलाई बुझाइन्छ ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पत्रस्य पुष्पस्य फलस्य नाशवद्
देहेन्द्रियप्राणधियां बिनाशः ।
नैवात्मनः स्वस्य सदात्मकस्या-
नन्दाकृतेर्वृक्षवदस्ति चैषः ॥५६०॥

सारा पात र फूल फल्हरू जती नाशै भए तापनी ।
हानी केहि हुँदैन् वृक्ष जसको त्यस्तै छ आत्मा पनी ॥
बुद्धी इन्द्रिय प्राण भो शरीर भो ती नाश हूँदा सव ।
आत्मा नाश हुँदै हुँदैन बुझ्नू यै हो कुरा वास्तव ॥६३२॥

प्रज्ञानधन इत्यात्मलक्षणं सत्यसूचक्रम् ।
अनूद्यौपाधिकस्यैव कथयन्ति विनाशनम् ॥५६२॥
चैतन्य हो आत्मस्वरूप लक्षण ।
हो सत्यता°नै त्यसको त लक्षण ॥
कल्पित् उपाधीहरूको विनाशनै ।
बताउँछन् ज्ञानि मुनीहरू तिनै ॥६३३॥

अविनाशी वा अरेऽयमात्मेति श्रुतिरात्मनः ।
प्रबवीत्यबिनाशित्वं विनश्यत्सु बिकारिषु ॥५६३॥

आत्मा त्यो अविनाशितत्व खुद हो देहादि दृश्यादि हो ।
सारा दृश्य बिकारि हो असत हो भन्ने श्रुति वाक्य हो ॥
सारा दृश्य हटाइ आत्म जसको वर्णन् अनेकौं गरी ।
आत्मासिद्ध गरिरहन्छ श्रुतिले ज्यादै ठूलो स्वर् गरी ॥६३४॥

पाषाणवृक्षतृणधान्यकटाम्वराद्या ।
दग्धा भवन्ति हि मृदेव यथा तथैव ॥
देहेन्द्रियासुमनआदि समस्तदृश्यं ।
ज्ञानाग्निदग्धमुपयाति परात्मभावम् ॥५६४॥

° *आत्माको लक्षण हो सत् चित् र आनन्द ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाषाणवृक्षतृणधान्यकटाम्वराद्या ।
दग्धा भवन्ति हि मृदेव यथा तथैव ॥
देहेन्द्रियासुमनआदि समस्तदृश्यं ।
ज्ञानाग्निदग्धमुपयाति परात्मभावम् ॥५६४॥

जस्तो पथ्थर बृक्ष तृणहरू भयो अन्नादिवस्त्रादिभो ।
अग्निमा जलि भस्म भै त्यसपछी माटो खुदै वन्छ त्यो ॥
त्यस्तै भ्कैं गरि देह दृश्यहरू सव् ज्ञानाग्निले भस्म भै ।
खासै नै परमात्ममा मिलि सदा वस्छन् ति सत्‌रूपमै ॥६३५॥

बिलक्षणं यथाध्वान्तं लीयते भानुतेजसि ।
तथैव सकलं दृश्यं ब्रह्मणि प्रविलीयते ॥५६५॥

जस्तो सूर्य उदाउँदा जगतमा फैलिन्छ ज्योती खुव ।
ज्योतीमा सव अन्धकार पनि त्यो लीन् हुन्छ खासै सव ॥
त्यस्तै भ्कैं गरि ज्ञानको उदयनै हूनेछ जो ज्ञानिमा ।
सारा दृश्य प्रपञ्च वृत्तिरूप○ले लीन् हुन्छ ब्रह्मात्ममा ॥६३६॥

घटे नष्टे यथा व्योम व्योमैव भवति स्फुटम् ।
तथैवोपाधिबिलये ब्रह्मैव ब्रह्मवित्स्वयम् ॥५६६॥

घैंटो नष्ट भए पछी जसरि त्यो भित्री घटाकास हो ।
महाकाश बनेर वस्छ सहजै आकाश यौटै त हो ॥
त्यस्तै दृश्य उपाधिको लय भए ती ब्रह्म बेत्ता पनी ।
बस्छन् ब्रह्म भई स्वयं सहजमा ती सर्वव्यापी बनी ॥६३७॥

क्षीरं क्षीरे यथा लिप्तं तैलं तैले जलं जले ।
संयुक्तमेकतां याति तथात्मन्यात्मविन्मुनिः ॥५६७॥

○ *वास्तवमा स्थूल रूपमा देखिएको सारा दृश्य प्रपंच हो केवल बुद्धिको चलन वृत्तिरूपमात्र वस्तु रूप होइन ।*

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तेल्मा तेल र दूधमा दूध भयो जल्मा मिली जल् पनी ।
यकै रूप भएर बस्छ जसरी ती आत्मज्ञानी पनी ॥
आत्मामै मिलि लीननै हुन गई आत्मैस्वरूप् बन्दछन् ।
देहादि जडदेखि भिन्न रूपमा चैतन्य भै बस्दछन् ॥६३८॥

एवं विदेहकैवल्यं सन्मात्रत्त्वमखण्डितम् ॥
ब्रह्मभावं प्रपद्यैष यतिर्नावर्तते पुन: ॥५६८॥

सत्ता मात्र अखण्ड चिन्मय° स्वरूप जो त्यो परब्रह्म हो ।
तेही ब्रह्मस्वरूपमा स्थित हुनू बिदेह कैवल्य• हो ॥
तेही ब्रह्मस्वरूपमा स्थित हुने जान्छन् ति मोक्षै भई ।
संसारी भवचक्र घुम्न तिनले पर्दैन फेर् जन्मिई ॥६३९॥

सदात्मैकत्त्वविज्ञानदग्धाविद्यादिबर्ष्मण: ।
अमूष्य ब्रह्मभूतत्वाद्ब्रह्मण: कुत उद्भव: ॥५६९॥

आत्मा ब्रह्म अभेद रूप जुन त्यो ऐक्यात्म ज्ञानाग्निले ।
आविद्यक् शरीरादि दग्ध भइनै जस्को गयो ध्यानले ॥
ती ज्ञानीहरू ब्रह्मज्ञानि हुन गै बस्छन् ति ब्रह्मै भई ।
तिन्को जन्ममरण् हुँदैन कहिल्यै बस्छन् ति व्यापक् भई ॥६४०॥

मायाक्लृप्तौ वन्धमोक्षौ नस्त: स्वात्मनि वस्तुत:
यथारज्जौ निष्क्रियायां सर्पाभास विनिर्गमौ ॥५७०॥

डोरीमा स्थितसर्प२को जसरि त्यो हुनू नहूनू दुवै ।
भ्रान्ती मात्र ठहर्छ सत्य पनि त्यो हूँदैन कत्ती कवै ॥
त्यस्तै बन्ध र मोक्ष भन्नु पनि त्यो माया उपाधी त हो ।
वास्तव वस्तु स्वरूप केहि नभई कल्पित् कुरा मात्र हो ॥६४१॥

° शुद्ध चैतन्य ।
• केवल एक अखण्डाजन्द अद्वितीय चैतन्य स्वरूप भएर रहनु ।
२ मन्द अन्धकारको दोषले भुलबाट डोरीमा देखिने सर्प ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आवृते: सदसत्त्वाभ्यां वक्तव्ये वन्धमोक्षणे ।
नातृतिर्ब्रह्मण: काचिदन्याभावादनावृतम् ।
यद्यस्त्यद्वैतहानि: स्यादद्वैतं नो सहते श्रुति: ॥५७१॥

अज्ञानको कार्य भनेर मानिने ।
आवर्णशक्ती पनि जो छ जानिने ।
त्यै नै त हो बन्ध र मोक्ष कारण ।
क्यै छैन आर्को पनि कत्ति कारण ॥६४२॥

यथार्थमा वस्तु स्वरूप हैन क्यै ।
ब्रह्मात्ममा बन्ध र मोक्ष छैन क्यै ॥
स्वयंप्रकाश् आत्मस्वरूप ब्रह्म हो ।
यो ब्रह्म अद्वीतिय एक रूप हो ॥६३४॥

आवर्ण हो सत्य भनी नमान्नु है ।
अद्वैत सिद्धी त्यसबाट हुन्न है ॥
मान्दैन कत्ती श्रुति द्वैतलाइ नै ।
हो बुद्धिमानी श्रुतिलाइ मान्नु नै ॥६४४॥

वन्धंच मोक्षं च मृषैव मूढा-
बुद्धेर्गुणं वस्तुनिकल्पयन्ति ।
दृगाबृतिं मेघकृतां यथा रवौ
यतोऽद्वयासङ्गचिदेकमक्षरम् ॥५७२॥

श्री सूर्यलाई पनि मेघ ढाक्दछ ।
भनेर साँचैसित मूर्ख ठान्दछ ।

के ढाक्दथ्यो मेघ त सूर्यलाइ नै ।
ढाकीदिने गर्दछ मूर्खलाइनै ॥६४५॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यस्तै गरी बन्ध र मोक्ष भन्नुती ।
हुन् बुद्धिका वृत्ति उपाधि जान्नुती ॥
सदैव अद्वीतिय ब्रह्मतत्त्व हो ।
उपाधि वर्जित् र स्वयंप्रकाश हो ॥६४६॥

अस्तीति प्रत्ययो यश्च यश्च नास्तीति वस्तुनि ।
बुद्धेरेव गुणावेतौ न तु नित्यस्य वस्तुन: ॥५७३॥

पदार्थको भाव अभाव ज्ञान त्यो ।
हो बुद्धिवृत्ति• सव नै उपाधि त्यो ॥

आत्मा स्वयं निर्गुण नित्य हो सदा ।
निरावरण○ सत्य असङ्ग हो सदा ॥६४७॥

अतस्तौ मायया क्लृप्तौ वन्धमोक्षौ न चात्मनि ।
निष्कले निष्क्रिये शान्ते निरवद्येनिरञ्जने ॥
अद्वितीये परेतत्त्वे व्योमवत्कल्पना कुत: ॥५७४॥

आत्मा सत्य र शान्त निर्मल भई निष्कीय हो त्यो सदा ।
आकाश् झैं अवयव् रहीत हुन गै अद्वैत हो सर्वदा ॥
माया कल्पित बन्ध मोक्ष पनि त्यो मिथ्या भनाइं त हो ।
बस्तूरूप कुनै पनि नभइ त्यो केवल् कुरा मात्र हो ॥६४८॥

न निरोधो न चोत्पत्तिर्नबद्धो न च साधक ।
न मुमुक्षुर्न वै मुक्त यत्येषा परमार्थ ता ॥५७५॥

वास्तवमा परमार्थसत्स्वरूपनै हो एक वस्तू फगत् ।
उत्पत्ती र बिनाश बन्धन कुनै हुँदैन त्यस्मा जगत् ॥
साधक् भन्नु मुभुक्षु भन्नु र अनी त्यो मोक्ष भन्नू पनी ।
मिथ्याभाषण मात्र हो स्वरूपमा हूँदैन केही पनी ॥६४९॥

• *बुद्धिको चलन ।*
○ *आवर्ण रहित ।*

CC0. Nepal Sanskrit Academy, Kathmandu Collection

सकल निगमचूडास्वान्तसिद्धान्तरूपं ।
परमिदमतिगुह्यं दर्शितं तें मयाद्य ।
अपगतकलिदोषं कामनिर्मुक्तबुद्धिं
स्वसुतवदसकृत्वां भावयित्वा मुमुक्षुम् ॥५७६॥

हे बाबू ! कलिदोषले रहित भै इच्छा रहित् छौ तिमी ।
श्रद्धायुक्त मुमुक्षु भैकन खुवै सत्पात्रनै छौ तिमी ॥
आफ्नै पुत्र समान संभिकन त्यो जो शास्त्रको सार हो ।
सारा गुह्य वताइनै दिइसकें उत्तम् कुरा त्यहि हो ॥६५०॥

शिष्यको विदा

इति श्रुत्वा गुरोर्वाक्यं प्रश्रयेण कृतानतिः ।
सतेन समनुज्ञातो ययौ निर्मुक्तबन्धनः ॥५७७॥

ज्ञानी श्री गुरुदेवको सुनि वचन् ज्यादै न नम्रित् भई ।
श्रद्धायुक्त वनी प्रणाम गरि खुव् ति शिष्य बिदा भई ॥

संसार बन्धनबाट मुक्त भइ ती आज्ञा गुरुको लिई ।
फर्के स्वगृह○मा खुरुखुरु तिनी अत्त्यन्त खुशी भई ॥६५१॥

गुरुदेवं सदानन्दसिन्धौ निर्मग्नमानसः ।
पावयन्वसुधां सर्वां विचचार निरन्तरम् ॥५७८॥

सच्चित् आनन्दरूपी अतिशय गहिरो जो छ सागर् पवित्र ।
त्यसैमा मग्ननै भै गुरुवर पनि ती पारि पृथ्वी पवित्र ॥
श्वेच्छाले घुम्न लागे जहिं तहिं ति सदा स्वस्वरूप्मा रहेर ।
ज्ञानीनै घुम्दछन् ती जहिं कहिं पनि खुव् धन्य धन्यै भएर ॥६५२॥

○ आफ्नो घरतर्फ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनुवन्ध चतुष्टय

इत्याचार्यस्य शिष्यस्य संवादेनात्मलक्षणम् ।
निरुपितं मुमुक्षूणां सुखवोधोपपत्तये ॥५७९॥

जो माथी गुरुका र शिष्य बीचमा सम्वाद जस्तै गरी ।
बुझ्नेछन् ति मुमुक्षुले सहजमाविश्वास एही गरी ॥
आत्मज्ञान निरूपणै हुन गयो ज्यादै सरल् ढङ्गले ।
बुझ्नेछन् ति सबै मुमुक्षु जनले श्रद्धा र सत्संगले ॥६५३॥

हितमिममुपदेशमाद्रियन्तां
विहितानिरस्तसमस्तचित्तदोषाः ।
भवसुखविरताः प्रशान्तचित्ताः
श्रुतिरसिका यतयो मुमुक्षवो ये ॥५८१॥

जो बेन्दान्त सुनी अहंमम रहित्‌को कर्मयोगी भई ।
चञ्चल् चित्त पनी अचल् हुन गई जो चित्त शुद्धी भई ॥
संसारी सुखमा बिरक्त हुन गै जस्को अचल् चित्त छ ।
त्यस्तै शान्त मुमुक्षुले यि उपदेश् आदर् खुवै गर्दछ ॥६५४॥

— ❀ —

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ग्रन्थ-प्रशंसा

संसाराध्वनि तापभानुकिरण प्रोभ्दूतदाहव्यथा-
खिन्नानां जलकाङ्क्षया मरुभुवि श्रान्त्या परिभ्राभ्यताम् ।
अत्यासन्नसुघाम्वुधिं सुखकरं ब्रह्माद्वयं दर्शय-
न्त्येषा शङ्करभारती विजयते निर्वाणसन्दायिनी ॥५८१॥

पोल्ने सूर्य किरण्सरी हुनगई संसारको मार्गमा ।
चल्ने दुःख र शोकले पिडित ती संसारी मानीसमा ॥
जस्तो त्यो मरुभूमिको जल भनी इच्छा गरी दौडिई ।
थाकी स्वस्थ हुने गलित् पुरुषको ज्यादै निकट्मा गई॥६५५॥

देखाइदिनु जल्सरी हृदयमै त्यो एक अद्वीतिय ।
अमृत् सागर् जो छ ब्रह्मसुख त्यो देखाइ दीने प्रिय ।
श्री शङ्कर भगवानका मधुर° ती निर्वाणदायी कुरा ।
तिनको लौ जय होस् भनीकन यहाँ यो ग्रन्थनैभो पुरा ॥६५६॥

इति विवेक चूडामणि भाषानुवाद ।
(हरिॐतत्सत्)

° अत्यन्त मीठो अमृत तुल्य ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



मुक्तिनाथ आचार्य भानुभक्ताऽचार्य
तनहूँ, चूँदी रम्घा ।

जन्म : वि.सं. १९८३ साल, जेष्ठ २४ गते ।
शिक्षा : व्याकरण-प्रथमासम्म,
निजामती ११ पास ।
सेवा : -२०१२ सालसम्म सरकारी सेवामा रही खरिदार पद प्राप्त ।
-२०१२ सालमा सेवावाट अवकाश लिई साहित्यसेवामा रत ।

प्रकाशित कृतिहरू

(१) भानुको भावना
(२) आह्वान (छन्दोवद्ध)
(३) हितको सम्वाद (खण्डकाव्य) छन्दोवद्ध
(४) आदिकवि भानुभक्त आचार्य: खोजपूर्ण जीवनी
(५) विवेक-चूडामणि (भावानुवाद छन्दोवद्ध) महाकाव्य

अप्रकाशित कृतिहरू

(१) भानुको परिचय (छन्दोवद्ध)
(२) कर्णधारको लागि (गद्य)
(३) ज्ञानकुञ्जिका (अध्यात्मपरक गद्य)
(४) भगवान् पशुपतिनाथको महिमा र गीतोक्त त्रियोग (अध्यात्मपरक गद्य)
(५) अन्य फुट्कर कविता एवं गीति कविताहरू, हालसम्म ६२

गौतम प्रकाशन, विराटनगर-४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सरकारी तथा बोर्डिङ स्कुल, क्याम्पस स्तरीय
सबै संकायका पाठ्यपुस्तक (Text Book) गाइड, पुराना प्रश्नहरू
पाठ्यक्रम (Syllabus), गेस पेपर र स्टेशनरी सामानका साथै निम्न
विषयहरूसँग सम्बन्धित पुस्तकहरू हामीकहाँ उपलब्ध छन् ।

कानून	गीत संगीत
भूगोल	इतिहास
गणित	राजनीतिशास्त्र
अनुसन्धान	मनोविज्ञान
धार्मिक	अर्थशास्त्र
विज्ञान	शिक्षा
सामान्य ज्ञान	स्वास्थ्य
शब्दकोष	लेखा
नेपाली साहित्य	नीति (Policy)
दर्शन	जीवनीहरू
हस्तरेखा	पत्रलेखन
निबन्ध	व्याकरण
पत्रकारिता	समाजवाद
उपन्यास	TOFEL
वातावरण	GMAT
समाजशास्त्र	GRE
मानवशास्त्र	जनसंख्या
ज्योतिषशास्त्र	

पैरवी प्रकाशन
Pairavi Prakashan
(प्रकाशक तथा वितरक)
'M' हाउस, रामशाहपथ, सिंहदरबार नजिक
पो.ब.नं. ९५७०, काठमाडौं, फोन: २२९२३३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection